# वार्षिक प्रतिवेदन

(आ.व. २०७५/२०७६)

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौं

भदौ, २०७६

(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम तयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ.व. २०७५/२०७६)

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौं

भदौ, २०७६

# नेपाल कानून आयोगका पदाधिकारीहरु



माधव पौडेल
अध्यक्ष



भेषराज शर्मा
उपाध्यक्ष



राजीव गौतम
सदस्य
(सचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय)



डिल्लीराज घिमिरे
सदस्य
(सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय)



खगराज पौडेल
सदस्य
(नायव महान्याधिबक्ता, महान्याधिबक्ताको कार्यालय)



चिरञ्जीवी खनाल
सदस्य-सचिव
(सचिव, नेपाल कानून आयोग)

मिति : २०७६/०५/२६

**विषय : वार्षिक प्रतिवेदन ।**

माननीय मन्त्रीज्यू,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

नेपाल कानून आयोगले आर्थिक वर्ष २०७५/७६ (२०७५ श्रावण १ गते देखि २०७६ असार मसान्तसम्म) सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ को प्रयोजनका लागि माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष पेश गरेको छु ।

भवदीय,
(माधव पौडेल)
अध्यक्ष

# संक्षेपिकरण

आ.व.: आर्थिक वर्ष

आयोगः नेपाल कानून आयोग

ऐनः नेपाल कानून आयोग ऐन, २०६३

# बिषय सूची

## परिच्छेद -एक

## नेपाल कानून आयोग


| | |
|---|---|
| १.१ बिषय प्रवेश | १ |
| १.२ नेपाल कानून आयोगको विकासक्रम | २ |
| १.३ आयोगको गठन र संगठनात्मक संरचना | ५ |
|     १.३.१आयोगको गठन | ५ |
|     १.३.२ हाल कार्यरत आयोगका पदाधिकारीहरु | ५ |
|     १.३.३ आयोगको संगठनात्मक संरचना | ६ |
| १.४ आयोगको काम, कर्तव्य र अधिकार | ७ |
| १.५ बार्षिक प्रतिवेदन | ८ |
| १.६ आयोगलाई उपलब्ध साधन श्रोत | ८ |
|     १.६.१ मानव श्रोत | ८ |
|     १.६.२ भौतिक साधन स्रोत | ९ |
|         (क) आयोगको भवन | ९ |
|         (ख) पुस्तकालय | ९ |
|         (ग) सवारी साधन | ९ |
|     १.६.३ आयोगको वित्तीय स्थिति | ९ |


## परिच्छेद -दुई

## कानून निर्माणमा आयोगको भूमिका


| | |
|---|---|
| २.१ विषय प्रवेश | ११ |
| २.२ आयोगले विधेयक मस्यौदा गर्दा विकास गरेको अभ्यास | १४ |

## परिच्छेद -तीन

## आ.व. २०७५/२०७६ को वार्षिक कार्यक्रम र कार्यप्रगति


३.१ बिषय प्रवेश १५

३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु १६

३.२.१ विधेयक तर्जुमा १६

३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु १८

३.२.३ अन्तरक्रिया तथा गोष्ठी १९

३.२.४. कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) १९

३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन २०

३.२.६ आयोगको वेबसाइट तथा एप्स (Apps.) सम्बन्धी २०

३.२.७ राय–सुझाव संकलन २१

३.२.८ क्षमता अभिवृद्धि २१

३.२.९ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम २१


## परिच्छेद- चार

## कानून र न्याय क्षेत्रमा सुधारका लागि सुझाब तथा सिफारिस


४.१ बिषय प्रबेश २३

४.२ राज्य पुनर्संरचनाको सन्दर्भमा आयोगको भूमिका र यसको प्रयोग २३

४.३ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रारम्भ हुने भनिएका ऐनहरुको सम्वन्धमा २५

४.४ स्वार्थ बाझिने अवस्थाको निवारण गर्ने २५

४.५ सुचनादाताको संरक्षण (Whistle Blower Protection) सम्वन्धी कानूनको निर्माण २६

४.६ ऐन कार्यान्वयन मापन (Post Legislative Scrutiny) को व्यवस्था २६

४.७ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी कानून निर्माण २६

४.८ कानूनी सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) २७

४.९ अनुसन्धानमूलक संस्थाको रुपमा बिकास गर्नुपर्ने (Research and Development) २८

४.१० कानून तर्जुमामा एकरुपता र समन्वय २८

४.११ आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन २८

## परिच्छेद-पाँच

## आयोगको अवसर र चुनौतिहरु

५.१. अवसरहरु २९

५.२. चुनौतिहरु २९

## परिच्छेद–छ

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

६.१. जनशक्ति व्यवस्थापन ३१

६.२. वृत्तिविकास र ब्यावसायिक विकास (Career Development and Professional Development) ३१

६.३. भौतिक पूर्वाधार ३१

६.४. कानून सम्बन्धी अध्ययन अनुसन्धान र प्रकाशनको व्यवस्था ३२

# अनुसूचीहरु


अनुसूची—१ नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली ३३

अनुसूची—२ नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामावली ३४

अनुसूची—३ प्रशासनिक संगठन संरचना ३५

अनुसूची—४ कर्मचारी दरबन्दी ३६

अनुसूची— ५ कार्यरत कर्मचारीको नामावली ३७

अनुसूची— ६ आयोगको वर्तमान भौतिक अवस्थाको विवरण ३९

अनुसूची— ७ आयोगको वित्तीय विवरण ४०

अनुसूची— ८ वार्षिक कार्यक्रम २०७५/०७६ ४३

अनुसूची— ९ आर्थिक वर्ष २०७५/७६ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकको सूची ४८

(१) राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ ४८

(२) प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ ८०

(३) कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक ८७

(४) साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक ११९

(५) सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी

कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक १३१

(६) नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक १५९

(७) जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक १६९

अनुसूची—१० आ.व. २०७५/७६ मा सम्पन्न भएका विधेयक तर्जुमा गोष्ठी र कानूनी सचेतना कार्यक्रम सम्बन्धी विवरण २०७

अनुसूची—११ इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली २०८

अनुसूची—१२ आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण २०९

# कार्यकारी सारांश

१. नेपालको सन्दर्भमा कानून सम्बन्धी विषयहरुको अध्ययन अनुसन्धान र नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समयसापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भएको पाइन्छ ।

२. हाल नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य गरिरहेको छ ।

३. आयोगवाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ स्वीकृत दरबन्दी रहेको छ ।यी दरबन्दीहरुमध्ये १९ पद न्याय सेवा, १ पद प्रशासन सेवा, लेखा समूह, २ पद बिबिध सेवा, ३ पद प्रशासन सेवा, सामान्य प्रशासन समूह, ३ पद हलुका सवारी चालक, ४ पद कार्यालय सहयोगी र १ पद स्वीपर गरी जम्मा ३३ पदको श्रृजना गरिएको छ ।

४. आर्थिक वर्ष २०७५/७६ मा आयोगका लागि वजेट उपशीर्षक नं. ३११०१२३ (चालू खर्च) अन्तर्गत रु. ३,२०,७६,७४३।- र वजेट उपशीर्षक नं. ३११०१२४ (पूँजीगत खर्च) अन्तर्गत १२,७५,०००।- वार्षिक वजेट निकासा प्राप्त भएको थियो ।

५. आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रममा आयोगलाई पाँचवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायका सातवटा विधेयकहरु तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छः

(क) राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रूततर निर्माण तथा विकासका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,

(ख) प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक,

(ग) कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,

(घ) साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक,

(ङ) सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकिकरण गर्न बनेको विधेयक (संस्था दर्ता विधेयक),

(च) नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

(छ) जग्गा प्राप्ति सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको बिधेयक ।

६. आ.व.२०७५/०७६ मा तर्जुमाको कार्य प्रारम्भ गरिएका तर कार्य सम्पन्न भई नसकेका बिधेयकहरु यस प्रकार छन्ः-

(क) दामासाही सम्वन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको बिधेयक,

(ख) गैर आवासीय नेपाली सम्वन्धी ऐन, २०६४ लाई संशोधन गर्न बनेको बिधेयक,

(ग) राष्ट्रिय सुरक्षा सम्बन्धी विधेयक ।

७. आयोगले आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पाँच वटा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरेको छ भने चारवटा कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) सम्पन्न गरेको छ ।

८. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न कलेजका कानून संकायमा स्नातक तहमा अध्ययन गर्ने दश जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको छ।

९. मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र जग्गा प्राप्ती सम्वन्धी बिधेयकका सम्वन्धमा १८ वटा जिल्लाहरुबाट राय सुझाव संकलन गरिएको छ।

१०. आयोगले नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम देहायका विषयमा नेपाल सरकार समक्ष सिफारिश तथा सुझावहरु पेश गरेका छः-

- राज्य पुनर्संरचनाको सन्दर्भमा आयोगको भूमिका र यसको प्रयोग,
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रारम्भ हुने भनिएका ऐनहरुको सम्वन्धमा,
- स्वार्थ बाझिने अवस्थाको निवारण गर्ने,
- सूचनादाताको संरक्षण (Whistle Blower Protection) सम्वन्धी कानूनको निर्माण,
- ऐन कार्यान्वयन मापन (Post Legislative Scrutiny) को व्यवस्था,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी कानून निर्माण,
- कानूनी सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program),
- अनुसन्धानमूलक संस्थाको रुपमा बिकास गर्नुपर्ने (Research and Development),
- कानून तर्जुमामा एकरुपता र समन्वय,
- आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन ।

# परिच्छेद -एक

# नेपाल कानून आयोग

## १.१ बिषय प्रवेश

कानून, आधुनिक राज्य सञ्चालनको अनिवार्य तत्व हो । कानूनले नै राज्यको शासकीय स्वरुप निर्धारण गरेको हुन्छ । कानूनलाई समाजको परिवर्तन, विकास र शान्तिको औजारको रुपमा हेरिन्छ । कानून भनेको समाजको प्रतिविम्ब (Reflection of Society) पनि हो ।समाज गतिशील हुन्छ र समाजको विकाससँगै मानविय व्यवहार र सम्बन्धहरु पनि परिवर्तन हुँदै जान्छन् । कानूनको समयानुकूल परिवर्तनले नै नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचनाको अग्रगामी परिवर्तन गर्न सकिन्छ ।

राज्यमा कानूनको शासन कायम हुन कानून तर्कपूर्ण, युक्तिसंगत र न्यायसम्मत (Reasonable, Rational and Judicious) हुनु पर्दछ। यसको लागि समाजको परिवर्तनसँगै परिवर्तित व्यवहारहरुलाई सहजीकरण र नियमन गर्न विद्यमान कानूनमा समसामयिक सुधार एवं परिमार्जन गर्नुपर्ने हुन्छ भने कतिपय पुराना कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ ।विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार निरन्तर रुपमा समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ । कमन ल प्रणाली अपनाउने मुलुकहरुमा सामान्यतः कानूनको नियमित सुधार गर्न विशेष कार्यक्षेत्रगत शर्त (Terms of Reference) सहित छुट्टै आयोग गठन गर्ने गरेको देखिन्छ । सार्क मुलुकहरुमध्ये भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशमा कानून आयोगको गठन भएका छन् । त्यसैगरी, कमन ल प्रणाली अवलम्बन गर्ने बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या, मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकहरुमा कानून सुधार आयोग स्थापना गरिएका देखिन्छन् ।

नेपालको सन्दर्भमा, कानून सम्बन्धी विषयहरुको अध्ययन, अनुसन्धान र नयाँ कानूनको तर्जुमा गर्ने तथा भइरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन,

पुनरावलोकन र संहिताकरण समेतको कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भई निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ ।

## १.२ नेपाल कानून आयोगको विकासक्रम

नेपालमा औपचारीक रुपमा कानून निर्माण गर्ने पद्धतीको विकास हुनु भन्दा अघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरुका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाईन्छ । नेपालको इतिहासमा सबैभन्दा पहिला किराँत कालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ (जसलाई "किराँत मुन्धुम" भनिन्छ) द्वारा सञ्चालित थियो भने लिच्छवी कालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा "राजाज्ञा" र "सनद "जारी गर्ने गरेको पाइन्छ । सोहीकालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरुसँग छलफल गरी "लोक व्यवहार" अनुसार कानून बनाउने गरेको इतिहास छ ।

मल्ल कालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वानहरुको समिति" बनाएका थिए । कानूनका विद्वानहरुको सहायता लिई चार वटा कानूनहरु गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्याय शास्त्र बनाई जारी गरको पाइन्छ । त्यसैगरी, शाहकालीन राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई उदार र समयानुकूल सुधार गरेका कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति नै चलेको पाईन्छ । राणा शासन कालमा जंगबहादुर राणाले वि.स. १९१० सालमा "मुलुकी ऐन" बनाउँदा कानून मस्यौदा गर्ने एक निकाय "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई मस्यौदा बनाउन निर्देशन गरेको इतिहासमा पाइन्छ। राणा शासन कालमा नै वि.स. १९९३ मा कम्पनी कानून, पेटेण्ट, डिजाइन र ट्रेडमार्क कानून तथा वि.स. १९९४ मा नेपाल बैंक कानून बनेको देखिन्छ ।

वि.सं. २००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा आधुनिकीकरण शुरु भएकोले कानून सुधारको क्षेत्रमा समेत बिशेष प्रयास शुरु गरेको देखिन्छ । सोही क्रममा कुनै नयाँ कानून निर्माण गर्न, कानूनको संहिताकरण गर्न तथा भैरहेका कानूनहरुको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका

जिम्मेवारी कानून आयोगलाई सुम्पिने अभ्यासको शुरुवात भइ सोही अनुरुप विभिन्न समयमा देहाय बमोजिमका कानून आयोगहरु गठन भएको पाइन्छः-

१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न नेपाल सरकारलाई सिफारिश गरेकोले मिति २०१०/९/६ को मन्त्रिमण्डल बैठकबाट "ल कमिसन" खडा गर्ने निर्णय भएको थियो । मन्त्रिमण्डलको निर्णय बमोजिम जसमा एक जना चेयरम्यान र छ जना सदस्य रहने तथा आयोगको काम कारबाही सूचारु रुपले चलाउन देहायका तीन सेक्सनमा बाँडिने व्यहोरा उल्लेख भएको पाइन्छः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन ।

(ग) मालको सवाल, अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन ।

आयोगले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुने गरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मस्यौदा तयार गरी सुझाव सिफारिश गर्ने गरी आयोगको काम, कर्तव्य, अधिकार तोकि दिएको पाइन्छ । उक्त आयोगले मिति २०१०/११/३ देखि कार्य प्रारम्भ गरेको र वि.सं. २०१२ सालमा "नेपाल दण्ड विधान" तयार गरी पेश गरेको थियो ।

२) त्यसपछि, मिति २०१७/६/२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिसन गठन भएको र मिति २०१७/७/१५ मा नेपाल राजपत्रमा सो सम्बन्धी सूचना प्रकाशन भएको पाइन्छ । ज्यादै छोटो अवधिमा पनि यस कमिशनले मुलुकी ऐनको आधुनिकीकरणको काम थालनी गरेको र नयाँ मुलुकी ऐनको मस्यौदा तयार गरी सिफारिश गरेको पाइन्छ ।

३) तेस्रो पटक, मिति २०२०/१०/८ को निर्णयबाट मिति २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कानून आयोगको गठन तथा स्थापना भएको र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म उक्त आयोगलाई कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून

तर्जुमा, संशोधन, संहिताकरण लगायतको कार्य गर्ने जिम्मेवारी तोकेको पाइन्छ।

४) प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा भैरहेको अभाव र त्रुटीहरु हटाइ सकेसम्म सरल वैज्ञानिक र व्यावहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्न चौथो पटक मिति २०२९/२/१९ मा कानून आयोग गठन भएको देखिन्छ ।

५) मिति २०३६/८/२६ मा नेपाल कानून सुधार आयोगको नामबाट अपराध संहिता र फौजदारी कार्यविधि संहिताको मस्यौदामा प्राप्त भएका सल्लाह र सुझावहरुको अध्ययन गरी त्यसलाई कार्यान्वयन गराउन मिलाउनु पर्ने भनी ठहर गरिएका कुराहरुलाई मस्यौदामा मिलाई अद्यावधिक गर्ने तथा दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति दिलाउने लगायतका विषयमा कार्य गर्न पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ ।

६) तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग गठन भई मिति २०५७/१/१९ सम्म कार्यरत रहेको देखिन्छ । यसरी कार्यकारिणीको निर्णयबाट विभिन्न मितिमा विभिन्न नामबाट आयोगको गठन हुँदै आए तापनि छुट्टै कानून र स्पष्ट अधिकार क्षेत्रको अभावमा पनि तत्कालीन आयोगहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

७) विगतमा सरकारको कार्यकारी आदेशबाट आयोग गठन भई कार्य क्षेत्रगत शर्तहरु (TORs) तोकिने अभ्यास रहेकोमा नेपाल कानून आयोग ऐन, २०६३ लागू भए पश्चात सर्वप्रथम कानून प्रदत्त अधिकारबाट आयोग गठन हुने व्यवस्था भएको हो। ऐनको दफा ४ वमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरू भन्दा बढी स्पष्ट र अधिकार सम्पन्न रुपमा रहेको पाइन्छ । विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ।

## १.३. आयोगको गठन र संगठनात्मक संरचना

### १.३.१. आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले लागू भएको नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३/९/३० देखि प्रारम्भ भएको हो । ऐनको दफा ४ मा उल्लेख भए अनुसार आयोगको गठन देहाय बमोजिम हुने व्यवस्था छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना –सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय –सदस्य

(छ) सचिव, नेपाल कानून आयोग – सदस्य-सचिव

आयोगमा बि.स. २०१० सालदेखि हालसम्मका पूर्व अध्यक्षको नामावली अनुसूची -१ मा र पूर्व उपाध्यक्षको नामावली अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### १.३.२. हाल कार्यरत आयोगका पदाधिकारीहरु

(क) श्री माधव पौडेल, नेपाल कानून आयोग -अध्यक्ष

(ख) श्री भेषराज शर्मा, नेपाल कानून आयोग -उपाध्यक्ष

(ग) श्री राजिव गौतम, सचिव, कानून न्याय तथा संसदिय मामिला मन्त्रालय –सदस्य

(घ) श्री डिल्लीराज घिमिरे, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय –सदस्य

(ङ) श्री खगराज पौडेल, नायव महान्याधिबक्ता, महान्याधिबक्ताको कार्यालय – सदस्य

(च) श्री चिरञ्जीवी खनाल, सचिव, नेपाल कानून आयोग – सदस्य-सचिव

### १.३.३.आयोगको संगठनात्मक संरचना

आयोगबाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरि दुई महाशाखा रहेका छन्। आयोगमा हालको संगठन संरचना अनुसार कुल ३३ जनाको स्वीकृत दरबन्दी देहाय बमोजिम रहेको छः-

- सचिव (विशिष्ट श्रेणी) न्याय सेवा –१
- सह-सचिव (रा. प. प्रथम श्रेणी )न्याय सेवा, कानून समूह –२
- उप-सचिव (रा. प. द्वितीय श्रेणी) न्याय सेवा, कानून समूह –२
- शाखा अधिकृत (रा. प.तृतीय श्रेणी) न्याय सेवा, कानून समूह –५
- लेखा अधिकृत (रा. प. तृतीय श्रेणी) प्रशासन सेवा,लेखा समूह –१
- कम्प्युटर ईन्जिनियर (रा. प. तृतीय श्रेणी) विविध सेवा –१
- नायव सुब्बा (रा. प. अनं. प्रथम श्रेणी) न्याय सेवा, कानून समूह –५
- नायव सुब्बा (रा. प. अनं. प्रथम श्रेणी) प्रशासन सेवा, सामान्य प्रशासन समूह –३
- कम्प्युटर अपरेटर (रा. प. अनं. प्रथम श्रेणी) विविध सेवा –१
- खरिदार (रा. प. अनं. द्वितीय श्रेणी) न्याय सेवा, कानून समूह –४
- हलुका सवारी चालक –३
- कार्यालय सहयोगी –४
- स्वीपर -१

संगठनात्मक संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ ।

## १.४. आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा उल्लेख भए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः–

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेश गर्ने,

(ड) आयोगको बार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## १.५. बार्षिक प्रतिवेदन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आर्थिक वर्ष २०७५/२०७६ मा यस आयोगबाट सम्पादित काम कारवाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा मूलतः यस आयोगबाट सम्पादन भएका मुख्य मुख्य काम, आयोगको गठन एवं संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, वित्तीय विवरण, भावि कार्यदिशा, कानून र न्यायको क्षेत्रमा गर्नुपर्ने सुधारका लागि सुझाव र सिफारिशका अतिरिक्त आयोगका विभिन्न गतिविधीहरु समेत समावेश गरिएका छन् ।

## १.६. आयोगलाई उपलब्ध साधन श्रोत

हाल आयोगमा उपलब्ध रहेको मानव तथा भौतिक साधन श्रोतको अवस्था देहाय बमोजिम रहेकोछः

### १.६.१.मानव श्रोत

कुनै पनि संगठनको उद्देश्य हासिल गर्ने प्रमुख श्रोतको रुपमा मानब श्रोत रहेको हुन्छ । मानव श्रोतको अभाबमा कुनै पनि संगठनले आशातीत सफलता हासिल गर्न सक्दैन । स्वीकृत दरवन्दी अनुसार आयोगमा ३३ जना कर्मचारीहरु रहने ब्यवस्था छ । उल्लिखित पद बाहेक २ पद हलुका सवारी चालक र १ पद कार्यालय सहयोगी करार सेवामा राखिएको छ । आयोगको प्रशासनिक संगठन संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ

भने हाल कार्यरत रहेका कर्मचारी र दरबन्दी सम्बन्धी विवरण अनुसूची-४ मा समावेश गरिएको छ । साथै, उक्त दरवन्दी अनुरुप प्रतिवेदन अवधिमा आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची -५ मा समावेश गरिएको छ ।

### १.६.२. भौतिक साधन श्रोत

**(क) आयोगको भवन**

कुनै पनि कार्यालयको भौतिक अवस्था र पूर्वाधारले कार्यालयको काम गर्ने वातावरणमा प्रभाव पारेको हुन्छ । आयोगको आफ्नो स्वामित्वमा भवन र जग्गा छैन ।२०७२ सालदेखि हाल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा रहेको प्रि-फ्याव टहराहरु अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग मासिक रु. २,१५,१६०।- घर भाडा सम्झौता गरी कार्यालय सञ्चालन गर्दै आईरहेको छ ।आयोगमा रहेको भौतिक श्रोत साधनहरुको विवरण अनुसूची-६ मा समावेश गरिएको छ ।

**(ख) पुस्तकालय**

आयोगमा पुस्तकालयको स्थापना वि.सं. २०३६ सालमा भएको हो । पुस्तकालयमा हाल नेपाल कानून आयोगले खरिद गरेका, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित करिब ३००० को संख्यामा पुस्तकहरू रहेका छन्।

**(ग) सवारी साधन**

आयोगको सवारी साधनहरुको विवरण अनुसुची- ६ मा समावेश गरिएको छ ।

### १.६.३. आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तीय श्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालनको लागि आर्थिक रुपले नेपाल सरकार माथि नै पूर्णरुपमा भर पर्नु पर्ने अवस्थाछ ।

आर्थिक वर्ष २०७५/७६ मा आयोगका लागि वजेट उपशीर्षक नं. ३११०१२३ (चालु खर्च) अन्तर्गत रु. ३,२०,७६,७४३।- र वजेट उपशीर्षक नं. ३११०१२४ (पूँजीगत खर्च) अन्तर्गत रु. १२,७५,०००।- वार्षिक वजेट प्राप्त भएको थियो । आयोगको वित्तीय विवरण र यस आ. व. को प्रगती विवरण अनुसूची - ७ मा समावेश गरिएको छ ।

# परिच्छेद -दुई
# कानून सुधारमा आयोगको भूमिका

## २.१. विषय प्रवेश

कानून निर्माणको औचित्यता त्यति बेला सार्थक हुन्छ, जति बेला त्यसको सफल तरिकाले कार्यान्वयन हुन्छ।कानूनको निर्माण गर्दा त्यस्तो कानूनले समाजको बिद्यमान आवश्यकतालाई सम्वोधन गर्न सक्यो वा सकेन भन्ने कुरालाई मध्यनजर गर्नु पर्ने हुन्छ।कानून समय सापेक्ष बिषय भएको हुनाले समयको आवश्यकता अनुसार यसले सुधार र संशोधनको माग गर्दछ।यसको लागि संविधान, अन्तर्राष्ट्रिय दायित्व, विद्यमान आर्थिक सामाजिक, साँस्कृतिक, राजनैतिक, वातावरणीय प्रभावको आधार र अन्य मूलुकका सर्वोत्तम अभ्यास (Best Practice) लाई मध्यनजर गरी समानुकूल परिवर्तन हुन जरुरी हुन्छ । एक पटक निर्माण भएको कानूनले सदासर्वदा समाजको आवश्यकतालाई सम्वोधन गर्दछ भन्ने हुँदैन । कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेमा कानूनको अवज्ञा बढ्ने जोखिम उत्पन्न हुन्छ र त्यस्तो जोखिमबाट बच्न विद्यमान कानूनको निरन्तर सुधार एवं परिमार्जन गरी कानून बनाउनु पर्ने हुन्छ । तसर्थ, नयाँ कानून निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन तथा अनुसन्धानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपर्युक्त आवश्यकता पूरा गर्न विभिन्न मुलुकहरुमा कानून सम्बन्धी अध्ययन र अनुसन्धान गरी नयाँ कानून निर्माण गर्न वा विद्यमान कानूनमा सुधार गर्नको लागि कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ ।

नेपालको सन्दर्भमा नेपाल कानून आयोग ऐन, २०६३ को प्रस्तावना र दफा ३ मा कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्वन्धी बिषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि नेपाल कानून आयोगको स्थापना गरिएको कुरा स्पष्ट उल्लेख भएको छ ।

कानूनको सुधारमा आयोगको भूमिकालाई संक्षिप्त रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

**(क) कानून तर्जुमा**

नेपाल कानून आयोगले आवश्यक र उपयुक्त देखेको कुनै विषयमा वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा नयाँ ऐनको मस्यौदा (विधेयक) को तर्जुमा गर्ने कार्य गर्दछ । त्यसरी विधेयक तयार गर्ने क्रममा आयोगले कुनै विषयमा कानून निर्माण गर्दा संविधान, अन्तर्राष्ट्रिय दायित्व, मापदण्ड र सर्वोत्तम अभ्यास, सरोकारवालासँग छलफल एवं अन्तरक्रिया गरी नेपालको समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी नयाँ कानूनको तर्जुमा गर्ने गर्दछ । आयोगले ऐनको नयाँ मस्यौदा वा संशोधन गर्दा कानून प्रति नागरिक र सरकारलाई अपनत्वको अनुभूति गराउनको लागि सरकारका प्रतिनिधि र सरोकारवालासँग परामर्श र पृष्ठपोषण समेत लिई मस्यौदा तयार गर्ने गर्दछ । यसरी तयार गरेको मस्यौदालाई आवश्यक कारबाहीको लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ ।

**ख) कानूनको पुनरावलोकन**

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम नेपाल कानून आयोगलाई कानूनको पुनरावलोकन गरी कानून संशोधन वा एकीकरण गर्न जिम्मेवारी सुम्पिएको छ । आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गरी प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखिएमा संशोधित कानूनको मस्यौदा तर्जुमा गरी सिफारिश सहित नेपाल सरकारका सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ । त्यसैगरी, आयोगले निष्कृय रहेका र हाल व्यावहारिक रुपमा प्रचलनमा नरहेका कानूनहरुको पहिचान गरी खारेज गर्नका लागि आयोगले नेपाल सरकार समक्ष आफ्नो वार्षिक प्रतिवेदन मार्फत सिफारिश गर्दै आइरहेको छ ।

**ग) कानून निर्माणमा एकरुपता**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम संघीय संसदमा पेश हुने विधेयक, अध्यादेश, र नियम , आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा सहमती गर्ने कार्यको जिम्मेवारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोकिएको भए तापनि नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्य निकायबाट पनि कानूनको तर्जुमा हुने गरेको पाइन्छ । यसबाट ऐनको विधेयक तर्जुमामा एकरुपता नभई शैली

र ढाँचा समेत फरक-फरक हुन सक्ने भई कानून व्याख्या र कार्यान्वयनमा असहजता र फरकपन उत्पन्न हुन सक्दछ । कानून निर्माणको प्रक्रियामा विज्ञताको भूमिका र कानून तर्जूमाको एकरुपता सुनिश्चितता कायम गर्न आयोगले प्रयत्न गरिरहेको छ । यस प्रयोजनका लागि आयोगले कानून तर्जुमाको दिग्दर्शन तयार गरी प्रकाशन गरेको छ ।

**घ) कानून संशोधनमा सरकारलाई सुझाव**

कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ ।

**ङ) वेबमा कानूनको अभिलेख राख्ने कार्य**

नेपाल कानून आयोगले प्रचलित नेपाल कानूनहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भैसकेका नेपाल कानूनहरु र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामाग्रीहरुको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी आफ्नो वेबसाइट (www.lawcommission.gov.np) मा उपलब्ध गराउदै आएको छ ।त्यसका अतिरिक्त नेपाल कानूनको अंग्रेजी भाषामा अनुवाद गर्नुको साथै सबैले सहज र सुलभ रुपमा उपयोग गर्न सक्ने गरी "नेपाल कानून आयोग" नामक आयोगको छुट्टै एप्स (Apps.) मार्फत सहजै उपलब्ध गराउदै आईरहेको छ ।

**च) सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया**

आयोगले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार सम्बन्धी विषयमा परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने कार्य गर्दछ ।

**छ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन**

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने गर्दछ ।

## २.२ आयोगले विधेयक मस्यौदा गर्दा विकास गरेको अभ्यास

नेपाल कानून आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने कार्य गर्दै आएको छ ।

कानूनको निर्माण वा विधेयक मस्यौदा तयार गर्नु पूर्व आयोगले आवश्यक र उपयुक्त देखेको विषयहरुमा अवधारणा पत्र (Concept Paper) तयार गर्दछ । अवधारणा पत्रको आधारमा मस्यौदा कार्यदल गठन हुने गर्दछ । मस्यौदा कार्यदलमा आयोगका पदाधिकारी, कर्मचारी एवं सम्बन्धित विषय विज्ञहरु रहन्छन । आयोगले विधेयक मस्यौदा तयार गर्दा नेपालको संबिधान, नेपालले बहन गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व, बिभिन्न देशले आत्मसात् गरेका कानून प्रणाली एवं सर्वोत्तम अभ्यासहरुको अध्ययन, सरोकारवाला र विज्ञहरुको राय सल्लाह तथा सुझावको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्दछ । यसरी तयार पारिएको प्रारम्भिक मस्यौदालाई सरकारका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, नागरिक समाज र विज्ञहरुसँग आवश्यक्ता अनुसार अन्तरकृया कार्यक्रम गरी राय सुझाव संकलन गरिन्छ । उपयुक्त राय सुझावलाई कार्यदलले विधेयकको मस्यौदामा समावेश गरी कार्यदलले परिमार्जित मस्यौदा तयार गर्दछ । व्यवस्थापनले उक्त मस्यौदालाई आयोगको बैठकमा पेश गर्दछ । आयोगको बैठकले मस्यौदालाई आवश्यक कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय वा निकायमा पठाउने अभ्यास विकास गरेको छ ।

आयोगले निर्माण गरेको यस प्रकारको अभ्यासबाट विधेयकको मस्यौदामा बिभिन्न सरोकारवाला समूह वा व्यक्तिहरुको राय सल्लाह र पृष्ठपोषण प्राप्त हुने हुदा निर्माण हुने कानून प्रति नागरिकलाई अपनत्वको अनुभूति हुने र कानून निर्माणमा नागरिकको समेत भूमिका रहने भएकोले कानून कार्यान्वयनमा जटिलता नहुने अवस्था रहन्छ ।

# परिच्छेद -तीन
# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक कार्यक्रम र कार्यप्रगति

## ३.१. बिषय प्रवेश

आयोगको विभिन्न कार्यहरू मध्ये विधेयक मस्यौदा तर्जुमा गर्ने पनि एक हो। आयोगले विधेयकको मस्यौदाको तर्जुमा गर्दा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला व्यक्ति वा निकाय वा विज्ञहरुको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तर्रक्रिया कार्यक्रम सञ्चालन गर्ने गर्दछ । त्यस्तै, आयोगले कानूनको बारेमा सर्वसाधारणमा जानकारी गराउने उद्देश्यले सचेतनामूलक कार्यक्रम (Legal Dissemination Program) को कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ ।

मुलुकको कानून प्रणालीलाई सुदृढ एवं परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अबधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका बिषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्बोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी बिषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नविनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य सम्पादन गर्दै आएको छ । न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपालको मौजुदा कानूनहरु, नीतिहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भएका कानूनहरु र केही नेपाल कानूनहरुको अंग्रेजी भाषामा अनुवाद तथा केही अन्तर्राष्ट्रिय सन्धिहरुको नेपाली अनुवाद गरी आफ्नो वेबसाईट तथा एप्स (Apps.) मा राखी वेबसाईट तथा एप्स (Apps.) को व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ ।

आयोगले सम्पादन गर्ने कार्यहरु स्वीकृत वार्षिक कार्यक्रम र बार्षिक बजेट बमोजिम सञ्चालन हुँदै आएका छन् ।आयोगको आ.व.२०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसूची - ८ मा समावेश गरिएको छ ।

## ३.२. आयोगले सञ्चालन गरेका कार्यक्रमहरु

### ३.२.१.विधेयक तर्जुमा

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक कार्यक्रममा आयोगलाई पाँच वटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भए तापनि देहाय बमोजिमका सात वटा विधेयकहरु तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छः-

**क) राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रूततर निर्माण तथा विकासका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक**

राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचनाको द्रूततर रुपमा निर्माण गरी आर्थिक वृद्धिलाई तिब्रता दिन, त्यस्ता पूर्वाधार संरचना आयोजनाको समयबद्ध, सहज र प्रभावकारी कार्यान्वयनबाट मुलुकलाई आत्मनिर्भर र सम्वृद्धितर्फ उन्मूख गराउन, निर्धारित अवधिभित्र नै मुलुकलाई विकासोन्मूख राष्ट्रमा स्तरोन्नति गर्ने राष्ट्रिय आकांक्षा पूरा गर्न र मुलुकको दिगो विकासको लक्ष्य हासिल गरी सर्वसाधारणको आर्थिक हित र सुविधा कायम राख्न बनेको विधेयक आयोगको मिति २०७५।०६।१४ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ ।

**ख) नीति अनुसन्धान प्रतिष्ठान सम्वन्धी विधेयक**

नेपाल सरकारले अख्तियार गरेको र गर्ने नीति वा रणनीतिलाई विज्ञहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषणमा आधारित हुने व्यवस्था गर्न, त्यस्तो अध्ययन, अनुसन्धान तथा विश्लेषण सम्वन्धी कामको संस्थागत विकास गरी शासकीय सुधार गर्दै सुशासन प्रवर्धन

गर्न त्यस सम्वन्धी एक छुट्टै प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयक आयोगको मिति २०७५।०८।२० को वैठकबाट पारित भई आवश्यक कारबाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको छ ।

**ग) प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक**

प्रमाण ऐन, २०३१ लाई दोस्रो संशोधन गर्न बनेको विधेयक आयोगको मिति २०७५।०९।०४ को वैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयमा पठाइएको छ ।

**घ) सामाजिक संस्था नियमन गर्ने विधेयक (संस्था दर्ता विधेयक)**

संघ र संस्था खोल्ने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैर सरकारी क्षेत्रमा स्थापना हुने सामाजिक तथा नागरिक समाजका संस्थाहरुलाई सामाजिक सेवा, पर्यावरणीय तथा नागरिक अधिकार संरक्षण तथा सामाजिक विकासमा संलग्न गराउन, त्यस्ता संस्थाहरुको स्थापना, दर्ता र व्यवस्थापनको नियमन गर्न, त्यस्ता संस्थाहरुले सम्पादन गर्ने काम, कारबाईलाई जवाफदेही र पारदर्शी बनाउन र सामाजिक संस्थाको दीगोपना सुनिश्चित गरी राष्ट्रिय विकास र समृद्धिको मूल प्रवाहमा त्यस्ता संस्थाको भूमिका प्रवर्द्धन गर्न सामाजिक तथा नागरिक संस्था दर्ता तथा सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक आयोगको मिति २०७५।१०।१० को वैठकबाट पारित भई आवश्यक कारवाहीको लागि गृह मन्त्रालयमा पठाइएको छ ।

**ङ) कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक**

कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक आयोगको मिति २०७५।१०।१३ को वैठकबाट पारित भई आवश्यक कारवाहीको लागि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको छ ।

**च) साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक**

साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक आयोगको मिति २०७५।११।२३ को वैठकबाट पारित भई आवश्यक कारवाहीको लागि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको छ ।

**छ) जग्गा प्राप्ति सम्वन्धी बिधेयक**

सार्वजनिक हितको लागि आवश्यक जग्गा प्राप्त गर्ने कार्यलाई सहज र सरल बनाउन र जग्गा प्राप्त गर्दा सम्बन्धित व्यक्तिलाई दिइने क्षतिपूर्ति, पूनर्स्थापना वा पूनर्वासको आधार, मापदण्ड र कार्यविधि निर्धारण गरी सर्वसाधारणको हित र सुविधा कायम राख्न,जग्गा प्राप्ति सम्बन्धी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक आयोगको मिति २०७६।०३।०४ को बैठकबाट पारित भई आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको छ ।

आ.व. २०७५/०७६ मा आयोगबाट तर्जूमा भै सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरुको पूर्ण पाठ अनुसूची - ९ मा समावेश गरिएको छ ।

### ३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट अनुरोध भई आएका तथा आयोगले आवश्यक ठानेका अन्य कतिपय विषयका विधेयक तर्जुमा सम्बन्धी अवधारणापत्र तयार गर्ने, सरोकारवालासँग परामर्श गर्ने र विधेयक तर्जूमा गर्ने कार्यलाई आयोगले निरन्तरता दिएको छ । आ.व. २०७५/०७६ मा तर्जुमा प्रारम्भ गरिएका तर तर्जुमाको कार्य सम्पन्न हुन बाँकी रहेका बिधेयकहरु यस प्रकार छनः-

क) दामासाही सम्वन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको बिधेयक

ख) गैर आवासीय नेपाली सम्वन्धी कानूनको संशोधन र एकिकरण गर्न बनेको बिधेयक

ग) राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

### ३.२.३.अन्तरक्रिया तथा गोष्ठी

आयोगले आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका विषयमा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गरेको छः

क) प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७५।०८।१३ गते पोखरामा र मिति २०७५।०८।२८ गते काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

ख) सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक (संस्था दर्ता विधेयक) को मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७५।०९।१७ गते काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

ग) कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७५।०९।१८ गते काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

घ) जग्गा प्राप्ति सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७६।०२।०८ गते काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न गरिएको छ।

### ३.२.४.कानूनको जानकारी गराउने तथा सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program)

कानूनका उपयोगकर्ता तथा अन्य सरोकारवालाहरुलाई नयाँ कानूनका बारेमा समयमै जानकारी प्राप्त हुन नसक्दा र नयाँ कानूनका बारेमा अभ्यस्त नहुँदा कानूनको प्रयोग र पालनामा एकरुपता कायम गर्न कठिनाई पर्न सक्ने तथा असहज हुने भएकोले आयोगले विभिन्न जिल्लामा कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यस आ.व.मा पाँच वटा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा देवानी संहिता तथा अपराध संहिताको विषयमा कास्की जिल्लामा दुईवटा र रुपन्देही जिल्लामा दुईवटा

गरी चारवटा सचेतना कार्यक्रम सम्पन्न भएको छ। यस आ.व.मा सम्पन्न भएको कार्यक्रम सम्बन्धी विवरण अनुसूची–१० मा समावेश गरिएको छ ।

### ३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन

इन्टर्नसिप कार्यक्रम अन्तर्गत कानून विषय अध्ययनरत विद्यार्थीहरुलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले विभिन्न कलेजमा कानून विषय अध्ययन गर्ने दश जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको छ। मिति २०७५।५।१ देखि २०७५।९।३० गतेसम्मको पहिलो सत्रमा नेपाल ल क्याम्पसबाट दुई जना, काठमाडौं स्कूल अफ लबाट एक जना, नेशनल ल कलेजबाट एक जना र चक्रवर्ति हवि एजुकेशन एकेडेमीबाट एकजनाले इन्टर्नसिप गरेका छन् भने मिति २०७५।११।१ देखि २०७६।३।३१ गतेसम्मको दोस्रो सत्रमा काठमाडौं स्कूल अफ ल बाट दुई जना, नेशनल ल कलेजबाट दुई जना र चक्रवर्ति हवि एजुकेशन एकेडेमीबाट एक जना गरी जम्मा दश जना विद्यार्थीहरुले आ.व. २०७५/७६ मा यस आयोगमा इन्टर्नसिप कार्य सम्पन्न गरेका छन् ।

इन्टर्नसिप सम्पन्न गर्ने बिद्यार्थीहरुको नामावली अनुसूची–११ मा समावेश गरिएको छ ।

### ३.२.६ आयोगको वेबसाइट तथा एप्स (Apps.) सम्बन्धी

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेबसाइट तयार गरी वेबसाइटमा विद्युतीय ढाँचामा विभिन्न प्रचलित नेपाल कानूनहरु अपलोड गर्ने र समय समयमा ती कानूनहरु वेबसाइटमा अद्यावधिक गर्ने कार्य गर्दै सेवाग्राहीहरुलाई सरल एवं सहज ढँगले नेपाल कानून सम्बन्धी जानकारी प्रदान गरी विद्युतीय माध्यमबाट त्यसको पहुँच सुनिश्चित गर्दै आएको छ ।

आयोगको वेबसाइटमा नेपालको संविधान, प्रचलित ऐन, नियम तथा गठन आदेशहरु अद्यावधिक गर्ने र केही ऐन लगायतका अन्य सामाग्री अंग्रेजी

भाषामा अनुवाद गरी उपलब्ध गराउँदै आएको छ । साथै, खारेज भएका ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानून तथा कानून सम्बन्धी एतिहासिक दस्तावेजहरु समेत समावेश गर्ने गरेको छ ।

आ.व.२०७५।०७६ मा आयोगको वेवसाईटलाई समयानूकुल बनाउन नयाँ रुपमा परिमार्जन गरी उपयोगकर्ता मैत्री बनाईएको छ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार मोवाइल (एन्ड्रोइड तथा एप्पल) दुवैमा उपयोग गर्न सकिने गरी मोवाइल एप्स (Mobile Apps) निर्माण गरी विद्यमान कानूनहरु मोवाइलबाटै हेर्न र पढ्न सकिने व्यवस्था मिलाइएको छ।

आ.व. २०७५।०७६ मा २७४ वटा ऐन, दुई वटा गठन आदेश, ३८ वटा नियम, तिन अध्यादेश, दुई नीति, एउटा आदेश अद्यावधीक गरी अपलोड र चौध वटा ऐनको अंग्रेजी अनुवाद गरि नयाँ तथा संशोधित ऐन तथा नियमहरु अद्यावधिक एवं अपलोड गरिएका छन् ।आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण अनुसची-१२ मा समावेश गरिएको छ ।

### ३.२.७ राय–सुझाव संकलन

मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र जग्गा प्राप्त सम्वन्धी बिधेयकका सम्वन्धमा मकवानपुर, पोखरा, नुवाकोट, कास्की, तनहुँ, स्याङ्जा, धादिङ, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, पर्वत, अर्घाखाँची, बाँके, इलाम, झापा, सप्तरी र मोरङ गरी अठार जिल्लाहरुमा राय सुझाव संकलन गरिएको छ।

### ३.२.८ क्षमता अभिवृद्धि

यस आ.व. मा यस कार्यालयमा कार्यरत तीन जनालाई लेखा सम्बन्धी सफ्टवेयर तालिम, पाँच जनालाई सवारी चालक प्रशिक्षण र एक जनालाई मोटरसाइकल तालिम उपलब्ध गराइएको छ ।

### ३.२.९ अन्तर्राष्ट्रियस्तरको भेटघाट कार्यक्रम

- कानूनी अध्ययन र अनुसन्धानमा एक आपसमा सहयोग गर्ने उद्देश्यले नेपाल कानून आयोग र Korean Legislation Research

Institute (KLRI) का अध्यक्ष Rhee, Ik Hyeon को नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डलले आयोगमा भ्रमण गरी आयोगका पदाधिकारीसँग द्विपक्षीय सरोकारका विषयमा वार्ता भई द्विपक्षीय सहयोगका सम्बन्धमा आयोग र KLRI बीच मिति २०७५ साल फागुन ८ गते नेपाल कानून आयोगमा Memorandum of Understanding(MoU) गर्ने कार्य भएको छ ।

- Common Wealth Association of Law Reform Agencies (CALRAs) का Hon. General Secretary Michael Sayers ले २१ डिसेम्बर २०१८ को पत्रबाट अप्रिल १-५, २०१९ मा जाम्बियाको लिभिङस्टोनमा हुने 8th Biennial Conference मा आयोगका पदाधिकारीलाई निमन्त्रणा गर्नु भएकोले यस आयोगबाट अध्यक्ष श्री माधव पौडेल, उपाध्यक्ष श्री भेषराज शर्मा र सचिव श्री चिरञ्जीवी खनाल जाम्बियाको लिभिङस्टोन सहरमा आयोजित उक्त कार्यक्रममा सहभागी हुनु भएको थियो।

# परिच्छेद-चार

# कानून र न्याय क्षेत्रमा सुधारका लागि सुझाब तथा सिफारिश

## ४.१ बिषय प्रवेश

कुनै पनि देशको कानून प्रणालीलाई बिश्वव्यापीकरणको प्रभाव, मुलुकले आत्मसात गरेको राजनैतिक तथा आर्थिक पद्दति, नागरिकको चेतनाको स्तर र आवश्यकताले कानून निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कानूनको निर्माण एवं सुधार जस्ता बिषयहरु समयसापेक्ष र आवश्यकताको बोधले दिशा निर्देश गर्दछ । सम्बत् २०७५ साल भाद्र १ गतेदेखि प्रारम्भ भएका मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र विभिन्न ऐनहरुले नेपालको कानून तथा न्याय प्रणालीलाई गुणात्मक विकास गरेका छन् । एकिकृत देवानी संहिता (Civil Code) र सजाय निर्धारण र कार्यान्वयन ऐन (Sentencing Act) लागू गर्ने नेपाल दक्षिण एसियामा नै पहिलो मुलुक भएको छ । त्यसो भए तापनि कानूनको सुधार निरन्तर रुपमा चल्ने प्रक्रिया हो । नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गरी अझ बढी प्रभावकारी, सक्षम, मानव अधिकार मैत्री बनाई यसलाई स्थायित्व दिनु आवश्यक रहेको छ । नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नेपाल सरकार समक्ष देहाय बमोजिम सुझाव तथा सिफारिश प्रस्तुत गरेको छः-

## ४.२ राज्य पुर्नसंरचनाको सन्दर्भमा आयोगको भूमिका र यसको प्रयोग

क. नेपाल परम्परागत एकात्मक राज्य प्रणालीबाट संघात्मक स्वरुपमा रुपान्तर भै सकेको सन्दर्भमा राज्यका तीनै तह (संघ, प्रदेश र स्थानीय तह) बाट कानूनको निर्माण हुने अभ्यास सुरु भै सकेको छ । नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकार समक्ष मस्यौदा वा सुझाव पेश गर्ने गरी आयोगलाई कार्यक्षेत्र तोकिएको छ । तर प्रदेश र स्थानीय तहले निर्माण गर्नुपर्ने कानूनको सन्दर्भमा आयोगको क्षेत्राधिकार स्पष्ट उल्लेख भएको देखिदैन । वर्तमान सन्दर्भमा, संविधान र प्रचलित

कानूनले तोकिए बमोजिम कानून निर्माण गर्ने विधायिकी अधिकार तीनै तह (संघ, प्रदेश र स्थानीय तह) लाई प्राप्त छ । कानून निर्माण प्रकृया अफैमा जटिल र प्राविधिक विषय पनि हो । संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने कानूनको सम्बन्धमा कानूनको तर्जूमा, संहिताकरण, मौजुदा कानूनको संशोधन एकिकरण, पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरी सुझाव दिनको लागि मौजुदा कानून संशोधन गरी आयोग वा नेपाल सरकारले तोकेको अन्य निकायलाई दिने उपयुक्त हुन्छ । यसले गर्दा कानून निर्माणमा हुने खर्चमा मितव्ययीता आउनुको साथै, कानून तर्जुमामा एकरुपता र गुणस्तरिय कायम गर्न सकिन्छ ।

ख. नेपालको संविधानको अनुसूची ७ तथा ९ मा साझा अधिकारको व्यवस्था भएको छ । साझा अधिकारका सम्बन्धमा एउटै विषयमा संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहले कानून निर्माण गर्न सक्ने हुनाले नेपाल सरकार र नेपाल कानून आयोगले सहकार्य गरी संघीय, प्रदेश तथा स्थानीय तहका लागि नमूना विधेयक तयार गरी सम्बन्धित तहलाई सिफारिश गर्न सकिने हुन्छ । यस्ता विधेयकको तयारीबाट एउटै विषयमा दोहोरोपन (Repetition) र परस्परव्यापी (Overlapping) हुन सक्ने सम्भावना अन्त्य हुने हुन्छ ।

ग. नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम कानून आयोग एक स्वायत्त कानूनी संस्थाको रुपमा रहेको छ । आयोगमा अध्यक्ष र उपाध्यक्षको साथै नेपाल सरकारका विशिष्ट श्रेणीका चार जना पदाधिकारीहरु पदेन सदस्य रहने तथा नेपाल सरकारले मनोनित गर्ने तीन जना अन्य सदस्य रहने प्रावधान रहेको भए तापनि आयोगको अध्यक्ष तथा उपाध्यक्ष मात्र पुरा समय काम गर्ने पदाधिकारी हुने प्रावधानले आयोगमा कानूनी विज्ञ जनशक्तिको अभाव रहने गरेको छ । मनोनित हुने तीनजना सदस्यहरुको पदावधी दुइ वर्षको मात्र हुने र समयमा नै पदपूर्ति नहुने गरेका कारण मनोनित हुने सदस्यको भूमिका आयोगमा उल्लेखनीय हुन सकेको देखिदैन । अतः आयोगको ऐन संशोधन गरी नेपाल सरकारबाट मनोनित हुने सदस्यको पदावधी समेत आयोगको अध्यक्ष र उपाध्यक्ष जस्तै पाँच वर्षको लागि हुने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । साथै, त्यसरी नियुक्त

हुने सदस्य कानून सम्बन्धी फरक फरक बिषयमा विज्ञता हासिल गरेको व्यक्ति हुने प्रावधान राख्नु उपयुक्त हुन्छ ।

## ४.३ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रारम्भ हुने भनिएका ऐनहरुको सम्वन्धमा

कानूनको औचित्यता त्यतिबेला सार्थक हुन्छ, जतिबेला त्यसको सफल कार्यान्वयन हुन्छ । कानूनको निमार्णले मात्र राज्यको उद्देश्य पुरा हुन सक्दैन ।कानूनको उद्देश्य पूर्तिको लागि त्यसको सफल कार्यान्वयन हुन जरुरी छ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रारम्भ हुने भनिएका ऐनहरुमध्ये न्यायिक कोष ऐन,२०४३, लिखतहरुको गोप्यता सम्बन्धी ऐन,२०३९ र आयोडिनयुक्त नून (उत्पादन तथा विक्री वितरण) ऐन, २०५५ जस्ता ऐनहरु हालसम्म पनि प्रारम्भ भएको देखिदैन । कानूनको निर्माण गर्ने तर त्यसको लागू नगर्ने अवस्थाले राज्यको उद्देश्य पूर्ति हुन सक्दैन ।

तसर्थ, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रारम्भ हुने भनिएका ऐनहरु मध्ये हालसम्म प्रारम्भ नभएका ऐनहरुको सम्बन्धमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।

## ४.४ स्वार्थ बाझिने अवस्थाको निवारण गर्ने

नेपाल भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा व्यवस्था भएको भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धि (UN Convention Against Corruption) को सन् २०११ मा नै पक्ष भइसकेको र महासन्धि नेपालको सन्दर्भमा कार्यान्वयनको चरणमा रहेको छ । महासन्धि अनुसार अन्य कुराको अतिरिक्त निर्णय प्रक्रियामा स्वार्थ बाझिने (Conflict of Interest) अवस्था निवारण गर्नुपर्ने पक्ष राष्ट्रको जिम्मेवारी रहने हुन्छ । न्याय प्रशासनका सन्दर्भमा स्वार्थ बाझिने अवस्थाको धेरै हदसम्म नेपाल कानूनले व्यवस्था गरेको भए तापनि नियमनकारी निकाय र खास गरी कुनै खास पेशाको सञ्चालन गर्ने नियमनकारी निकायका सम्बन्धमा स्वार्थ बाझिएको अवस्था निवारण गरेको पाइन्न । स्वार्थ बाझिएको अवस्था कायम रहेको अवस्थामा नै पेशा वा व्यवसाय सञ्चालन गर्ने काम स्वच्छ र बस्तुनिष्ट हुन नसक्ने हुनाले यस विषयमा नेपाल सरकारले नीतिगत रुपमा नै विचार गरी पेशा वा व्यवसाय सञ्चालन गर्ने निकायमा स्वार्थ बाझिने अवस्था नरहने गरी आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ४.५ सूचनादाताको संरक्षण (Whistle Blower Protection) सम्बन्धी कानूनको निर्माण

भ्रष्टाचार बिरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धीको धारा ३३ मा महासन्धिद्वारा स्थापित कसूरसँग सम्वन्धित कुनै तथ्यका बिषयमा कुनै ब्यक्तिले असल नियतले र तर्कसंगत आधार सहित कुनै सूचना पेश गरेमा निजका बिरुद्ध कुनै अवान्छित ब्यवहार हुनबाट सुरक्षा प्रदान गरी कानूनी प्रणालीमा समुचित उपाय अवलम्वन गर्ने ब्यवस्था उल्लेख छ । उक्त महासन्धीको नेपाल पक्ष राष्ट्र हो । हालसम्म नेपालमा सूचनादाताको सरंक्षण (Whistle Blower Protection) सम्वन्धी छुट्टै कानूनको निर्माण नभएकोले यस सम्बन्धी छुट्टै कानूनको निर्माण गर्नु पर्ने देखिन्छ ।

## ४.६ ऐन कार्यान्वयन मापन (Post Legislative Scrutiny) को व्यवस्था

नेपाल सरकारले हालसम्म अख्तियार गरेको अभ्यास अनुसार ऐन निर्माण भएपछि त्यसको कार्यान्वयन पक्षमा मूल्याङ्कन र पुनरावलोकन गर्ने गरिदैन । यसले गर्दा जुन उद्देश्य र प्रयोजनको लागि ऐन निर्माण गरिएको थियो, त्यस्तो उद्देश्य र प्रयोजन पुरा भयो वा भएन त्यसको मूल्याङ्कन गर्न सकिन्न । यस अर्थमा कानून निर्माण गर्ने हाम्रो प्रक्रिया र प्रणाली परम्परागत नै रहेको मान्नु पर्ने हुन्छ । यो अभ्यासबाट समय समयमा ऐनमा हुने संशोधन बस्तुनिष्ट नभएर आत्मनिष्ट हुने हुन्छ । तसर्थ, ऐन निर्माण गर्ने हाम्रो मौजुदा अभ्यासमा पुनरावलोकन गरी ऐन प्रारम्भ भएको निश्चित अवधि पछि सम्बन्धित मन्त्रालयले ऐन कार्यान्वयनको अवस्था अध्ययन हुन वान्छनीय देखिन्छ । यस प्रयोजनका लागि सामान्य प्रकृतिको कानून बाहेक निश्चित अवधिको लागि बनेको (Sun Set) ऐन भए त्यस्तो ऐन प्रारम्भ भएको एक वर्ष पछि र अन्य ऐन भए तीन वा पाँच बर्ष पछि ऐन कार्यान्वयन मापन (Post Legislative Scrutiny) को अभ्यास प्रारम्भ हुन आवश्यक देखिएकोले त्यस्तो व्यवस्था सम्बन्धित ऐनमा नै रहने गरी विधेयकको तर्जुमा हुन र कार्यान्वयन हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नेतृत्वदायी भूमिका निर्वाह हुन उपयुक्त देखिन्छ ।

## ४.७ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी कानून निर्माण

नेपाल अन्तर्राष्ट्रिय शान्ति, मानव अधिकार, आर्थिक, सामाजिक र साँस्कृतिक सहयोग एवम् वातावरण तथा दिगो विकाससँग सम्बन्धित करीब २०० वटा विश्वव्यापी र क्षेत्रीय वहुपक्षीय अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको छ । ती बहुपक्षीय महासन्धिले श्रृजना गरेको दायित्व पुरा गर्नको लागि नेपालले विभिन्न राष्ट्रिय कानूनको निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । हालसम्म नेपाल पक्ष भएका त्यस्ता

बहुपक्षीय महासन्धि कार्यान्वयन गर्ने सम्बन्धमा के कति कानून बनेका छन् ? प्रचलित कानूनहरु ती महासन्धिको कार्यान्वयन गर्न पर्याप्त छन्, छैनन् ? प्रचलित कानूनलाई महासन्धि अनुकूल बनाउन के कस्तो संशोधनको आवश्यकता छ ? भन्ने विषयमा विस्तृत अनुसन्धान भएको पाइदैन ।

नेपाल पक्ष भएका सन्धि सम्झौताहरुको सर्वसाधरणको जानकारीको लागि प्रकाशनको व्यवस्था पनि व्यवस्थित र नियमित हुन सकेको पाइदैन । उपर्युक्त पृष्ठभूमिमा नेपाल पक्ष भएका सन्धि सम्झौताको अभिलेखीकरण, प्रकाशन र ती सन्धिहरुको कार्यान्वयन स्थिति सम्बन्धमा सरकारले विशेष व्यवस्था गरी सबैले जानकारी पाउन सक्ने गरी उपलब्ध गराउनु पर्ने गरी व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

## ४.८ कानूनी सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program)

सम्बत् २०७५ साल माघ १ गतेदेखि प्रारम्भ भएका मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले नविनतम् मूल्य मान्यता र नयाँ अपराधहरुलाई समेटेको छ ।

संहिताहरुमा उल्लेख भएका विवाहका लागि हुनु पर्ने उमेर, सम्बन्ध विच्छेद, कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएमा हुने कानूनी स्थिति, बहुविवाहको कानूनी स्थिति, अंशवण्डा, अपुताली सम्बन्धी लगायतका विषयहरुमा नागरिकहरुलाई जानकारी हुन जरुरी छ ।

कानूनको अनभिज्ञता क्षमय हुँदैन भन्ने न्यायको मान्य सिद्दान्त रही आएको छ । कानून सबैले जानेको हुनु पर्दछ र कानून जानेको छैन भनी कसैले पनि उन्मुक्ति प्राप्त गर्न सक्दैन । तसर्थ, कानूनमा व्यवस्था भएका नविनतम् पक्षहरुको विषयमा नागरिकहरुलाई सुसुचित गराउन सरकारका सम्बद्ध निकायहरु आफै वा गैर सरकारी संस्थासँग सहकार्य गरी कानूनी सचेतना कार्यक्रमहरु (Legal Dissemination Program) सञ्चालन गर्न आवश्यक देखिन्छ ।

## ४.९ अनुसन्धानमूलक संस्थाको रुपमा बिकास गर्नुपर्ने (Research and Development)

नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम कानून आयोग एक स्वायत्त कानूनी संस्थाको रुपमा रहेको छ । उक्त ऐनको दफा १० ले नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने अधिकार आयोगलाई प्रदान गरेको छ । कानून तर्जुमाको कार्य आफैमा जटिल एवं प्राविधिक कार्य भएकाले यसकोलागि घनिभूत छलफल र अनुसन्धानको आवश्यकता पर्दछ । राम्रो कानून निर्माणको लागि त्यस्तो कानून निर्माणको आवश्यकता, समस्याको पहिचान र निर्माणको औचित्यता पुष्टि गर्न सक्नु पर्दछ। यसको लागि सुक्ष्म बिश्लेषण र अनुसन्धानको आवश्यकता पर्दछ । आयोगलाई प्रभावकारी बनाउनको लागि यसलाई अनुसन्धानमूलक संस्थाको रुपमा विकास गर्नु पर्दछ । यसको लागि आयोगलाई पर्याप्त आर्थिक, भौतिक साधन श्रोत र जनशक्ति उपलब्ध गराउन आवश्यक देखिन्छ ।

## ४.१० कानून तर्जुमामा एकरुपता र समन्वय

कानून तर्जूमामा राज्यका विभिन्न निकायहरु संलग्न हुने हुँदा ती निकायहरु बीच समन्वय र निर्माण हुने कानूनमा एकरुपता हुन जरुरी छ । कानून तर्जूमा गर्दा आयोग र नेपाल सरकारका अन्य निकायहरु बीच समन्वय र सहकार्य हुन गएमा कानून तर्जूमामा एकरुपता हुन गई गुणस्तरीय कानून निर्माण हुने कुरा अपेक्षा गर्न सकिन्छ ।

## ४.११ आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन

आयोगको विगतका सिफारिश तथा सुझावहरुको कार्यान्वयन हुनु पर्ने देखिन्छ ।

# परिच्छेद-पाँच
# आयोगको अवसर र चुनौतिहरु

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले नेपाल कानून आयोगको स्थापना भएको हो । आयोगले स्थापनाकाल देखि नेपाली कानूनी प्रणालीको विकास र समृद्धिमा उल्लेख्य योगदान गरेको छ ।

## ५.१. अवसरहरु

आयोगका लागि देहायको अवसरहरु रहेका छन्:

- नेपाल कानून आयोग ऐन, २०६३ ले आयोगलाई स्वायत्त कानूनी संस्थाको रुपमा बिकास गरी कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने अधिकार दिएको छ ।
- वि. सं.२०६२/०६३ को जनआन्दोलन पश्चात संविधानसभावाट निर्माण भएको नेपालको संविधान, करिव छ दशक लामो प्रयास पछि नवीनतम मूल्य मान्यतालाई आत्मसात गरि लागू भएको मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तर्राष्ट्रिय सर्बोत्तम अभ्यास (International Best Practice), नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले सृजना गरेको दायित्व समेतलाई दृष्टिगत गर्दा मौजुदा कानूनी व्यवस्थाहरुमा समयानुकूल सुधार र संशोधन गर्ने उपयुक्त समय आएको छ ।

## ५.२. चुनौतिहरु

आयोगको लागि देहायको चुनौतिहरु रहेका छन् :

- आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई संस्थागत गर्नु,
- आयोगमा कार्यरत कर्मचारीहरुलाई टिकाई (Retain) राख्नु,
- आयोगको आफ्नै भवन नहुनु,
- दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु, (उदाहरणको लागि दरवन्दीमा उल्लेख भएको कम्प्यूटर ईन्जिनियरको पदपूर्तिको लागि नेपाल सरकारसँग पटक पटक माग गरिएकोमा हालसम्म पूर्ति हुन सकेको छैन ।)

- कर्मचारीहरुको ब्यावसायिक बिकास र बृत्ति बिकास (Professional and Career Development) गर्नको लागि श्रोत र साधनको अपर्याप्तता रहनु,
- सरोकारवाला निकायहरुसँग समन्वयको कमी हुनु,
- बजेट, श्रोत र साधनको कमी हुनु।

# परिच्छेद–छ
# नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

आयोगलाई तोकिएको कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा अनुभव गरिएका देहायका विषयहरुको उपयुक्त सम्बोधन भएमा आयोगले आफ्नो भूमिका थप प्रभावकारी बनाउन सक्ने देखिन्छः-

## ६.१. जनशक्ति व्यवस्थापन

कुनै पनि संगठनको उद्देश्य पूर्ति गर्ने मूख्य श्रोत मानव श्रोत (Human Resource) हो । मानव श्रोतको अभावमा संगठनले आशातीत सफलता प्राप्त गर्न सक्दैन । आयोगको संगठन, संरचना तथा व्यवस्थापनको दरबन्दी सिर्जना भए तापनि आयोगको सहमति समेत नलिई कर्मचारीको दरबन्दी कटौति गर्नु, आयोगका कर्मचारी सरुवा वा काजमा अन्यत्र पठाउदा आयोगसँग समन्वय पनि नगरी कर्मचारी खटन पटन गर्नु जस्ता कार्यले आयोगको संस्थागत स्मरण (Institutional Memory) र कर्मचारीको ब्यावसायिक क्षमता बिकासमा असर परेको छ । यी बिषयहरुमा सम्बद्ध निकायहरु संवेदनशील हुन जरुरी छ ।

## ६.२. वृत्तिविकास र ब्यावसायिक विकास (Career Development and Professional Development)

कानून तर्जुमा एवं ब्यावसायिक सिपको लागि कर्मचारीहरुलाई लामो अबधिको तालिम (Long Term Training), छोटो अबधिको तालिम (Short Term Training), स्थलगत अनुसन्धान (Field Research), बैदेशिक अध्ययन तालिम (Study Tour in Abroad) जस्ता कार्यक्रमबाट कर्मचारीहरुको क्षमताको बिकास गरी उनीहरुको मनोबल बृद्धि गर्नु पर्ने देखिन्छ ।

## ६.३. भौतिक पूर्वाधार

आयोगको आफ्नै भवन नहुँदा सेमिनार कक्ष, वैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, प्रशिक्षार्थी कक्ष लगायत कर्मचारी बस्ने कोठा समेत ब्यवस्थित गर्न सकिएको छैन । आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि

उपयुक्त भवनको स्थायी व्यवस्था हुनु पर्ने आवश्यकता टड्कारो रुपमा खटकिएको छ ।

**६.४. कानून सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था**

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (क) मा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम उल्लेख गरिएको छ भने सोही दफाको खण्ड (ज) तथा दफा १७ मा कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्ने प्रावधान उल्लेख भए तापनि पर्याप्त बजेटको अभावमा यी बिषयहरुमा प्रभावकारीरुपले कार्य गर्न सकिएको छैन । अतः आयोगलाई कानूनको बिषयमा अध्ययन अनुसन्धान गर्न र विशेषज्ञ सेवा लिनको लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने देखिन्छ ।

# अनुसूची-१

## नेपाल कानून आयोगमा बि.सं. २०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली

| क्र.सं. | नाम | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | बडाकाजी श्री मणिकलाल राजभण्डारी | २०१०।०९।०६ | |
| २. | श्री बिनोद प्रसाद धिताल | २०२०।१०।०८ | |
| ३. | श्री नयन बहादुर खत्री | २०२९।०२।२९<br>२०३६।०८।२३ | |
| ४. | श्री बिश्वनाथ उपाध्याय | २०४१।०८।०२ | |
| ५. | श्री हरगोबिन्द सिंह प्रधान | २०५२।०१।१९ | |
| ६. | श्री निरञ्जन थापा | २०५९।११।१६ | |
| ७. | श्री बाबुराजा जोशी | २०६३।०४।१५ | |
| ८. | श्री उमेशचन्द्र झा | २०६८।०९।१२ | |
| ९. | श्री माधव प्रसाद पौडेल | २०७३।०३।२६ | |

# अनुसूची-२


## नेपाल कानून आयोगमा बि.सं.२०१० सालदेखि हालसम्मका

## उपाध्यक्षको नामावली

| क्र.सं. | नाम | नियूक्ति मिति | कैफियत |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | २०६०।०४।१९ | |
| २. | श्री हरिप्रसाद न्यौपाने | २०६३।०५।२६ | |
| ३. | श्री प्रचण्ड राज प्रधान | २०६८।०९।१२ | |
| ४. | श्री भेषराज शर्मा | २०७२।१०।१३ | |

# अनुसूची-३

## प्रशासनिक संगठन संरचना



# अनुसूची- ४

## कर्मचारी दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी), नेपाल न्याय सेवा | १ |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | ५ |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल प्रशासन सेवा, लेखा समूह | १ |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी), नेपाल विविध सेवा | १ |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह | ३ |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा कानून समूह | ५ |
| ९. | कम्प्यूटर अप्रेटर, नेपाल विविध सेवा | १ |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ |
| ११. | हलुका सवारी चालक, इन्जिनियरिङ्ग सेवा | ३ |
| १२. | कार्यालय सहयोगी | ४ |
| १३. | स्वीपर | १ |
| **कूल दरबन्दी** | | **३३** |

# अनुसूची- ५

## कार्यरत कर्मचारीको नामावली

| | | | |
|---|---|---|---|
| १) | श्री चिरञ्जीवी खनाल | - | सचिव |
| २) | श्री आलोक चन्द्र श्रेष्ठ | - | सह-सचिव |
| ३) | श्री ईन्दिरा दाहाल भट्टराई | - | सह-सचिव |
| ४) | श्री जंग बहादुर डांगी | - | उप–सचिव |
| ५) | श्री निर्मला गुरुङ्ग | - | उप–सचिव |
| ६) | श्री हरिकृष्ण के.सी. | - | शाखा अधिकृत |
| ७) | श्री ठाकुर प्रसाद आचार्य | - | शाखा अधिकृत |
| ८) | श्री समता शर्मा गेलाल | - | शाखा अधिकृत |
| ९) | श्री पुष्कर निरौला | - | लेखा अधिकृत |
| १०) | श्री मुकेश प्रसाद साह | - | नायब सुब्बा |
| ११) | श्री चण्डेश्वरी प्रजापति | - | कम्प्यूटर अप्रेटर |
| १२) | श्री तील कुमारी अधिकारी | - | नायब सुब्बा |
| १३) | श्री सन्दीप लामिछाने | - | खरिदार |
| १४) | श्री कृष्ण गोविन्द महर्जन | - | हलुका सवारी चालक |
| १५) | श्री खिलप्रसाद दाहाल | - | हलुका सवारी चालक |
| १६) | श्री बहादुर महर्जन | - | हलुका सवारी चालक |
| १७) | श्री धन बहादुर क्षेत्री | - | हलुका सवारी चालक (सेवा करार) |
| १८) | श्री राम प्रसाद राजबाहक | - | हलुका सवारी चालक (सेवा करार) |
| १९) | श्री मिठे राना | - | कार्यालय सहयोगी |
| २०) | श्री रामबहादुर रानामगर | - | कार्यालय सहयोगी |
| २१) | श्री दिलशोभा पोडे | - | स्विपर |

| | | | |
|---|---|---|---|
| २२) | श्री सविता राना | - | कार्यालय सहयोगी (सेवा करार) |
| २३) | श्री सृजना लम्साल | - | कार्यालय सहयोगी (सेवा करार) |
| २४) | श्री कर्ण बहादुर बस्नेत | - | कार्यालय सहयोगी (सेवा करार) |

# अनुसूची- ६

## आयोगको वर्तमान भौतिक अवस्थाको विवरण

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | - नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | - ४ वटा |
| | जीप | - २ वटा |
| | मोटरसाइकल संख्या | - ७ वटा |
| | स्कुटर सख्या | - २ वटा |
| | इलेक्ट्रिक स्कुटर सख्या | - ३ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर संख्या | - २४ सेट |
| | प्रिन्टर संख्या | - १४ थान |
| | ल्यापटप कम्प्युटर संख्या | - २० थान |
| | फ्याक्स संख्या | - २ थान |
| | फोटोकपी मेशिन संख्या | - २ थान |
| | क्यामरा | - १ थान |
| | प्रोजेक्टर | - २ थान |
| | मल्टिफङ्सन | - १ थान |
| | स्कयानिङ मसिन | - ४ थान |
| | टेलीभिजन | - १ थान |

# अनुसूची- ७

## २०७६ सालको असार महिनाको खर्चको फाँटवारी पूँजीगत

अनुसूची २५

नेपाल सरकार
नेपाल कानुन आयोग
नयाँ बानेश्वर

नेपाल सरकार
नेपाल कानून आयोग
२०६३

नेपाल कानुन आयोग पूँजीगत
बजेट उपशीर्षक नं. : ३११०१२४

### वार्षिक आर्थिक विवरण

आ.व. २०७५/७६

| खर्च संकेत नं. | खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक बजेट बाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकाशा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | थप | घट | | | | निकाशा | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| २९३११ | फर्निचर तथा फिक्चर्स | १००,०००.०० | ६५०,०००.०० | ०.०० | ०.०० | -३५०,०००.०० | ४००,०००.०० | ३९९,५१६.५० | ३९९,५१६.५० | ० | ४८३.५० | |
| २९५११ | मेशीनरी औजार | ०.०० | ०.०० | ०.०० | ३५०,०००.०० | ०.०० | ३५०,०००.०० | ३४७,५९०.०० | ३४७,५९०.०० | ० | २,४१०.०० | |
| २९७१२ | सफ्टवेयर निर्माण र खरिद खर्च | ०.०० | ५२५,०००.०० | ०.०० | ०.०० | ०.०० | ५२५,०००.०० | ४८७,०३०.०० | ४८७,०३०.०० | ० | ३७,९७०.०० | |
| जम्मा | | १००,०००.०० | १,१७५,०००.०० | ०.०० | ३५०,०००.०० | -३५०,०००.०० | १,२७५,०००.०० | १,२३४,१३६.५० | १,२३४,१३६.५० | ०.०० | ४०,८६३.५० | |

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना : एकल कोष खाता

३. बै.क खाता अनुसार बाँकी रु. : ०

५. नगद बाँकी रु. : ०.००

६. जम्मा वा भुक्तानी हुन बाँकी चेकको रकम रु. : ०.००

२. बैंक खाता नं. :

४. फछ्र्यौट हुन बाँकी पेश्की

क. बिगत आर्थिक वर्षसम्मको रु. : ०.००

ख. यस आर्थिक वर्षको रु. : ०.००

जम्मा रु. : ०.००

म्याद नाघेको पेश्की रु. :

म्याद ननाघेको पेश्की रु. : ०.००

**तयार गर्ने**
दस्तखत
नाम :
दर्जा :
:

**सिफारिस गर्ने**
दस्तखत
नाम :
दर्जा :
मिति :
पुष्कर निरौला
(लेखा अधिकृत)

**स्विकृत गर्ने**
दस्तखत
नाम :
दर्जा :
मिति :
चिरन्जीवी खनाल
रा.प. विशिष्ट श्रेणी
सचिव

# २०७६ सालको असार महिनाको खर्चको फाँटवारी चालु

अनुसूची २५

नेपाल सरकार
नेपाल कानुन आयोग
नयाँ बानेश्वर

नेपाल कानुन आयोग चालु
बजेट उपशीर्षक नं. : ३११०१२३

नेपाल सरकार नेपाल कानून आयोग २०६३

## वार्षिक आर्थिक विवरण

आ.व. २०७५/७६

| खर्च संकेत नं. | खर्च शीर्षक | शुरु विनियोजित बजेट | पुरक बजेट बाट | | रकमान्तरबाट | | अन्तिम बजेट | निकाशा | खर्च | बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | थप | घट | | | | निकाशा | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| २११११ | तलब | १५,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५,०००,०००.०० | १०,४१३,०९९.२६ | १०,४१३,०९९.२६ | ० | ४,५८६,९००.७४ | |
| २१११३ | महंगी भत्ता | ४००,०००.०० | १३५,७१८.०० | ०.०० | ०.०० | ०.०० | ५३५,७१८.०० | ५३५,७१७.६१ | ५३५,७१७.६१ | ० | ०.३९ | |
| २१११९ | अन्य भत्ता | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४००,०००.०० | ४१.१५४.०० | ४१.१५४.०० | ० | ३५८,८४६.०० | |
| २११२१ | पोशाक | २००,०००.०० | ३०,०००.०० | ०.०० | ०.०० | ०.०० | २३०,०००.०० | २३०,०००.०० | २३०,०००.०० | ० | ०.०० | |
| १११ | पानी तथा विजुली | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० | ३७९,५२३.८० | ३७९,५२३.८० | ० | १२०,४७६.२० | |
| २२११२ | सन्चार महशुल | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० | २८४,०२६.०० | २८४,०२६.०० | ० | १५,९७४.०० | |
| २२१२१ | घर भाडा | १,३००,०००.०० | ३११,०२५.०० | ०.०० | ०.०० | ०.०० | १,६११,०२५.०० | १,६११,०२५.०० | १,६११,०२५.०० | ० | ०.०० | |
| २२२११ | इन्धन | १,३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,३००,०००.०० | १,०४८,०३७.६७ | १,०४८,०३७.६७ | ० | २५१,९६२.३३ | |
| २२२१२ | संचालन तथा मर्मत संभार | ७००,०००.०० | ४००,०००.०० | ०.०० | ०.०० | ०.०० | १,१००,०००.०० | १,०९९,८४५.३० | १,०९९,८४५.३० | ० | १५४.७० | |
| २२२१३ | बीमा | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० | ७१,२४३.३० | ७१,२४३.३० | ० | २८,७५६.७० | |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ९००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९००,०००.०० | ८९९,९८०.०० | ८९९,९८०.०० | ० | २०.०० | |
| ३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० | ९६,४८५.०० | ९६,४८५.०० | ० | ३,५१५.०० | |
| २२३१४ | इन्धन -अन्य प्रयोजन | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० | १२,५४५.०० | १२,५४५.०० | ० | ८७,४५५.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ० | ०.०० | |
| २२४१२ | अन्य सेवा शुल्क | १,६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,६००,०००.०० | १,०८२,०५२.०० | १,०८२,०५२.०० | ० | ५१७,९४८.०० | |
| २२५२२ | कार्यक्रम खर्च | ७,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७,०००,०००.०० | ६,९२७,७८८.३९ | ६,९२७,७८८.३९ | ० | ७२,२११.६१ | |
| २२६११ | अनुगमन मुल्याकंन र भ्रमण खर्च | ३००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३००,०००.०० | १६१,४६५.०० | १६१,४६५.०० | ० | १३८,५३५.०० | |
| २२६१२ | भ्रमण खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० | ९७,०५०.०० | ९७,०५०.०० | ० | २,९५०.०० | |
| २२७११ | विविध खर्च | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० | ५६४,७०९.०० | ५६४,७०९.०० | ० | ३५,२९१.०० | |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | ३१,२००,०००.०० | ८७६,७४३.०० | ०.०० | ०.०० | ०.०० | ३२,०७६,७४३.०० | २५,८५५,७४६.३३ | २५,८५५,७४६.३३ | ०.०० | ६,२२०,९९६.६७ | |

<u>मौज्दातको अवस्था</u>

१. बैंकको नाम र ठेगाना : एकल कोष खाता

२. बैंक खाता नं. :

३. बै.क खाता अनुसार बाँकी रु. : ०

४. फछ्र्यौट हुन बाँकी पेश्की

५. नगद बाँकी रु. : ०.००

क. बिगत आर्थिक वर्षसम्मको रु. : ०.००

६. जम्मा वा भुक्तानी हुन बाँकी चेकको रकम रु. : ०.००

ख. यस आर्थिक वर्षको रु. : ०.००

जम्मा रु. : ०.००

म्याद नाघेको पेश्की रु. :

म्याद ननाघेको पेश्की रु. : ०.००

| <u>तयार गर्ने</u> | <u>सिफारिस गर्ने</u> | <u>स्विकृत गर्ने</u> |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम : | नाम : पुष्कर निरौला | नाम : चिरन्जीवी खनाल |
| दर्जा : | दर्जा : लेखा अधिकृत | दर्जा : रा.प. विशिष्ट श्रेणी सचिव |
| मिति : | मिति : | मिति : |

# अनुसूची- ८

## नेपाल सरकार

# नेपाल कानून आयोग

## वार्षिक कार्यक्रम २०७५/७६

| क्र. स. | विवरण | क्रियाकलाप | वजेट (हजारमा) | चौमासिक | | | | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | द्वितीय | तृतीय | जम्मा | | |
| १. | विधेयक तर्जुमा | | १५०० | १ | २ | २ | ५ | | |
| | क. आयोगले आवश्यक ठानेको विषयमा कानून तर्जुमा | • संविधान कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमा<br>• संघियता कार्यान्वयन सम्बन्धी कानून तर्जुमा<br>• अन्य विषयमा आवश्यक कानून तर्जुमा | | | | | | • संविधानमा नया खालका प्रावधानहरु रहेको र शासकीय स्वरुपमा परिवर्तन लगायतका विषय सम्वोधन गरी संविधानको कार्यान्वयन गर्नुपर्ने भएकोले<br>• अन्य समसामयिक विषयमा कानून तर्जुमा पर्ने भएकोले<br>• आयोगलाई अन्य निकायवाट तर्जुमाका लागि अनुरोध भई आउने भएकोले | |
| | ख. अन्य निकायवाट आयोगलाई प्राप्त विषयमा कानून तर्जुमा | - | | | | | | | |
| | ग. अन्य विषयमा कानून तर्जुमा | - | | | | | | | |
| २. | वेवसाईट व्यवस्थापन | | १००० | | | | | | १००० पेज |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क. वेवसाईट अद्यावधिक गर्ने कार्य | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने<br>• नयाँ कानूनहरु अद्यावधिक गर्ने<br>• मौजुदा कानूनको अंग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने<br>• विभिन्न कानूनी दस्तावेज वेवसाईटमा राख्ने | | | | | | | • सूचना प्रविधिको माध्यमवाट सर्वसाधारणलाई कानूनको जानकारी प्रदान गर्न | |
| | ख. अनुवाद | • आवश्यकतानुसार नेपाली कानूनलाई अंग्रेजीमा अनुवाद गर्ने<br>• आवश्यकता अनुसार अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा अनुवाद गर्ने<br>• विभिन्न कानूनी दस्तावेजलाई आवश्यकतानुसार अनुवाद गर्ने | | | | | | | • अन्तर्राष्ट्रिय स्तरमा नेपाली कानूनको जानकारी प्रदान गर्न<br>• विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा उपलव्ध गराउन | |
| ३. | अन्तर्क्रिया/गोष्ठी | | १७५० | ३ | ४ | ३ | १० | | | |
| | क. Legal Dissemination Program | नयाँ तथा महत्वपुर्ण कानून तथा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने | | २ | २ | १ | ५ | | • कानूनको अज्ञानता क्षम्य हुदैंन भन्ने कानूनी सिद्वान्त लाई कार्यान्वयन गर्न<br>• कानूनमा व्यवस्था गरिएका महत्वपुर्ण, जटिल तथा नया प्रावधानको ज्ञान सर्वसाधारणलाई दिन | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ख. गोष्ठी/अन्तर्क्रिया | • आयोगवाट तर्जुमा गरिने/भएका विधेयकहरुबन्धमा सरोकारवाला एवम् विज्ञहरुसंग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने | | १ | २ | २ | ५ | • तर्जुमाको क्रममा रहेका वा तर्जुमा गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसंग राय सल्लाह एबम् सुझाव संकलन गर्न<br>• संकलित राय सुझाव लाई पृष्ठपोषणका रुपमा ग्रहण गरी मस्यौदा तर्जुमा गर्ने वा आवश्यक परिमार्जन गर्न<br>• आयोगले वर्ष भरी गरेका काम कारबाहीको समिक्षा एबम् विश्लेषण गर्दै आगामी कार्यक्रम थप प्रभावकारी वनाउन छलफल तथा अन्तर्क्रिया गर्न | |
| ४. | अध्ययन अनुसन्धान | | २५० | | | | | | |
| | अध्ययन अनुसन्धान गर्ने/गराउने | • कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने<br>• कानून तर्जुमा गर्ने सम्बन्धमा सर्वोच्च अदालतवाट भएका निर्देशनात्मक आदेशहरुको अध्ययन गर्ने<br>• नेपाल सरकारवाट अनुरोध भए वमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने | | | | १ | १ | • नेपाल कानून आयोग ऐन २०६३ को दफा १० वमोजिम कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न<br>• तर्जुमाको क्रममा रहेका कानूनको वारेमा अवधारणा स्पष्ट गर्न<br>• सम्बन्धित विषयमा सैद्वान्तिक तथा व्यवहारिक ज्ञानको विश्लेषण गरी कानून तर्जुमा कार्यमा सहजिकरण गर्न<br>• समय परिस्थिति एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका आधारमा कस्तो | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कानून वनाउन उपयुक्त हुन्छ सो को विश्लेषण गरी कानून तर्जुमा गर्न | |
| ५. | अवधारणापत्र तयार गर्ने | | १५० | ४ | ४ | २ | १० | | |
| | | • आयोगले आवश्यक ठानेको कुनैपनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने | | | | | | | |
| ६. | क्षमता अभिवृद्धि | • कर्मचारी तथा पदाधिकारिको क्षमता अभिवृद्धि गराउने | १५० | | | | | • आयोगका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न<br>• कर्मचारीलाई उत्प्रेरित गरी मनोवल उच्च राख्न | |
| ७. | प्रशिक्षार्थी सेवा लिने | • प्रशिक्षार्थीहरुलाई आयोगको काम कारवाहीमा संलग्न गराउने<br>• विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने | २५० | | | | १० जना | • कानून विषय अध्ययनरत विद्यार्थीलाई आयोगले गर्ने कार्यको वारेमा जानकारी दिन<br>• आयोगको काम कारबाहीमा प्रत्यक्ष संलग्न गराई कानून तर्जुमाको व्यबहारिक ज्ञान दिन<br>• उनीहरुको ज्ञानको उपयोग गर्न | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | कानूनको खारेजी, परिमार्जन, संशोधन र ऐकिकरण गर्ने सम्बन्धमा अध्ययन | • संविधान अनुकूल कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा परिमार्जन, खारेजी र एकिकरण गर्न अध्ययन गर्ने<br>• समय अनुकूल कानूनको निर्माण/ परिमार्जन/खारेजी/एकिकरण गर्ने | ३०० | १ | १ | | २ वटा | विद्यमान कानूनमा रहेका कमी कमजोरी औंल्याउने र खारेजी, परिमार्जन, संशोधन तथा एकिकरणका लागि अध्ययन गरी नेपाल सरकार समक्ष सुझाव दिने | |
| ९. | प्रकाशन | • जोर्नल प्रकाशन गर्ने<br>• आयोग संग सम्बन्धित अन्य काम कारवाही, आदिको वुकलेट प्रकाशन गर्ने<br>• अध्ययन अनुसन्धानवाट प्राप्त भएका प्रतिवेदन, अवधारणापत्र आदि प्रकाशन गर्ने | ४०० | | | | | आयोगले वर्षभरी गरेका प्रगति तथा काम कारवाही सर्वसाधारण एवम् सरोकारवाला हरु समक्ष पुर्याउने तथा अध्ययन अनुसन्धान वाट प्राप्त प्रतिवेदन, अवधारणा पत्र आदिको प्रकाशन गरी आयोगको प्रगति सार्वजनिक गर्ने | |
| १०. | आयोगको App संचालन | • मोवाईल, ट्याव वा ग्याजेटमा चल्ने आयोगको आधिकारिक App मा ऐन, कानूनको अद्यावधिक राख्ने | ५०० | | | | | • समय र प्रविधि अनुकुल संविधान, ऐन, नियम आदिमा सहज र आधिकारिक पहुच सुनिश्चित गर्न | |
| ११. | कानूनी शव्दकोष निर्माण | • आधिकारिक कानूनी शव्दावली तयार गरी प्रकाशन गर्ने | ७५० | | | | | | |

# अनुसूची- ९

## आर्थिक वर्ष २०७५/७६ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएको विधेयकको सूची

### (१) राष्ट्रिय प्राथमिकता प्राप्त केही पुर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना**: राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचनाको द्रुततर रुपमा निर्माण गरी आर्थिक वृद्धिलाई तिब्रता दिन, त्यस्ता पूर्वाधार संरचना आयोजनाको समयबद्ध, सहज र प्रभावकारी कार्यान्वयनबाट मुलुकलाई आत्मनिर्भर र सम्वृद्धि तर्फ उन्मूख गराउन, निर्धारित अवधिभित्र नै मुलुकलाई विकासोन्मूख राष्ट्रमा स्तरोन्नति गर्ने राष्ट्रिय आकांक्षा पूरा गर्न र मुलुकको दिगो विकासको लक्ष्य हासिल गरी सर्वसाधारणको आर्थिक हित र सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त केही आयोजनाको द्रुततर निर्माण तथा विकास सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रारम्भ भएको मितिले दश वर्षको अवधिसम्म बहाल रहनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आयोजना" भन्नाले आयोजना संभाव्यता अध्ययन भईसकेका देहायको कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्झनुपर्छः

(१) देहाय बमोजिमको सडकः

(क) कम्तिमा पचास किलोमिटर लम्बाईको दुई लेनको सडक,

(ख) कम्तिमा पच्चिस किलोमिटर लम्बाई भएको कम्तिमा चार लेनको सडक,

(ग) निरन्तर रुपमा कम्तिमा दुई किलोमिटर सुरुङ्ग मार्ग भएको सडक ।

(२) अन्तर्राष्ट्रिय नागरिक उड्डयन सेवा प्रदान गर्ने विमानस्थल,

(३) कम्तिमा दुई सय मेगावाट जडित क्षमताको विद्युत उर्जा उत्पादन गर्ने प्लान्ट तथा त्यसको संरचना,

(४) २२० किलोभोल्ट (के भी) वा सो भन्दा वढी प्रसारण क्षमताको विद्युत प्रसारण लाईन र सोको सवस्टेशन,

(५) कम्तिमा एक सय किलोमिटर लम्बाईको रेलमार्ग वा कम्तिमा पाँच किलोमिटर लम्बाईको भूमिगत मार्ग,

(६) वीस हजार हेक्टर भन्दा बढी सिंचित क्षेत्र भएको सिंचाई सुविधा संरचना,

(७) प्रतिदिन दश करोड लिटर भन्दा बढी पानी आपूर्ति गर्ने खानेपानी सुविधाको संरचना,

(८) पच्चीस अर्व वा सो भन्दा वढी आयोजना लागतमा कार्यान्वयन हुने कुनै पूर्वाधार संरचना वा आयोजना ।

(ख) "आयोजना कार्यान्वयन" भन्नाले आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन, सिभिल संरचनाको निर्माण, मेशिनरी तथा उपकरणको जडान सम्झनुपर्छ र सो शब्दले आयोजना कार्यान्वयन गर्न आवश्यक अन्य कुनै निर्माण, आपूर्ति, जडान वा काम समेतलाई जनाउने छ।

(ग) "आयोजना कार्यान्वयन समयतालीका" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम निर्धारण भएको आयोजना कार्यान्वयन समयतालीका सम्झनुपर्छ ।

(घ) "आयोजना कार्यालय" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको कुनै निकाय सम्झनुपर्छ ।

(ङ) "करार" भन्नाले आयोजना कार्यान्वयन गर्न आयोजना कार्यालयले निर्माणकर्ता, वस्तु आपूर्तिकर्ता, परामर्शदाता वा अन्य व्यक्तिसंग गरेको संझौता संम्झनु पर्छ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले दफा ३३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ज) "निर्देशक समिति" भन्नाले दफा १९ बमोजिमको आयोजना निर्देशक समिति सम्झनुपर्छ ।

(झ) "निर्माणकर्ता" भन्नाले आयोजना निर्माण गर्नका लागि दफा ११ वा १३ बमोजिम छनौट भएको व्यक्ति सम्झनुपर्छ ।

(ञ) "प्रस्तावक" भन्नाले दफा ११ बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले अयोजनाको निर्माण तथा विकासका सम्बन्धमा प्रचलित कानून बमोजिम नीतिगत निर्णय गर्न वा त्यसको प्रक्रिया प्रारम्भ गर्न जिम्मेवार नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "विद्यूत उर्जा" भन्नाले जलस्रोत, खनिजतेल, वायु, ग्याँस, सौर्यशक्ति, जैविक पदार्थ, फोहोरमैलाको परिचालन वा अन्य कुनै स्रोतबाट उत्पादन हुने उर्जा सम्झनु पर्छ ।

## परिच्छेद–२

## आयोजनाको छनौट तथा कार्यान्वयन

३. **आयोजनाको छनौट**: (१) मन्त्रालयले कुनै आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा छनौट गरी कार्यान्वयन गर्न निर्देशक समिति समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा त्यस्तो आयोजना आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य, वातावरणीय रुपमा दीगो, कार्यान्वयन योग्य तथा मुलुकको लागि अति आवश्यक रहेको सूचना र तथ्य सहित सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सूचना र तथ्यको आधारमा निर्देशक समितिले त्यस्तो आयोजना यस ऐन बमोजिम कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(४) यस ऐन बमोजिम आयोजना छनौट गर्दा आयोजनाको वित्तीय स्रोत सुनिश्चित भएको हुनु पर्नेछ ।

४. **आयोजनाको कार्यान्वयन**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको आयोजना कार्यान्वयन गर्दा यस ऐन बमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्दा मन्त्रालयले देहायको कुनै कार्यालयलाई त्यसको जिम्मेवारी तोकी आयोजना कार्यान्वयन गर्नुपर्नेछ :-

(क) आफ्नो मातहतमा रहेको कुनै आयोजना कार्यालय, संगठीत संस्था वा त्यस्तो संस्थाको पूर्ण वा अधिकांश स्वामीत्व रहेको संगठीत संस्था,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकाश स्वामीत्व भएको संगठीत संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिमका संस्थाको पूर्ण वा अधिकांश स्वामीत्व रहेको कुनै संगठीत संस्था,

(घ) आयोजनासंग सम्बन्धित विषयमा कुनै मित्र राष्ट्रसँग भएको संझौता बमोजिम स्थापित उपयुक्त कार्यालय वा इकाई ।

(३) आयोजना कार्यालयले यस दफा बमोजिम आयोजना कार्यान्वयन गर्दा देहायको खरिद विधि अवलम्बन गर्न सक्नेछः

(क) संरचनात्मक वा इकाई दरमा आधारित (युनिट बेस्ड) करार,

(ख) डिजायन तथा निर्माण करार,

(ग) इजिनियरिङ्ग प्रोक्यूरमेन्ट (इपिसी) करार,

(घ) इजिनियरिङ्ग प्रोक्यूरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनासिङ्ग (इपिसिएफ) करार,

(ङ) टर्नकी करार ।

(४) मन्त्रालयले उपदफा (३) मा उल्लिखित खरिद विधिमध्ये आयोजना कार्यालयले कुन विधि अवलम्बन गर्नु पर्ने हो सो विषय नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा निर्धारण गर्नुपर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिमको खरिद विधि बमोजिम आयोजना कार्यान्वयन गर्दा निर्देशक समितिको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

५. **<u>आयोजनाको मूल्यांकन</u>ः-** (१) विस्तृत आयोजना प्रतिवेदन तयार नभएको आयोजना भए आयोजना कार्यालयले आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नेछ ।

(२) दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिमको आयोजना भए सम्बन्धित निर्माणकर्ताले पेश गरेको विस्तृत आयोजना प्रतिवेदनमा आयोजनाको कार्यालयले आफ्नो कुनै राय वा सुझाव सहित नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएको विस्तृत आयोजना प्रतिवेदन तथा त्यस संग सम्बन्धित डिजायन तथा स्पेशिफिकेशनको मूल्यांकन गर्न तोकिए बमोजिमको एक मूल्यांकन समिति गठन हुनेछ ।

(४) उपदफा (३) बमोजिमको मूल्यांकन समितिले तोकिए बमोजिम डिजायन मूल्यांकन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ ।

(५) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन मन्त्रालयले स्वीकृत गर्नेछ र आयोजना कार्यालयले त्यसको कार्यान्वयन गर्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिमको आयोजना कार्यान्वयन गर्दा आयोजना कार्यान्वयनको लागि तयार गरेको विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएको प्राविधिक

तथा वित्तीय पक्ष र सामाजिक तथा वातावरणीय पक्षको मूल्यांकन गर्न मन्त्रालयले तोकिए बमोजिम एक आयोजना मूल्यांकन समिति गठन गर्नेछ ।

(७) उपदफा (६) बमोजिमको मूल्यांकन समितिमा आयोजनाको प्रकृति अनुसार कम्तिमा एकजना उच्च दक्षता प्राप्त प्राविधिक विशेषज्ञ, आवश्यकता अनुसार वित्त विश्लेषण विशेषज्ञ तथा सामाजिक तथा वातावरण विशेषज्ञ रहने छन्।

(८) उपदफा (७) बमोजिमका विशेषज्ञलाई सम्बन्धित आयोजना कार्यालयले परामर्शदाताको रुपमा नियुक्त गर्नु पर्नेछ ।

(९) उपदफा (६) बमोजिमको समितिले आयोजनाको प्राविधिक, वित्तीय पक्ष, सामाजिक तथा वातावरणीय पक्ष मूल्यांकन गरी सम्बन्धित मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पेश गरेको प्रतिवेदन विवरण मनासिव देखिएमा मन्त्रालयले आयोजना र त्यसको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गराउनु पर्नेछ ।

६. **<u>समय तालीका निर्धारण गर्नुपर्ने</u>**:-(१) निर्देशक समितिले मन्त्रालयको सिफारिसमा आयोजना कार्यान्वयन पूरा गरी सक्नु पर्ने दिन यकिन गरी आयोजना कार्यान्वयन समय तालिका (प्रोजेक्ट इम्लिमेन्टेशन टाइम शेडयूल) निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय तालिकामा आयोजना कार्यान्यिन गरिसक्नु पर्ने कुल अबधिको समय तालीकाका अतिरिक्त प्रत्येक बर्ष र प्रत्येक चार महीनाभित्र गरि सक्नु पर्ने कामको विवरण उल्लेख गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिमको विवरणमा अन्य कुराको अतिरिक्त प्रत्येक चार महीनामा निर्माणकर्ताले आयोजना कार्यान्वयनका लागि सम्पादन गरिसक्नु पर्ने कामको विवरण, जिम्मेवार व्यक्ति, कार्यसम्पादनबाट हासिल हुनुपर्ने उपलव्धिको विवरण उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको समयतालीका बमोजिम कार्य सम्पादन गरी आयोजना कार्यान्यिनको उपलव्धि हासिल गर्नु आयोजना कार्यालय, सुपरीवेक्षक इंजिनियर, निर्माणकर्ता र कार्यकारी निर्देशकको कर्तव्य हुनेछ ।

(५) आयोजना कार्यान्वयन समय तालीका सुपरीवेक्षक इंजिनियर तथा निर्माणकर्तासँग हुने करारको अभिन्न अंग हुनेछ ।

(६) निर्देशक समितिको स्वीकृति विना आयोजना कार्यान्वयन समय तालिका परिवर्तन हुन सक्ने छैन ।

७. **<u>आयोजना लाभ वितरण कार्यक्रम</u>**:- (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्दा प्राकृतिक स्रोतको प्रयोग, परिचालन वा विकास हुने भएमा त्यस्तो आयोजनाबाट प्राप्त हुने

लाभको निश्चित अंश रोयल्टी, सेवा वा प्रतिफलको रुपमा आयोजना प्रभावित क्षेत्रका स्थानीय तह र स्थानीय समुदायलाई वितरण वा उपलब्ध गराउने कार्यक्रम (स्कीम) लाई आयोजनाको अभिन्न अंगको रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि कुनै आयोजना कार्यान्वयन गर्दा आयोजनाको लागि आवश्यक जग्गा प्राप्त गरेको कारणले मात्र प्राकृतिक स्रोतको प्रयोग, परिचालन वा विकास गरेको मानिने छैन ।

(२) आयोजना प्रभावित क्षेत्रका स्थानीय तह र स्थानीय समुदायलाई वितरण वा उपलब्ध गराउने प्रतिफल वा सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **आयोजना कार्यान्वयन प्रारम्भ गर्नु पर्नेः**- (१) कुनै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन र जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना योजना सम्वन्धि प्रतिवेदन तयार नगरिएको भए आयोजना कार्यालयले तोकिएको अवधिभित्र त्यस्ता विषयका विस्तृत प्रतिवदेनहरु तयार गरी मन्त्रालयमा बुझाउनु पर्नेछ ।

तर दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिमको अवस्थामा त्यस्ता प्रतिवेदनहरु निर्माणकर्ताले तयार गरी आयोजना कार्यालय मार्फत मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(२) दफा ६ बमोजिम आयोजना कार्यान्वयन समयतालिका निर्धारण भएपछि निर्माणकर्तले त्यस्तो समयतालिकामा उल्लिखित अवधिभित्र आयोजनाको कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(३) मनासिव कारणबिना यस दफा बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ हुन नसकेमा आयोजना कार्यालयले निर्माणकर्तासँग भएको करार रद्ध गर्न सक्नेछ ।

९. **आयोजना कार्यान्वयन विधिः**- (१) निर्माणकर्ताले आयोजना कार्यान्वयन समय तालीका (प्रोजेक्ट इम्प्लीमेन्टेसन सेडयूल) बमोजिम आयोजना कार्यान्वयन गर्नु पर्नेछ र प्रत्येक महीनामा आयोजना कार्यान्वयनको प्रगति विवरण आयोजना कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन भए वा नभएको सम्बन्धमा आयोजना कार्यालयले नियमित रुपमा सुपरीवेक्षण, अनुगमन वा निगरानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (२) बमोजिम सुपरिवेक्षण, अनुगमन वा निगरानी गर्दा आयोजनाको कार्यान्वयन सोको समय तालिका बमोजिम भएको नदेखिएमा आयोजना कार्यालयले निर्माणकर्ताबाट तोकिए बमोजिम स्पष्टीकरण माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक देखिएमा आयोजना कार्यालयले त्यस चौमासिक अवधि भित्र सम्पन्न गर्न बाँकी रहेको काम समेत अर्को चौमासिक अवधि भित्र सम्पन्न गर्ने गरी अनुमति दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम माग भएको स्पष्टीकरण पेश नगरेमा वा पेश भएको स्पष्टिकरण सन्तोषजनक नदेखिएमा आयोजना कार्यालयले सम्बन्धित निर्माणकर्तालाई मनासिब कारण विना वा निजको लापरबाही वा हेलचक्राईबाट आयोजना कार्यान्वयनमा अनावश्यक ढिलाई भएको देखिएमा त्यसको वैकल्पिक व्यवस्था गरी ढिलाई भएको अवधि त्यस चौमासिक भित्र समायोजन गर्न निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३) को खण्ड (ङ) बमोजिम आयोजना कार्यान्वयन भएको भए सो प्रयोजनका लागि भएको करार बमोजिम हुनेछ ।

(७) उपदफा (४) वा (५) बमोजिमको अवधि भित्र पूरा गर्नु पर्ने काम सम्पन्न नभएमा कार्यकारी निर्देशकले तोकिए बमोजिम जरिवाना गरी पूरा नभएको काम अर्को चौमासिक अवधि भित्र सम्पन्न गर्न आदेश दिन सक्नेछ ।

(८) मनासिव कारण विना उपदफा (४) बमोजिम ढिलाई भएको अवधिलाई उपदफा (५) बमोजिम निर्धारित अवधिभित्र समायोजन नगरेमा कार्यकारी निर्देशकले करार अन्त्य गरी आयोजना कार्यान्वयन गर्ने निर्माणकर्तालाई हटाउन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम करार अन्त्य भएमा सम्बन्धित निर्माणकर्ताले दिएको जुनसुकै जमानत जफत हुनेछ ।

(१०) उपदफा (६) बमोजिम करार अन्त्य भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो निर्माणकर्तालाई कुनै किसिमको शोधभर्ना वा क्षतिपूर्ति रकम दिनु पर्ने छैन ।

(११) उपदफा (८) बमोजिम करार अन्त्य भएकोमा बाँकी रहेको काम सम्पन्न गर्नका लागि तोकिए बमोजिम वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-३

## आयोजनाको लागत मूल्यांकन तथा निर्माणकर्ताको छनौट

१०. **आयोजनाको विवरण सार्वजनिक गर्नु पर्ने:** दफा ५ को उपदफा (५) वा (१०) बमोजिम कुनै आयोजना स्वीकृत भएमा सर्वसाधारणको जानकारीका लागि मन्त्रालयले आफ्नो वेभसाइटमा राख्नु पर्नेछ ।

११. **निर्माणकर्ताको छनौट विधि:** (१) दफा ५ को उपदफा (५) वा (१०) बमोजिम आयोजना स्वीकृत भएपछि त्यसको कार्यान्वयनका लागि निर्माणकर्ता छनौट गर्न आयोजना कार्यालयले

कम्तिमा पैंतालीस दिनको अवधि तोकी आयोजना कार्यान्वयन प्रस्ताव (प्रोजेक्ट इम्प्लिमेन्टेशन प्रपोजल) आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन प्रस्ताव आव्हान गर्दा अन्य कुराको अतिरिक्त दफा ४ को उपदफा (३) मा उल्लिखित कुन खरिद विधि अपनाउने हो सो विषय, त्यस्तो प्रस्ताव साथ पेश गर्नु पर्ने वा जानकारी गर्नु पर्ने कागजात वा विवरण र छनौट गर्ने आधार समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आव्हान बमोजिम त्यस्तो प्रस्ताव पेश गर्न चाहने इच्छुक प्रस्तावकले सोही उपदफामा उल्लिखित अवधिभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्षको छुट्टा छुट्टै सिलवन्दी खाम सहितको प्रस्ताव आयोजना कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएका आयोजना कार्यान्वयन प्रस्ताव मध्ये तोकिए बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधिको रोहबरमा प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम खोलिएका प्रस्ताव मध्ये सबैभन्दा उपयुक्त देखिएका बढीमा पाँच प्रस्तावकको प्राविधिक प्रस्ताव दफा ५ बमोजिमको मूल्यांकन समितिबाट पैंतालीस दिनभित्र मूल्यांकन गराई प्राप्त सिफारिसको आधारमा छनौट गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम छनौट नभएका प्राविधिक प्रस्तावको प्रस्तावकहरुलाई तीन दिनभित्र सो कुराको जानकारी दिई सिलवन्दी आर्थिक प्रस्ताव फिर्ता लिन तोकिए बमोजिमको सूचना दिनु पर्नेछ ।

(७) आयोजना कार्यालयले उपदफा (५) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरेपछि त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकहरुको आर्थिक प्रस्ताव निजहरु वा निजहरुको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम आर्थिक प्रस्ताव खोलिए पछि आयोजना कार्यालयले सबभन्दा कम मूल्यको प्रस्ताव पेश गर्ने प्रस्तावकको क्रमसंख्या निर्धारण गरी सबैभन्दा पहिलो क्रमको प्रस्तावकसँग वार्ता गर्नेछ ।

(९) उपदफा (८) बमोजिमको वार्ता सफल हुन नसकेमा त्यस पछिका कम मूल्य र आकर्षक प्रस्ताव पेश गर्ने प्रस्तावकसँग वार्ता सफल नभए सम्म क्रमशः वार्ता गर्नेछ ।

(१०) उपदफा (८) वा (९) बमोजिम प्रस्तावकसँग वार्ता गर्दा आर्थिक रुपमा सबभन्दा बढी किफायति, प्राविधिक रुपमा सबैभन्दा बढी उपयुक्त र सुदृढ तथा वातावरणीय रुपमा सबैभन्दा बढी दीगो हुने गरी प्रस्ताव पेश गर्ने प्रस्तावलाई आयोजना कार्यालयले आकर्षक प्रस्तावकको रुपमा छनौट गर्नेछ ।

(११) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम आयोजना कार्यान्वयन प्रस्ताव आव्हान गर्दा एक जना प्रस्तावकको मात्र प्राविधिक प्रस्ताव छनौट भएको अवस्थामा पनि निजसँग नै वार्ता गरी निजको आर्थिक प्रस्ताव उपयुक्त देखिएमा निजलाई छनौट गर्न बाधा पर्ने छैन ।

१२. **निर्माणकर्ताको छनौटका आधार-** (१) दफा ११ को उपदफा (१०) वा (११) बमोजिम निर्माणकर्ता छनौट गर्दा दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिमको आयोजना भए देहायका विषयलाई समेत तोकिए बमोजिम छनौटका आधार लिनु पर्नेछः

(क) इन्जिनियरिङ्ग प्रोक्युरमेन्ट करार वा इन्जिनियरिङ्ग प्रोक्युरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनान्सिङ्ग करार सफलता पूर्वक कार्यान्वयन गरेको अनुभव,

(ख) इपिसीएफका लागि प्रस्ताव गरिएको प्रस्ताव भए दफा १४ को उपदफा (२) मा उल्लिखित विषय,

(ग) प्राविधिक रुपमा आकर्षक डिजायन र आयोजनाको दिगोपना,

(घ) वातावरणीय रुपमा न्यून क्षति पुर्याउने आयोजना,

(ङ) तोकिए बमोजिमका अन्य आधार ।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य आयोजनामा निर्माणकर्ताको छनौट प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. सोझै वार्ता गरी निर्माणकर्ता छनौट गर्न सकिनेः** (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा सम्भावित कुनै निर्माणकर्तासँग सोझै वार्ता गरी छनौट गर्न सकिनेछः

(क) दफा ११ बमोजिम प्रस्ताव आव्हान गर्दा प्रस्ताव पेश नभएमा वा पेश भएका कुनै पनि प्रस्ताव प्राविधिक रुपमा छनौट हुन नसकेमा,

(ख) नयाँ अवधारणा वा नयाँ प्रविधिमा आधारित आयोजना भएमा,

(ग) पचास अर्ब वा सोभन्दा बढी लागत अनुमान भएको आयोजना भएमा ।

(२) उपदफा (१) बमोजिम बार्ताबाट निर्माणकर्ता छनौट गर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. प्रस्तावकले जानकारी गराउनुपर्नेः** (१) प्रस्तावकले दफा ११ को उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्दा आयोजना कार्यालयले प्रस्ताव आव्हान गर्दा आव्हानपत्रमा जानकारी गराउनु पर्ने गरी उल्लेख भएका विवरण जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणको अतिरिक्त प्रस्तावकले देहायको विवरण समेत जानकारी गराउनु पर्नेछः

(क) प्रस्तावकको वित्तिय, प्राविधिक (उपकरण मेशिनरी, औजार आदि) र मानव स्रोत क्षमता,

(ख) प्रस्ताव पेश गर्दाका बखतसम्म प्रस्तावकले निर्माण सम्पन्न गरेका पूर्वाधार संरचना आयोजनाको विवरण,

(ग) प्रस्ताव पेश गर्दाका बखतसम्म प्रस्तावकले निर्माण गरिरहेका पूर्वाधार संरचना सम्बन्धी आयोजना र त्यस्तो आयोजनाको कार्यान्वयनको स्थिति,

(घ) कुनै आयोजना कार्यान्वयन गर्न नसकेको कारणले प्रस्ताव पेश गर्दाका वखतभन्दा तत्काल अघिको चार वर्षको अवधिमा कारबाईमा परेको वा कालो सूचिमा परे वा नपरेको सो सम्बन्धी विवरण,

(ङ) स्थानीय निर्माणकर्तासँग संयुक्त उपक्रम (जोइन्ट भेन्चर) मा प्रस्ताव पेश गरेको भए स्थानीय निर्माणकर्ताको विवरण,

<u>**स्पष्टीकरणः**</u> यस खण्डको प्रयोजनका लागि कम्तिमा पन्ध्र प्रतिशत लगानी वा प्रतिफल बाँडफाड गर्ने व्यवस्था भएको संयुक्त उपक्रमलाई मात्र संयुक्त उपक्रमको रुपमा स्वीकार गर्न सकिनेछ ।

(च) प्रस्ताव पेश गर्दाका बखतसम्म खण्ड (ङ) बमोजिमको निर्माणकर्ता सम्बन्धमा खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको विवरण,

(छ) तोकिए बमोजिमका अन्य आवश्यक विवरण।

(३) उपदफा (२) बमोजिमको विवरण झुठ्ठा प्रमाणित भएमा प्रस्तावकसँग करार सम्पन्न भइसकेको रहेछ भने पनि आयोजना कार्यालयले जुनसुकै बखत उक्त करार रद्द गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिम पेश गरेको विवरणमा उल्लिखित आयोजनामध्ये तीन वा सो भन्दा बढी आयोजनाको स्थिति मनासिव कारण विना सम्बन्धित करार बमोजिम पूरा गरिसक्नुपर्ने समयसीमाभित्र पूरा नगरेको भएमा त्यस्तो प्रस्तावकको प्रस्ताव छनौटको लागि योग्य हुने छैन ।

(५) उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रस्ताव कालो सूचिमा परेकोमा कालो सूचिको लागि निर्धारित अवधि व्यतित भइसकेको वा कालोसूचिबाट निज फुकुवा भइसकेको रहेछ भने त्यस्तो सूचिमा परेको कारणले मात्र कुनै प्रस्तावकको प्रस्ताव अयोग्य भएको मानिने छैन ।

१५. **आयोजनाको लागत मूल्यांकन**ः- (१) दफा ५ को उपदफा (१) बमोजिम आयोजना कार्यालयले तयार गरेको वा दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) को आधारमा निर्माणकर्ताले पेश गरेको विस्तृत आयोजना प्रतिवेदनमा उल्लिखित आयोजनाको लागत रकम र त्यसको लागि लगानी गर्न प्रस्तावित रकम प्रदान गर्ने संस्था तथा लगानीका शर्त तथा वन्देजका सम्बन्धमा मन्त्रालयले अध्ययन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा आयोजना कार्यालयले तयार गरेको वा निर्माणकर्तालै पेश गरेको आयोजनाको कुल लागत, लगानीको स्रोत रकम, विदेशी मुद्रा र नेपाली रुपैंयाको रकमको विवरण र त्यसको अनुपात, आयोजनाको लागि लगानी गर्ने वित्तीय संस्था भए त्यसको विवरण र साँवा रकम, व्याजदर, अन्य कुनै शुल्क भए त्यसको विवरण, भुक्तानी गर्ने तरीका र अवधि लगायतका वित्तीय शर्त समेत अध्ययन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्ययन गर्दा आयोजनाको सम्भाव्यता तथा त्यसका लगानीका शर्तहरु उपयुक्त देखिएमा मन्त्रालयले दफा ११ को उपदफा (८) वा (९) बमोजिम प्रस्तावकसँग वार्ता गर्न आयोजना कार्यालयलाई निर्देशन दिनेछ ।

(४) आयोजनाको लागत तथा लगानीका शर्त मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## आयोजना कार्यान्वयन सम्बन्धी संस्थागत व्यवस्था

१६. **आयोजना सहजीकरण इकाई**ः- (१) आयोजनाको कार्यान्वयनलाई सहज तुल्याउन, आयोजना कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्न, आयोजना कार्यान्वयनको वास्तविक स्थितिको अद्यावधिक अनुगमन गर्न र आयोजनालाई प्रदान गरिने सुविधा एकै विन्दुबाट नै उपलव्ध गराउन मन्त्रालयमा एक आयोजना सहजिकरण इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईमा आयोजनाको प्रकृति बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका उपयुक्त निकायका कम्तिमा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत रहन सक्नेछन् ।

(३) आयोजना सहजिकरण इकाईको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. **आयोजना सुपरीवेक्षक समूह नियुक्त गर्ने** :- (१) आयोजना कार्यान्वयन त्यसको विस्तृत डिजायन र स्पेसिफिकेशन बमोजिम भए वा नभएको, आयोजनाको सिभिल, मेकानिकल वा विद्युतीय निर्माण भए त्यस्तो कार्य निर्धारित गुणस्तर बमोजिम भए वा नभएको वा करार बमोजिम कार्य सम्पादन भए वा नभएको यकिन गर्न र आयोजना कार्यालयको तर्फबाट नियमित अनुगमन गर्न आयोजना कार्यालयले एक सुपरीवेक्षक समूह नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समूहमा पूर्वाधार संरचना विशेषज्ञ, निर्माण इंजिनियर लगायत उपयुक्त योग्यता पूरा गरेका अन्य आवश्यक विज्ञहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमका सुपरीवेक्षक समूहको नियुक्ति प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त समूहले आयोजना निर्माण स्थलमा वा आयोजनाका सम्बन्धमा निर्माणकर्तासँग कार्यसम्पादन गर्दा आयोजना कार्यालयको प्रतिनिधिको हैसियतमा  गर्नेछ ।

१८. **<u>विशेषज्ञ समूह गठन गर्ने</u>**:- (१) आयोजना कार्यालयले कुनै खास प्रयोजनका लागि आवश्यकता अनुसार विशेषज्ञ समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समूहका सदस्यहरुको कार्यक्षेत्र, पारिश्रमिक र सुविधा नियुक्त गर्दाका बखत आयोजना कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **<u>आयोजना निर्देशक समिति</u>**:- यस ऐन अन्तर्गत कार्यान्वयन हुने आयोजनाको छनोट गर्न तथा आयोजना निर्माणमा सहजता पुर्याउन, आयोजना कार्यान्वयनमा नीतिगत निर्देशन दिन तथा त्यसको नियमित अनुगमन गरी आयोजना कार्यान्वयनमा गति दिनका लागि देहाय बमोजिमको एक उच्चस्तरीय आयोजना निर्देशक समिति रहनेछः

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) आयोजना कार्यान्वयनसंग सम्बन्धित मन्त्रीहरु – सदस्य

(ग) अर्थ मन्त्री – सदस्य

(घ) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – सदस्य

(ङ) मुख्य सचिव – सदस्य

(च) प्रधानमन्त्री कार्यालयको आयोजनासँग सम्बन्धित सचिव – सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक प्रधानमन्त्रीले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठकमा आयोजना कार्यान्वयनसँग सम्बन्धित मन्त्रालयका सचिवहरु तथा आयोजना निर्देशकलाई आमन्त्रण गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक वा कार्यसम्पादन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **<u>आयोजना निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>**:- यस ऐनमा लेखिएको अन्य कामको अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयन स्थिति अध्ययन गरी आवश्यक नीतिगत निर्देशन दिने,

(ख) आयोजनाको अनुगमन गरी निर्धारित अवधिभित्र नै कार्यान्वयन हुन सक्ने कुरामा सुनिश्चित हुन अपनाउनु पर्ने उपाय र गर्नु पर्ने सुधारका लागि मन्त्रालय वा आयोजना कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ग) आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम उपलव्ध हुने सुविधाका अतिरिक्त थप सुविधा दिनु पर्ने रहेछ भने त्यस्तो सुविधा उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) दफा ४ को उपदफा (३) को खण्ड (क) बमोजिमको आयोजनाको हकमा वित्तीय स्रोत पर्याप्त नभए त्यसको व्यवस्थापन गर्न नीतिगत निर्णय गर्ने,

(ङ) आयोजना कार्यान्वयन गर्न आवश्यक नीतिगत सुधार गर्नु पर्ने भए त्यसको लागि नेपाल सरकार, मन्त्रिपरिषद्लाई सिफारिस गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-५

## जग्गा प्राप्ति तथा वातावरण संरक्षण

२१. **जग्गा प्राप्ती, पुनर्वास तथा पुर्नस्थापना योजना बनाउनु पर्ने**:- (१) आयोजना कार्यालयले आयोजना प्रभावित घरपरिवारलाई लक्षित गरी जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना (स्कीम) तर्जुमा गरी सम्बन्धित आयोजना स्थलको उपयुक्त ठाउँमा आयोजना प्रभावित घर परिवारको भेला बोलाई सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको भेलामा प्राप्त गरीने घर जग्गा र अन्य सम्पत्तिको क्षतिपूर्ति रकम निर्धारणका लिग अनुमानित प्रति इकाई मूल्य समेत प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको भेलामा नेपाली भाषामा लेखिएको योजनाको सार संक्षेप आयोजना प्रभावितलाई उपलव्ध गराउनु पर्ने छ ।

(४) उपदफा (१) बमोजिमको भेलाबाट जग्गा प्राप्ति, पुर्नवास तथा पुर्नस्थापना योजनाको सम्बन्धमा प्राप्त सुझाव र प्रतिक्रिया समेत सम्वोधन हुने गरी आयोजना कार्यालयले परिमार्जित योजना तयार गर्नु पर्नेछ र त्यस्तो योजना स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) मन्त्रालयले जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना प्राप्त भएको पैंतालिस दिन भित्र स्विकृत गर्नु पर्नेछ।

(६) जग्गा प्राप्ति, पुनर्वास वा पुर्नस्थापना योजनाको तर्जूमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **वार्ताद्वारा जग्गा प्राप्त गर्ने**:- (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि आवश्यक जग्गा प्राप्त गर्नु परेमा आयोजना कार्यालयले वार्ताबाट जग्गा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा आयोजना कार्यालयले सम्बन्धित जग्गा धनी वा जग्गाधनीका प्रतिनिधिसंग प्रत्यक्ष वार्ता गरी जग्गा प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरिने जग्गाको मूल्यांकन, क्षतिपूर्ति तथा तत्सम्बन्धी अन्य विषय आयोजना र जग्गाधनी बीच भएको वा हुने सम्झौता र स्विकृत जग्गा प्राप्ति तथा पुनर्वास तथा पुनर्स्थापना योजनामा भएको व्यवस्था बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति गर्न आयोजना कार्यालयले वार्ता प्रारम्भ गरेको मितिले छ महिना भित्र पूरा गरिसक्नु पर्नेछ ।

२३. **जग्गा प्राप्ति सम्बन्धी व्यवस्था**:- (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा दफा २२ बमोजिम प्राप्त गर्न नसकिएमा वा आयोजना कार्यालयले यस दफा बमोजिम जग्गा प्राप्त गर्न चाहेमा यस दफा वमोजिम निर्धारण हुने जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना बमोजिम क्षतिपूर्ति रकम जग्गा धनीलाई दिई नेपाल सरकारले जुनसुकै जग्गा जुनसुकै बखत प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने जग्गाको क्षतिपूर्ति रकम निर्धारण गर्नको लागि देहाय बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) सम्बन्धित प्रमुख जिल्ला अधिकारी – संयोजक

(ख) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख – सदस्य

(ग) प्राप्त गरीने जग्गासँग सम्बन्धित गाउँपालिका अध्यक्ष वा नगरपालिका प्रमुख वा निजले तोकेको प्रतिनिधि – सदस्य

(घ) सम्बन्धित मालपोत अधिकृत – सदस्य

(ङ) कार्यकारी निर्देशक – सदस्य

(३) उपदफा (१) बमोजिमको समितिले क्षतिपूर्ति रकम निर्धारण गर्दा देहायका विषयलाई आधार लिनेछः-

(क) आयोजना कार्यालयले आयोजना प्रभावित घरपरिवालाई लक्षित गरेर तर्जुमा गरेको जग्गा प्राप्ति तथा पुनर्वास तथा पुनर्स्थापना योजनाको स्विकृत प्रतिवेदन,

(ख) रजिष्ट्रेशनको प्रयोजनका लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको मूल्य,

(ग) जग्गा प्राप्त गर्ने सूचना प्रकाशन हुनु भन्दा तत्काल अघि कायम रहेको प्रचलित वजार मूल्य,

(घ) जग्गा र जग्गामा रहेको बालीको किसिम र त्यसको प्रचलित वजार मूल्यको आधारमा मूल्यांकन गरिएको अनुमानित मूल्य,

तर बाली सम्बन्धित जग्गा धनीले नै प्राप्त गर्न सक्ने अवस्था भएमा त्यस्तो बाली मूल्यांकन गरिने छैन ।

(ङ) जग्गामा कुनै घर, टहरा, पर्खाल रहेको भए त्यस्ता संरचनाहरुको प्रचलित वजार मूल्यको आधारमा मूल्याकंन गरिएको अनुमानित मूल्य,

(च) हुर्किसकेका रुख वा फलफूलका रुख भए त्यसको प्रचलित वजार मूल्यको आधारमा मूल्यांकन गरिएको अनुमानित मूल्य,

(च) जुन आयोजनाका लागि जग्गा प्राप्त गर्ने कारबाही प्रारम्भ भएको हो त्यस्तो आयोजनाको जग्गा प्राप्तिका सम्बन्धमा नेपाल सरकारले कुनै निर्देशन जारी गरेको भए त्यस्तो निर्देशन,

(छ) जग्गा प्राप्त गरेको कारणले सो जग्गामा बसोबास गर्ने जग्गाधनी वा मोहीको बसोवास, व्यापार वा व्यवसाय अन्यत्र सार्नु परेको कारणले निजलाई हुन सक्ने सम्भावित हानि नोक्सानीको मनासिव मूल्य ।

(४) क्षतिपूर्ति निर्धारण समितीले उपदफा (३) बमोजिम क्षतिपूर्ति निर्धारण गर्नु अघि आयोजना प्रभावित घर परिवार वा निजका प्रतिनिधीसँग छलफल गर्ने लगायत क्षतिपूर्ति निर्धारणसँग सम्बन्धित अन्य विषयमा थप जानकारी र सुझाव लिन आवश्यक भएमा विज्ञहरु समेत रहेको उपसमिती गठन गर्न सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम प्राप्त सूचना र जानकारीका आधारमा क्षतिपूर्ति निर्धारण समितीले क्षतिपूर्ति रकम निर्धारण गर्नेछ ।

(६) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति रकम निर्धारण गर्दा सम्भव भएसम्म सर्वसम्मतबाट र सो नभएमा बहुमतबाट निर्णय गर्नेछ ।

(७) उपदफा (५) बमोजिम निर्धारण भएको क्षतिपूर्ति रकमको दर सम्बन्धित सरोकारवालाको जानकारीका लागि तोकिए बमोजिम सार्वजनिक गरिनेछ ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक भएको पन्ध्र दिन भित्र क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति रकम उपर चित्त नवुझ्ने व्यक्तिले कारण र आधार खूलाई त्यस्तो रकम पुनरावलोकनका लागि त्यस्तो समितिमा निवेदन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम निवेदन परेकोमा समितिले आधार र कारण मनासिव देखेमा क्षतिपूर्ति रकमको पुनरावलोकन गर्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा प्राप्त गर्नुपर्ने आयोजनास्थलका कुल जग्गाधनी मध्ये पचास प्रतिशत भन्दा वढी जग्गाधनी वा कुल क्षेत्रफल मध्ये दुई तिहाई क्षेत्रफल भन्दा वढी जग्गाका लागि जग्गा प्राप्त गर्दा निर्धारण

भएको क्षतिपूर्ति रकम भन्दा बढी हुने गरी यस दफा बमोजिम क्षतिपूर्ति रकम निर्धारण हुने छैन ।

२४. **<u>क्षतिपूर्ति रकम वुझ्नु पर्नेः</u>**- (१) दफा २३ बमोजिम निर्धारण भएको क्षतिपूर्ति रकम सम्बन्धित आयोजना कार्यालयले भुक्तानी गर्नेछ र सो प्रयोजनका लागि क्षतिपूर्ति रकम वुझिलिन सम्बन्धित जग्गा धनी वा मोही भए मोहीलाई सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त गरेको एक महीना भित्र सम्बन्धित जग्गा धनी वा मोहीले आयोजना कार्यालयमा क्षतिपूर्ति रकम दाबी गरी निजको बैंक खाता मार्फत क्षतिपूर्ति रकमको भुक्तानि लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति रकम भूक्तानी गर्दा आयोजना कार्यालयले सम्बन्धित जग्गा धनीको स्वामीत्वको लगत कट्टा गरी आयोजना कार्यालयको नाममा दाखिल खारेज गर्न सम्बन्धित मालपोत कार्यालयलाई अनुरोध गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवधि भित्र कुनै जग्गाधनि वा मोहीले क्षतिपूर्ति रकम बुझि नलिएमा त्यस्तो रकम जग्गा धनी वा मोहीले एक वर्ष भित्र जहिले सुकै पनि बुझ्न सक्ने गरी आयोजना कार्यालयमा धरौटी रकम सरह रहनेछ ।

(५) उपदफा (४) बमोजिमको रकम जग्गाधनी वा मोहीलाई भुक्तानी दिदा निजको नाममा कुनै वाणिज्य बैंकमा रहेको निजको बैक खाता मार्फत भुक्तानी हुने गरी दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अवधि भित्र पनि सम्बन्धित जग्गाधनी वा मोहीले क्षतिपूर्ति रकम बुझी नलिएमा त्यस्तो रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस दफा बमोजिम क्षतिपूर्ति रकम नबुझेको कारणले मात्र आयोजना कार्यान्वयन गर्न र आयोजना कार्यालयले क्षतिपूर्ति रकम नबुझ्ने जग्गाधनी वा मोहिको घर, जग्गा, वगैंचामा प्रवेश गर्ने र आयोजना कार्यान्वयनका लागि त्यस्तो घर, जग्गा आदि प्राप्त भएको मानी नियन्त्रणमा लिन बाधा पर्ने छैन ।

२५. **<u>आयोजना कार्यान्वयन गर्न वाधा नपर्नेः</u>—** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन गर्नुपर्ने आयोजनास्थलको कुल जग्गाधनीमध्ये दुई तिहाई भन्दा बढी जग्गा धनी वा प्राप्त गर्नु पर्ने आयोजना स्थलको कुल जग्गामध्ये तीन चौथाई क्षेत्रफल भन्दा बढी जग्गाका जग्गा धनीले दफा २४ बमोजिम क्षतिपूर्ति रकम बुझिसकेको भए त्यस्तो जग्गाका अन्य जग्गाधनीले क्षतिपूर्ति बुझ्न इन्कार गरेको वा निर्धारित अवधिभित्र त्यस्तो रकम नबुझेको कारणले मात्र आयोजना कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

तर त्यस्तो जग्गाधनीलाई दफा २४ बमोजिम धरौटीमा रहेको क्षतिपूर्ति रकम प्राप्त गर्ने अधिकारबाट बंचित हुने छैन।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति रकम बुझ्न इन्कार गर्ने वा नबुझ्ने जग्गा धनीको क्षतिपूर्ति रकम दफा २४ बमोजिम धरौटी खातामा जम्मा गरी सके पश्चात त्यस्तो जग्गाको जग्गाधनीको लगत कट्टा गरी आयोजना कार्यालयको नाममा दाखेल खारेज गर्न सम्बन्धित मालपोत कार्यालयलाई अनुरोध गर्नुपर्नेछ ।

(३) उपदफा (२) वा दफा २४ को उपदफा (३) बमोजिम लगत कट्टा तथा दाखिल खारेजका लागि अनुरोध भएमा सम्बन्धित मालपोत कार्यालयले सात दिन भित्र लगत कट्टा र दाखिल खारेज गरी त्यसको जानकारी आयोजना कार्यालयलाई दिनु पर्नेछ ।

(४) आयोजनाको जग्गा प्राप्ति सम्बन्धी कार्यलाई सहजीकरण गर्न सम्बन्धित नापी कार्यालय तथा मालपोत कार्यालयले आयोजना कार्यालयको अनुरोधमा आयोजना कार्यालयको परिसरमा मालपोत कार्यालयको इकाई राख्न वा आयोजना कार्यान्वयन स्थलमा डोर खटाउनु पर्नेछ ।

२६. **<u>अन्य सम्पत्ति हटाउनु पर्ने</u>**:- (१) दफा २२ वा २३ बमोजिम प्राप्त गरिएको जग्गामा रहेको घर, गोठ, वालीनाली, पर्खाल, रुख, बाँस आदि आयोजना कार्यालयले तोकेको म्याद भित्र साविकका जग्गा धनीले हटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घर, गोठ, वालीनाली, पर्खाल, रुख, बाँस आदि नहटाएमा त्यस्तो वस्तु सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाका कम्तिमा एक जना वडा सदस्यको रोहवरमा लगत कायम गरी सम्बन्धित स्थानीय तहलाई जिम्मा लगाउनु पर्नेछ ।

२७. **<u>सरकारी वा सार्वजनिक जग्गा उपलब्ध गराउने</u>**:- यस ऐन अन्तर्गत आयोजना कार्यान्वयन गर्दा आयोजना निर्माण वा त्यसबाट लाभ वितरण गर्ने प्रयोजनका लागि कुनै सरकारी वा सार्वजनिक जग्गा आवश्यक भएमा आयोजनाको प्रयोजनका लागि नेपाल सरकारले त्यस्तो जग्गा लिज वा बहालमा उपलब्ध गराउन सक्नेछ ।

२८. **<u>विद्युत मार्गको अधिकार</u>**: (१) यस ऐन बमोजिम कुनै आयोजना कार्यान्वयन गर्दा विद्युत उत्पादन वा प्रसारण लाइन सम्बन्धी आयोजना भए त्यस्तो आयोजनालाई सरकारी, सार्वजनिक, गुठी, सामुदायिक वा कुनै पनि व्यक्तिको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने विद्युत मार्गको अधिकार (राइट अफ इलोक्ट्रिसिटी वे) हुने छ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा आयोजनाले संभव भएसम्म सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने गरी आयोजना डिजायन तथा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा उपदफा (२) बमोजिमको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्न संभव नभई कुनै गुठी वा कुनै व्यक्तिको जग्गाबाट नै विस्तार गर्नु पर्ने बाध्यता भएमा संभव भएसम्म मानव बसोबासको शहरी, ग्रामीण वा वस्ती क्षेत्र वा वस्ती विकासको लागि तय भइसकेको क्षेत्र बाहेकको अन्य क्षेत्रबाट विद्युत प्रसारण लाइन विस्तार गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम विद्युत प्रसारण लाइन प्रसारण विस्तार गर्दा प्रयोग भएको, तानिएको, जडान गरिएको विद्युतीय खम्बा वा तारबाट सम्बन्धित जग्गा धनीलाई त्यस्तो जग्गामा कुनै किसिमको बाली लगाउन, मानव वा पशुको अवागमन गर्न वा कुनै यान्त्रिक वा सवारी साधन चलाउन, बाली लगाउन, त्यसको हेरचाह गर्न र त्यसबाट प्राप्त प्रतिफल संकलन गर्न बाधा नपुग्ने गरी आयोजनाले आवश्यक सुरक्षाका उपायहरुको व्यवस्था गर्नु पर्नेछ ।

(५) आयोजनाले उपदफा (३) बमोजिम विद्युत प्रसारण लाइन विस्तार गरेकोमा त्यस प्रयोजनका लागि राखेको वा उठाइएको खम्बा वा टावरको लागि प्रयोग भएको जग्गा बाहेक अन्य जग्गा प्राप्त गर्नु पर्ने छैन ।

तर आयोजनाले त्यस्तो जग्गामा विद्युत मार्गको अधिकार प्रयोग गरे वापत तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धित जग्गा धनीलाई दिनु पर्नेछ ।

(६) आयोजनाले यस दफा बमोजिम विद्युत मार्गको अधिकार प्रयोग गरेको कारणले मात्र त्यस्तो जग्गामा रहेको सम्बन्धित जग्गा धनीको हक, भोग र स्वामीत्वका कुनै अशर पर्ने छैन र त्यस्तो जग्गा धितो, बन्धक दिन वा कुनै किसिमले विक्री गर्न, सट्टापट्टा गर्न वा त्यसको कुनै किसिमको हक हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

तर त्यसरी धितो बन्धक दिएको वा हक हस्तान्तरण गरेको कारणले आयोजनाको यस दफा बमोजिमको अधिकारमा अशर पर्ने छैन ।

२९. <u>**वन क्षेत्रको रुख कटान सम्बन्धी व्यवस्थाः**</u>- (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने आयोजना स्थल भित्र पर्ने रुख कटान गर्नु पर्ने भएमा सम्बन्धित वन कार्यालयको समन्वयमा आयोजना कार्यालयले रुख कटान सम्बन्धी सम्पूर्ण विवरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन स्वीकृत भएपछि आयोजना कार्यालयले त्यस्तो प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनका लागि जति संख्यामा रुख काट्नु पर्ने हो त्यति नै संख्यामा रुख हुर्काउन प्रति रुख वापतको तोकिए बमोजिमको रकम सम्बन्धित वन कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि आयोजना कार्यान्वयन गर्न जति वन क्षेत्र प्रयोग भएको हो त्यति नै क्षेत्रफलभन्दा कम नहुने गरी वृक्षारोपण गरी रुख हुर्काउने तथा

वन क्षेत्र कायम गर्नका लागि आयोजना स्थल रहेको आसपास वा त्यस्तो क्षेत्रमा सम्भव नभएमा छिमेकको स्थानीय तह वा जिल्लामा आवश्यक जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि जग्गा खरिद वा प्राप्त गर्नु पर्ने भएमा यस ऐन वमोजिम जग्गा प्राप्त गर्न सकिनेछ र त्यस वापतको रकम आयोजनाको लागत रकममा समावेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम रुख कटान गर्दा सम्बन्धित वन कार्यालय र वन उपभोक्ता समिति रहेको ठाउँ भए त्यस्तो समितिको रोहवरमा छपान टाँचा लगाई कटान गरि तोकिएको स्थानमा घाटगद्दी गरि वन उपभोक्ता समितिको वन क्षेत्रको हकमा वन उपभोक्ता समिति र राष्ट्रिय वन क्षेत्रको हकमा सम्बन्धित वन कार्यालयलाई काठ हस्तान्तरण गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम काटिएको रुख सात दिनभित्र वन उपभोक्ता समिति वा वन कार्यालयले व्यवस्थापन गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिमको रुख कटान वा व्यवस्थापन गर्दा लाग्ने खर्च आयोजना कार्यालयले व्यर्होनेछ ।

(८) यस दफा बमोजिम रुख कटान गर्दा संभव भए सम्म कम भन्दा कम रुख काटिने र वन क्षेत्रलाई संभव भएसम्म कम क्षति हुने गरी आयोजनाको डिजायन तथा निर्माण गर्नु पर्नेछ ।

३०. **<u>वातावरण प्रभाव मुल्यांकन सम्बन्धी व्यवस्था</u>:-** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत आयोजना कार्यान्वयन गर्दा कानून बमोजिम गर्नु पर्ने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन त्यस्तो परीक्षण वा मूल्यांकन गर्न प्रारम्भ गरेको चार महीनाभित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

(२) मनासिब कारण देखाई उपदफा (१) बमोजिम अवधिमा त्यस्तो परीक्षण वा मूल्यांकन गर्ने काम सम्पन्न हुन नसकिने भएमा आयोजना कार्यालयले एक महीनामा नबढाई त्यस प्रयोजनका लागि म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण वा मूल्यांकन गर्नको लागि वातावरण सम्बन्धी विशेषज्ञहरुको सेवा लिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिमका विशेषज्ञहरुको योग्यता वा निजहरुबाट लिइने सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) यस ऐन बमोजिम कार्यान्वयन गरिने आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षणको प्रयोजनको लागि त्यस्तो अयोजना प्रचलित कानून बमोजिम राष्ट्रिय गौरवको आयोजना मानिनेछ ।

३१. **निर्माण कार्य वातावरण मैत्री हुनु पर्नेः-** (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयन वा निर्माण गर्दा वातावरण मैत्री हुने गरी बनाउन लगाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोजनाको वरिपरि वा दांया वांया वृक्षारोपण तथा हरियाली कायम गर्न जैविक इंजिनियिरङ्ग (वायो इन्जिनियरिङ्ग) लगायत अन्य उपयुक्त विधि र उपाय समेत अवलम्वन गर्नु पर्नेछ ।

३२. **सावधानी अपनाउनु पर्नेः-** (१) निर्माणकर्तालेे आयोजना निर्माण वा कार्यान्वयन गर्दा आयोजनास्थलको आसपास वा वरिपरि रहेको बस्ती, खेतवारी वा संरचनामा यथासक्य कम क्षति हुने गरी सावधानी पूर्वक काम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सावधानी अपनाउँदा पनि कसैलाई कुनै क्षति पुगेमा आयोजना कार्यालयले त्यसको मूल्यांकन गरी मनासिव क्षतिपूर्ति दिलाउने व्यवस्था गर्नु पर्नेछ ।

तर त्यस्तो सम्पत्तिको बिमा गरेको भए सम्बन्धित बिमा कम्पनीबाट क्षतिपूर्ति भराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति नपाएको वा क्षतिपूर्ति रकममा चित्त नबुझेको कारणले निर्माण कार्यमा अवरोध गर्न सकिने छैन ।

## परिच्छेद–६

## मानवस्रोत व्यस्थापन

३३. **कार्यकारी निर्देशकः-** (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्दा सम्बन्धित मन्त्रालयले आयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार अधिकारिको रुपमा एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्त गर्दा इजिनियरिङ्ग विषयमा स्नातक भई इजिनियरिङ्ग, पूर्वाधार विकास, निर्माण व्यवस्थापन, व्यवस्थापन, आयोजना व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी देहायको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा छनौट भएको उमेदवारलाई गर्नु पर्नेछः

(क) निजामती सेवाको कम्तिमा रा.प्र. प्रथम श्रेणी वा सो भन्दा माथिको अधिकृतको हैसियतमा कम्तिमा सात वर्षको अनुभव भएको,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामीत्व भएको संगठीत संस्थाको कम्तिमा दशौं तह र सो भन्दा माथिल्लो पदमा कम्तिमा दश वर्ष को अनुभव भएको,

(ग) कम्तिमा एक अर्ब भन्दा बढी लागत भएको आयोजनामा कार्यकारी निर्देशक वा सो सरहको हैसियतमा कम्तिमा पाँच वर्ष संलग्न भई सफलता पूर्वक आयोजना कार्यान्वयन गरि सकेको ।

(३) कार्यकारी निर्देशकको नियुक्तका लागि मन्त्रालयलाई सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति गठन हुनेछः

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष –संयोजक

(ख) मन्त्रालयको सचिव –सदस्य

(ग) मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रको विषयविज्ञ –सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले तोकिए बमोजिमको कार्यविधि पूरा गरी एकजना उपयुक्त उमेदवारलाई नियुक्तको लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनका लागि सिफारिस समितिले कम्तिमा एक्काइस दिनको म्याद दिई आवेदनका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशन भएको सूचना बमोजिम आवेदन दिने उमेद्वारले आयोजना कार्यान्वयनको मार्गचित्र सहितको आयोजना प्रोफाइल सिफारिस समितिमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम सिफारिस भएको उमेदवारलाई नेपाल सरकारले सम्बन्धित आयोजनाको कार्यकारी निर्देशक पदमा नियुक्त गर्नेछ ।

(८) कार्यकारी निर्देशक आयोजना कार्यालयको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र आयोजना कार्यान्वयन गर्नु निजको प्रमुख जिम्मेवारी हुनेछ ।

(९) कार्यकारी निर्देशकले यस ऐन तथा दफा ३५ बमोजिमको कार्य सम्पादन करार बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ ।

(१०) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐन बमोजिम आयोजना कार्यालयले गर्नु पर्ने सम्पूर्ण काम कार्यकारी निर्देशकले गर्नु पर्नेछ ।

३४. **कार्यकारी निर्देशकको कार्य अवधिः-** (१) कार्यकारी निर्देशकको कार्य अवधि सामान्यतया आयोजना अवधिभरको लागि हुनेछ ।

तर आयोजनाको कार्यान्वयन सम्पन्न भएको दुई महीनापछि निजको कार्य अवधि स्वतः समाप्त हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५ बमोजिम कार्य सम्पादन करारमा उल्लेखित सूचक बमोजिमको उपलब्धि हासिल हुन नसकेमा कार्यकारी निर्देशकलाई पदमुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त भएमा बाँकी अवधिका लागि अर्को कार्यकारी निर्देशक नियुक्त गर्नु पर्नेछ ।

**३५.** **<u>कार्यसम्पादन करार</u>:-** (१) कार्यकारी निर्देशक नियुक्त भएको एक महीनाभित्र आयोजना कार्यान्वयनका सम्बन्धमा मन्त्रालय र कार्यकारी निर्देशक बीच कार्यसम्पादन करार हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने कार्य सम्पादन करारमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख गर्नु पर्नेछः

(क) आयोजनाको संक्षिप्त विवरण, कार्यान्वयन गरिसक्नु पर्ने अवधि र मिति,

(ख) आयोजना कार्यान्वयन गर्ने कार्यकारी निर्देशकले पूरा गर्नु पर्ने जिम्मेवारी वा सम्पादन गर्नु पर्ने कामको विवरण,

(ग) आयोजना कार्यान्वयनका सिलसिलामा कार्यकारी निर्देशकले प्रयोग गर्न सक्ने अधिकार, गर्न सक्ने काम र पालना गर्नु पर्ने कर्तव्यको विवरण,

(घ) खण्ड (ग) बमोजिमको अधिकार प्रयोग गर्दा निजले प्रयोग गर्ने आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा व्यवस्थापन, करार प्रशासन तथा आयोजना व्यवस्थापन सम्बन्धी अधिकारको विवरण,

(ङ) कार्यकारी निर्देशकले प्रत्येक चार महिनामा सम्पादन गर्नुपर्ने कामको विवरण र त्यस सम्बन्धी समय तालीका,

(च) कार्यकारी निर्देशकले पाउने मासिक पारिश्रमिक, सुविधा र सहुलियतको विवरण,

(छ) खण्ड (ख) बमोजिमको कार्य सम्पादन भए वा नभएको कुरा निर्धारण हुन सक्ने संयन्त्र र त्यसका सूचकहरु,

(ज) खण्ड (ख) बमोजिमको सम्पादन गर्नु पर्ने काम पूर्ण रुपमा सम्पादन भई उपलब्धि हासिल भएमा बार्षिक रुपमा कार्यकारी निर्देशकले खण्ड (च) बमोजिमको पारिश्रमिकमा थप हुने पारिश्रमिक रकम,

(झ) अन्य आवश्यक विषय ।

(३) उपदफा (२) को खण्ड (ख), (ग) र (ङ) बमोजिमको जिम्मेवारी वा कार्य सम्पादन पूरा भए वा नभएको सम्बन्धमा आर्थिक वर्ष पूरा भएको प्रत्येक चार महीनामा मूल्यांकन गरिनेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन गर्दा कार्यकारी निर्देशकले वार्षिक वा चौमासिक रुपमा पूरा गर्नुपर्ने जिम्मेवारी वा सम्पादन गर्नुपर्ने काम पूरा नभएमा निजलाई अर्को चौमासिक अवधि सम्म पूरा गर्न अवसर प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको अवधिभित्र कार्यकारी निर्देशकले अघिल्लो चौमासिक अवधि र चालु चौमासिकको अवधिभित्र सम्पादन गर्नु पर्ने काम पूरा गर्नु पर्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिम पूरा गर्नु पर्ने जिम्मेवारी वा सम्पादन गर्नु पर्ने काम मनासिव कारणबाट सम्पादन हुन नसकेको वा नसकिने भएमा त्यसको कारण र आधार खुलाई त्यस्तो अवधि पुरा हुनु अघि नै कार्यकारी निर्देशकले मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको अवधिभित्र पनि कार्य सम्पादन हुन नसकेमा वा उपदफा (६) बमोजिम निवेदन नपरेमा वा परेको भए पनि निवेदनमा उल्लिखित कारण र आधार मनासिब नदेखिएमा उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको करार अन्त्य हुने र निजलाई मन्त्रालयले अवकाश दिनु पर्नेछ ।

३६. **<u>सरुवा गर्न नसकिने</u>**ः- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती वा सरकारी सेवा, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामीत्वमा रहेको संगठीत संस्थाको सेवामा कार्यरत रहेको कर्मचारी यस ऐन बमोजिम कार्यकारी निर्देशक पदमा नियुक्त भएमा वा आयोजना कार्यालयमा काजमा खटिएमा आयोजना कार्यान्वयनको अवधिभर निजलाई अन्यत्र सरुवा गर्न सकिने छैन ।

तर निजको बढुवा भएमा वा निजलाई विभागीय कारबाई गर्नु परेमा सरुवा गर्न बाधा पर्ने छैन ।

३७. **<u>आयोजनाका कर्मचारी</u>**ः- (१) आयोजनामा आयोजना कार्यान्वयनका लागि आवश्यक संख्यामा इजिनियरिङ्ग, व्यवस्थापन, कानून, लेखा, आर्थिक प्रशासन र वन तथा वातावरण संरक्षण क्षेत्रसँग सम्बन्धित विशेषज्ञ कर्मचारी रहने छन् ।

(२) उपदफा (१) मा लेखिएका कर्मचारीको अतिरिक्त आयोजनामा आयोजना कार्यान्वयनसँग सम्बन्धित अन्य कर्मचारी रहने छन् ।

(३) उपदफा (१) वा (२) बमोजिमको कर्मचारीहरुमध्ये पचास प्रतिशत सम्म कर्मचारी कार्यकारी निर्देशकले उचित ठहराएको उपायद्वारा र उचित ठहऱ्याएको शर्तमा करारमा नियुक्त गर्न सक्नेछन् र त्यसरी नियुक्त भएका कर्मचारीहरु जुन कार्यकारी निर्देशकले नियुक्त गरेको हो निज प्रति समेत व्यक्तिगत रुपमा जवाफदेही हुनेछन् ।

(४) उपदफा (३) बमोजिम नियुक्त कर्मचारी निजलाई नियुक्त गर्ने कार्यकारी निर्देशकको इच्छामा बहाल रहने छन्, र कार्यकारी निर्देशकले जुनसुकै कारणले आफ्नो पदबाट अवकाश पाएमा निजहरुले स्वतः अवकाश पाएको मानिनेछ ।

(५) उपदफा (३) बमोजिम नियुक्त हुन बाँकि रहेका पचास प्रतिशत कर्मचारीहरु खुला प्रतिस्पर्धाबाट आयोजना कार्यान्वयनको अवधिभरका लागि करार सेवामा नियुक्त हुने छन् ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने कर्मचारीको प्रत्येक वर्ष नवीकरण हुन सक्ने गरी तोकिए बमोजिम कार्य सम्पादन करार गरिनेछ ।

(७) उपदफा (६) बमोजिमको कार्य सम्पादन मूल्यांकन प्रत्येक वर्ष गरिने छ र मनासिव कारण विना तोकिए बमोजिमको कार्य सम्पादन सूचक हासिल नगरेमा निजको करार स्वतः अन्त्य भएको मानिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आयोजना कार्यान्वयनको लागि आवश्यक हुने खास प्रकृतिको कार्य सम्पादन गर्ने निजामती वा अन्य सरकारी कर्मचारीहरु कार्यकारी निर्देशकको माग बमोजिम निश्चित अवधिका लागि आयोजना कार्यालयमा काजमा खटाउन सक्नेछ ।

## परिच्छेद–७

## करार प्रशासन सम्बन्धी व्यवस्था

३८. **निर्धारित अवधिभित्र कार्यान्वयन गर्नुपर्नेः**- (१) आयोजना निर्माणको सिलसिलामा आयोजना कार्यालयसंग करार गर्ने निर्माणकर्ता वा अन्य पक्षले करारमा उल्लेख भएको अवधि भित्र आयोजना कार्यान्वयन समय तालीका बमोजिमको निर्माणकार्य वा अन्य कार्य पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो कार्य पूरा नगरेमा निजले यस परिच्छेद तथा करार बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

३९. **निर्धारित अवधि भित्र निर्माण पूरा नभएमा म्याद बढाउन सकिनेः**- (१) आयोजना कार्यान्वयनमा संलग्न निर्माणकर्ताले मनासिव कारण देखाई करार बमोजिमको चौमासिक समयतालीका वा समयावधि भित्र आयोजना कार्यान्वयन समयतालिका बमोजिम कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो कार्य पूरा गर्नका लागि निश्चित अवधि थप गर्न माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अवधि थप गर्न माग गरिएकोमा सम्बन्धित निर्माणकर्ताले आयोजना कार्यान्वयन पुरा गर्न प्रयत्न गर्दा गर्दै पनि काबू बाहिरको परिस्थिति उत्पन्न भएको कारणले आयोजना कार्यान्वयन समय तालीका बमोजिम निर्माण सम्पन्न गर्नु पर्ने अवधिमा नबढ्ने गरी अर्को चौमासिक भित्र पूरा गर्ने गरी वा आयोजना कार्यान्वयनको

अन्तिम वर्ष भए थप एक वर्ष सम्मका लागि मन्त्रालयको स्वीकृति लिई कार्यकारी निर्देशकले म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको समयावधि भित्र पनि करार बमोजिमको काम सम्पन्न नगरेमा कार्यकारी निर्देशकले निर्माणकर्तासंग भएको करार अन्त्य गर्नेछ ।

(४) उपदफा (३) बमोजिम करार अन्त्य भएकोमा सम्बन्धित निर्माणकर्ताले कुनै क्षतिपूर्ति रकम दावी गर्न सक्ने छैन ।

तर निजले करार बमोजिम सम्पन्न गरेको स्वीकृत काम वापतको रकम दावी गर्न बाधा पर्ने छैन।

(५) उपदफा (३) बमोजिम करार अन्त्य भएकोमा त्यस्तो निर्माणकर्ताको फर्म वा कम्पनी वा कम्पनीको संचालक वा सहायक कम्पनी,निजको एकाघर परिवारका सदस्य वा त्यस्तो सदस्यको फर्म, कम्पनी वा संचालक वा निजको एकाघर परिवारको सदस्य वा शेयर धनी समेत रहेको संयुक्त उपक्रम (जोइन्ट भेन्चर) लाई दश वर्षसम्म नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट संचालित अन्य कुनैपनि आयोजना निर्माणमा सहभागी हुन नसक्ने गरी कालोसूचीमा राखिनेछ ।

(६) निर्माणकर्तासंग भएको करार उपदफा (३) बमोजिम अन्त्य भएमा आयोजना कार्यान्वयन हुन नदिन वा त्यसलाई बाधा पुर्याउन बदनियत पूर्वक निजले आयोजनाको काम पूरा नगरेको कारणले आयोजनाको लागतमा सारभूतमा रुपमा बृद्धि भएमा त्यस्तो बृद्धि भएको लागत रकम सम्बन्धित निर्माणकर्ताबाट अशुल उपर गर्नु पर्नेछ।

४०. **कार्य सम्पन्न भएमा बोनस पाउनेः-** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमका आयोजना कार्यान्वयन गर्दा करार बमोजिमको काम पूरा गर्ने मिति भन्दा अघि नै निर्माणकर्ताले आयोजना कार्यान्वयन गरी काम सम्पन्न गरेकोमा जति अवधि अघि काम सम्पन्न भएको छ त्यसको अनुपातमा करारमा उल्लेख भए बमोजिमको वोनस रकम प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बोनस रकम प्राप्त गर्ने प्रयोजनको लागि निजले आयोजना सम्पन्न हुने दिन भन्दा कम्तिमा एक महिना अघि नै कार्यकारी निर्देशकलाई सो कुराको पूर्व सूचना दिनुपर्नेछ ।

४१. **क्षतिपूर्ति रकम दिनु पर्नेः-** (१) आयोजना कार्यान्वयन समयतालीका बमोजिम आयोजना सम्पन्न नगरी सम्पन्न गर्नु पर्ने अवधि भन्दा ढिलो गरेमा निर्माणकर्ताले लिक्वीडेटेड डयामेज वापत प्रतिदिन करारमा उल्लेख भए बमोजिमको दरले क्षतिपुर्ति दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपुर्ती भराउने कार्यविधि र क्षतिपूर्ति वापतको अधिकतम रकम करारमा उल्लेख भए बमोजिम हुनेछ ।

४२. **<u>भेरियसन आदेशः</u>**- (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गन निर्माण कार्य, वस्तु आपूर्ति, परामर्श सेवा वा अन्य सेवाको भेरियसन आदेश जारी गर्ने अधिकार देहायका हुनेछः

(क) करार मूल्यको दश प्रतिशतसम्मको भए कार्यकारी निर्देशकले,

(ख) वीस प्रतिशतसम्मको भए कार्यकारी निर्देशकको सिफारिसमा मन्त्रालयको सचिवले र

(ग) खण्ड (ख) मा उल्लेख भएको रकम भन्दा बढिको भेरियसन भए नेपाल सरकार, मन्त्रिपरिषद्ले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) को खण्ड (क), (ख) वा (ग) बमोजिमका संगठीत संस्था भए प्रचलित कानून बमोजिम हुनेछ ।

४३. **<u>आयोजनाको प्रत्याभूतिः</u>**— (१) यस ऐन बमोजिम निर्माणकर्ताले निर्माण, जडान वा आपुर्ति गरेको भौतिक संरचना, मेशिनरी, उपकरण, यन्त्र, वस्तु, आयोजना प्रणाली वा सेवाको निर्माणकर्ताले करारमा उल्लेख भए बमोजिम कम्तिमा दुई वर्षको प्रत्याभूति (ग्यारेण्टि) दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निर्माणकर्ताले निर्माण गरेको आयोजना, यसको भौतिक संरचना, जडान भएको मेशिन, उपकरण, यन्त्र वा आपूर्ति गरेको वस्तु, सेवा वा प्रणाली बिग्रिएमा, संचालन हुन नसकेका वा त्यसमा कुनै हानि नोक्सानी भएमा निर्माणकर्ताले करारमा उल्लेख भए बमोजिम मर्मत, सम्भार वा संचालन गर्नेछ ।

## परिच्छेद-८

## <u>आयोजना कार्यान्वयनको सहजीकरण</u>

४४. **<u>करार प्रशासनको जिम्मेवारीः</u>**– (१) आयोजना कार्यान्वनयका विभिन्न संरचना वा इकाई निर्माण, जडान, आपूर्ति, स्थापनाको अनुगमन गर्न कार्यकारी निर्देशकको प्रत्यक्ष निर्देशनमा रहने गरी आयोजना कार्यालयमा एक करार प्रशासन समूह रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समूहले आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक उपाय अवलम्बन गर्ने यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा करार बमोजिम सम्पूर्ण कार्य गर्ने वा गराउने छ र त्यस प्रयोजनका लागि निर्माणकर्ता वा अन्य पक्षसँग गर्नु पर्ने वार्ता, छलफल, सहकार्य वा पत्राचार यथाशिघ्र गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गर्नु पर्ने काम बदनियत वा लापरवाही वा हेलचत्र्याई गरी समयमा नै नगरेको वा सम्बन्धित व्यक्तिलाई गर्नु पर्ने पत्राचार र दिनु पर्ने जवाफ वा गर्नु पर्ने काम समयमा नै कारणले नेपाल सरकारलाई हानि नोक्सानी भएमा त्यस्तो समूह जिम्मेवार हुनेछ ।

४५. **<u>ईन्धन वितरणमा प्राथमिकता दिनु पर्ने</u>:-** कुनै कारणवस मुलुकमा विद्युत उर्जा आपुर्तिमा कटौति वा पेट्रोलियम पदार्थ आपूर्तिमा अवरोध उत्पन्न भएमा वा आपूर्तिमा संकट देखा परेमा आयोजना कार्यालयको सिफारिसमा उर्जा वा पेट्रोलियम पदार्थ आपूर्ति वा वितरण गर्ने निकायले आयोजना कार्यान्वयनलाई पहिलो प्राथमिकता दिई विद्युत वा पेट्रोलियम पदार्थ उपलव्ध गराउनु पर्नेछ ।

४६. **<u>निर्माण सामग्री उपलव्ध गराउन प्राथमिकता दिनु पर्ने</u>:-** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवस स्वदेशमा उत्पादित निर्माण सामग्रीहरुको आपुर्तिमा अवरोध उत्पन्न भएमा आयोजना कार्यालयको सिफारिसमा नेपाल सरकार, नेपाल सरकारको कुनै निकाय वा निजी उद्योग व्यवसायीले पहिलो प्राथमिकता दिई त्यस्ता सामग्रीहरु आयोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

४७. **<u>भन्सार जाँचपास गर्न प्राथमिकता दिने</u>:-** आयोजना कार्यान्वयनका लागि पैठारी गर्नु पर्ने आवश्यक मेशेनरी, औजार, उपकरण, सवारी साधन, निर्माण सामाग्री, पाटपूर्जा वा विष्फोटक पदार्थ प्रचलित कानून बमोजिम पैठारी गर्दा आयोजना कार्यालयको अनुरोधमा सम्बन्धित भन्सार कार्यालयले पहिलो प्राथमिकता दिई जाँचपास गर्नु पर्नेछ ।

४८. **<u>विदेशी मुद्राको विनिमयको सुविधा</u>:-** (१) यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि सम्पन्न भएको करार बमोजिम भुक्तानी गर्नु पर्ने वा नेपालभित्र ल्याउने विदेशी मुद्राको कुल रकमको विनिमयका लागि मन्त्रालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले स्वीकृती प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक स्वीकृत भएको रकमको हदसम्म त्यस्तो रकम भुक्तानी लैजान वा नेपाल भित्र ल्याउन आयोजना अवधिमा थप स्वीकृति लिइरहनु आवश्यक पर्ने छैन ।

(३) उपदफा (२) को प्रयोजनका लागि त्यस्तो रकम लैजान वा ल्याउनका लागि आयोजना कार्यालयको सिफारिसमा सम्बन्धित वाणिज्य बैंकले अभिलेख राखी रकम लैजान वा ल्याउन सुविधा प्रदान गर्नु पर्नेछ ।

४९. **<u>सहयोग गर्नु पर्ने</u>:-** (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयन गर्न नेपाल सरकार, सम्बद्ध मन्त्रालय, विभाग, प्रदेश सरकार, स्थानीय तह, सम्बन्धित प्रमुख जिल्ला अधिकारी तथा अन्य सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय वा सहयोगको माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समन्वय वा सहयोग माग भएमा सम्बन्धित मन्त्रालय, विभाग, प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी वा निकायले प्राथमिकता दिई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(३) आयोजनाको लागि जग्गा प्राप्ति गर्ने, जग्गा नाप नक्सा र स्रेस्ता मिलान गर्ने, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत गर्ने, राष्ट्रिय वन प्रयोग गर्ने वा रुख कटान गर्न स्वीकृति दिने, आयोजनाको लागि आवश्यक बजेट निकासा दिने, लेखा परीक्षण गर्ने लगायतका काम कारबाहीका सम्बन्धमा कार्यकारी निर्देशकबाट अनुरोध भई आएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो काम कारबाही सम्पादन गरी सहयोग गर्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयनको सिलसिलामा कुनै किसिमको बाधा, अवरोध वा व्यवधान पुर्याएको कारणले कानून र व्यवस्था उल्लघंन भएको वा हुन सक्ने अवस्था भएमा कार्यकारी निर्देशकको अनुरोधमा वा आफ्नै पहलमा सम्वन्धित प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

५०. **स्थानीय निर्माण सामाग्रीको उपयोगः-** (१) आयोजनाको निर्माण गर्दा सम्भव भएसम्म गुणस्तरिय स्थानीय निर्माण सामाग्रीको प्रयोग गर्नु पर्नेछ ।

(२) आयोजनाको निर्माण क्षेत्रभित्र निर्माणको सिलसिलामा उपलब्ध हुने स्थानीय निर्माण सामग्री आयोजनाले गर्ने निर्माण कार्यमा प्रयोग गर्न सक्नेछ र प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसमा कुनै पनि मूल्य, शुल्क, कर वा दस्तुर लाग्ने छैन ।

(३) आयोजनाको लागि आवश्यक स्थानीय निर्माण सामग्रीहरु आयोजना स्थल आसपास तथा अन्यत्र कुनै स्थानमा उपलव्ध भएमा प्रचलित कानून बमोजिम कर वा दस्तूर तिरी उपयोग गर्न सकिनेछ ।

५१. **श्रम सम्बन्धी व्यवस्थाः-** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना निर्माणको समय तालीका तथा समय सीमालाई ध्यान दिई निर्माण कार्यलाई उपयुक्त सिफ्टको व्यवस्था गरी चौबिसै घण्टा निर्माण कार्य संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको निर्माण गर्दा एक सिफ्टमा निर्माण कार्यमा संलग्न श्रमिक वा कामदार अर्को सिफ्टमा अतिरिक्त समयको लागि काममा संलग्न भएमा त्यसरी अतिरिक्त काममा लगाए वापत प्रचलित कानून बमोजिम अतिरिक्त समयको थप पारिश्रमिक दिनु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनामा कार्यरत श्रमिक वा कर्मचारी, निर्माणकर्ताले सम्झौता गरेका निर्माण व्यवसायी, आपुर्तिकर्ता र निजका कामदार वा कर्मचारीले आयोजनाको निर्माण अवधिभर कुनै किसिमको हडताल, धर्ना, घेराउ वा आयोजना कार्यान्वयनमा बाधा व्यवधान पुऱ्याउने त्यस्तै प्रकृतिका अन्य कुनै विरोध वा असहयोगका काम कारबाई गर्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिमको काम कारबाई गर्ने श्रमिक, निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई आयोजनाको कामबाट तत्कालै हटाउन सकिनेछ ।

(५) आयोजनामा कार्यरत कर्मचारी, श्रमिक तथा कामदारलाई काममा लगाउंदाका वखत वीमा लगायत स्वास्थ्य र सुरक्षाका उपलब्ध भएसम्म पर्याप्त उपायहरुको व्यवस्था गर्नु पर्नेछ ।

५२. **<u>अनाधिकृत प्रवेशलाई नियमन गर्न सक्नेः</u>** (१) आयोजना कार्यान्वयन प्रारम्भ भए पछि आयोजना निर्माणका कारणबाट सर्वसाधारणको जीऊ, ज्यान वा सम्पत्तिमा हुन सक्ने हानि, नोक्सानी वा जोखिम निवारणका लागि पूर्वसावधानीका पर्याप्त उपाय अपनाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि आयोजना कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आयोजनाको निर्माण क्षेत्र वा आयोजनाको परिसरभित्र सर्वसाधारणको प्रवेशलाई नियमन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भएकोमा आयोजना कार्यालयको अनुमति बिना कसैले पनि त्यस्तो क्षेत्र वा परिसरमा प्रवेश गर्न सक्ने छैन ।

५३. **<u>निषेधित क्षेत्र तोक्न सक्नेः</u>**- (१) आयोजना कार्यान्वयन गर्दा आयोजना क्षेत्र मध्ये कुनै वा सबै ठाउँमा निषेधित क्षेत्र तोक्नु पर्ने देखिएमा कार्यकारी निर्देशकको सिफारिसमा सम्बन्धित अधिकारीले निषेधित क्षेत्र तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेधित क्षेत्र तोकिएको सूचना सर्वसाधारणको जानकारीको सार्वजनिक गर्नु पर्नेछ ।

५४. **<u>करारको अभिन्न अंग हुनेः</u>** आयोजना कार्यान्वयन गर्दा निर्माणकर्ता, आपूर्तिकर्ता, परामर्शदाता वा अन्य व्यक्ति सँग गरिने करारमा यस ऐन बमोजिमका प्रावधान त्यस्ता करारमा लागू हुने हदसम्म करारको अभिन्न अङ्गको रुपमा समावेश भएको मानिनेछ ।

## परिच्छेद-९

## <u>निर्माण कार्यको गुणस्तर</u>

५५. **<u>निर्माण सामाग्री गुणस्तरीय बनाउनु पर्नेः</u>**– (१) कार्यकारी निर्देशकले स्थानीय निर्माण सामग्रीलाई आयोजनाको निर्माणमा प्रयोग गर्न गुणस्तरीय बनाई लायक बनाउन आवश्यक उत्पादनस्थल, प्रोसेसिङ प्लान्ट वा प्रयोगशाला स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको उत्पादनस्थल, प्रोसेसिङ प्लान्ट वा प्रयोगशालाबाट उत्पादित वा प्रशोधित निर्माण सामाग्री आयोजनाको काममा बाहेक अन्यत्र प्रयोग गर्न सकिने छैन ।

५६. **<u>आयोजनाको निर्माण विधि र गुणस्तरः</u>** (१) आयोजनाको निर्माण गर्दा त्यसको विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भए बमोजिमको डिजायन, स्टान्डर्ड, स्पेशिफिकेसन र गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुणस्तर कायम गर्न आयोजना निर्माण सम्बन्धमा उपलव्ध सर्वोत्तम इन्जिनियरिङ्ग, वातावरणीय, सिभिल निर्माण तथा यान्त्रिक उपकरण जडानको अभ्यासको आधार लिनु पर्नेछ ।

५७. **आयोजना निर्माण सम्बन्धी नर्म्सः** (१) आयोजनाको निर्माण कार्य गर्दा निर्माण कार्य सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारण भएको नर्म्स बमोजिम हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नर्म्समा नपरेका वा स्पष्ट नभएका नविनतम र उच्च प्रविधिसँग सम्बन्धित विषयमा सम्बन्धित विज्ञको राय लिई समितिले स्वीकृत गरेको निर्माण कार्य सम्बन्धी नर्म्स प्रयोग गर्न सकिनेछ ।

५८. **गुणस्तर र परिमाणको परीक्षणः-** (१) आयोजनाको लागि प्रयोग हुने निर्माण सामग्री, निर्माण तथा आयोजनाबाट भएका खरिद कारवाहीहरुको परीक्षण गर्न समितिको अध्यक्षले एक विशेषज्ञ सहितको उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति मार्फत कार्यकारी निर्देशकले गुणस्तर वा परिमाणको परीक्षण गराउन सक्नेछ ।

(२) आयोजना कार्यालयले उपदफा (१) को प्रयोजनका लागि छुट्टै प्रयोगशाला राख्न सक्नेछ ।

## परिच्छेद-१०

## विविध

५९. **गुनासो व्यवस्थापनः-** (१) कार्यकारी निर्देशकले आयोजना कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय समुदाय, स्थानीय तह वा सर्वसाधारण लगायत विभिन्न माध्यमबाट आउन सक्ने गुनासो व्यवस्थापन गर्न आयोजना कार्यालयमा एक गुनासो व्यवस्थापन इकाईको व्यवस्था गर्नु पर्नेछ ।

(२) गुनासो व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६०. **आपतकालीन उद्धार सम्बन्धी व्यवस्थाः-** (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना क्षेत्र तथा वरपर कुनै दुर्घटना परी वा अन्य आपतकालीन स्थिति श्रृजना भएमा त्यसको तत्काल उद्धार सम्बन्धी कार्यमा मद्दत पुर्याउने छ ।

(२) उपदफा (१) बमोजिम उद्धार सम्बन्धी कार्य गर्दा जिल्ला विपद व्यवस्थापन समिति तथा अन्य कुनै निकायसंग समन्वय गर्नु परेमा त्यस्तो काम समेत गर्नु पर्नेछ ।

(३) आयोजना कार्यान्वयनको कारण श्रृजित आपतकालीन अवस्थामा गरिने उद्धार सम्बन्धी कार्यको आर्थिक दायित्व आयोजना कार्यालयबाट व्यहोर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनाको निर्माण कार्यको लागि कुनै फर्म, कम्पनी वा निर्माण व्यवसायीसंग सम्झौता गरिएकोमा त्यस्तो फर्म, कम्पनी वा निर्माण व्यवसायीको तर्फवाट आयोजनामा कार्यरत व्यक्तिहरुको उद्धार कार्य

गर्नु पर्ने अवस्था श्रृजना भएमा त्यसको आर्थिक दायित्व सोही फर्म, कम्पनी वा निर्माण व्यवसायीले ब्यहोर्नु पर्नेछ ।

६१. **<u>आयोजना कार्यान्वयनमा अवरोध गर्न नहुनेः</u>–** (१) आयोजनाको कार्यान्वयन प्रारम्भ भएपछि त्यसको कार्यान्वयनमा बाधा अवरोध हुने गरी कसैले पनि आयोजना स्थल वा त्यसको आसपासमा कुनै किसिमको जुलुश, धर्ना, घेराउ, बन्द वा हडताल गर्न सकिने छैन ।

(२) आयोजनाको प्रयोजनका लागि कामदार, कर्मचारी, निर्माण सामाग्री, मेशिन, उपकरण वा त्यसको पाटपूर्जा वा इन्धन परिवहन वा ढुवानी गर्दा सवारी वा ढुवानी साधनको आवागमनमा कसैले बाधा अवरोध गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (२) को प्रयोजनका त्यस्तो सवारी वा ढुवानी साधनमा सर्वसाधारणले स्पष्ट देखिने गरी आयोजनाको प्रयोजनका लागि प्रयोग भएको व्यहोराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रमाणपत्र राख्नु पर्नेछ ।

६२. **<u>प्रवेश विन्दु खोल्न नहुनेः</u>**-(१) कुनै राजमार्ग, द्रुतमार्गमा वा त्यसको कुनै सहायक मार्ग वा रेलमार्ग वा सिंचाईको नहर निर्माण गर्नु पर्ने आयोजना भए त्यस्तो आयोजनाको डिजायनमा निर्धारण भएको विन्दुमा बाहेक कसैले कुनै थप प्रवेश विन्दु वा प्रस्थान विन्दु (बाइपास) निर्माण गरी वा खुलाइ द्रुतमार्ग वा सहायक मार्गमा जोड्न सक्ने छैन ।

(२) आयोजना कार्यालयले आयोजना स्थलको आवश्यकता अनुशार वा स्वीकृत डिजाईन अनुसार राजमार्ग, रेलमार्ग, द्रुतमार्गमा वा त्यसको कुनै सहायक मार्गको विभिन्न स्थानमा यात्रु तथा जनावरको सहज आवागमन वा सवारी प्रवेशको लागि सव वे, अन्डर पास वा ओभरहेड पुलको निर्माण गर्न सक्नेछ ।

(३) निर्धारित ठाउँमा वाहेक राजमार्ग, द्रुतमार्गमा वा त्यसको कुनै सहायक मार्ग वा रेलमार्ग वा सिंचाईको नहरको दुबै तर्फ आवश्यकता अनुशार मानिस, जनावर वा वन्यजन्तु प्रवेश गर्न नसक्ने गरी तारवार, पर्खाल आदि निर्माण गरी सुरक्षित बनाउनु पर्नेछ ।

६३. **<u>कसूर तथा सजायः</u>**- (१) देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः

(क) जग्गा प्राप्तिको सिलसिलामा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै काम गर्दा बाधा, विरोध वा हुल हुज्जत गरेमा,

(ख) दफा ५२ विपरित अनधिकृत प्रवेश गरेमा,

(ग) आयोजना कार्यान्वयनको सिलसिलामा स्थानीय निर्माण सामग्री प्रयोग गर्दा कुनै किसिमले बाधा, विरोध वा हुल हुज्जत गरेमा,

(घ) दफा ६१ बमोजिमका कुनै काम गरेमा वा सोही दफा बमोजिम जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रमाणपत्रको दुरुपयोग गरेमा,

(ङ) दफा ६२ विपरित प्रवेश वा प्रस्थान विन्दु निर्माण गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः–

(क) खण्ड (क), (ग) वा (घ) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय,

(ख) खण्ड (ख) बमोजिमको कुनै कसूर गरेमा पाँच हजार रुपैयाँ सम्म जरिवाना,

(ग) खण्ड (ङ) बमोजिमको कसूर गरेमा एक लाख रुपैंयासम्म जरिवाना ।

(३) उपदफा (१) बमोजिमको कुनै काम भएमा कार्यकारी निर्देशक वा आयोजना कार्यालयको कुनै कर्मचारीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कसूर सम्बन्धी मुद्दाको कारबाई र किनारा गर्ने अधिकार आयोजना प्रमुखको उजूरी निवेदन बमोजिम सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर भएकोमा कसूरदारबाट त्यस्तो प्रवेश वा प्रस्थान विन्दु निजको खर्चमा नै बन्द गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिमको उजुरीको कारबाई र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

६४. **बाधा अड्काउ फुकाउने अधिकारः-** निर्धारित अवधि भित्र आयोजना निर्माण सम्पन्न गर्न वा त्यसको गुणस्तर कायम गर्न कुनै बाधा अड्काउ देखिएमा निर्देशक समितिले आवश्यक व्यवस्था गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६५. **यस ऐन बमोजिम हुनेः-** आयोजना कार्यान्वयन, निर्माण, विकास, समन्वय र व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

६६. **नियम बनाउन सक्नेः-** यो ऐन कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६७. **कार्यविधि बनाइ लागू गर्न सक्नेः-** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आयोजना कार्यान्वयनका लागि निर्देशक समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि आयोजना कार्यालयले सार्वजनिक गर्नु पर्नेछ ।

## (२) प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

प्रस्तावना : प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रमाण (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रमाण ऐनको दफा २ मा संशोधन : प्रमाण ऐन, ३०३१ (यस पछि "मूल ऐन" भनिएको) दफा २ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) "सार्वजनिक लिखत" भन्नाले प्रचलित कानून वमोजिम सार्वजनिक लिखत मानिने लिखत सम्झनु पर्छ र सो शब्दले त्यस्तो लिखतको डिजिटल वा विद्युतीय स्वरुप समेतलाई जनाउँछ ।"

(२) खण्ड (ग) पछि देहायका खण्ड "(घ)" थपिएको छ :-

"(घ) "न्यायाधीश" भन्नाले जिल्ला अदालत, उच्च अदालत वा सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अन्य न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२) र (ग३) थपिएका छन् :-

"(ग१) नेपालको राष्ट्रिय गान,

(ग२) नेपालको निशान छाप,

(ग३) नेपालका राष्ट्रिय विभुति,"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) को अवस्थामा बाहेक अदालतले न्यायिक जानकारीमा लिने विषयमा पक्षले प्रमाण पुऱ्याउनु पर्ने छैन ।"

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :

"(घ१) पति र पत्नीको मञ्जुरीले कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको हो भनी अदालतले अनुमान गर्नेछ ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) र (ङ२) थपिएका छन् :

"(ङ१) डिजिटल वा विद्युतिय कारोवारबाट सम्झौता वा लिखत भएकोमा रित पूर्वक नै सम्झौता वा लिखत भएको हो भनी अदालतले अनुमान गर्नेछ ।

(ङ२) डिजिटल वा विद्युतीय हस्ताक्षरबाट कारोवार भएकोमा रितपूर्वक नै हस्ताक्षर भएको हो भनी अदालतले अनुमान गर्नेछ ।”

(३) खण्ड (च) मा रहेका “विदेशी राज्यको सरकारबाट” भन्ने शब्दहरु पछि “प्राप्त भएका प्रमाण” भन्ने शब्दहरु थपिएका छन् ।

५. मुल एनेको दफा ७ मा संशोधन : मुल ऐनको दफा ७ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) र (ख२) थपिएका छन् :

“(ख१) सामूहिक रुपमा भएको करणी, छ महिना भन्दा बढी अवधिकी गर्भवती, शारीरिक रुपमा हिडँडुल गर्न नसक्ने अशक्त, श्रवण शक्ति गुमाएकी, दृष्टि विहिन, बोल्न नसक्ने वा होस ठेगान नभएकी महिलालाई भएको करणीलाई जवर्जस्ती करणी भएको अदालतले अनुमान गर्न सक्नेछ ।

(ख२) कुनै गैर कानूनी वस्तु कसैको साथमा रहेकोमा त्यस्तो वस्तु निजले गैर कानूनी हो भन्ने जानी जानी नै राखेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ ।”

६. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ मा रहेको “मात्र” भन्ने शब्द झिकिएको छ ।

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (२) को खण्ड ( क) को उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएको छ :-

“(४) निजले कसूर स्वीकार गरी बयान गरेकोमा त्यस्तो बयान निजले स्वेच्छाले गरेको हो र सो कुरा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको ।”

८. मूल ऐनमा दफा ९क थप : मूल ऐनको दफा ९ पछि देहायको दफा ९क थपिएको छ :-

“९क. अभियुक्तले गरेको साविति : दुई वा दुई भन्दा बढी व्यक्तिले कुनै कसूर गरेकोमा त्यस्ता व्यक्तिहरु मध्ये कुनै व्यक्तिले वा सबैले अदालतमा उपस्थित भई गरेको सावितिलाई अदालतले कसूर गर्ने व्यक्तिका विरुद्ध प्रमाणमा लिन हुन्छ ।”

९. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :-

“११. मृत्युकालीन उद्घोषण : कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।”

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को खण्ड (ग) मा रहेको “लिखत” भन्ने शब्द पछि “मौखिक” भन्ने शब्द थपिएको छ ।

११. मूल ऐनमा दफा १३क. थप : मूल ऐनमा दफा १३ पछि देहायको दफा १३क थपिएको छ :-

"१३क. श्रव्य-दृश्य माध्यम (भिडियो कन्फरेन्स) मार्फत अभिलेख भएको विवरण : (१) श्रव्य-दृश्य माध्यमबाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हन्छ ।

(२) उपदफा (१) को प्रयोजनका लागि श्रव्य-दृश्य माध्यम मार्फत अभिलेखित कुराहरु सोही रुपमा वा लिपीवद्ध गरी अदालतले अभिलेख राख्न सक्नेछ ।"

१२. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को ठाउँ ठाउँमा रहेका "किताव वा" भन्ने शब्दहरु पछि "डिजिटल वा विद्युतिय माध्यमबाट राखिएका विवरण वा" भन्ने शब्दहरु थपिएका छन् ।

१३. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,-

(१) ठाउँ ठाउँमा रहेका "तहकिकात" भन्ने शब्दको सट्टा "अनुसन्धान" भन्ने शब्द राखिएको छ ।

(२) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "शव परीक्षाको प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट)" भन्ने शब्दहरुको सट्टा "शव परीक्षण प्रतिवेदन (अटप्सी रिपोर्ट)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सम्बन्धित व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गरी सकेको नभए तापनि थुनछेक प्रयोजनको लागि कानून बमोजिम अधिकारप्राप्त अधिकारीले संकलन गरेका कागजात, लिखत, मुचुल्का, दशी प्रमाण, कुनै विषयको परीक्षण प्रतिवेदन, विशेषज्ञको राय वा प्रतिवेदन, विद्युतिय प्रमाण वा बयान आदि तत्काल प्राप्त प्रमाणको रुपमा प्रमाणमा लिन हुन्छ ।"

१४. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को ठाउँ ठाउँमा रहेका "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राखिएको छ ।

१५.. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. प्रमाण लाग्ने अन्य लिखत : दफा ९ देखि २० सम्ममा उल्लेख भएका लिखतका अतिरिक्त अन्य कुनै लिखत भए त्यस्तो लिखत प्रमाणको रूपमा लिन हुन्छ ।"

१६. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ :-

"२२. दशी प्रमाण : (१) अनुसन्धानको सिलसिलामा घटनास्थलमा भेटिएको निशान, छाप, चिन्ह, दाग वा पिडीत वा अभियुक्तको पहिचान खुल्ने अन्य कुरा प्रमाणमा लिन हुन्छ ।

(२) साक्षीले अदालतमा उपस्थित भई सनाखत गरेको मुद्दासंग सम्बन्धित जुनसुकै वस्तु दशीको रुपमा प्रमाणमा लिन हुन्छ ।

१७. मूल ऐनको दफा २२क थप : मूल ऐनको दफा २२ पछि देहायको दफा २२क थपिएको छ :-

"२२क. ब्यक्तिको आचरण प्रमाणमा लिने : कुनै घटनाको सम्वन्धमा आरोपित व्यक्तिको शंकास्पद आचरण निजका बिरुद्ध प्रमाणमा लिन हुन्छ ।"

१८. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को ठाउँ ठाउँमा रहेका "राय यकिन" भन्ने शब्दहरुको सट्टा "यकिन" भन्ने शब्द राखिएको छ ।

१९. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ मा रहेको "आफ्नो" भन्ने शव्द झिकिएको छ ।

२०. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ मा रहेका "आफ्नो दावी" भन्ने शब्दहरु पछि "वा प्रतिदावी" भन्ने शब्दहरु थपिएका छन् ।

२१. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ मा रहेका "बाह्र वर्षदेखि" भन्ने शब्दहरुको सट्टा "कानून बमोजिम मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भई सकेपछि पनि" भन्ने शब्दहरु राखिएका छन् ।

२२. मूल ऐनको दफा ३४ मा संशोधन : मूल ऐनको दफा ३४ मा उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) कुनै व्यक्तिले आफ्नो स्थायी वासस्थान कुनै एक ठाउंमा देखाएकोमा बसाई सरेको प्रमाण वा सो सरहका अन्य प्रमाणको अभावमा निजले सो स्थान पछि मेरो स्थायी वासस्थान होइन भन्न सक्ने छैन ।"

२३. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को,-

(१) उपदफा (१) पछि देहायको स्पष्टिकरण थपिएको छ :-

"स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि "लिखत" भन्नाले डिजिटल वा विद्युतीय अभिलेखमा रहेका कुनै विषय वा त्यसको छापिएको वा भण्डारण गरिएको अप्टिकल वा इलेक्टो-म्याग्नेटिक स्वरुपमा रहेको वा प्रकाशित वा पुनः प्रकाशित भएको डिजिटल वा विद्युतीय सामाग्री वा त्यस्ता सामाग्रीका प्रतिलिपीलाई समेत जनाउँछ ।"

(२) उपदफा (३) मा रहेका "यस दफाका अन्य उपदफामा" भन्ने शब्दहरुका सट्टा "यस दफामा" भन्ने शब्दहरु र "आदेश" भन्ने शब्द पछि "वा राखिएका अभिलेख" भन्ने शब्दहरु थपिएका छन् ।

२४. मूल ऐनमा परिच्छेद ७क. थप : मूल ऐनमा परिच्छेद ७ पछि देहायको परिच्छेद ७क. थप गरी देहायका दफा ३७क., ३७ख. र ३७ग. थपिएका छन् :-

"परिच्छेद -७क.

प्रमाणको प्रस्तुति

"३७क. श्रव्य-दृश्य संवाद मार्फत मौखिक प्रमाण बुझ्ने : अदालतले उचित ठानेमा श्रव्य-दृश्य संवाद मार्फत मौखिक प्रमाण बुझ्न सक्नेछ ।

३७ख. प्रमाण पेश गर्नु पर्ने : वादीले उजुरी वा फिरादपत्रमा, अभियुक्तले निजको बयानमा र प्रतिवादीले प्रतिउत्तर पत्र वा प्रतिदावीमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण उपलब्ध भएसम्म खुलाउनु पर्नेछ ।

३७ग. पक्षले साक्षी उपस्थित गराउनु पर्ने : (१) अदालतले तोकेको दिन सम्वन्धित पक्षले आफ्नो साक्षी उपस्थित गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दाकै बखत प्रतिवादीहरु उपस्थित भई वादी वा प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दाकै बखत आ-आफ्ना साक्षी वा विशेषज्ञ अदालतमा उपस्थित गराउन बाधा पर्ने छैन ।"

२५. मूल ऐनको दफा ३८ मा संशोधनः मूल ऐनको दफा ३८ मा रहेको "मतियार" भन्ने शब्द पछि "वा सह अभियुक्त" भन्ने शब्दहरु थपिएका छन् ।

२६. मूल ऐनको दफा ४० मा संशोधन : मूल ऐनको दफा ४० मा रहेका "लोग्ने वा स्वास्नीलाई" भन्ने शब्दहरुको सट्टा "पति वा पत्नीलाई" भन्ने शब्दहरु राखिएका छन् ।

२७. मूल ऐनको दफा ४१ मा संशोधन : मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ :-

"४१. पति- पत्नीका बीचको कुरा प्रकट गर्न नहुने : (१) कुनै पतिले पत्नीलाई वा पत्नीले पतिलाई निजको दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै कुरा प्रकट गर्न वा त्यस्तो अवस्थामा एक आपसमा भएका पत्राचार प्रस्तुत गर्न कर लाग्ने छैन ।

(२) कुनै पति र पत्नी बीच परेको कुनै मुद्दामा वा त्यस्तो पति वा पत्नीका विरुद्ध कुनै कसूर गरेको सिलसिलामा नेपाल सरकारवादी भई चलेको कुनै फौजदारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न वा त्यस्तो पत्राचार प्रस्तुत गर्न त्यस्तो पति वा पत्नीले स्वीकृति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न वा प्रस्तुत गर्न सकिने छैन ।"

२८. मूल ऐनको दफा ४४क. मा संशोधन : मूल ऐनको दफा ४४क. मा देहायको प्रतिबन्धात्मक बाक्यांस थपिएको छ :-

"तर प्रहरी डायरीका सम्वन्धमा प्रचलित कानून वमोजिम हुनेछ ।"

२९. मूल ऐनको दफा ४५ मा संशोधन : मूल ऐनको दफा ४५ को उपदफा (१) मा देहायको स्पष्टीकरण थपिएको छ :-

"स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले वरिष्ठ अधिवक्ता, अधिवक्ता वा अभिवक्तालाई सम्झनु पर्छ र सो शब्दले सरकारी वकील समेतलाई जनाउँछ ।"

३०. मूल ऐनको दफा ४६ मा संशोधन : मूल ऐनको दफा ४६ को ठाउँ ठाउँमा रहेका "व्यावसायिक" भन्ने शब्द झिकिएको छ ।

३१. मूल ऐनको दफा ४८ मा संशोधन : मूल ऐनको दफा ४८ मा रहेका “साक्षी पेश गरिने र बकाइने छ ।” भन्ने शब्दहरुको सट्टा “साक्षी उपस्थित गराई बकपत्र गराउनु पर्नेछ ।” भन्ने शब्दहरु राखिएका छन् ।

३२. मूल ऐनको दफा ५० मा संशोधन : मूल ऐनको दफा ५० को,-

(१) उपदफा (१), (२) र (६) मा रहेका “सो पक्षले” भन्ने शब्दहरुको सट्टा “सोही पक्षले” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएका छन :-

“(५क) यस दफा बमोजिम सोधपुछ र जिरह गर्दा कुनै अभियुक्तले अर्को कुनै अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्नेछ ।

(५ख) उपदफा (५क) बमोजिमको पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनु भन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्नेछ ।

(५ग) उपदफा (२), (३), (४), (५), (५क) र (५ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी वा जवर्जस्ती करणीको उद्योग, मानव बेचविखन वा ओसार पसार र यौनजन्य हिँसाको मुद्दामा जिरह गर्दा महिलाको नैतिकता वा चरित्रका विषयमा कुनै प्रश्न सोध्न सकिने छैन ।”

(४) उपदफा (६) मा रहेका “माथिका उपदफाहरुमा” भन्ने शब्दहरुको सट्टा “यस दफामा अन्यत्र” भन्ने शब्दहरु राखिएका छन ।

३३. मूल ऐनको दफा ५१ मा संशोधन : मूल ऐनको दफा ५१ मा रहेका “मनाही गर्नेछ ।” भन्ने शब्दहरुको सट्टा “रोक लगाउन सक्नेछ ।” भन्ने शब्दहरु राखिएका छन् ।

३४. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ मा रहेका “कला वा” भन्ने शब्दहरुको सट्टा “कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा” भन्ने शब्दहरु राखिएका छन् ।

३५. मूल ऐनमा दफा ५२क. थप : मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-

“५२क. विशेषज्ञ साक्षी बुझ्ने व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको लिखित जानकारी प्राप्त भएमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारवादी भएको जघन्य वा गम्भीर फौजदारी कसूर सम्वन्धी कुनै

मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यू भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट बिशेषज्ञ राय बुझ्न सकिनेछ ।"

३६. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छ :-

"५३. अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्ने : यस ऐन बमोजिम साक्षी परीक्षण गर्दा अदालतले साक्षीलाई सम्बद्ध विषयसँग सम्बन्धित आवश्यक जुनसुकै प्रश्न सोध्न सक्नेछ ।"

३७. बचाउ : यो ऐन प्रारम्भ हुनु अघि प्रचलित प्रमाण कानून वमोजिम बुझिसकिएको प्रमाण यसै ऐन वमोजिम बुझिएको मानिनेछ ।

## (३) कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कम्पनी (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कम्पनी ऐन, २०६३ को दफा २ मा संशोधन : कम्पनी ऐन, २०६३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) "सरकारी कम्पनी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकांश स्वामित्व रहेको कम्पनी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामीत्व रहेको संगठित संस्थाको पूर्ण वा अधिकांश शेयर स्वामीत्व रहेको कम्पनी समेतलाई जनाउँछ ।"

(२) खण्ड (ट) झिकिएको छ ।

(३) खण्ड (ष) मा रहेका "शाखा कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "प्रदेश कार्यालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) यस ऐनको अधिनमा रही एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि सरकारी कम्पनी संस्थापना गर्न सकिनेछ ।"

(२) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर मुनाफा वितरण गर्ने कुनै कम्पनीले मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्न वा संस्थापक हुन सक्ने छैन ।"

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,-

(१) उपदफा २ को,-

(क) खण्ड (क) झिकिएको छ ।

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) नेपाली नागरिक संस्थापक भएमा नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी र कुनै कम्पनी संस्थापक भएमा त्यस्तो कम्पनीको संस्थापनाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कम्पनी संस्थापना सम्बन्धी प्रमुख लिखत तथा कम्पनी संस्थापना गर्ने सम्बन्धमा कम्पनीको निर्णयको प्रमाणित प्रतिलिपी,"

(ग) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) विदेशी नागरीक संस्थापक भएमा निजको राहदानी वा निज कुन मुलुकको नागरिक हो त्यस्तो प्रमाणित गर्ने लिखतको प्रमाणित प्रतिलिपी र विदेशी कम्पनी संस्थापक भएमा सो कम्पनी संस्थापनाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कम्पनी संस्थापना सम्बन्धी प्रमुख लिखत तथा नेपालमा कम्पनी संस्थापना गर्ने सम्बन्धमा विदेशी कम्पनीको निर्णयको प्रमाणित प्रतिलिपी ।"

(घ) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको अनुमति बमोजिम कुनै अन्तर्राष्ट्रिय संस्था वा निकाय संस्थापक हुने भएमा त्यस्तो संस्थाको संस्थापनाको लिखत, सम्झौता वा अनुमतिको प्रतिलिपी र नेपालमा लगानी गर्ने सम्बन्धी त्यस्तो संस्था वा निकायको निर्णय,"

(ङ) खण्ड (झ) झिकिएको छ ।

(च) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छ :-

"(ञ) कम्पनी संस्थापना गर्ने व्यक्ति वा संगठित संस्था कानून बमोजिम कालो सूचीमा नपरेको र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नुपर्ने कर बाँकी नरहेको र यस ऐन बमोजिम जरीवाना रकम तिर्न बाँकी नरहेको लिखित उदघोषण,"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएका भए तापनि एकल शेयरधनी भएको कम्पनी वा सर्वसम्मत सम्झौता नभएको अन्य कुनै प्राइभेट कम्पनी संस्थापना गर्न चाहने व्यक्तिले तोकिएको ढाँचाको नियमावली स्वीकार गर्न मञ्जुर गरी देहायको विवरण खुलाई तोकिएको ढाँचामा कम्पनी दर्ता गर्न निवेदन दिन सक्नेछ :

(क) कम्पनीको नाम

(ख) कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना

(ग) कम्पनीले कार्यान्वयन गर्ने उद्देश्य

(घ) कम्पनीको अधिकृत र चुक्तापुँजी

(ङ) कम्पनीको साधारण सभा गर्ने वा नगर्ने सो विषय

(च) कम्पनीको संस्थापक र संचालकको नाम"

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (३) बमोजिमको निवेदन माग भए बमोजिम कम्पनी दर्ता भएमा त्यसरी स्वीकार गरिएको नियमावली त्यस्तो कम्पनीको नियमावली हुनेछ ।"

५. मुल ऐनेको दफा ५ मा संशोधन : मुल ऐनको दफा ५ को,-

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर दफा ४ को उपदफा (३) को प्रयोजनको लागि निवेदन परेको भए निवेदन परेको दिन र कारणबस सो दिन सम्भव नभएमा सोको भोलिपल्ट कम्पनी दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।"

(२) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

"(१ख) उपदफा (१) बमोजिम कम्पनी दर्ता गरे पछि कार्यालयले तोकिएको ढाँचामा निवेदकलाई कम्पनी दर्ताको प्रमाणपत्र र एक प्रति नियमावली प्रमाणित गरी दिनु पर्नेछ र यस्तो प्रमाणपत्रको विद्युतीय प्रति निवेदकको विद्युतीय ठेगानामा पठाउन सक्नेछ ।"

(३) उपदफा (३) मा रहेको "राख्नेछ ।" भन्ने शब्दको सट्टा "राख्नेछ र त्यस्तो किताब विद्युतीय स्वरुपमा पनि राख्न सकिनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को,-

(१) खण्ड (क) मा रहेका "कुनै कम्पनीको नाम" भन्ने शब्दहरु पछि "वा अघि नै दर्ता भइ सकेका कम्पनीका समूहको नाम वा" भन्ने शब्दहरु राखिएका छन् ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि "कम्पनीका समूह" भन्नाले कुनै मुख्य कम्पनी र सहायक कम्पनी वा त्यस्ता कम्पनीको समूह सम्झनुपर्छ ।

(२) उपदफा (२) मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "सात" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (३) मा रहेको "चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरुको सट्टा "निवेदकले" भन्ने शब्द राखिएको छ ।

७. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्राइभेट कम्पनीको शेयरधनीको संख्या नियमावलीमा निर्धारण भए बमोजिम हुनेछ र त्यसरी निर्धारण नभएमा एकसय एक भन्दा बढी हुन सक्ने छैन ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कम्पनीले स्थानीय स्रोतको प्रयोग गरी प्रचलित कानून बमोजिम कुनै पूर्वाधार संरचना निर्माण गरेकोमा त्यस्तो संरचनाबाट आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि शेयर विक्री गर्नुपर्ने

भएमा त्यस्तो शेयरका शेयरधनीहरुलाई वितरण गरिएको शेयरधनीको संख्या गणना गरिने छैन ।"

८. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को,-

(१) खण्ड (ख) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"तर मुनाफा वितरण नगर्ने कम्पनीले आफ्नो नामको पछाडि "(मुनाफा वितरण नगर्ने कम्पनी)" लेख्नु पर्नेछ ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) पब्लिक कम्पनीले दफा २३ बमोजिम विवरण पत्र प्रकाशन नगरी आफ्नो शेयर तथा डिबेञ्चर खुल्ला रुपमा बिक्री बाँडफाँड गर्न हुँदैन ।"

९. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "एक करोड रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच करोड रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "यो ऐन" भन्ने शब्दहरुको सट्टा "यो उपदफा" र "सम्वत् २०६५ साल आश्विन २२ गते भित्र" भन्ने शब्दहरुको सट्टा "यो उपदफा लागू भएको मितिले तीन वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेका "(म्युचयल फण्ड) सञ्चालन गर्ने कम्पनी" भन्ने शब्दहरु पछि "वा धित्तोपत्रको खरिद बिक्री गर्ने वा लगानी मात्र गर्ने मूल उद्देश्य भएको कम्पनी" थपिएका छन् र "हाल दर्ता भएका प्राइभेट कम्पनीहरुले" भन्ने शब्दहरुको सट्टा "सम्वत् २०७४ साल बैशाख १८ गते भन्दा अघि नै दर्ता भइ सकेका दुरसंचार सेवा प्रदायक कम्पनीहरुले सम्वत् २०७६ साल बैशाख १८ गतेभित्र र लगानी मात्र गर्ने मूल उद्देश्य भएको कम्पनीले यो संशोधन प्रारम्भ भएको" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छ :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पब्लिक कम्पनीले कुनै प्राइभेट कम्पनीको पच्चीस प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गरेमा दफा ७७, ७८, ७९, ८९, ९२, ९३, ९६, १०८, १०९, १११, १६४ को व्यवस्था त्यस्तो प्राइभेट कम्पनीको हकमा पनि आवश्यक हेरफेर सहित लागू हुनेछन् ।"

१२. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐनको कार्यान्वयन तथा कम्पनी प्रशासन र नियमन सम्बन्धी कार्य सम्पादन गर्न नेपाल सरकारले निजामती सेवाको

कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको एक अधिकृतलाई रजिष्ट्रारको रुपमा तोक्नेछ र निजको कार्यालयको व्यवस्था गर्नेछ ।”

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

“(१क) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार प्रदेशमा उपदफा (१) बमोजिमको कार्यालयको कम्तिमा एउटा प्रदेश कार्यालय स्थापना गर्न सक्नेछ ।

तर एक प्रदेशमा स्थापना भएको प्रदेश कार्यालयले अर्को प्रदेशको लागि समेत प्रदेश कार्यालयको रुपमा कार्यसम्पादन गर्न सक्नेछ ।

(१ख) रजिष्ट्रारको योग्यता र पदावधी तोकिए बमोजिम हुनेछ ।”

(३) उपदफा (४) मा रहेका “कार्यालयको” भन्ने शब्दहरुको सट्टा “कार्यालय वा प्रदेश कार्यालय वा एकल विन्दु सेवा केन्द्रको” भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (४) मा देहायको स्पष्टीकरण थपिएको छ :-

“स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “एकल विन्दु सेवा केन्द्र” भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएको एकल विन्दु सेवा केन्द्र सम्झनु पर्छ ।”

१३. मूल ऐनको परिच्छेद - ३ मा संशोधन : मूल ऐनको परिच्छेद-३ को परिच्छेद शीर्षकमा रहेका “प्रबन्धपत्र” भन्ने शब्द झिकिएको छ ।

१४. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ झिकिएको छ ।

१५. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छ :-

“२०. नियमावली :- (१) कम्पनीको स्वरुप र उद्देश्य स्पष्ट गर्न तथा कम्पनीको काम कारबाही सुव्यवस्थित रुपले सञ्चालन गर्न कम्पनीले आफ्नो नियमावली बनाउनु पर्नेछ ।

(२) कम्पनीको नियमावलीमा देहायका कुराहरु उल्लेख हुनु पर्नेछ :-

(क) कम्पनीको नाम,

(ख) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना,

(ग) कम्पनीको उद्देश्य,

(घ) कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु,

(ङ) कम्पनीको अधिकृत पुँजीको अङ्क, कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजीको अङ्क र कम्पनीको संस्थापकले तत्काल चुक्ता गर्न कबुल गरेको अङ्क,

(च) कम्पनीको शेयरको किसिम, त्यस्ता शेयरमा निहित हक, अधिकार, प्रत्येक शेयरको मूल्य र विभिन्न प्रकारको शेयर सङ्ख्या,

(छ) शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा,

(ज) संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर सङ्ख्या,

(झ) शेयरको रकम भुक्तानीका शर्तहरु,

(ञ) प्राइभेट कम्पनीको हकमा शेयरधनीहरुको अधिकतम सङ्ख्या,

(ट) कम्पनीको साधारण सभा बोलाउने तरिका, सभाको लागि दिनु पर्ने सूचना सम्बन्धी कुराहरु,

(ठ) प्राइभेट कम्पनी भए साधारण सभा बोलाउने वा नबोलाउने सो कुरा,

(ड) साधारण सभाको कार्यविधि,

(ढ) सञ्चालकको सङ्ख्या, बैकल्पिक सञ्चालकको व्यवस्था भए सो कुरा र सञ्चालकको कार्यकाल,

(ण) साधारण सभा तथा सञ्चालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था,

(त) पब्लिक कम्पनी भए स्वतन्त्र सञ्चालकको योग्यता र सङ्ख्या,

(थ) शेयरधनीबाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई शेयरधनीको तर्फबाट सञ्चालक नियुक्त गर्ने भए निजहरुको सङ्ख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था,

(द) सञ्चालक समिति र प्रबन्ध सञ्चालकको अधिकार र कर्तव्यहरु,

(ध) सञ्चालक समितिको बैठकको गणपूरक सङ्ख्या, बैठकको सूचना तथा बैठकको कार्यविधि,

(न) विभिन्न वर्गका शेयरहरु र त्यस्ता शेयरमा निहित हक, अधिकार तथा बन्देजहरु,

(प) शेयर बापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था,

(फ) शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था,

(ब) शेयर पूँजी थपघट गर्ने कुरा,

(भ) कम्पनीले आफ्नो शेयर आफैं खरिद गर्न सक्ने भए सो कुरा,

(म) कम्पनी सचिवको नियुक्ति,

(य) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था,

(र) आफ्नो कारोबारमा छाप प्रयोग गर्ने भए कम्पनीको छापको प्रयोग,

(ल) कम्पनीको लेखा, हिसाब किताब तथा लेखापरीक्षण,

(व) ऋण वा डिबेञ्चर उठाउन सक्ने व्यवस्था,

(श) कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा,

(ष) अन्य आवश्यक कुरा कुनै भए सो क्रमशः खुलाउने ।

(३) उपदफा (२) मा लेखिएका कुराहरुका अतिरिक्त आवश्यकता अनुसार देहायका कुनै कुराहरु पनि नियमावलीमा उल्लेख गर्नु पर्नेछ :-

(क) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट शेयर खरिद गर्ने वा शेयरमा हक पाउने भए सो कुरा,

(ख) कम्पनीले कारोबार शुरु गर्दाको बखत संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने वा गरेको भए सो कुरा,

(ग) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने भए सो कुरा,

(घ) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुरा ।

(४) उपदफा (३) को खण्ड (क) मा उल्लेख भए बमोजिम संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट

शेयर खरिद गर्दा वा शेयरमा हक प्राप्त गर्दा नगद बाहेक अन्य कुराको र खण्ड (ख) मा उल्लेख भए अनुसार कम्पनीको काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै सम्पत्ति प्राप्त गर्दा पब्लिक कम्पनीको हकमा प्रचलित कानून बमोजिम मूल्याङ्कन गर्न प्रमाणपत्र प्राप्त इन्जिनियर वा लेखा व्यवसायीबाट त्यस्तो सम्पत्तिको मूल्याङ्कन गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सम्पत्तिको मूल्याङ्कन गर्ने आधार तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएकोमा त्यस्तो सम्पत्ति मूल्याङ्कन गर्ने व्यक्तिले सम्पत्तिको विवरण मूल्याङ्कन गर्दाको आधार उल्लेख गर्नु पर्नेछ ।

(६) नियमावलीको कुनै व्यवस्था यो ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

(७) नियमावलीको ढाँचा तोकिए बमोजिम हुनेछ ।"

१६. <u>मूल ऐनको दफा २१ मा संशोधन</u> :- मूल ऐनको दफा २१ को,-

(१) उपदफा (२) मा रहेका "अभिलेख गरी" भन्ने शब्दहरु पछि "संशोधन गरिएको नियमावलीको व्यहोरा प्रमाणित गरी" भन्ने शब्दहरु र देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उपदफा (१) बमोजिम गरिएको संशोधन यो ऐन र प्रचलित कानून बमोजिम भएको नदेखिएमा कार्यालयले सोही व्यहोरा उल्लेख गरी संशोधन अभिलेख गर्न इन्कार गरी त्यसको जानकारी दिनु पर्नेछ ।"

(२) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छ :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि यस दफा बमोजिम नियमावलीमा भएको संशोधन कार्यालयले अभिलेख गरी सम्बन्धित कम्पनीलाई त्यसको जानकारी नदिएसम्म त्यस्तो संशोधन लागू हुने छैन ।"

१७. <u>मूल ऐनको दफा २४ मा संशोधन</u> :- मूल ऐनको दफा २४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (१) बमोजिमको विवरणपत्रमा जानी जानी झुठ्ठा कुराहरु उल्लेख गरेको प्रमाणित भएमा त्यसरी झुठ्ठा कुरा उल्लेख गरी तयार भएको विवरणपत्रमा सहीछाप गर्ने तथा कार्यालयमा पेश गर्ने संचालकहरुलाई रजिष्ट्रारले संचालकको पदबाट तत्काल काम गर्न रोक लगाउन सक्नेछ ।

तर यसरी रोक लगाउनु अघि सम्बन्धित संचालकलाई स्पष्टीकरण पेश गर्ने मौका दिनु पर्नेछ ।"

१८. <u>मूल ऐनमा दफा २७क. थप</u> : मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छ :-

"२७क. शेयरको सार्वजनिक निष्काशन गर्नु पर्ने :सार्वजनिक निष्काशन गर्ने गरी शेयर छुट्याएको पब्लिक कम्पनीले सर्वसाधारणको लागि सार्वजनिक निष्काशन नगरेसम्म नगद लाभांस वा बोनस शेयर जारी गर्न सक्ने छैन ।"

१९. मूल ऐनमा दफा २८क. थप : मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छ :-

"२८क. धितोपत्रको प्राइभेट हस्तान्तरण वा बाँडफाँड :- (१) दफा २३ र २८ को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी कुनै कम्पनीले यस दफाको अधिनमा रही प्राइभेट हस्तान्तरण (प्राइभेट प्लेसमेण्ट) सम्बन्धी प्रस्ताव गरी आफ्नो धितोपत्र प्राइभेट हस्तान्तरण वा बाँडफाँड गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राइभेट हस्तान्तरण प्रस्ताव मार्फत धितोपत्र खरिदको लागि अनुरोध गर्दा कुनै कम्पनीले एक आर्थिक बर्षमा बढीमा पचास जनासम्म लगानीकर्तालाई कम्तिमा दफा ५० बमोजिम आधारभूत शेयर धनीको हैसियत कायम हुन सक्ने गरी तोकिए बमोजिमको शर्त र प्रकृया बमोजिम शेयर बाँडफाँड गर्न अनुरोध गर्न सक्नेछ ।

(३) कम्पनीको उद्देश्य पूरा गर्न कुनै कारोबार वा व्यवसायमा रणनैतिक साझेदारको रुपमा लगानी गर्न चाहने कुनै लगानीकर्ता वा संस्थागत लगानीकर्तासँग भएको सम्झौता बमोजिम धितोपत्र बिक्री बाँडफाँड गर्दा यस दफा बमोजिम बिक्री बाँडफाँड गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम खरिद भएका धितोपत्र वापतको चुक्ता रकम चेक, डिमाण्ड ड्राफ्ट वा बैङ्किङ प्रणाली मार्फत भुक्तानी गर्नु पर्नेछ र त्यस्तो रकम छुट्टै बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको जम्मा भएको रकम धितोपत्रको बाँडफाँड भएकोमा सो वापतको रकम चुक्ता गर्न तथा धितोपत्रको बाँडफाँड हुन नसकेमा धितोपत्र खरिदका लागि जम्मा गरेको रकम निवेदक लगानीकर्तालाई फिर्ता गर्ने काममा प्रयोग गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम धितोपत्र खरिदका लागि अनुरोध पत्र पठाइएका लगानीकर्ताको नाम र तोकिए बमोजिमको विवरण कम्पनीले तयार गरी त्यस्तो पत्र वितरण गरेको मितिले तीस दिनभित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम शेयर खरिदको लागि पठाइएको पत्रमा तोकिए बमोजिमको विवरण खुलाइएको हुनु पर्नेछ र त्यस्तो पत्र वा विवरण सार्वजनिक रुपमा प्रकाशन वा वितरण गर्न सकिने छैन ।

(८) यस दफा बमोजिम धितोपत्र खरिदको लागि अनुरोध पत्र पठाएकोमा त्यस्तो अनुरोध पत्र बमोजिम धितोपत्र खरिदको लागि

रकम प्राप्त भएको साठी दिनभित्र धितोपत्र बाँडफाँड गर्नु पर्नेछ र त्यस अवधिभित्र धितोपत्र बाँडफाँड गर्न नसकेमा वा बाँडफाँड भएको धितोपत्रको मूल्यभन्दा बढी भएको रकम साठी दिन पुरा भएको पन्ध्र दिनभित्र निवेदक लगानीकर्तालाई फिर्ता गर्नु पर्नेछ र सो अवधिभित्र फिर्ता नगरेमा वार्षिक बाऱ्ह प्रतिशतका दरले हुने ब्याज सहित त्यस्तो रकम निवेदकलाई फिर्ता गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम शेयर विक्री बाँडफाँड भएकोमा त्यसको विवरण सहित धितोपत्र धनीहरुको तोकिए बमोजिमको विवरण त्यसरी बाँडफाँड भएको तीस दिनभित्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(१०) यस दफा बमोजिम पुरा गर्नुपर्ने प्रकृया पुरा नगरी गरिएको कुनै पनि निष्काशन, विक्री, वितरण वा वाँडफाँडलाई धितोपत्रको सार्वजनिक निष्काशन भएको मानिनेछ र त्यसरी हुने निष्काशन धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(११) यस दफाको उल्लंघन गरी धितोपत्र विक्री बाँडफाँड गर्ने कम्पनीको संस्थापक र सञ्चालकलाई त्यस्तो विक्री बाँडफाँड भएको रकम बराबर जरिवाना हुनेछ र त्यस्तो कम्पनीले धितोपत्र खरिदकर्ताको पूरा रकम फिर्ता गर्नु पर्नेछ ।

(१२) कम्पनीले उपदफा (११) बमोजिम रकम फिर्ता गर्न नसकेमा कम्पनीको संस्थापक वा संचालकले त्यस्तो रकम ब्यक्तिगत रुपमा व्यहोर्नु पर्नेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनी संस्थापना हुँदाका बखत सार्वजनिक निष्काशनका लागि छुट्टयाएको शेयर यस दफा बमोजिम प्राइभेट हस्तान्तरण वा निष्काशन गर्न सकिने छैन ।"

२०. मूल ऐनको दफा २९ मा संशोधन : (१) मूल ऐनको दफा २९ को उपदफा (१) मा रहेका "दायित्व भन्दा सम्पत्ति" भन्ने शब्दहरुको सट्टा "कम्पनी मुनाफामा रहेको र प्रतिशेयर खुद सम्पत्ति दायित्व भन्दा" भन्ने शब्दहरु राखिएका छन् ।

२१. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) उपदफा (५) बमोजिम दिइने प्रमाणपत्र भौतिक, अभौतिक (डिजिटल) वा जुनसुकै स्वरुपमा हुन सक्नेछ ।"

२२. मूल ऐनमा दफा ३४क थप : मूल ऐनको दफा ३४ पछि देहायको दफा ३४क थपिएको छ :-

"३४क. साधारण शेयरमा परिणत हुने डिवेञ्चर जारी गर्न सक्ने : (१) दफा ३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत उत्पादन वा

प्रसारण, सुरुङ्ग मार्ग, द्रुतमार्ग, केबुल कार जस्ता पूर्वाधार संरचना वा सेवा संचालन गर्ने पब्लिक कम्पनीले साधारण शेयरमा परिणत हुन सक्ने डिवेञ्चर जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी हुने डिवेञ्चरका शर्त तथा भुक्तानी विधि डिवेञ्चर जारी गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिवेञ्चरको अंकित मूल्यले खामेसम्म डिवेञ्चर जारी गर्दाको बखत निर्धारित अवधि वा कम्पनीले व्यापारिक कारोबार प्रारम्भ गरेको पाँच वर्षमध्ये जुन पहिले हुन्छ सो अवधिभित्र त्यस्तो डिवेञ्चरलाई साधारण शेयरमा परिणत गर्नु पर्नेछ ।"

२३. मूल ऐनको दफा ४२ मा संशोधन : मूल ऐनको दफा ४२ को,-

(१) उपदफा (२) मा रहेका "शेयरको माग" भन्ने शब्दहरुको सट्टा "निजले तत्काल चुक्ता गर्न कबूल गरेको शेयरको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क), (२ख), (२ग), (२घ), (२ङ), (२च) र (२छ) थपिएका छन् :-

"(२क) कुनै कम्पनीको संस्थापकको नाममा रहेको शेयर बिक्री गर्दा कम्पनीमा तत्काल कायम रहेका अन्य संस्थापक र शेयरधनीहरुको पहिलो हक हुनेछ र त्यस्तो शेयर अन्य संस्थापक र शेयर धनीले शेयर खरिद नगरेमा मात्र अन्य व्यक्तिलाई बिक्री गर्न सकिनेछ ।

(२ख) कुनै प्राइभेट कम्पनीको शेयर वा सूचिकृत नभएको कुनै पब्लिक कम्पनीको संस्थापक शेयर विक्री गर्ने शेयर धनीले त्यस्तो शेयरको विक्री मूल्य उल्लेख गरी शेयर विक्रीको स्वीकृतीको लागि संचालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२ग) उपदफा (२ख) बमोजिम निवेदन दिएमा संचालक समितिले निवेदन दिएको दुई महिनाभित्र त्यस सम्बन्धमा उपयुक्त निर्णय गर्नु पर्नेछ ।

(२घ) उपदफा (२ग) बमोजिम निर्णय गर्दा त्यस्तो शेयर खरिद गर्नका लागि कम्पनीको संस्थापक शेयर भए अन्य संस्थापक शेयरधनी र अन्य शेयर भए सबै शेयरधनीहरुलाई सूचना दिनु पर्नेछ ।

(२ङ) उपदफा (२घ) बमोजिमको सूचना बमोजिम शेयर खरिद गर्न निवेदन परेमा पहिले निवेदन गर्ने निवेदकले शेयर खरिद गर्न प्राथमिकता पाउनेछ र एकैदिन निवेदन परेकोमा समान संख्यामा शेयर खरिद गर्न सक्नेछ ।

(२च) उपदफा (२क), (२ख), (२ग), (२घ) र (२ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राइभेट कम्पनीको तत्काल कायम रहेका शेयरधनीहरु बीच आपसी समझदारीको आधारमा शेयर बिक्री गर्न कुनै बाधा पर्ने छैन ।

(२छ) उपदफा (२ङ) वा (२च) बमोजिम कम्पनीको तत्काल कायम रहेको शेयर धनीले शेयर खरिद नगरेमा अन्य व्यक्तिलाई त्यस्तो शेयर विक्री गर्न सकिनेछ ।"

२४. मूल ऐनको दफा ४३ मा संशोधन : मूल ऐनको दफा ४३ को उपदफा (१) मा रहेका "उपदफा (१) र (२) का" भन्ने शब्दहरु झिकिएका छन् ।

२५. मूल ऐनको दफा ४५ मा संशोधन : मूल ऐनको दफा ४५ मा रहेको "कम्पनीले" भन्ने शब्दपछि "निवेदन परेको पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

२६. मूल ऐनको दफा ४६ मा संशोधन : मूल ऐनको दफा ४६ को उपदफा (७) पछि देहायको उपदफा (८), (९), (१०) र (११) थपिएका छन् :-

"(८) यस दफा बमोजिम राखिएको शेयरधनी र डिवेञ्चरवालाको दर्ता किताब शेयर तथा डिवेञ्चरका सम्बन्धमा कम्पनीको आधिकारीक अभिलेख मानिनेछ र सरकारी वा गैर सरकारी जुनसुकै प्रयोजनका लागि मान्य हुनेछ ।

(९) यस दफा बमोजिम खडा गरिएको दर्ता किताबको विवरणको एक प्रति प्रतिलिपी कम्पनीको संचालक समितिको निर्णय अनुसार प्रमाणित गरी तीस दिनभित्र अभिलेखका लागि कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पेश भएको विवरणमा उपदफा (८) मा अभिलेख भएको विवरण कुनै कारणले झुठ्ठा, कीर्ते वा जालसाजपूर्ण भएकोमा सम्बन्धित सञ्चालक समिति र त्यस्तो दर्ता किताबमा हस्ताक्षर गर्ने सञ्चालक वा पदाधिकारी व्यक्तिगत रुपमा जवाफदेही हुनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले उपदफा (८) बमोजिम पेश भएको विवरणको प्रतिलिपि माग गरेमा, त्यस्तो विवरणमा हस्ताक्षर गर्ने संचालक वा पदाधिकारी कार्यालयमा उपस्थित भई रजिष्ट्रार समक्ष सनाखत भएको रहेछ भने कार्यालयले त्यस्तो प्रति उपलब्ध गराउन सक्नेछ ।"

२७. मूल ऐनको दफा ४७ मा संशोधन : मूल ऐनको दफा ४७ को,-

(१) उपदफा (१) मा रहेका "कम्पनीले जानकारी माग गरेमा" भन्ने शब्दहरुको सट्टा "त्यस्तो शेयरमा निजको हक प्राप्त भएको मितिले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "बमोजिम माग भएको" भन्ने शब्दहरुको सट्टा "बमोजिमको" भन्ने शब्द राखिएको छ र "जानकारी प्राप्त भएको मिति," भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

“(३) उपदफा (१) मा लेखिएको कुराका अतिरिक्त कुनै संगठित संस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाको शेयरमा स्वामित्व कायम रहने प्राकृतिक व्यक्तिको पहिचान खुल्ने गरी त्यस्तो व्यक्तिको बारेमा उपदफा (१) बमोजिमको जानकारी समेत कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ ।”

२८. मूल ऐनमा दफा ४७क थप : मूल ऐनको दफा ४७ पछि देहायको दफा ४७क थपिएको छ :-

“४७क. नेपालभित्र कारोबार भएको मानिने : (१) प्रचलित कानूनमा जुनसुकै करा लेखिएको भए तापनि नेपालमा दर्ता वा संस्थापना भएको कुनै कम्पनीको शेयरमा रहेको कुनै व्यक्ति, कम्पनी वा संगठित संस्थाको शेयर स्वामित्व कुनै किसिमले परिवर्तन भएमा त्यसरी परिवर्तन गर्ने कारोबार नेपाल भित्र वा नेपाल वाहिर जहाँ सुकै गरेको वा भएकोमा त्यस्तो कारोवार नेपालमा नै भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम भएको शेयर स्वामीत्व परिवर्तनको विवरण अभिलेखका लागि दफा ४७ बमोजिम कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।”

२९. मूल ऐनको दफा ५० मा संशोधन : मूल ऐनको दफा ५० मा देहायको उपदफा (५) थपिएको छ :-

“(५) उपदफा (४) बमोजिम खडा गरिएको दर्ता किताबमा कम्पनीले उपदफा (२) र (३) बमोजिम सूचना प्राप्त भएको सात दिनभित्र आधारभूत शेयरधनीको विवरण अद्यावधिक गरी सोको प्रमाणित प्रतिलिपी जानकारी तथा अभिलेखका लागि पन्ध्र दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।”

३०. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छ :-

“५२. कम्पनीले शेयर रोक्का राख्न सक्ने : (१) शेयर धनीले कम्पनीलाई बुझाउन बाँकी रहेको शेयर वापतको रकम वा कानून बमोजिम कम्पनीलाई बुझाउनु पर्ने बाँकी अन्य रकम बापत निजहरुको नाममा दर्ता भएको शेयर र निजहरुले चुक्ता गरेको शेयरको रकम वापत प्राप्त गर्ने लाभांश समेत रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कम्पनीले लिनु पर्ने रकम सम्बन्धित शेयर धनीले प्राप्त गर्ने लाभांश रकमबाट कट्टा गरी असुल गर्न सक्नेछ ।

(३) शेयरधनीले लाभांश वापत बुझाउनु पर्ने लाभांश कर वा पूँजीगत लाभ वापत तिर्नु पर्ने पूँजीगत लाभकरको रकम दाखिला नगरेसम्म त्यस्तो शेयरधनीको नाममा दर्ता भएको शेयर र लाभांश कम्पनीले रोक्का राख्नु पर्नेछ ।”

३१. मूल ऐनको दफा ५३ मा संशोधन : मूल ऐनको दफा ५३ को,-

(१) उपदफा (४) मा रहेका "रकम फिर्ता गर्न वा सो" र "र रकम फिर्ता गर्ने भएमा शेयर जफत भएको तीन महिनाभित्र रकम फिर्ता गरिसक्नु पर्नेछ" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (५) झिकिएको छ ।

(३) उपदफा (६) मा रहेको "शेयर" भन्ने शब्द पछि "यस ऐन र" भन्ने शब्दहरु थपिएका छन् ।

(४) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ :-

"(९) उपदफा (७) बमोजिम भुक्तानी माग गर्न नपाउने गरी निर्धारण गरेको रहेछ भने सो व्यहोरा दफा ४६ बमोजिमको शेयरधनीको दर्ता किताब र शेयरको प्रमाणपत्रमा समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।"

३२. <u>मूल ऐनको दफा ५६ मा संशोधन</u> : मूल ऐनको दफा ५६ को,-

(१) उपदफा (११) मा रहेका "सो म्यादभित्र त्यस्ता शेयर धनीहरुले शेयर खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरुलाई विक्री वा हस्तान्तरण नगरेमा कम्पनीको संचालक समितिले निर्णय गरे बमोजिम त्यस्तो शेयर अन्य कुनै किसिमबाट विक्री गर्न सकिने छ" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (११) पछि देहायको उपदफा (१२) र (१३) थपिएका छन् :-

"(१२) उपदफा (११) बमोजिमको म्यादभित्र तत्काल कायम रहेको शेयर धनीहरुले खरिद नगरेको शेयर यो ऐन र नियमावलीको अधीनमा रही संचालक समितिले मनासिव ठह्र्याएको किसिमबाट विक्री गर्न सक्नेछ ।

(१३) उपदफा (१२) बमोजिम शेयर बिक्री गर्दा सो शेयर खरिद गर्ने तत्काल कायम रहेका शेयर धनीहरुको पहिलो हक हुनेछ ।"

३३. <u>मूल ऐनको दफा ६३ मा संशोधन</u> : मूल ऐनको दफा ६३ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) बमोजिमको प्रयोजनका लागि देहायको विवरणको प्रमाण पेश गर्नु पर्नेछ :-

(क) संस्थापकले लिन कबूल गरेको शेयर वापतको रकम कम्पनीको नामको बैंक खातामा जम्मा गरेको भए सोको प्रमाण, वा

(ख) नगद बाहेक अन्य सम्पत्ति वा जायजेथाबाट शेयर वापतको रकम कम्पनीलाई प्राप्त भएको भए प्रचलित कानून बमोजिमको मूल्याङ्कनकर्ताले त्यस्तो सम्पत्तिको मूल्याङ्कन गरी लेखा परीक्षकबाट प्रमाणित भई

सञ्चालक समितिबाट स्वीकृत भएको प्रमाण ।"

(२) उपदफा (५) मा रहेका "उपदफा (२) मा" भन्ने शब्दहरुको सट्टा "यस ऐनमा अन्यत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (६) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "कारोबार शुरु गर्नु पर्नेछ ।" भन्ने शब्दहरुको सट्टा "कारोबार शुरु गर्नु पर्नेछ र कम्पनी दर्ता भएको कारणले मात्र कारोबार प्रारम्भ गर्न स्वतः स्वीकृति प्राप्त गरेको मानिने छैन" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १३ बमोजिम प्राइभेट कम्पनीबाट पब्लिक कम्पनीमा परिणत भएको कम्पनीले यस दफा बमोजिम कारोबार प्रारम्भ गर्ने स्वीकृती प्राप्त नगरी पब्लिक कम्पनीको हैसियतमा कुनै कारोबार गर्न सक्ने छैन ।"

३४. <u>मूल ऐनको दफा ६६ मा संशोधन</u> : मूल ऐनको,-

(१) दफा शीर्षक र दफाको ठाउँ ठाउँमा रहेको "अयोग्य" भन्ने शब्दको सट्टा "असक्षम" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (१) मा रहेका "सोन्ह वर्ष उमेर नपुगेको" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (२) मा रहेको "अभिभावकले" भन्ने शब्दको सट्टा "माथवरले" भन्ने शब्द राखिएको छ ।

३५. <u>मूल ऐनको दफा ६७ मा संशोधन</u> : मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (२) मा रहेको "पब्लिक" भन्ने शब्द झिकिएको छ ।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको प्रथम वार्षिक साधारण सभाको सम्बन्धमा संस्थापक शेयर धनीहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सूचना पठाइएको रहेछ भने राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न आवश्यक पर्ने छैन ।"

३६. <u>मूल ऐनको दफा ७७ मा संशोधन</u> : मूल ऐनको दफा ७७ को,-

(१) उपदफा (६) मा ठाउँ ठाउँमा रहेका "मुनाफा" भन्ने शब्दको सट्टा "लाभांश" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (६) पछि देहायको उपदफा (७) र (८) थपिएका छन् :

"(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षकले आफ्नो लेखापरीक्षण प्रतिवेदनमा कुनै आर्थिक बेरुजु ठहर गरी कैफियत सहितको राय (क्वालिफाइड ओपिनियन) दिएको

रहेछ भने त्यस्तो बेरुजु भएको रकम बराबरको रकम छुट्याए पछि मात्र बाँकी रकमबाट लाभांसको प्रस्ताव गर्नु पर्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षकले कुनै कम्पनीका सम्बन्धमा लेखापरीक्षण परित्यागको प्रतिवेदन (डिस्क्लेमर रिपोर्ट) दिएको वा लामांश वितरण गर्न नहुने गरी कारण सहित आफ्नो राय र निष्कर्ष दिएको रहेछ भने त्यस्तो कम्पनीले लाभांश घोषणा गर्न सक्ने छैन ।"

३७. मूल ऐनको दफा ७८ मा संशोधन : मूल ऐनको दफा ७८ को खण्ड (ड) पछि देहायको खण्ड (ड१) र (ड२) थपिएका छन्:

"(ड१) लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा औंल्याएको कुनै बेरुजु भए त्यसको विवरण,

(ड२) लेखा परीक्षकले कम्पनीका सम्बन्धमा व्यक्त गरेको समग्र रायको विवरण र कुनै कैफियत सहितको राय वा लेखापरीक्षण परित्याग गरेको प्रतिवेदन भए त्यसको विवरण ।"

३८. मूल ऐनको दफा ८० मा संशोधन : मूल ऐनको दफा ८० को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि बीस लाख रुपैयाँसम्म बार्षिक कारोबार भएको कम्पनीले तोकिए बमोजिमको ढाँचामा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ ।"

३९. मूल ऐनको दफा ८१ मा संशोधन : मूल ऐनको दफा ८१ को,-

(१) उपदफा (२) मा रहेका "उपलब्ध नगराउने" भन्ने शब्दहरु पछि "तथा दफा १७८ बमोजिम दिएको निर्देशन पालना नगर्ने वा नगराउने" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (४) मा रहेको "विवरण" भन्ने शब्द पछि "वा दफा १७८ बमोजिमको निर्देशन कार्यान्वयन गरेको जानकारी" भन्ने शब्दहरु राखिएका छन् ।

४०. मूल ऐनको दफा ८३ मा संशोधन : मूल ऐनको दफा ८३ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) कम्पनीको नियमावलीमा संशोधन गर्ने विषय,"

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत गर्ने विषय,"

४१. मूल ऐनको दफा ८४ मा संशोधन : मूल ऐनको दफा ८४ को उपदफा (२) मा रहेका "गर्न तोकिएको निकायको सुझावको आधारमा कार्यालयले तोके" भन्ने शब्दहरुको सट्टा "गर्ने निकायले निर्धारण गरे" भन्ने शब्दहरु राखिएका छन् ।

४२. मूल ऐनको दफा ८५ मा संशोधन : मूल ऐनको दफा ८५ को सट्टा देहायको दफा ८५ राखिएको छ :-

"८५. <u>विद्युतिय स्वरुपमा पेश गर्नुपर्ने</u> :- (१) कम्पनीले यस ऐन बमोजिम कार्यालयमा पेश गर्नुपर्ने जुनसुकै प्रकृतिको प्रतिवेदन, विवरण, अभिलेख वा अन्य कागजात विद्युतिय स्वरुपमा र विद्युतिय माध्यमबाटै कम्प्युटर प्रणालीमा अपलोड गरी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि कार्यालयले प्रत्येक कम्पनीलाई छुट्टा छुट्टै उपयोगकर्ता परिचय संकेत (युजर आइडेन्टिफिकेशन) उपलब्ध गराउनेछ ।

(३) कम्पनीले कार्यालयको कम्प्युटर प्रणाली उपयोग गर्ने वा विद्युतीय हस्ताक्षर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयको कम्प्युटर प्रणालीमा कुनै प्राविधिक समस्या उत्पन्न भएको कारण त्यस्तो प्रणाली मार्फत पेश गर्न नसक्ने अवस्था परेमा कागजात वा विवरण पेश गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम पेश गरिएको कागजात वा विवरण रीतपूर्वक पेश गरेको मानिनेछ ।"

४३. <u>मूल ऐनको दफा ८६ मा संशोधन</u> : मूल ऐनको दफा ८६ को,-

(१) उपदफा (२) मा रहेको "महिला शेयरधनी रहेको" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (३) मा रहेको "कम्पनीको नियमावलीमा तोकिएको योग्यता भएको र सम्बन्धित कम्पनीको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको" भन्ने शब्दहरुको सट्टा "दफा ८९ को उपदफा (२) बमोजिम अयोग्य नरहेको व्यक्ति बाहेकको अन्य" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (४) मा रहेका "संचालकहरुले" भन्ने शब्दहरुको सट्टा "नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक संचालकहरुले" भन्ने शब्दहरु राखिएका छन् ।

४४. <u>मूल ऐनको दफा ८७ मा संशोधन</u> : मूल ऐनको दफा ८७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) मा रहेका "सो" भन्ने शब्दको सट्टा "अर्को वार्षिक साधारणसभा नभए सम्मका लागि" भन्ने शब्दहरु राखिएका छन् ।

४५. <u>मूल ऐनको दफा ८८ मा संशोधन</u> :- मूल ऐनको दफा ८८ मा रहेका "त्यसरी नतोकिएकोमा कम्तिमा एकसय शेयर लिएको हुनु पर्नेछ ।" भन्ने शब्दहरु झिकिएका छन् ।

४६. <u>मूल ऐनको दफा ८९ मा संशोधन</u> :- मूल ऐनको दफा ८९ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएको छ :

"(ख) होस ठेगानमा नरहेको,

(ग) प्राइभेट कम्पनी भए दामासाहीमा परी तीन वर्षको अवधि पुरा नभएको र पब्लिक कम्पनी भए प्रचलित कानून बमोजिम दामासाहीमा परेको हैसियत अन्त्य भएको,”

(ख) खण्ड (छ) प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :

“तर समान उद्देश्य भए तापनि एक मुख्य कम्पनीको संचालक अर्को सहायक कम्पनीको संचालक हुन र एक प्राइभेट लिमिटेड कम्पनीको संचालक अर्को प्राइभेट लिमिटेड कम्पनीको संचालक हुन बाधा पर्ने छैन ।”

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :

“(५) कम्पनीले पेश गरेको कागजात, प्रतिवेदन वा विवरणबाट वा कुनै शेयरधनीको निवेदनबाट यस ऐन बमोजिम कम्पनीको सञ्चालक नियुक्त हुन वा बहाल रहन अयोग्य व्यक्ति कम्पनीको सञ्चालकको पदमा नियुक्त भएको वा बहाल रहेको देखिन आएमा त्यस्तो सञ्चालकलाई निज आफ्नो पदमा बहालमा नरहेको जानकारी गराउन कार्यालयले सम्बन्धित कम्पनीलाई निर्देशन दिन सक्नेछ ।”

४७. मूल ऐनको दफा ९२ मा संशोधन : मूल ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

“(क१) दफा ८९ बमोजिम संचालक पदमा निर्वाचित वा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन अयोग्य नरहेको उद्घोषण”

४८. मूल ऐनको दफा ९४ मा संशोधन : मूल ऐनको दफा ९४ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :

“(४क) उपदफा (४) बमोजिम खडा गरिएको दर्ता किताबको प्रमाणित प्रतिलिपि त्यस्तो दर्ता किताब खडा गरेको वा दर्ता किताबमा कुनै विवरण अभिलेख गरेको पन्ध्र दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।”

४९. मूल ऐनको दफा ९५ मा संशोधन : मूल ऐनको दफा ९५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

“(१क) कम्पनी संचालन र व्यवस्थापन गर्दा संचालकको प्रत्येयी दायित्व (फिडयूसियरी लायवलिटी) हुनेछ र सोही दायित्व पूरा गर्न यस ऐन र नियमावली बमोजिमको अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नु पर्नेछ ।”

५०. मूल ऐनको दफा ९६ मा संशोधन : मूल ऐनको दफा ९६ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

“(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पब्लिक कम्पनीमा यस दफा बमोजिम प्रबन्ध संचालकको नियुक्तीको व्यवस्था गरिएको रहेछ भने त्यस्तो कम्पनीमा कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत,

कार्यकारी निर्देशक वा त्यस्तै प्रकृतिको अन्य कुनै पद नाम रहेको अर्को कार्यकारी प्रमुख नियुक्त गर्न सकिने छैन ।"

५१. मूल ऐनको दफा ९७ मा संशोधन : मूल ऐनको दफा ९७ को, -

(१) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर नियमावलीमा नलेखिएको कुराको हकमा यस दफामा लेखिए बमोजिम हुनेछ । "

(२) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांस राखिएको छ :-

"तर कुनै संचालक स्वयंम बैठकमा उपस्थित हुन नसकेमा संचालक समितिको अध्यक्षको अनुमतिले श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) वा त्यस्तै प्रकारको अन्य सूचना प्रविधि मार्फत संचालक समितिको बैठकमा सहभागी हुन सक्नेछ र त्यसरी सहभागी भएकोमा संचालक स्वयम् उपस्थित भएको मानिनेछ ।"

५२. मूल ऐनको दफा ९९ मा संशोधन :- मूल ऐनको दफा ९९ को उपदफा (५) पछि देहाएको उपदफा (५क) थपिएको छ ।

"(५क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जानकारी उपलब्ध नगराउने सञ्चालकले त्यस्तो जानकारी उपलब्ध नगराएसम्म संचालक समितीको बैठकमा भाग लिन वा मतदान गर्न सक्ने छैन ।"

५३. मूल ऐनमा दफा ९९क थप :- मूल ऐनको दफा ९९ पछि देहायको दफा ९९क थप गरिएको छ :-

"९९क. संगठित सुशासन कायम गर्ने :- यस ऐन वा नियमावली बमोजिम अधिकार प्रयोग गर्दा वा जिम्वेवारी पूरा गर्दा कम्पनीका शेयरधनी, व्यवस्थापन, ऋणदाता वा डिवेञ्चरवाला, कर्मचारी वा कामदार, ग्राहक, सरकारी निकाय वा अन्य सरोकारवालाको कानूनसम्मत हित तथा सरोकारलाई सन्तुलित रुपमा सम्वोधन गर्ने अभ्यास तथा पद्धति विकास गरी कम्पनीमा संगठित सुशासन (कर्पोरेट गभर्नेन्स) कायम गर्नु संचालक वा संचालकहरुको प्रमुख जिम्वेवारी हुनेछ ।"

५४. मूल ऐनको दफा १०४ मा संशोधन : मूल ऐनको दफा १०४ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :

"तर अख्तियार प्राप्त नगरी गरेको काम कारबाहीबाट पदाधिकारी, कम्पनी वा अन्य कसैलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो व्यक्ति जिम्मेवार हुनेछ ।"

५५. मूल ऐनको दफा १०७ मा संशोधन : मूल ऐनको दफा १०७ को उपदफा (२) मा रहेका "सो विवरणमा कुनै कुरा हेरफेर भएमा सो को सूचना समेत" भन्ने शव्दहरुको सट्टा "त्यस्तो दर्ता किताबमा राखिएको अभिलेखको विवरण र त्यस्तो विवरणमा भएको हेरफेरको व्यहोरा समेत" भन्ने शव्दहरु थपिएका छन् ।

५६. <u>मूल ऐनमा दफा १०७ क.थप</u> : मूल ऐनको दफा १०७ पछि देहायको दफा १०७ क. थपिएको छ :-

"१०७क. <u>संचालक पहिचान नम्बर लिनुपर्ने</u> :- (१) कम्पनीको संस्थापक संचालक वा संचालकले कम्पनी स्थापना गर्नु अघि वा संचालक पदमा नियुक्त भएको एक महिना भित्र कार्यालयबाट संचालक पहिचान नम्बर प्राप्त गर्न तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले त्यस्तो नम्बर विद्युतीय माध्यमबाट उपलब्ध गराउने छ ।

(३) उपदफा (२) बमोजिम पहिचान नम्वर लिएको संचालकले कम्पनीको संचालक समितिमा उपस्थित हुँदा वा कार्यालयमा विवरण दिँदा वा पत्राचार गर्दा आफ्नो नामको अतिरिक्त त्यस्तो नम्वरको प्रयोग गर्नु पर्नेछ ।

(४) उपदफा (३) प्रतिकूल भएको अभिलेख, विवरण वा पत्राचार मान्य हुने छैन ।

(५) यस दफा बमोजिम कार्यालयबाट संचालक पहिचान नम्वर जारी हुनु अघि नै कम्पनीको कुनै संचालक नियुक्त भएको व्यक्तिले यो दफा प्रारम्भ भएको एक वर्षभित्र संचालक पहिचान नम्वर लिइसक्नु पर्नेछ ।

(६) संचालक पहिचान नम्वर सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

५७. <u>मूल ऐनको दफ १०८ मा संशोधन</u> : मूल ऐनको दफा १०८ को,-

(१) उपदफा (४) मा रहेको "कम्पनीको संचालक समितीले तोकिदिएको रकम वाहेक" भन्ने शव्दहरुको सट्टा "कम्पनीले" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (५) मा रहेको "जिम्मेवार संचालकहरु" भन्ने शब्दहरुको सट्टा "संचालक समितीले तोकेको संचालक वा संचालकहरु" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) कम्पनीले यस दफा बमोजिम आफ्नो लेखा राख्दा देहायका कुनै पनि काम गर्न वा गराउन सक्ने छैन :

(क) कारोबारको वास्तविक स्रेस्ता बाहिरको लेखा (अफ दि बुक्स् एकाउण्टस्) राख्ने,

(ख) कारोबारको स्रेस्ता नराख्ने (मेकिङ्ग अफ-दि-बुक्स्) वा पर्याप्त रुपमा पहिचान हुन नसक्ने किसिमका कारोबार देखाउने,

(ग) अस्तित्वमा नै नरहेका खर्चको (नन एक्जिस्टेन्ट एक्सेपण्डिचर) अभिलेख राख्ने,

(घ) विषयको गलत पहिचान हुने गरी दायित्वको उल्लेख गर्ने,

(ङ) झुठ्ठा लिखतको (फल्स डकुमेन्ट) प्रयोग गर्ने,

(च) कानूनले निर्धारण गरेको अवधिभन्दा अघि नै स्रेस्ता सम्बन्धी लिखतको बदनियतपूर्वक नष्ट गर्ने ।"

५८. मूल ऐनको दफा १०९ मा संशोधन : मूल ऐनको दफा १०९ को,-

(१) उपदफा (१) मा रहेका "पब्लिक", "र प्राइभेट कम्पनीको हकमा" र "तोकिएको ढाँचामा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपदफा (४) मा रहेका "सञ्चालक समितिले" भन्ने शब्दहरु पछि "दफा ७८ बमोजिमको प्रतिवेदन र" भन्ने शब्दहरु थपिएका छन् ।

५९. मूल ऐनको दफा ११० मा संशोधन : मूल ऐनको दफा ११० को उपदफा (१) मा देहायको प्रतिबधात्मक वाक्यांश राखिएको छ :-

"तर,-

(१) बीस लाख रुपैयाँसम्म बार्षिक कारोबार वा पचास लाख रुपैयाँसम्म जायजेथा वा दायित्व भएको कम्पनीले लेखापरीक्षक नियुक्ति गर्न आवश्यक हुने छैन ।

(२) खण्ड (१) को व्यवस्था विदेशी कम्पनीको हकमा लागू हुने छैन ।"

६०. मूल ऐनको दफा १११ मा संशोधन : मूल ऐनको दफा १११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न इजाजत प्राप्त लेखा परीक्षकहरुमध्येबाट साधारण सभाले कम्पनीको लेखा परीक्षक नियुक्त गर्नु पर्नेछ र साधारणसभा नगर्ने प्राइभेट कम्पनी भए नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था भए बमोजिम लेखापरीक्षक नियुक्त गर्नु पर्नेछ ।

तर प्रथम वार्षिक साधारण सभा हुनुभन्दा अघि संचालक समितिले लेखा परीक्षक नियुक्त गर्नेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम लेखा परीक्षक नियुक्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्त भएको लेखापरीक्षकको नाम, निजले पेश गरेको इजाजत पत्र र दफा ११२ को उपदफा (२) बमोजिम गराएको जानकारीको प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।"

६१. मूल ऐनको दफा ११३ मा संशोधन : मूल ऐनको दफा ११३ मा रहेको "अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ।" भन्ने शब्दहरुको सट्टा "अर्को लेखापरीक्षक नियुक्ती गर्न सक्नेछ र त्यस प्रयोजनको लागि कार्यालयले नेपाल चाटर्ड एकाउण्टेण्ट संस्थाले तयार गरेको लेखापरीक्षकहरुको सूची प्रयोग गर्नेछ।" भन्ने शब्दहरु थपिएका छन्।

६२. मूल ऐनको दफा ११४ मा संशोधन : मूल ऐनको दफा ११४ मा रहेका "मागेमा दिनु पर्नेछ र" भन्ने शब्दहरुको सट्टा "माग गर्न सक्नेछ र त्यसरी माग गरेको हिसाब किताब र लेखा तथा सो सम्बन्धमा" भन्ने शब्दहरु राखिएका छन्।

६३. मूल ऐनको दफा ११५ मा संशोधन : मूल ऐन को दफा ११५ को,-

(१) उपदफा (३) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) कम्पनीले आफ्नो लेखा राख्दा दफा १०८ को उपदफा (७) बमोजिमको काम गरेको वा नगरेको,"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :

"(४) उपदफा (३) मा उल्लेख भएका विषय बाहेक लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने अन्य विषय नेपाल सरकारले नेपाल चाटर्ड एकाउण्टेण्टस् संस्थासंग परामर्श गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।"

६४. मूल ऐनको दफा ११६ मा संशोधन : मूल ऐनको दफा ११६ को उपदफा (१) मा रहेका "सो व्यक्ति" भन्ने शब्दहरुको सट्टा "लेखापरीक्षकको नाम, थर र इजाजतपत्र नम्बर उल्लेख गरी निज" भन्ने शब्दहरु राखिएका छन्।

६५. मूल ऐनको दफा १२० मा संशोधन : मूल ऐनको दफा १२० को उपदफा (१) मा रहेका "व्यहोरा खुलाउन वा" भन्ने शब्दहरु पछि "शेयरधनी वा सरोकारवालाको निवेदन वा अन्य कुनै स्रोतबाट प्राप्त सूचनाको आधारमा" भन्ने शब्दहरु राखिएका छन्।

६६. मूल ऐनको दफा १२१ मा संशोधन : मूल ऐनको दफा १२१ को,-

(१) उपदफा (१) को,-

(क) "कार्यालयले आवश्यकता अनुसार" भन्ने शब्दहरु पछि "सम्बन्धित कम्पनीको काम कारोबारमा कुनै किसिमको निजी स्वार्थ वा सरोकार नभएको व्यक्तिहरुमध्येबाट" भन्ने शब्दहरु थपिएका छन्।

(ख) "त्यस्तो कार्यका लागि लाग्ने अनुमानित खर्चको रकम कार्यालयले तोके बमोजिम निवेदकले कार्यालयमा जम्मा गर्नु पर्नेछ।" भन्ने शब्दहरु र उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिम कार्यालयले निरीक्षक खटाउने भएमा निरीक्षण कार्यमा लाग्ने अनुमानित खर्चको रकम कार्यालयले तोके बमोजिम निवेदकहरुले कार्यालयमा जम्मा गर्नु पर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (२) बमोजिम कार्यालयले निरीक्षक नियुक्त गरी कम्पनीको निरीक्षण गर्दा लाग्ने अनुमानित खर्च सम्बन्धित कम्पनीलाई कार्यालयमा जम्मा गर्न लगाउनेछ ।"

६७. मूल ऐनको दफा १२४ मा संशोधन : मूल ऐनको दफा १२४ को उपदफा (१) मा रहेका "एक प्रति" भन्ने शब्दहरु पछि "सम्बन्धित कम्पनीलाई र एक प्रति दफा १२१ को उपदफा (१) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन् ।

६८. मूल ऐनको दफा १२७ मा संशोधन : मूल ऐनको दफा १२७ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) कार्यालयले उपदफा (३) बमोजिमको सूचना, दफा १२६ को उपदफा (३) बमोजिमको प्रस्ताव र लिखित उद्घोषणको प्रति प्राप्त गरे पछि कम्पनी खारेजीको प्रकृया अगाडी बढाउन अनुमति दिनेछ ।

(२) उपदफा (४) मा रहेका "उपदफा (२) बमोजिम लिक्वीडेटर नियुक्त भएपछि भन्ने शव्दहरुको सट्टा "उपदफा (३) बमोजिम अनुमति प्राप्त भएपछि " भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (८) र (९) का सट्टा देहायका उपदफा (८) र (९) राखिएका छन् :-

"(८) यस दफा बमोजिम नियुक्त लिक्वीडेटरले दामासाही सम्बन्धी प्रचलित कानून विपरीत आचारण र व्यवहार गरेमा वा सम्बन्धित कम्पनीको हित विपरीत काम गरेमा अदालतले निजलाई हटाउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(९) यस दफा बमोजम नियुक्त लिक्वीडेटर उपदफा (८) वा अन्य कुनै कारणबाट सो पदमा कायम नरहेमा अदालतले अर्को लिक्वीडेटर नियुक्त गर्नेछ ।"

६९. मूल ऐनको दफा १३६ मा संशोधन : मूल ऐनको दफा १३६ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) कम्पनीको उद्देश्य विपरित कारोबार वा व्यवसाय गरेमा वा कानून बमोजिम अनुमतिपत्र लिनु पर्ने विषयमा अनुमतिपत्र नलिई कारोबार वा व्यवसाय गरेको देखिएमा,"

७०. मूल ऐनको १३६क. मा संशोधन : मूल ऐनको दफा १३६क. को,-

(१) उपदफा (१) मा रहेका "दुई वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "चार वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "दफा ८० बमोजिमको विवरण सहित" भन्ने शब्दहरु झिकिएका छन् ।

७१. मूल ऐनको दफा १३८ मा संशोधन : मूल ऐनको दफा १३८ को,-

(१) उपदफा (१) मा रहेको "अदालतमा" भन्ने शब्दको सट्टा "रजिष्ट्रार समक्ष" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "पदाधिकारीका विरुद्ध अदालतमा उजुरी निवेदन" भन्ने शव्दहरुको सट्टा "पदाधिकारीलाई त्यस्तो कार्यका सम्बन्धमा उपयुक्त आदेश" भन्ने शव्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेको "अदालतले" भन्ने शव्दको सट्टा "रजिष्ट्रारले" भन्ने शब्द राखिएको छ ।

७२. मूल ऐनको दफा १३९ मा संशोधन : मूल ऐनको दफा १३९ को,-

(१) उपदफा (१) मा रहेका "कुनै काम नगरेको" भन्ने शब्दहरु पछि "वा कुनै खास समूह वा वर्गका शेयरधनी उपर भेदभाव गरेको" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (४) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :

"(घ१) संचालक समितिबाट पटक पटक कुनै शेयरधनी वा कुनै खास समूह वा वर्गका शेयरधनीको हक, हित विरुद्ध काम भएको वा त्यस्ता शेयरधनी उपर भेदभावपूर्ण व्यवहार गरेको प्रमाणित भएमा कम्पनीको कुल चुक्ता पूँजीको कम्तिमा दश प्रतिशत शेयर पूँजी प्रतिनिधित्व गर्ने शेयरधनी वा शेयरधनीको समूहको प्रतिनिधित्व गर्ने संचालक रहेनछ भने त्यस्तो शेयरधनी वा समूहको प्रतिनिधित्व गर्ने संचालक नियुक्ति गर्न आदेश दिने"

७३. मूल ऐनमा दफा १५२क. थप : मूल ऐनको दफा १५२ पछि देहायको दफा १५२क. थपिएको छ :-

"१५२क. एकल शेयरधनीले माथवर नियुक्त गर्नु पर्ने : (१) एकल शेयर धनी भएको कम्पनीको संस्थापकले कम्पनी संस्थापना गर्दा आफ्नो मृत्यु भएको वा करार गर्न असक्षम वा वेपत्ता भएको अवस्थामा कानून बमोजिम हकवाला शेयरधनी कायम नभएसम्म कम्पनीको संचालकको हैसियतमा काम गर्नका लागि करार गर्न योग्य कुनै व्यक्तिको लिखित सहमती लिई निजलाई आफ्नो माथवर नियुक्त गर्नु पर्नेछ ।

(२) एकल शेयरधनीले कम्तिमा पन्ध्र दिनको सूचना दिई कुनै पनि बखत उपदफा (१) बमोजिम नियुक्त माथवरको सट्टा अर्को व्यक्तिलाई माथवरको रुपमा नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको व्यक्तिले माथवरको रुपमा कायम गर्न दिएको लिखित सहमती कुनै पनि बखत फिर्ता लिन सक्नेछ ।

(४) यस दफा बमोजिम माथवर नियुक्त भएको वा परिवर्तन भएको मितिले पन्ध्र दिनभित्र सोको जानकारी अभिलेखको लागि कार्यालयलाई गराउनु पर्नेछ।"

७४. मूल ऐनको दफा १५३ मा संशोधन : मूल ऐनको दफा १५३ को,-

(१) उपदफा (१) मा रहेका "र निजले शेयर हस्तान्तरण तथा दाखिल खारेज गर्ने लगायत यस ऐन अनुसार एकल शेयरधनीले गर्ने सम्पूर्ण कार्य गर्नेछ । यसरी हक प्राप्त गर्ने व्यक्तिले शेयर हस्तान्तरण र दाखिल खारेजको निर्णय गर्दा लिखत रुपमा गर्नु पर्नेछ" भन्ने शब्दहरु र प्रतिवन्धात्मक वाक्यांश झिकिएका छन्।

(२) उपदफा (२) मा रहेको "कार्यालयलाई" भन्ने शब्दको सट्टा "कम्पनीलाई" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (२) मा रहेको "कार्यालयले" भन्ने शब्दको सट्टा "कम्पनीले" र "सो जानकारी" भन्ने शब्दहरुको सट्टा "निजको नाममा शेयर दाखिल खारेज गरी" भन्ने शब्दहरुका राखिएका छन्।

(४) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) दफा १५२क बमोजिम नियुक्त माथवरले यस दफा बमोजिम शेयर दाखिल खारेज गर्ने लगायत यस ऐन अनुसार एकल शेयरधनीले गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ र निजले त्यस्तो निर्णय गर्दा लिखित रुपमा गर्नु पर्नेछ।"

(५) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) एकल शेयरधनीको मृत्यु भएमा वा निज वेपत्ता भएमा मृत्यु भएको दुई वर्षभित्र निजको हकवालाले दावी नगरेमा वा वेपत्ता भएकोमा कानून बमोजिम निजको मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भएको एक वर्षभित्र माथवरले सो व्यहोरा उल्लेख गरी कम्पनीको स्वेच्छिक खारेजीको निर्णय गरी लिक्वीडेटर नियुक्त गर्नु पर्नेछ।"

७५. मूल ऐनको दफा १५४ मा संशोधन : मूल ऐनको दफा १५४ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम नेपालमा "एजेन्सी" वा "फ्रेन्चाइज" नियुक्त गरेकोमा त्यस्तो एजेन्सी वा फ्रेन्चाइज प्राप्त गर्ने व्यवसायीले गरेको कारोबारलाई नेपालमा व्यवसाय वा कारोबार गरेको वा सर्म्पक कार्यालय स्थापना गरेको मानिने छैन।"

(२) उपदफा (३) को स्पष्टीकरणमा रहेका "करार गरेमा" भन्ने शब्दहरु पछि "वा अधिकार प्राप्त कुनै निकायबाट नेपालमा गर्ने लगानी स्वीकृत भएमा वा नेपाली नागरिक वा नेपाली कम्पनीसँग नेपालमा

कुनै लगानी गर्न वा काम गर्न कुनै करार भएमा" भन्ने शब्दहरु थपिएका छन् ।

(३) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर प्राप्त निवेदन जाँचबुझ गर्दा विदेशी कम्पनी दर्ता हुन नसक्ने देखिएमा कार्यालयले सोको कारण खोली तीस दिनभित्र सम्बन्धित निवेदकलाई जानकारी दिनु पर्नेछ ।"

(४) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) उपदफा (४) बमोजिम दर्ता भएको विदेशी कम्पनीले नेपालमा आफ्नो शाखा कार्यालय खोली व्यवसाय वा कारोवार सञ्चालन गर्न वा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

तर सम्पर्क कार्यालय खोलेको कारणले मात्र नेपालमा आय आर्जन हुने कुनै कार्य गर्न सक्ने छैन ।"

(४) उपदफा (७) पछि देहायको उपदफा (७क) र (७ख) थपिएका छन् :-

"(७क) उपदफा (४) बमोजिम दर्ता भएको सम्पर्क कार्यालयले नेपालमा देहायका कार्यहरु गर्न सक्नेछ :-

(क) नेपालमा विदेशी कम्पनीको तर्फबाट नियमित सम्पर्क र पत्राचार गर्ने,

(ख) नेपालमा रहेका कम्पनीका एजेण्टहरुसँग सम्पर्क र समन्वय गर्ने,

(ग) कम्पनीको व्यवसायसँग सम्बन्धित काममा नेपालभित्र कुनै काम गर्नका लागि ठेक्का टेण्डर प्रकृयासँग सम्बन्धित कार्यहरुबारे जानकारी लिने वा कम्पनीको तर्फबाट ठेक्का प्रकृयामा सहभागी हुने ।

(७ख) उपदफा (७क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पर्क कार्यालयले विदेशी कम्पनीको उत्पादन वा सेवाको बजार प्रवर्द्धन, बजार विस्तार, विज्ञापन जस्ता कार्यहरु गर्न वा गराउन सक्नेछैन ।"

७६. <u>मूल ऐनको दफा १५५ मा संशोधन</u> : मूल ऐनको दफा १५५ को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) विदेशी कम्पनीको संचालकको राहदानीको प्रतिलिपि र कुनै संगठीत संस्था वा कम्पनी संस्थापक भए त्यस्तो संस्था वा कम्पनीको संस्थापनाको प्रमाणपत्र र संस्थापना सम्बन्धी लिखत तथा संचालकहरुको राहदानीको प्रतिलिपी,"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने लिखतको प्रमाणित प्रतिलिपी पेश गर्दा त्यस्तो कम्पनी दर्ता रहेको मुलुकको कानून

बमोजिम प्रमाणित भएको लिखत र त्यस्तो लिखतको नेपाली भाषाको अनुवाद पेश गर्दा नोटरी पब्लिक सम्बन्धी प्रचलित कानून बमोजिम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।"

७७. मूल ऐनमा दफा १५६क थप : मूल ऐनको दफा १५६ पछि देहायको दफा १५६क थपिएको छ :-

"१५६क. विवरण पेश नगरेमा जरीवाना हुने : दफा १५६ बमोजिम विवरण पेश नगर्ने विदेशी कम्पनीलाई शाखा कार्यालय भए सो शाखा मार्फत नेपालमा लगानी गरेको रकम खुलेकोमा सो बमोजिम र रकम नखुलेकोमा चुक्ता पूँजी एक करोड रुपैयाँ भएको कम्पनीलाई हुने सरह दफा ८१ बमोजिमको जरिवाना र सम्पर्क कार्यालय भएमा चुक्ता पूँजी पच्चीस लाख रुपैयाँभन्दा बढि र एक करोड रुपैयाँसम्म भएको कम्पनीलाई हुने सरह दफा ८१ बमोजिमको जरिवाना लाग्ने छ ।"

७८. मूल ऐनको दफा १५९ मा संशोधन : मूल ऐनको दफा १५९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (२) बमोजिम कार्यालयले गरेको निर्णय वा आदेश भए अदालतमा र अदालतले गरेको निर्णय वा आदेश भए सर्वोच्च अदालतमा त्यस्तो निर्णय वा आदेश भएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न सकिनेछ ।"

७९. मूल ऐनको दफा १६१ मा संशोधन : मूल ऐनको दफा १६१ को,-

(१) दफामा रहेका "कसूर गर्ने व्यक्तिलाई" भन्ने शब्दहरु पछि "रजिष्ट्रारले" भन्ने शब्द थपिएको छ ।

(२) खण्ड (छ) मा रहेका "परिच्छेद - १८ मा" भन्ने शब्दहरुको सट्टा "परिच्छेद-८ वा १८ मा" भन्ने शब्दहरु राखिएका छन् ।

८०. मूल ऐनको दफा १६२ मा संशोधन : मूल ऐनको दफा १६२ मा रहेका "अदालतले" भन्ने शब्दको सट्टा "रजिष्ट्रारले" भन्ने शब्द राखिएको छ ।

८१. मूल ऐनको दफा १६४ मा संशोधन : मूल ऐनको दफा १६४ को उपदफा (१) मा रहेका "तीन करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामीत्व भएको कम्पनीले" भन्ने शब्दहरुको सट्टा "पाँच करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पूँजी भएको सूचीकृत कम्पनी वा पाँच करोड रुपैयाँ वा सोभन्दा बढी रकमको वार्षिक कारोबार गरेको पब्लिक कम्पनी वा सरकारी कम्पनी" भन्ने शब्दहरु राखिएका छन् ।

८२. मूल ऐनको दफा १६६ मा संशोधन : मूल ऐनको दफा १६६ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) यस दफा बमोजिम मुनाफा वितरण नगर्ने कम्पनीको संस्थापक वा सदस्य रहेको कम्पनी वा अरु संगठीत संस्थाले मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना गर्ने वा सदस्यता लिने सम्बन्धमा निर्णय गरी आफ्नो तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्ति नियुक्त गर्नु पर्नेछ

र त्यस्तो कम्पनीले निजको अनुपस्थितिमा काम गर्ने गरी वैकल्पिक प्रतिनिधि समेत नियुक्त गर्न सक्नेछ।"

८३. मूल ऐनमा दफा १६६क. थप : मूल ऐनको दफा १६६ पछि देहायको दफा १६६क थप गरिएको छ :-

"१६६क. मुनाफा वितरण नगर्ने कम्पनीमा परिणत हुन सक्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा बाहेक कुनै कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी दफा १६६ बमोजिमको उद्देश्य प्राप्तिका लागि मुनाफा वितरण नगर्ने कम्पनीमा परिणत हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पारित प्रस्तावमा मञ्जुर नहुने शेयर धनीले कम्पनीको सम्पत्ती मूल्याङ्कन गराई आफ्नो शेयर अनुपातको रकम कम्पनीबाट फिर्ता लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पारित भएमा त्यस्तो कम्पनीका शेयरधनीहरु मुनाफा विवरण नगर्ने कम्पनीको स्वतः सदस्य हुनेछन् र निजहरुले सदस्य भए पश्चात कम्पनीबाट कुनै लाभाशं पाउने छैनन्।

(४) उपदफा (१) बमोजिम परिणत भएको मुनाफा वितरण नगर्ने कम्पनीले नियमावली संशोधन गरी स्वीकृतिका लागि पन्ध्र दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम दर्ता भएको सार्वजनिक गुठी वा अन्य संगठीत संस्थाले चाहेमा त्यस्तो संस्थाको जायजेथा दायित्व भन्दा बढी रहेछ भने त्यस्तो संस्थालाई मुनाफा वितरण नगर्ने कम्पनीमा परिणत गरी सम्पूर्ण दायित्व र सम्पत्ति त्यस्तो कम्पनीमा सर्ने गरी कम्पनी संस्थापना गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना भएपछि गुठी संचालक वा संस्थाका सदस्यहरु स्वतः त्यस्तो कम्पनीका सदस्य हुने छन् र त्यस्तो कम्पनी संस्थापना गर्दा संस्थापकको हैसियतमा रहने छन्।"

८४. मूल ऐनको दफा १६७ मा संशोधन : मूल ऐनको दफा १६७ को उपदफा (१) को,-

(१) खण्ड (घ) मा रहेका "पूँजी बृद्धि" भन्ने शब्दहरुको सट्टा "पूँजी बृद्धि, लगानी बृद्धि वा व्यवसाय विस्तार" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ज) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "प्रशासकीय" भन्ने शब्दको सट्टा "संचालन तथा व्यवस्थापन" भन्ने शब्दहरु राखिएका छन्।

८५. मूल ऐनमा दफा १७१क थप : मूल ऐनको दफा १७१ पछि परिच्छेद-२१ मा रहने गरी देहायको १७१क थपिएको छ :-

"१७१क. विद्युतीय स्वरुपमा अभिलेख राख्ने : (१) कार्यालयले कम्पनीबाट समय समयमा प्राप्त हुने नियमावली, सम्झौता, उद्घोषण, विवरण, प्रतिवेदन वा अन्य कुनै लिखतको विवरण विद्युतीय वा डिजिटल स्वरुपमा अभिलेख राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको विवरण कुनै मुद्दाको अनुसन्धान वा अभियोजन गर्ने अधिकारी वा अदालतले मागेका बखत उपलब्ध गराउने वा नेपाल सरकारको सम्बद्ध अधिकारीसँग सूचना आदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गर्न सकिने छ ।"

८६. मूल ऐनको दफा १७५ मा संशोधन : मूल ऐनको दफा १७५ को उपदफा (१) को खण्ड (घ) पछि देहायको स्पष्टीकरण थपिएको छ :-

"स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कुनै कम्पनीको चुक्ता पूँजीको वीस प्रतिशत वा सोभन्दा बढी पूर्ण मताधिकार भएको साधारण शेयर लिएको कम्पनीलाई मुख्य कम्पनी र जुन कम्पनीको त्यस्तो शेयर लिएको हो त्यस्तो कम्पनीलाई सहायक कम्पनी मानिनेछ ।"

८७. मूल ऐनको दफा १७७ मा संशोधन : मूल ऐनको दफा १७७ को उपदफा (९) झिकिएको छ ।

८८. मूल ऐनमा दफा १७७क थप : मूल ऐनको दफा १७७ पछि देहायको दफा १७७क थपिएको छ :-

"१७७क. मुनाफा वितरण नगर्ने कम्पनीमा गाँभिन सक्ने : समान उद्देश्य भएको र दामासाहीमा नपरेको मुनाफा वितरण नगर्ने कम्पनीहरुको साधारण सभाले विशेष प्रस्ताव पारित गरी एक आपसमा गाभ्ने वा गाँभिने निर्णय गरी कम्पनी गाँभ्न वा गाँभिन सक्नेछन् ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दामासाहीमा नपरेको कुनै कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी मुनाफा वितरण नगर्ने अर्को कम्पनीमा गाँभिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मुनाफा वितरण नगर्ने कम्पनीमा गाँभिने कम्पनीको शेयरधनीहरु मुनाफा वितरण नगर्ने कम्पनीका स्वतः सदस्य हुनेछन् र सदस्यता वापत कुनै लाभांश पाउने छैनन् ।

(४) उपदफा (२) बमोजिम मुनाफा वितरण नगर्ने कम्पनीमा गाँभिने निर्णयमा चित्त नबुझ्ने शेयर धनीले सम्पत्तिको मूल्याङ्कन गराई आफ्नो शेयर अनुपातको रकम कम्पनीबाट फिर्ता लिन सक्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम कम्पनी गाँभिएमा एक अर्कामा गाँभिएका कम्पनीको दायित्व र सम्पत्ति गाँभिएको कम्पनीमा स्वतः सर्नेछ ।

(६) कुनै कम्पनी मुनाफा वितरण नगर्ने कम्पनीमा गाभिँदा दफा १७७ मा गरिएको व्यवस्था आवश्यक हेरफेर (मुटाटिस मुटान्डिस) सहित लागू हुने छन् ।"

८९. मूल ऐनमा दफा १७९क थप : मूल एनेको दफा १७९ पछि देहायको दफा १७९क थपिएको छ :-

"१७९क. संस्थागत सामाजिक जिम्मेवारी : (१) प्रत्येक कम्पनीले आफ्नो वार्षिक मुनाफाको रकममध्ये प्रचलित कानूनमा तोकिए बमोजिमको रकम संस्थागत सामाजिक जिम्मेवारी (कर्पोरेट सोसियल रिस्पोनसिबिलिटी) वहन गर्ने प्रयोजनको लागि छुट्याई संस्थागत सामाजिक जिम्मेवारी सम्बन्धी वार्षिक योजना बनाई तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्नुपर्ने रकम नतोकिएमा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी रकमको कारोबार गर्ने कम्पनी भए वार्षिक खूद मुनाफा रकमको कम्तिमा एक प्रतिशत रकम संस्थागत सामाजिक जिम्वेवारी वहन गर्ने योजनामा खर्च गर्नका लागि छुट्याउनु पर्नेछ ।

(३) यस दफाको प्रयोजनका लागि वार्षिक पचास करोड रुपैयाँभन्दा बढी मुनाफा रकम आर्जन गर्ने कम्पनीले एक जना संचालकको अध्यक्षतामा कम्पनीको संस्थागत सामाजिक जिम्मेवारी सम्बन्धी एक समिति गठन गरी त्यसको जिम्मेवारी तोक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा संस्थागत सामाजिक जिम्मेवारीका सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा यस दफाले असर पार्ने छैन ।"

९०. मूल ऐनमा दफा १८३क र १८३ख थप : मूल ऐनको दफा १८३ पछि देहायका दफा १८३क र १८३ख थपिएका छन् :-

"१८३क. अनुसन्धान र विकास : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम भन्दा बढी रकम मुनाफा गर्ने कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने रकमका अतिरिक्त आफ्नो खूद मुनाफा रकमको शुन्य दशमलव दुई पाँच (०.२५) प्रतिशत रकम अनुसन्धान र विकास (रिसर्च एण्ड डेभलपमेण्ट) कार्यका लागि छुट्ट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान र विकासका लागि छुट्याएको रकम तोकिए बमोजिमको प्रकृया बमोजिम सम्बन्धित कम्पनीको उद्देश्यसँग सम्बन्धित अनुसन्धान कार्यका लागि खर्च गर्नु पर्नेछ ।

तर आफ्नो कम्पनीको व्यवसाय वा बजार प्रवर्द्धन वा विस्तार गर्ने काममा खर्च गर्न सकिने छैन ।

(३) उपदफा (१) बमोजिम छुट्याएको रकम उपदफा (२) बमोजिम खर्च नभएमा तोकिएको प्रकृया पुरा गरी त्यसरी रकम छुट्याएको तीस दिनभित्र दफा १८३ख बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ ।

१८३ख. अनुसन्धान र विकास कोष : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक अनुसन्धान र विकास कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा हुने रकम, कोषको संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।"

९१. मूल ऐनको दफा १८५ मा संशोधन :- मूल ऐनको दफा १८५ को,-

(१) उपदफा (१) मा रहेका "एक करोड वा सोभन्दा बढी चुक्ता पूँजी भएको" भन्ने शब्दहरुको सट्टा "पब्लिक कम्पनी र पाँच करोड रुपैयाँभन्दा बढी चुक्ता पूँजी भएको कम्पनी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (४) को प्रतिवन्धात्मक वाक्यांश रहेको "सहायक कम्पनीको" भन्ने शब्दहरुको सट्टा "सहायक कम्पनीको र कुनै पब्लिक कम्पनीको कम्पनी सचिवलाई सम्वद्ध कम्पनी र समान उद्देश्य भएको कम्पनी बाहेकको अन्य कुनै प्राइभेट कम्पनीको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (५) मा रहेका "वा बहालवाला कम्पनी सचिवले त्यस्तो नगरेमा वा गर्न असमर्थता देखाएमा संचालक समीतिले त्यस्तो काम गर्न पाउने गरी तोकि दिएको" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर तीन महिनाभन्दा बढी कम्पनी सचिवको पद रिक्त राख्न सकिने छैन ।"

९२. बचाउ : यो ऐन प्रारम्भ हुँदाका बखत मूल ऐनको दफा १३८, १६१ वा १६२ अन्तर्गतको कुनै मुद्दा कुनै अदालतमा दायर भई विचाराधीन रहेको भए त्यस्तो मुद्दा सोही अदालतले कारबाई र किनारा गर्नेछ ।

९३. रुपान्तर र बचाउ :

(१) मूल ऐनमा ठाउँ ठाउँमा रहेको "प्रवन्धपत्रमा" भन्ने शब्दहरुको सट्टामा "नियमावलीमा" भन्ने शब्द राखिएको छ ।

(२) यो ऐन वा प्रचलित कानूनमा ठाउँ ठाउँमा रहेका "प्रवन्धपत्र र नियमावली", "प्रवन्धपत्र", "प्रवन्धपत्र वा नियमावली", वा "प्रवन्धपत्र तथा नियमावली" भन्ने शब्दहरुको सट्टा "नियमावली" भन्ने शब्द राखिएको छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई संस्थापना भइसकेका कम्पनीले प्रवन्धपत्र र नियमावलीको प्रयोग गर्न सक्ने छन् र सोही बमोजिम कम्पनीको संचालन गर्न सक्नेछन् ।

तर त्यस्ता कम्पनीले जुनसुकै बखत नियमावली संशोधन गरी प्रवन्धपत्रमा रहने विषयहरु नियमावलीमा समावेश गर्न वा यस ऐन बमोजिमको नियमावली पारित गरी स्वीकृतिको लागि कार्यालयमा पेश गर्न सक्नेछन् ।

## (४) साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : साझेदारी ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "साझेदारी (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको दफा २ को,-

"(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :

(क) "व्यवसाय" भन्नाले कानून बमोजिम कुनै उद्योग, वाणिज्य, व्यापार, पेशा वा वृत्ति सञ्चालन गर्ने काम संझनु पर्छ ।

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएको छ :

(क१) "अदालत" भन्नाले सम्बन्धित उच्च अदालतको वाणिज्य इजालस सम्झनु पर्छ ।

(क२) "फर्म" भन्नाले दफा ५ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ ।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :

(ङ) "सम्बन्धित विभाग" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारको अधिकार क्षेत्रभित्र पर्ने उद्योग सम्बन्धी विषय भए उद्योग विभाग, वाणिज्य वा व्यापार सम्बन्धी विषय भए वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग संझनु पर्छ र सो शब्दले प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने उद्योग, वाणिज्य वा व्यापार सम्बन्धी विषय भए प्रदेश कानून बमोजिम निर्धारण भएको प्रदेश सरकारको सम्बन्धित निकाय सम्झनु पर्छ ।

(४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :

(ङ१) "साझेदारी" भन्नाले दफा ५ बमोजिम दर्ता भएको फर्मबाट गरिने व्यवसाय सम्झनु पर्छ ।"

३ **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३ **साझेदारी कायम हुने** : (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफाको उद्देश्य लिई एउटै साझा नाम राखी कुनै साझेदारले सवै साझेदारका लागि वा सवै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यवसाय सञ्चालन गर्ने गरी कुनै कबुलियत गरेमा साझेदारी कायम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ ।

(३) साझेदारले सामुहिक रुपमा व्यवसाय सञ्चालनगर्दा फर्मको नामबाट गर्नु पर्नेछ र त्यस्तो फर्म दफा ५ बमोजिम दर्ता गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दर्ता भएको फर्म कानूनी व्यक्ति मानिने छैन ।"

४ **मूल ऐनमा दफा ३क. थप** : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थप गरिएको छ :-

"**३क. संगठित संस्था साझेदार नहुने** : दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित संस्था कुनै साझेदारी फर्मको साझेदार हुन सक्ने छैन ।"

५ **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **एकाघर सगोलको कारोबार साझेदारी नहुने** : (१) एकाघर सगोलको व्यवसायलाई साझेदारी मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाघर सगोलका अंशियारले आपसमा कबुलियत गरी साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।"

६ **मूल ऐनको परिच्छेद-२ मा संशोधन** : मूल ऐनको परिच्छेद-२ को परिच्छेद शिर्षकको सट्टा "**फर्म दर्ता**" भन्ने परिच्छेद शिर्षक राखिएको छ :-

७ **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५ **साझेदारी फर्म दर्ता गर्नुपर्ने** : (१) दफा ३ बमोजिमको साझेदारी फर्म स्थापना भएको एक महिना भित्र त्यस्तो फर्म दर्ताको लागि दफा ६ बमोजिम सम्बन्धित विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित विभागले दरखास्तसँग सम्बन्धित विवरण जाँची फर्म दर्ता हुन सक्ने देखिएमा तीन दिन भित्र यस ऐन बमोजिम फर्म दर्ता गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम साझेदारी फर्म दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐन बमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन ।"

८ **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६ **फर्म दर्ताको निवेदन र दस्तुर** : (१) दफा ५ बमोजिम फर्म दर्ताको लागि दिने दरखास्तमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :

(क) फर्मको पूरा नाम,

(ख) फर्मको व्यवसाय गर्ने मुख्य ठेगाना,

(ग) फर्मले आफ्नो उद्देश्य कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण ,

(घ) प्रत्येक साझेदारको पूरा नाम, थर र निजको स्थायी ठेगाना,

(ङ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम,

(च) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुरा,

(छ) सीमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सीमा,

(ज) फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(झ) मुनाफा निर्धारण गर्ने तरिका,

(ञ) साझेदारहरु बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,

(ट) सम्बन्धित विभागले खुलाउनु पर्ने भनी तोकिदिएको अन्य कुनै विषयहरु ।"

९ **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :

"७. **फर्मको नाम भ्रमपूर्ण हुन नहुने** : (१) कुनै फर्मको नाम राख्दा पहिले दर्ता भैसकेको कुनै फर्म, कम्पनी, रजिष्ट्रर्ड ट्रेडमार्क, पेटेण्ट, डिजाइन वा अन्तराष्ट्रिय रुपमा ख्याती प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदि सँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम भ्रमपूर्ण हुने वा अनुपयुक्त हुने नाम राखी कुनै फर्म दर्ता गर्न दफा ५ बमोजिम दरखास्त परेमा विभागले त्यस्तो नाम राखी फर्म दर्ता गर्न इन्कार गर्न सक्नेछ र त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले सच्याई फर्म दर्ता गर्न पुनः दरखास्त दिएमा दफा ५ बमोजिम सम्बन्धित विभागले फर्म दर्ता गर्नु पर्नेछ ।

(४) दर्ता भइसकेको कुनै फर्मको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा विभागले तोकिए बमोजिम त्यसको छानवीन गर्नेछ र त्यसरी छानवीन गर्दा फर्मको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिन सक्नेछ ।"

१० **मूल ऐनको दफा ८ मा संशोधन** : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८ **फर्म दर्ताको प्रमाणपत्र दिनु पर्ने** : (१) दफा ६ बमोजिम फर्म दर्ताको लागि दरखास्त परेमा यस ऐन बमोजिम सम्बन्धित विभागको दर्ता कितावमा फर्मको नाम दर्ता गरी साझेदारको नाममा तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फर्म दर्ताको लगत विद्युतीय स्वरुपमा पनि राख्न सकिनेछ ।"

११ **मूल ऐनमा दफा ८क थप** : मूल ऐनको दफा ८ पछि देहाएको दफा ८क. थपिएको छ :-

"८क. **अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम साझेदारी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।"

१२ **मूल ऐनको दफा ९ मा संशोधन** : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९ **यस ऐन बमोजिमको व्यवसाय गर्नुपर्ने** : (१) यो दफा प्रारम्भ हुनु अघि दर्ता भएका साझेदारी फर्मले यस ऐन बमोजिम व्यवसाय सञ्चालन गर्नको लागि यो दफा प्रारम्भ भएको मितिले तीन वर्ष भित्र यस ऐन बमोजिम फर्मको कबुलियतमा परिवर्तन गरी स्वीकृतिको लागि सम्बन्धित विभाग समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएकोमा सम्बन्धित विभागले सात दिन भित्र फर्मको उद्देश्य स्वीकृत गरी जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त नगरे सम्म त्यस्तो व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।"

१३ **मूल ऐनको दफा ११ मा संशोधन** : मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :-

"११ **नवीकरण गर्नुपर्ने** :- (१) यस ऐन बमोजिम दर्ता भएको फर्म प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र नवीकरण गर्नु पर्नेछ ।

(२) फर्म नवीकरणका लागि तोकिएको दस्तुर साथ तोकिएका कागजात र विवरण संलग्न राखी तोकिएको ढाँचाको फारममा सम्बन्धित विभागमा दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा सम्बन्धित विभागले त्यस्तो फर्मको दर्ता किताव, दर्ता लगत र दर्ता प्रमाण पत्रमा नवीकरणको व्यहोरा जनाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम फर्म नवीकरण नगराई सोही नामबाट कुनै फर्म वा व्यवसाय सञ्चालन गर्न सकिने छैन ।

(५) फर्म नवीकरण गर्नको लागि तोकिएको आर्थिक विवरण सहित लेखा परीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म नवीकरणको लागि तोकिएको दस्तुर तिरी बढीमा पाँच वर्षसम्मको लागि एकै पटक फर्मको दर्ता नवीकरण गराउन सकिनेछ ।

(७) उपदफा (६) बमोजिम एक वर्ष भन्दा बढी अवधिको लागि नवीकरण भएको फर्मले प्रत्येक वर्षको तोकिएको अवधि भित्र उपदफा (५) बमोजिमको विवरण पेश गर्नुपर्नेछ र नवीकरण भएको कारणले दफा ११क. बमोजिम विवरण पेश गर्नबाट छूट पाएको मानिने छैन ।

(८) यस दफा बमोजिम तोकिएको अवधिमा फर्म नवीकरण नगरेमा वा तोकिएको विवरण पेश नगरेमा त्यस्तो फर्मले प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न गरी नवीकरण गर्नुपर्ने मिति व्यतित भएको पाँच वर्ष भित्र फर्म नवीकरणका लागि दरखास्त दिन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम दरखास्त दिएमा सम्बन्धित विभागले त्यस्तो फर्म नवीकरण गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको फर्म स्वतः रद्द भएको मानिनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि कुनै कारणवस नविकरण गर्ने म्याद समाप्त भई नविकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो दफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र तोकिए बमोजिम नविकरण गर्न सकिनेछ ।"

१४ **<u>मूल ऐनको दफा ११क. मा संशोधन</u>** : मूल ऐनको दफा ११क. को सट्टा देहाएको दफा ११क. राखिएको छ :

"११क. **<u>सम्बन्धित विभागमा विवरण पेश गर्नु पर्ने</u>** : (१) यस ऐन बमोजिम दर्ता भएको फर्मले तोकिएको ढाँचामा प्रत्येक वर्ष वार्षिक आर्थिक विवरण र लेखा परीक्षण गराई वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धित विभागमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकम भन्दा कम रकमको कारोवार गर्ने फर्मले सम्बन्धित विभागमा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ ।"

१५ **<u>मूल ऐनको दफा ११ख मा संशोधन</u>** : मूल ऐनको दफा ११ख को,-

"(१) (क) उपदफा (१) को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएको छ :-

(क) कुनै फर्मले दफा ११ को अधीनमा रही तोकिएको अवधि भित्र फर्म नवीकरण नगराएमा,

(ग) कुनै फर्मले दफा ११क बमोजिमको विवरण विभागमा पेश नगरेमा,

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

(ग१) कुनै फर्मले फर्म दर्ता हुँदा पेश गरेको कबुलियतमा उल्लेखित उद्देश्य भन्दा फरक उद्देश्यको व्यवसाय सञ्चालन गरेमा,

(२) उपदफा (२) मा रहेका "खण्ड (क), (ग), (घ), (ङ) वा (च) बमोजिम" भन्ने शव्दहरुको सट्टा "खण्ड (क), (ग), (ग१), (घ), (ङ) वा (च) बमोजिम" भन्ने शव्दहरु राखिएका छन् ।"

१६ **<u>मूल ऐनको दफा १२ मा संशोधन</u>** : मूल ऐनको दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र नलेखिएकोमा यस ऐन बमोजिमको व्यवस्था लागू हुन्छ ।"

१७ **<u>मूल ऐनमा दफा १२क र १२ख थप</u>** : मूल ऐनको दफा १२ पछि देहायका दफा १२क. र १२ख. थपिएका छन् :-

"**१२क. <u>साझेदारको दायित्व निर्वाह गर्ने</u> :** कसैले आफ्नो बचन, लिखत वा आचरणबाट जानी जानी कुनै साझेदारी फर्मको साझेदारको रुपमा आफूलाई प्रतिनिधित्व गरेकोमा निजले गरेको प्रतिनिधित्वमा विश्वास गरी कसैले त्यस्तो साझेदारी फर्मलाई ऋण प्रदान गरेकोमा निज त्यस्तो साझेदारीको साझेदार नभए तापनि त्यस्तो ऋण निज आफैले वा फर्म जोसुकैले लिएको भए तापनि त्यस्तो व्यक्तिले त्यस उपरको दायित्व व्यहोर्नु पर्नेछ ।

तर त्यसरी विश्वासमा पारी ऋण लिने व्यक्तिको दायित्व उपर प्रतिकूल नहुने गरी त्यस्तो फर्म आफैले लिएको वा त्यस्तो ऋणबाट कुनै आर्थिक लाभ लिएको हदसम्म सम्बन्धित फर्मले दायित्व व्यहोर्नु पर्नेछ ।

**१२ख. <u>प्रत्येक साझेदार प्रतिनिधि हुने</u> :** कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी फर्मको प्रत्येक साझेदार, त्यस्तो फर्मको व्यवसाय संचालनको प्रयोजनका लागि त्यस्तो साझेदारीको प्रतिनिधि (एजेन्ट) भएको मानिनेछ ।"

१८ **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को,-

"(१) "जम्मा" भन्ने शब्दको सट्टा "सम्पूर्ण" भन्ने शब्द राखिएको छ ।

(२) स्पष्टीकरण मा रहेको "प्रसङ्गबाट अन्य इरादा देखिएकोमा" भन्ने शब्दहरुको सट्टा "अन्यथा प्रमाणित भएकोमा" भन्ने शब्दहरु र "धन हाली" भन्ने शव्दहरुको सट्टा "रकम लगानी गरी" भन्ने शव्दहरु राखिएका छन् ।"

१९ **<u>मूल ऐनमा दफा १३क थप</u>** : मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-

"१३क. **<u>साझेदारको मृत्यु भए पछिको दायित्व</u> :** कुनै साझेदारको मृत्यु भए पछि पनि साझेदारी फर्मको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्यु पछि भएको कुनै काम, कारबाई वा कारोवारको कारणबाट सिर्जना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन ।"

२० **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ मा रहेको "धनमाल" भन्ने शब्दको सट्टा "सम्पत्ती" भन्ने शब्द राखिएको छ ।

२१ **मूल ऐनको दफा १७ मा संशोधन** : मूल ऐनको दफा १७ को उपदफा (१) मा ठाउँ ठाउँमा रहेको "बन्दोबस्तमा" भन्ने शब्दको सट्टा "व्यवस्थापनमा" र उपदफा (२) मा रहेको "अधिकृत गर्न" भन्ने शब्दहरुको सट्टा "अख्तियारी दिन" भन्ने शब्दहरु राखिएको छ ।

२२ **मूल ऐनको दफा १८ मा संशोधन** : मूल ऐनको दफा १८ मा रहेको "हरएक" भन्ने शव्दको सट्टा "प्रत्येक" भन्ने शव्द राखिएको छ ।

२३ **मूल ऐनको दफा २३ मा संशोधन** : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३ **मुनाफा नपाउने** : कुनै साझेदारले फर्मलाई बुझाउनु पर्ने पूँजी वापतको रकम नबुझाएमा बुझाउन बाँकी रकम बराबर सम्मको मुनाफा पाउने छैन ।"

२४ **मूल ऐनको दफा २४ मा संशोधन** : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४ **साझेदारले प्रतिनिधित्व गर्ने** : (१) दफा १७ को अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले फर्मको तर्फबाट गरेको कारोवारका सम्बन्धमा सिर्जना भएको दायित्व फर्मको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कारोवार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारको उजुरी परेमा अदालतले निजलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ ।"

२५ **मूल ऐनको दफा २५ मा संशोधन** : मूल ऐनको दफा २५ को सट्टा देहायको दफा २५ राखिएको छ :-

"२५ **साझेदारले गरेको कारोवारमा फर्मको दायित्व हुने** : (१) कुनै साझेदारले साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा कबुलियत बमोजिम बन्देज लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बन्देज लगाएकोमा सो कुराको जानकारी नपाउने तेस्रो पक्षले फर्मसँग गरेको कारोवारको सम्बन्धमा फर्मको दायित्व हुनेछ ।"

२६ **मूल ऐनको परिच्छेद ४ पछि देहायको परिच्छेद ४क. थपिएको छ** :-

**"परिच्छेद ४क.**

**सीमित दायित्व भएको साझेदारी सम्बन्धी व्यवस्था**

२८क. **सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक साझेदारको दायित्व निजले साझेदारीमा गरेको लगानीको हिस्साको अनुपातमा हुने गरी सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा लगानी गर्ने साझेदारको दायित्व निजले लगानी गरेको वा लगानी गर्न कबुल गरेको साझेदारीको रकमको हदसम्म सीमित हुनेछ ।

(३) उपदफा (२) बमोजिमको साझेदारले निजले गरेको लगानीको अनुपातमा मुनाफा प्राप्त गर्नेछ ।

(४) सीमित दायित्व भएको साझेदारी फर्मले कुनै व्यवसाय सञ्चालन गर्दा त्यस्तो फर्मको नामको पछाडि "(सीमित दायित्व भएको)" वाक्यांश लेख्नु पर्नेछ ।

२८ख. **सीमित दायित्व भएको साझेदारी सञ्चालन** : (१) सीमित दायित्वको साझेदारीको व्यवस्थापन तथा सञ्चालन कबुलियतमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) फर्म दर्ता भइसके पछि उपदफा (१) बमोजिमको कबुलियतमा कुनै कुरा हेरफेर भएमा त्यसको जानकारी सम्बन्धित विभागमा दिनु पर्नेछ ।

२८ग. **सीमित दायित्व भएको साझेदारीको ठेगाना** : (१) सीमित दायित्व भएको साझेदारी फर्मले आफ्नो रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना सम्बन्धित विभागमा पेश गर्नु पर्नेछ र त्यस्तो ठेगानामा गरिएको पत्राचार साझेदारी फर्मको नाममा भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको ठेगानामा परिवर्तन वा हेरफेर भएमा परिवर्तन वा हेरफेर भएको पन्ध्र दिन भित्र सम्बन्धित विभागमा त्यसको जानकारी गराउनु पर्नेछ ।

२८घ. **सीमित दायित्व भएको साझेदारीमा परिवर्तन गर्न सकिने** : यस ऐन बमोजिम असीमित दायित्व भएको साझेदारीको रुपमा दर्ता भएको कुनै फर्मसँग सम्बन्धित कबुलियतमा संशोधन गरी सीमित दायित्वको साझेदारीमा संलग्न गराउने गरी साझेदारहरु बीच सहमति भएमा त्यस्तो साझेदारी सीमित दायित्वको साझेदारीमा परिवर्तन गर्न सकिनेछ ।

२८ङ. **कवुलियतनामा लिखित हुनुपर्ने** : प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको साझेदारी फर्म दर्ता गर्न साझेदार वीच हुने कवुलियतनामा लिखित रुपमा हुनु पर्नेछ ।

२८च **असीमित दायित्व हुने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदारीमा कुनै साझेदारको दायित्वको हिस्सा सीमित हुने गरी र बाँकी साझेदारको हिस्सा असीमित हुने गरी साझेदारी फर्म दर्ता भएको रहेछ भने त्यस्तो साझेदारी फर्म असीमित दायित्व भएको साझेदारी फर्म मानिनेछ ।

तर कवुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक सीमित दायित्व भएको साझेदारको दायित्व निजले भुक्तानी गरेको वा भुक्तानी गर्न कबुल गरेको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

२८छ. **जालसाजपूर्ण कारोबार गरेमा असीमित दायित्व हुने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको कुनै साझेदारी फर्मले साहुहरु वा अन्य कुनै व्यक्तिलाई धोका दिने नियतले कुनै जालसाजपूर्ण कारोबार गरेमा साझेदारी फर्म र त्यस्तो काम गर्ने साझेदारको त्यस्ता साहुहरुको ऋण र अन्य दायित्व उपर व्यक्तिगत रुपमा दायित्व रहनेछ र निजले साझेदारीमा गरेको लगानी रकमबाट त्यस्तो दायित्व पूरा नभएमा निजको घर घरानाबाट असुल उपर हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "जालसाजपूर्ण कारोबार" भन्नाले साहुलाई साझेदारी फर्मको गलत सूचना दिई ऋण लिने, ऋणको साँवा वा व्याज र अन्य शुल्क भुक्तानी नगरी ठग्ने वा साहुको अनुमति बिना भुक्तानी दिन अनुचित ढिलो गर्ने वा साहूको ऋण असुल उपर गर्ने अधिकार वा अन्य कुनै व्यक्तिप्रति रहेको दायित्वलाई प्रतिकूल हुने वा साहुलाई दिएको धितो जमानतमा नोक्शान पुग्ने गरी बदनियतपूर्वक गरेको फर्मको कारोबार सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म वा त्यसको कुनै साझेदारले जालसाजपूर्ण कारोबार गर्दा अन्य साझेदारलाई त्यसको जानकारी भएको वा त्यस्तो कारोबार गर्न अख्तियारी वा सहमति दिएको रहेछ भने त्यसरी जानकारी प्राप्त गर्ने वा अख्तियारी दिने वा सहमति दिने साझेदारको पनि दायित्व असीमित हुनेछ ।

तर फर्मको व्यवसाय सञ्चालनमा भाग नलिने वा फर्मको व्यवस्थापनमा संलग्न नरहेको साझेदारलाई यो व्यवस्था लागू हुने छैन ।

२८ज. **सीमित दायित्व भएको साझेदारीको दायित्व**: (१) सीमित दायित्व भएको साझेदारी फर्मको कारोबार गर्दा वा कुनै साझेदारलाई प्राप्त अख्तियारी प्रयोग गर्दा सिर्जना भएको कुनै पनि दायित्व साझेदारी फर्मको दायित्व मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदारले गरेको देहायको कारोबारका सम्बन्धमा साझेदारी फर्मको दायित्व सिर्जना हुने छैन :

(क) त्यस्तो साझेदारलाई अख्तियारी नदिएको कारोबार,

(ख) जुन व्यक्तिसँग कारोबार भएको छ त्यस्तो व्यक्तिलाई त्यस्तो साझेदारलाई त्यस्तो कारोबार गर्न अख्तियारी नभएको जानकारी भएको वा निजलाई त्यस्तो व्यक्ति साझेदार नभएको जानकारी भएको वा जानकारी हुनु पर्ने कारण भएको कारोबार ।

(३) उपदफा (१) बमोजिमको दायित्व सीमित दायित्व भएको साझेदारी फर्मको सम्पत्तिबाट व्यहोर्नु पर्नेछ ।

२८झ. **अन्य व्यवस्था लागू हुने** : यस परिच्छेदमा लेखिएका व्यवस्थालाई प्रतिकूल नहुने गरी यस ऐनमा उल्लेख भएका अन्य व्यवस्था आवश्यक हेरफेर सहित

(मुटाटिस मुटाण्डिस) सीमित दायित्व भएको साझेदारीका सम्वन्धमा पनि लागू हुनेछन् ।"

२७ **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :

"२९ **साझेदारी बिघटन हुने** : (१) साझेदारहरुको मञ्जुरी वा कबुलियत बमोजिम जुनसुकै वखत साझेदारी विघटन हुन सक्नेछ ।

तर सीमित दायित्व भएको साझेदारी विघटन गर्दा विघटन गर्नु अघि दायित्व फछ्र्यौट गर्न लिक्वीडेटर नियुक्ती गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी बिघटन गर्दा साझेदारहरुले निर्धारण गरे बमोजिम साझेदारीको दायित्व फछ्र्यौट विघटन गर्न सक्नेछन् ।

तर साझेदार वीच दायित्व फछ्र्यौट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून बमोजिम लिक्वीडेटर नियूक्ती गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियूक्त लिक्वीडेटरले प्रचलित कानून बमोजिम फर्मको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन विभागमा पेश गर्नेछ ।"

२८ **मूल ऐनको दफा ३१ मा संशोधन :** मूल ऐनको दफा ३१ को खण्ड (ग) मा रहेका "हक अदालतबाट" भन्ने शब्दहरुको सट्टा "हक प्रचलित कानून बमोजिम अदालतबाट" भन्ने शब्दहरु राखिएका छन् ।

२९ **मूल ऐनको दफा ३३ मा संशोधन :** मूल ऐनको दफा ३३ को ठाउँ ठाउँमा रहेका "तुरुन्त" भन्ने शब्दको सट्टा "स्वतः" भन्ने शब्द राखिएको छ ।

३० **मूल ऐनको दफा ३९ मा संशोधन** : मूल ऐनको दफा ३९ को सट्टा देहाएको दफा ३९ राखिएको छ :

"३९ **विभागले लिक्वीडेटर नियुक्ती गर्न सक्ने** : (१) साझेदारी फर्मको हिसाव किताव सम्बन्धमा साझेदारहरु वीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा विभागले त्यस्तो फर्मको हिसाव जाँच गर्न लेखा परीक्षक नियूक्त गर्न सक्नेछ ।

(२) लेखा परीक्षकले पेश गरेको हिसाव किताव वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नु पर्ने देखिएमा विभागले प्रचलित कानून बमोजिम लिक्वीडेटर नियूक्त गर्न सक्नेछ ।

(३) दफा २९ वा यस दफा बमोजिम नियुक्त लिक्वीडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिम प्राइभेट कम्पनी दामासाहीमा परेका वखत लिक्वीडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लेखा परीक्षक र लिक्वीडेटर सम्बन्धित विभाग प्रति उत्तरदायी हुनु पर्नेछ ।"

३१ **मूल ऐनमा दफा ३९क थप** : मूल ऐनको दफा ३९ पछि देहायको दफा ३९क. थप गरिएको छ :

“३९क. **साझेदारहरु बीचको विवाद** : (१) दफा ३९ मा उल्लेख भएको अवस्थामा बाहेक साझेदारहरु बीच साझेदारीका सम्वन्धमा कुनै विवाद उत्पन्न भई सम्बन्धित विभागमा उजुरी परेमा विभागले त्यस्तो विवाद समाधान गर्न तोकिए बमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित विभागले दिएको आदेशमा चित्त नबुझेमा पैतिस दिन भित्र अदालतमा पुनरावेदन गर्न सकिनेछ ।”

३२ **मूल ऐनको दफा ४१ मा संशोधन** : मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ :

“४१ **जरिवाना** : कसैले देहायको कुनै काम गरे वा गराएमा सम्बन्धित विभागले देहाय बमोजिमको जरिवाना गर्ने आदेश दिन सक्नेछ :-

(क) दफा ५ बिपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई दश हजार रुपैंयांसम्म,

(ख) दफा ६ बिपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई वीस हजार रुपैंयांसम्म,

(ग) दफा १० बिपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई वीस हजार रुपैंयांसम्म,

(घ) दफा ११ बिपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई दश हजार रुपैंयांसम्म,

(ङ) दफा १२क. विपरितको कुनै काम गरे वा गराएमा वीस हजार रुपैयाँसम्म,

(च) दफा २८क को उपदफा (४) पालना नगरेमा एक लाख रुपैयाँसम्म,

(छ) दफा २८च वा दफा २८छ विपरित कुनै काम गरे वा गराएमा पचास हजार रुपैयाँसम्म ।”

३३ **मूल ऐनमा दफा ४२क पछि ४२ख थप** : मूल ऐनको दफा ४२क. पछि देहायको ४२ख. थपिएको छ :-

“४२ख. **प्रदेश कानून बमोजिम साझेदारी फर्म दर्ता गर्न सकिने** : (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको अधिकार क्षेत्र भित्र रहने व्यवसाय सञ्चालन गर्नका लागि प्रदेश कानून बमोजिम साझेदारी फर्म स्थापना र दर्ता गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कानूनमा अन्य कुराको अतिरिक्त प्रदेशमा दर्ता हुने साझेदारी फर्मको दर्ता, सञ्चालन र नियमन सम्बन्धी प्रावधानहरु रहनेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कानून प्रारम्भ नभए सम्म सम्बन्धित प्रदेश भित्र व्यवसाय सञ्चालन गर्ने फर्म नेपाल सरकार अन्तर्गत रहेको विभागमा दर्ता गर्न वाधा पर्ने छैन ।”

३४ **मूल ऐनमा दफा ४३क. थप** : मूल ऐनको दफा ४३ पछि देहायको ४३क. थपिएको छ :-

"४३क. **कवुलियतनामाको ढाँचा** : (१) सम्बन्धित विभागले उद्योग, वाणिज्य वा व्यापार सम्बन्धी एकल उद्देश्य भएको सीमित दायित्व भएको र असीमित दायित्व भएको साझेदारीको छुट्टा-छुट्टै तोकिए बमोजिम कवुलियतनामाको ढाँचा तयार गर्नेछ ।

(२) सम्बन्धित विभागले उपदफा (१) बमोजिमको ढाँचा आफ्नो वेव साइटमा पनि राख्ने छ ।

(३) साझेदारहरुले दफा ६ बमोजिमको विवरण खुलाई उपदफा (१) बमोजिमको कवुलियतनामालाई नै आफ्नो कवुलियतनामाको रुपमा स्वीकार गरी सहीछाप गर्ने मञ्जुर गरेमा जुन दिन फर्म दर्ता गर्नको लागि दरखास्त दिएको छ सोही दिन र सो दिन प्राविधिक कारण संभव भएमा सोको भोलिपल्ट फर्म दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ ।"

३५ **रुपान्तर** : मूल ऐनको ठाउँ-ठाउँमा रहेका "बेगर" भन्ने शब्दको सट्टा "विना" र "उनाउ व्यक्ति" भन्ने शब्दहरुको सट्टा "तेस्रो पक्ष" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

## (५) सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : संघ र संस्था खोल्ने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैर सरकारी क्षेत्रमा स्थापना हुने सामाजिक तथा नागरिक समाजका संस्थाहरुलाई सामाजिक सेवा, पर्यावरणीय तथा नागरिक अधिकार संरक्षण तथा सामाजिक विकासमा संलग्न गराउन, त्यस्ता संस्थाहरुको स्थापना, दर्ता र व्यवस्थापनको नियमन गर्न, त्यस्ता संस्थाहरुले सम्पादन गर्ने काम, कारबाईलाई जवाफदेही र पारदर्शी बनाउन र सामाजिक संस्थाको दीगोपना सुनिश्चित गरी राष्ट्रिय विकास र समृद्धिको मूल प्रवाहमा त्यस्ता संस्थाको भूमिका प्रवर्द्धन गर्न सामाजिक तथा नागरिक संस्था दर्ता तथा संचालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम “सामाजिक संस्था ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अन्तर्राष्ट्रिय गैर सरकारी संस्था” भन्नाले अन्तर्राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम मान्यता प्राप्त अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र संघको महासभामा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको रुपमा पर्यवेक्षकको हैसियत प्राप्त संस्थालाई समेत जनाउनेछ ।

(ख) “कार्यकारी समिति” भन्नाले संस्थाको कार्यकारी समिति सम्झनु पर्छ र सो शब्दले तदर्थ समिति समेतलाई जनाउनेछ ।

(ग) “पंजिकाधिकारी” भन्नाले दफा ३१ वा ३३ बमोजिमको केन्द्रीय पंजिकाधिकारी, प्रदेश पंजिकाधिकारी र स्थानीय पंजिकाधिकारी सम्झनु पर्छ ।

(घ) “परिषद” भन्नाले दफा ३८ बमोजिमको सामाजिक विकास निर्देशक परिषद सम्झनु पर्छ ।

(ङ) “विधान” भन्नाले संस्थाको विधान सम्झनु पर्छ ।

(च) “विनियमावली” भन्नाले संस्थाको विनियमावली सम्झनु पर्छ ।

(छ) “विदेशी गैर सरकारी संस्था” भन्नाले विदेशी राज्यको कानून बमोजिम दर्ता वा संस्थापना भएको गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ज) “सदस्य” भन्नाले संस्थाको साधारण सदस्य, आजीवन सदस्य वा अन्य कुनै किसिमको सदस्य सम्झनु पर्छ ।

(झ) "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, वौद्धिक, अनुसन्धानमूलक, शारीरिक, व्यावसायिक, परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनु पर्छ र सो शब्दले संस्थाहरुको महासंघ वा विदेशी मुलुकसँग जनमैत्री वा साँस्कृतिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले स्थापना हुने मैत्री संघ वा साँस्कृतिक संघ समेतलाई जनाउनेछ ।

(ञ) "साधारण सभा" भन्नाले दफा १५ बमोजिमको संस्थाको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद - २

## संस्थाको स्थापना, दर्ता तथा संचालन

३. **संस्था स्थापना गर्ने नागरिक स्वतन्त्रता :** (१) प्रत्येक नेपाली नागरिकलाई अन्य नेपाली नागरिकसँग मिली यस ऐन वा प्रचलित कानूनको अधीनमा रही सामाजिक संघ संस्था खोल्ने, स्थापना गर्ने र संचालन गर्ने स्वतन्त्रता हुनेछ ।

(२) उपदफा (१) बमोजिमको स्वतन्त्रता प्रयोग गर्दा नागरिकले यस ऐन वा प्रचलित कानून बमोजिमको सुविधा, सहुलियत र छूट प्रयोग गर्न सक्ने र कर्तव्यको पालना तथा दायित्व निर्वाह गर्नु पर्नेछ ।

४. **संस्थाको सदस्यता प्राप्त गर्ने** : प्रत्येक नागरिकलाई यस ऐनको अधीनमा रही कुनै पनि संस्थाको सदस्यता प्राप्त गर्ने, त्यस्तो संस्थाको सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो संस्थाको सदस्यता अन्य नागरिकलाई वितरण गर्ने वा त्यस्तो संस्थाको संचालनको प्रयोजनका लागि कानून बमोजिम कुनै स्रोत वा रकम संकलन गर्ने स्वतन्त्रता हुनेछ ।

**५.** **संस्था दर्ता गराउनु पर्ने** : (१) दफा ३ बमोजिम कुनै संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले त्यस्तो संस्था पंजिकाधिकारी समक्ष दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पंजिधिकारीबाट संस्था दर्ता भएमा संस्था स्थापना भएको वा खोलिएको मानिनेछ ।

६. **संस्था दर्ता गराउन निवेदन दिने** : (१) संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले देहायको विवरण सहित संस्था दर्ता गर्नको लागि पंजिकाधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :

(क) संस्थाको नाम :

(ख) संस्थाको प्रमुख उद्देश्य :

(ग) संस्थाको कार्यक्षेत्र :

(घ) संस्थाको आयस्रोत :

(ङ) संस्थाको कार्यालय रहने ठेगाना :

(च) संस्था दर्ता गराउनका लागि तदर्थ समिति गठन भएको वा नभएको विवरण :

(छ) तदर्थ समिति गठन भएको भए त्यस्तो समितिका पदाधिकारीको नामावली :

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :

(क) संस्थाको प्रस्तावित विधानको दुई प्रति,

(ख) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकको नागरिकताको प्रमाणपत्र, नावालिग भए नेपाली नागरिक भएको प्रमाणित गर्ने कुनै परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको फोटो प्रतिलिपि,

(ग) संस्थाको पहिचान जनाउने कुनै चिन्ह भए त्यसको नमूना,

(घ) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकले प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नु पर्ने कर बाँकी नरहेको लिखित उद्घोषण,

(ङ) संस्था स्थापना नभएसम्मका लागि व्यवस्थापन कार्य सम्पादन गर्ने तदर्थ समितिका पदाधिकारीको रुपमा रहने व्यक्ति र त्यस्ता व्यक्तिको मंजुरी ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा पंजिकाधिकारीले आवश्यक अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको एक्काइस दिनभित्र संस्था दर्ता गर्न सकिने वा दर्ता गर्न नसकिने निर्णय गरी निवेदकलाई कारण सहित लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अध्ययन वा जाँचबुझ गर्दा प्रस्तावित संस्थाको उद्देश्य वा काम कारबाईका सम्बन्धमा कुनै कुरा स्पष्ट गर्न आवश्यक भएमा पंजिकाधिकारीले सम्बन्धित निवेदकलाई आग्रह गर्न वा कुनै कागजात माग गर्न सक्नेछ र त्यसरी कुनै कागजात माग भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो कुरा स्पष्ट गर्नु वा माग बमोजिमको कागजात उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसको जानकारी पाएको पैतिस दिनभित्र स्थानीय स्तरको संस्था दर्ताका सम्बन्धमा निर्णय भएको भए सम्बन्धित जिल्ला अदालत र अन्य स्तरका संस्था दर्ताका सम्बन्धमा निर्णय भएको भए सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

७. **<u>संस्था दर्ता गर्न इन्कार गर्न सकिने</u>** : (१) देहायको अवस्थामा पंजिकाधिकारीले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछ :-

(क) संस्थाको नाम, चिन्ह वा उद्देश्य वा काम कारबाई मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रियता एकता वा राष्ट्रिय स्वाधीनता प्रतिकूल हुने देखिएमा,

(ख) संस्थाको नाम, उद्देश्य वा काम कारबाई नेपालको संविधान वा प्रचलित कानून विपरित भएमा वा दफा २१ बमोजिम

संस्थाले गर्न नहुने वा गर्न नसक्ने कामसँग सम्बन्धित देखिएमा,

(ग) संस्थाको उद्देश्य वा काम कारबाई सर्वसाधारणको शिष्टता, मर्यादा, सदाचार वा सार्वजनिक नैतिकता प्रतिकूल भएको देखिएमा,

(घ) संस्थाको नाम संस्था दर्ताको लागि दफा ६ बमोजिम निवदेन दिनु भन्दा अघि नै दर्ता भइसकेको अन्य कुनै संस्थाको नामसँग हुबहु मिलेको वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने वा द्विविधा पार्ने प्रकृतिको भएमा,

(ङ) दफा ६ को उपदफा (४) बमोजिमको कागजात वा विवरण उपलब्ध नगराएमा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था उत्पन्न भएको कारणले संस्था दर्ता गर्न नसकिने भएमा पंजिधिकारीले सोको कारण खुलाई  त्यस्तो अवस्थामा सुधार गरी विधानको मसौदा पेश गर्न पन्ध्र दिनको समय दिनेछ र सो बमोजिम सुधार गरेको विवरण पेश गरेमा पंजाधिकारीले संस्था दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण पेश नभएमा त्यस्तो निवेदन स्वतः निष्कृय  हुनेछ ।

८. **संस्था दर्ताको प्रमाणपत्र** : (१) दफा ६ को उपदफा (३) वा दफा ७ को उपदफा (२) बमोजिम पंजिकाधिकारीले संस्था दर्ता गर्ने निर्णय गरेमा निवेदकले तोकिए बमोजिमको संस्था दर्ता दस्तूर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दस्तूर बुझाएमा पंजिकाधिकारीले संस्था दर्ता गरी तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र र निजले प्रमाणित गरेको एक प्रति विधान निवेदकलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रमाणपत्र देखिने गरी संस्थाको कार्यालयमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भएमा संस्था स्थापना भएको मानिनेछ र संस्थाले यस ऐन वा प्रचलित कानून बमोजिम सामाजिक कार्य गर्न वा गराउन सक्नेछ ।

९. **संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्ने** : (१) यस ऐन बमोजिम दर्ता भएको संस्था कानूनी व्यक्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको संस्था एक स्वायत्त संस्था हुनेछ र सोही हैसियतमा यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त गर्ने अधिकार, सुविधा र छूट प्रयोग गर्न, जिम्मेवारी र दायित्व निर्वाह गर्न र कर्तव्यको पालना गर्न सक्नेछ ।

१०. **संस्थाको विधान** : (१) आफ्नो उद्देश्य सुनिश्चित गरी कार्यान्वयन गर्न, संस्थाको कार्य सम्पादन र आन्तरिक काम, कारबाईलाई संचालन र व्यवस्थापन गर्न प्रत्येक संस्थाको एक विधान हुनेछ ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्था दर्ता भएपछि स्वतः विधान प्रारम्भ भएको मानिनेछ ।

(३) विधान सदस्यहरुको लागि एक बाध्यात्मक लिखत हुनेछ र यसको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(४) विधानमा अनुसूचीमा उल्लिखित विषयहरु समावेश भएको हुनु पर्नेछ ।

(५) संस्थाले यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही संस्थाको कार्य सम्पादन सम्बन्धी कार्यविधिगत विषयहरु निर्धारण गर्न आवश्यक विनियमावली बनाउन सक्नेछ ।

११. **विधान संशोधन** : (१) संस्थाको तत्काल कायम रहेका कूल सदस्य मध्ये कम्तिमा दुई तिहाई सदस्य उपस्थित भएको साधारण सभाको बैठकमा कम्तिमा दुई तिहाई बहुमतबाट विधानको संशोधन पारित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पारित भएको विधानको संशोधन स्वीकृतिका लागि पंजिकाधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ७ बमोजिम इन्कार गर्न सकिने प्रकृतिको भएको नदेखिएमा पंजिकाधिकारीले निवेदन प्राप्त भएको एक्काइस दिनभित्र संशोधन स्वीकृत भएको लिखित जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अंग हुनेछ र स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ हुनेछ ।

१२. **संस्थाको नवीकरण** : (१) दफा ८ को उपदफा (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाणपत्र जुन आर्थिक वर्षमा दर्ता भएको हो सोही आर्थिक वर्षका लागि बहाल रहनेछ र त्यसपछि दफा ५१ र ५२ को अधीनमा रही प्रत्येक आर्थिक वर्ष प्रारम्भ हुनु भन्दा कम्तिमा एक महिना अघि नवीकरण गराउनु पर्नेछ ।

तर पहिलो पटक दर्ता भएको संस्था भए दर्ता भएको एक वर्षभित्र नवीकरण गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराएको प्रमाणपत्र सोही आर्थिक वर्षका लागि मान्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले एकैपटक पाँच आर्थिक वर्षसम्मका लागि नवीकरण गराउन चाहेमा त्यस्तो संस्थाले बढीमा पाँच वर्षको लागि एकमुष्ट नवीकरण दस्तूर भुक्तानी गरी नवीकरण गराउन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएका भए तापनि त्यसरी नवीकरण गराएको कारणले मात्र दफा २२ बमोजिमको प्रतिवेदन पेश गर्ने जिम्वेवारीबाट त्यस्तो संस्थाले छूट पाएको मानिने छैन ।

## परिच्छेद - ३

## संस्थाको सदस्यता तथा संगठनात्मक स्वरुप

१३. **सदस्यता** : (१) कार्यकारी समितिले विधानको अधीनमा रही कुनै पनि नेपाली नागरिकलाई संस्थाको देहाय बमोजिमको कुनै सदस्यता वितरण गर्न सक्नेछ :

(क) साधारण सदस्यता,

(ख) आजीवन सदस्यता,

(ग) विधानमा व्यवस्था भए बमोजिम अन्य कुनै किसिमको सदस्यता ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३१ को उपदफा (१) को खण्ड (ग) वा (च) बमोजिमको संस्था दर्ता गर्नको लागि सो उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) कार्यकारी समितिले संस्थाको साधारण सदस्यता वा सह-सदस्यता वितरण गर्दा विधानको अधीनमा रही धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारिरीक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, उत्पत्ति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न सक्ने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्यसँग मिल्ने गरी समान उद्देश्य भई नेपालमा दर्ता भएको कुनै पनि संगठित संस्थालाई संस्थाले विधानको अधीनमा रही संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ ।

तर सामाजिक संस्थाको महासंघ गठन गर्दा वा संगठित संस्थाको सामाजिक संस्था गठन गर्दाको अवस्थामा बाहेक संगठीत संस्थालाई दफा ६ को उपदफा (१) को प्रयोजनको लागि गणना गरिने छैन ।

(५) उपदफा (४) बमोजिमको संस्थागत सदस्यले तोकेको प्रतिनिधिले संस्थाको काम, कारबाई र बैठकमा साधारण सदस्य सरह भाग लिन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्य पूरा गर्न विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने कुनै नेपाली वा विदेशी विशिष्ट व्यक्तिलाई संस्थाले मानार्थ सदस्यता वितरण गर्न सक्नेछ ।

तर त्यस्तो सदस्यले साधारण सभामा मतदान गर्न वा कार्यकारी समितिको उमेद्वार हुन सक्ने छैन ।

(७) संस्थाले यस दफा बमोजिम वितरण गरेको सदस्यताको विवरण अध्यावधिक राख्नु पर्नेछ ।

(८) सदस्यता वितरण तथा मतदान सम्बन्धी अन्य व्यवस्था विधान बमोजिम हुनेछ ।

१४. **कार्यकारी समिति** : (१) सदस्यले साधारण सभाबाट आफू मध्येबाट विधानमा व्यवस्था भए बमोजिमका पदाधिकारी तथा सदस्य रहेको कम्तिमा सात जनाको एक कार्यकारी समितिको निर्वाचन गर्ने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा व्यवस्था भएको तदर्थ समिति संस्था स्थापना भएपछि स्वतः कार्यकारी समितिमा रुपान्तर हुनेछ र संस्थाको प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि सो हैसियतमा बहाल रहने छ ।

(३) यस ऐन वा विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम, कारबाई उपदफा (१) बमोजिमको कार्यकारी समितिले गर्नेछ र संस्थाको तर्फबाट भएका काम कारबाई प्रति जवाफदेही हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कार्यकारी समिति समावेशी प्रकृतिको र त्यसका कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ ।

(५) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यकारी समितिका पदाधिकारी र सदस्यको पदावधि निजहरुले पदवहाली गरेको मितिबाट गणना हुने गरी तीन वर्षको हुनेछ ।

(६) संस्थाले कार्यकारी समितिका पदाधिकारी र सदस्य वा त्यसमा भएको हेरफेरको विवरण निर्वाचन वा त्यसरी हेरफेर भएको तीस दिन भित्र पंजिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(७) कुनै एक संस्थाका कार्यकारी समितिका पदाधिकारी र सदस्य समान उद्देश्य भएको अन्य संस्थाको कार्यकारी समितिको पदाधिकारी र सदस्य रहन सक्ने छैन ।

तर-

(१) त्यस्तो संस्थाको सदस्य हुन, मतदान गर्न वा संस्थाका अन्य काम, कारबाईमा सहभागी हुन बाधा पर्ने छैन ।

(२) कुनै कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले त्यस्तो संस्थालाई प्रतिनिधित्व गर्ने महासंघ वा त्यसको पदाधिकारी हुन बाधा पर्ने छैन ।

(८) पंजिकाधिकारीले उपदफा (५) बमोजिमको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ ।

(९) कार्यकारी समितिको वैठक सम्बन्धी कार्यविधि र कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

१५. **साधारण सभा** : (१) प्रत्येक वर्ष कम्तिमा एक पटक संस्थाको साधारण सभा वस्नु पर्नेछ, र त्यस्तो सभालाई वार्षिक साधारण सभा मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको साधारण सभामा संस्थाका सदस्यहरु उपस्थित हुन र सभाको बैठकमा सहभागी हुन सक्नेछन् ।

(३) वार्षिक साधारण सभा बोलाउने तथा साधारण सभाको कार्यविधि, काम, कर्तव्य र अधिकार यसले सम्पादन गर्ने कामको कार्यविधि तथा त्यस सम्बन्धी अन्य व्यवस्था विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

१६. **विशेष साधारण सभा** : (१) विधानमा व्यवस्था भएको अवस्था र शर्तमा संस्थाको विशेष साधारण सभा बस्न सक्नेछ ।

(२) विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार तथा त्यसको बैठक सम्बन्धी कार्यविधि विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## संस्थाको कार्य संचालन तथा त्यसको नियमन

१७. **संस्थाको कार्यक्षेत्र** : (१) संस्थाले कार्य सम्पादन गर्ने भौगोलिक कार्य क्षेत्र विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम भौगोलिक कार्य क्षेत्र उल्लेख गर्दा संस्थाले आफ्नो काम, कारबाई राष्ट्रिय, प्रदेश, स्थानीय तह वा त्यसको कुनै वडा वा टोल कुन स्तरमा सञ्चालन वा विस्तार गर्ने हो सो कुरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(३) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न कुनै काम, कारबाई सञ्चालन गर्दा उपदफा (२) मा उल्लेख भएको भौगोलिक कार्य क्षेत्रको सीमा भित्र सीमित रहनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कार्यक्षेत्रमा आफ्नो काम, कारबाई सञ्चालन गर्न अधिकार प्राप्त कुनै संस्थासँग साझेदारीमा काम गर्न आपसमा सहकार्य गर्न वा त्यस्तो संस्थालाई कुनै किसिमले सहयोग गर्न अर्को कार्य क्षेत्रका लागि अधिकार प्राप्त संस्थालाई बाधा पुऱ्याएको मानिने छैन ।

(५) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई संचालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र आफ्नो विधान संशोधन गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ र त्यसको सूचना पंजिकाधिकारीलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचना नदिएमा त्यस्तो संस्थाको कार्यक्षेत्र स्वतः निष्कृय हुनेछ ।

१८. **संस्थाको वर्गीकरण** : (१) संस्थाले विधान बमोजिम आफ्नो उद्देश्य पूरा गर्दा कुन प्रकृतिको संस्थाको हैसियतमा कार्य सम्पादन गर्ने हो सो कुरा विधानमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि संस्थालाई अन्य कुराको अतिरिक्त देहायका प्रकृतिको रुपमा तोकिए बमोजिम वर्गीकरण गर्नु पर्नेछ :

(क) सचेतना प्रवर्द्धन वा जागरण,
(ख) अधिकारको पैरबी वा प्रवर्द्धन,
(ग) सामाजिक कल्याण वा परोपकार,
(घ) सामाजिक सेवा वा सामाजिक परिचालन,
(ङ) पर्यावरण वा वातावरण संरक्षण,
(च) सामाजिक न्याय,
(छ) सामुदायिक विकास,
(ज) सुशासन, लोकतन्त्र वा लैङ्गिक न्याय तथा समावेशी विकास,
(झ) उपभोक्ता हित र सरोकार संरक्षण,
(ञ) अध्ययन वा अनुसन्धान,
(ट) पेशागत हित प्रवर्द्धन र संरक्षण,
(ठ) धार्मिक वा साँस्कृतिक प्रवर्द्धन,
(ड) विकास निर्माणका आयोजना कार्यान्वयन,

(ढ) तोकिए बमोजिमको अन्य प्रकृति ।

(३) संस्थाले आफ्नो विधानमा जुन प्रकृतिको वर्गीकरणमा दर्ता हुँदाका बखत आफूलाई राखेको छ सोही प्रकृतिको उद्देश्यमा सीमित रही आफ्नो उद्देश्य कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढी प्रकृतिको उद्देश्य कार्यान्वयन गर्नका लागि कुनै संस्था दर्ता भएको भए तोकिए बमोजिमको दस्तूर भुक्तानी गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि दर्ता भइसकेका संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र उपदफा (२) बमोजिम वर्गीकरण हुन पंजिकाधिकारीलाई लिखित सूचना दिनु पर्नेछ ।

१९. **संस्थाले गर्न सक्ने काम** : (१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही आवश्यक काम गर्न सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम उद्देश्यसँग निकटतम सम्बन्ध राख्ने अन्य आवश्यक काम पनि गर्न सक्नेछ ।

(३) उपदफा (१) तथा (२) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी संस्थाले खास गरी देहायका काम गर्न वा गराउन सक्नेछ :

(क) आफ्ना उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तर्जूमा गर्ने र त्यसको कार्यान्वयन गर्ने,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउने,

(ग) विधानको अधीनमा रही आफ्नो कार्य क्षेत्र भित्र शाखा कार्यालय खोल्ने र त्यस मार्फत कार्य सम्पादन गर्ने,

(घ) संस्थाको बजेट तर्जूमा गरी कार्यान्वयन गर्ने,

(ङ) आफ्नो उद्देश्य पूरा गर्नका लागि सदस्यहरुलाई वा स्वयम सेवकलाई परिचालन गर्ने,

(च) आफ्नो उद्देश्य कार्यान्वयन गर्न कर्मचारी, कामदार वा सल्लाहकार नियुक्ति गर्ने र निजहरुको पारिश्रमिक, सुविधा र सेवाका शर्त निर्धारण गर्ने,

(छ) संस्थाको चल वा अचल, भौतिक वा अभौतिक र मूर्त वा अमूर्त सम्पत्तिको संरक्षण गर्ने,

(ज) आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सामाग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने,

(झ) खण्ड (ज) बमोजिमका सामाग्री बिक्री वितरण गर्ने,

(ञ) सामाजिक सचेतना र सामाजिक जागरण प्रवर्द्धन गर्ने,

(ट) कुनै व्यक्ति, संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त दान, अनुदान वा सहायता स्वीकार गर्ने,

(ठ) नागरिक संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्ने,

(ड). राष्ट्रिय एकता र सामाजिक सद्भाव प्रवर्द्धन गर्ने,

(ढ) सामाजिक सेवा र स्वयम्सेवी भावनाको प्रवर्द्धन र विस्तार गर्ने,

(ण) नेपाल बाहिर पनि काम गर्न सक्ने उद्देश्य भएको संस्था भए सम्बन्धित मुलुकको कानूनको अधीनमा रही त्यस्तो मुलुकमा सञ्जाल विस्तार गर्ने ।

(४) संस्थाले उपदफा (३) को खण्ड (च) बमोजिम कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धाबाट गर्नु पर्नेछ ।

तर कुनै खास काम गर्न एक वर्षभन्दा कम अवधिका लागि नियुक्त गर्दा खुला प्रतिस्पर्धा गराउनु पर्ने छैन ।

२०. <u>**अनुमति प्राप्त गर्नु पर्ने**</u> : (१) संस्थाले दफा १९ बमोजिम आफ्नो उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्न सक्ने अन्य काम गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको छुट्टै अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्ने रहेछ भने त्यस्तो काम गर्नु अघि संस्थाले त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्नु पर्नेछ र संस्था दर्ता भएको वा विधान स्वीकृत भएको कारणले मात्र संस्थाले त्यस्तो उद्देश्य पूरा गर्न वा उद्देश्य पूरा गर्न सम्पादन गर्ने अन्य काम गर्न स्वतः त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको मानिने छैन ।

(२) राष्ट्रिय स्तर वा प्रदेश स्तरको संस्थाले कुनै परियोजना वा कार्यक्रम स्थानीय तहको स्तरमा कार्यान्वयन वा संचालन गर्नु अघि सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

तर परियोजना कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहको समन्वयमा गर्नु पर्नेछ ।

२१. <u>**संस्थाले गर्न नहुने र गर्न नसक्ने काम**</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुँदैन :-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा खलल पार्ने,

(ख) मुलुकको विरुद्ध जासुसी गर्ने वा गराउने,

(ग) संस्थाको जानकारीमा आएको राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

(घ) नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

(ङ) कानून बमोजिम राज्यद्रोह हुने,

(च) संघीय इकाईबीचको सुसम्बन्ध खलल पार्ने,

(छ) जातिय वा साम्प्रदायिक विद्वेष फैलाउने,

(ज) विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने,

(झ) हिँसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिँसाको प्रचार प्रसार गर्ने वा गराउने ।

(२) उपदफा (१) मा उल्लेख भएको कामका अतिरिक्त संस्थाले देहायका काम गर्न सक्ने छैन :-

(क) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशा संचालन गर्ने वा मुनाफा कमाउने वा मुनाफा वितरण गर्ने कुनै काम गर्ने वा गराउने,

**स्पष्टीकरण** : संस्थाले आफ्नो कोषको रकम बैंकमा जम्मा गरेको वा तत्काल संस्थालाई आवश्यक नपर्ने रकम कुनै लगानी गरेको वा यस ऐन बमोजिम सार्वजनिक कल्याणको लागि कुनै परियोजना कार्यान्वयन गरेको कारणबाट प्राप्त गर्ने मनासिव प्रतिफललाई व्यापार वा मुनाफा कमाएको मानिने छैन ।

(ग) दलगत राजनीतिक काम, कारबाई संचालन गर्ने वा कुनै दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा गराउने,

(घ) उपदफा (१) मा लेखिएकोमा बाहेक प्रचलित कानून प्रतिकूल हुने अन्य कुनै काम गर्ने वा गराउने ।

(३) उपदफा (२) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम लघुवित्त कार्यक्रम संचालन गर्न अधिकारप्राप्त अधिकारीबाट अनुमति प्राप्त संस्थालाई त्यस्तो कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

(४) संस्थाले वा संस्थाको तर्फबाट उपदफा (१) वा (२) बमोजिमको कुनै काम गरेको भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्बन्धित संस्थाको कार्यकारी समितिका पदाधिकारी जिम्मेवार रहने छन् ।

(५) उपदफा (१) वा (२) बमोजिमको कुनै काम संस्था भित्र वा संस्थाका पदाधिकारी वा कर्मचारीले गरेको कुरा संस्थालाई जानकारी भए पछि सम्बन्धित संस्थाले त्यस्तो कामको सम्बन्धमा अधिकार प्राप्त अधिकारीलाई जानकारी गराई सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई कारबाई गरेको रहेछ भने त्यस्तो काम सम्बन्धित संस्थाले गरेको मानिने छैन ।

२२. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** :- (१) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिनाभित्र अघिल्लो आर्थिक वर्षमा त्यस्तो संस्थाले सञ्चालन गरेको काम, कारबाईको वार्षिक प्रतिवेदन पंजिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख वा संलग्न गर्नु पर्नेछ :

(क) संस्थाले संचालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजना सञ्चालन गर्दा लागेको रकम तथा त्यसको स्रोत,

(ग) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजनाको सञ्चालनबाट प्राप्त लाभ, लाभग्राहीको विवरण,

(घ) संस्थामा संलग्न कर्मचारी र कामदार,

(ङ) संस्थाको आर्थिक प्रतिवेदन,

(च) अन्य आवश्यक विवरण ।

## परिच्छेद-५

## विदेशी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था

२३. **अनुमतिपत्र प्राप्त गर्नु पर्ने** : (१) नेपाल भित्र काम गर्न वा कुनै परियोजना संचालन गर्न चाहने कुनै पनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले त्यस प्रयोजनका लागि नेपालमा दर्ता हुन र अनुमति प्राप्त गर्नका लागि केन्द्रिय पंजिकाधिकारी समक्ष देहायको विवरण तथा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) सम्बन्धित संस्था कुन मुलुकमा दर्ता भएको हो सोको विवरण,

(ख) सम्बन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरिएको आधिकारिक अनुवाद,

(ग) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(घ) गर्न चाहेको काम वा संचालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम,

(ङ) खण्ड (घ) बमोजिमको काम गर्न वा परियोजना संचालन गर्न आवश्यक बजेट रकम र त्यसको स्रोत,

(च) सहकार्य गर्न प्रस्ताव गरिएको नेपालको कुनै संस्था ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा पंजिकाधिकारीले यसको अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको तीन महिना भित्र निवेदन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई कुनै काम गर्न वा परियोजना संचालन गर्न, दर्ता गर्न वा अनुमति दिन सकिने वा नसकिने सो सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा पंजिकाधिकारीले त्यस्तो संस्थालाई अनुमति दिन नसकिने भएमा त्यसको कारण खुलाई सम्बन्धित संस्थालाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पंजिकाधिकारीले दर्ता गर्न र अनुमति दिन सकिने गरी निर्णय गरेमा तोकिएको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ र सोको जानकारी परराष्ट्र मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमतिपत्र प्रदान गर्दा पंजिकाधिकारीले मनासिव शर्त तोक्न सक्नेछ र त्यस्तो शर्त पालना गर्नु सम्बन्धित निवेदक संस्थाको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम दर्ता हुन र अनुमतिपत्र प्राप्त गर्न निवेदक संस्थाले तोकिएको रकम अनुमतिपत्र दस्तूर वापत बुझाउनु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा त्यस्ता संस्थाका प्रतिनिधि, पदाधिकारी वा कर्मचारीले नेपालमा कार्यसम्पादन गर्दा यो ऐन र प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

(८) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो कार्यसम्पादन पूरा गरेको वा अन्य कुनै कारणले नेपालमा काम गर्न नसक्ने अवस्था भएमा त्यस्तो संस्थाको नेपालमा रहेको चल र अचल सम्पत्ति सम्बन्धित पक्षसँग भएको सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारमा हस्तान्तरण हुनेछ ।

२४. **नेपाली संस्थासँग साझेदारी गर्नु पर्ने** : (१) दफा २३ को उपदफा (४) बमोजिम नेपालमा कुनै काम गर्न वा परियोजना संचालन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा दर्ता भएको कुनै पनि संस्थासँग साझेदारीमा वा त्यस्तो संस्थालाई सहभागि गराई त्यस्तो काम गर्नु वा परियोजना संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि संस्था छनौट गर्दा प्रतिस्पर्धात्मक हुने गरी तोकिए बमोजिमको कार्यविधि पुरा गर्नु पर्नेछ ।

२५. **परियोजना सम्झौता गर्ने** : विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कुनै परियोजना कार्यान्वयन गर्नु पर्ने भएमा तोकिए बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सम्बन्धित निकायसँग परियोजना सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सम्झौताको जानकारी सम्बन्धित निकायले सम्झौता भएको पन्ध्र दिनभित्र केन्द्रीय पंजिकाधिकारीलाई दिनु पर्नेछ ।

२६. **बैकिङ्ग प्रणाली मार्फत रकम ल्याउनु पर्ने** : (१) दफा २३ को उपदफा (४) बमोजिम अनुमति प्राप्त गरेको संस्थाले नेपालमा काम गर्ने वा परियोजना कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपालमा रकम ल्याउँदा बैकिङ्ग प्रणाली मार्फत हस्तान्तरण वा भुक्तानी हुने गरी ल्याउनु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले उपदफा (१) बमोजिम नेपालमा ल्याएको रकमको विदेशी मुद्रामा खाता संचालन गर्न सक्नेछ ।

२७. **नेपाली मानवस्रोत उपयोग गर्नु पर्ने** : (१) दफा २३ को उपदफा (४) बमोजिम नेपालमा कुनै काम गर्ने वा परियोजना संचालन गर्ने संस्थाले त्यस्तो काम गर्दा वा परियोजना संचालन गर्दा आवश्यक हुने विशेषज्ञ, कर्मचारी, सल्लाहकार वा कामदार नेपाली नागरिकलाई नियुक्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्दा राष्ट्रिय स्तरको समाचार पत्रमा कम्तिमा एक्काइस दिनको समय दिई दुई पटकसम्म विज्ञापन गरी आव्हान गर्दा पनि उपयुक्त विशेषज्ञ वा कर्मचारी नेपाली नागरिकहरु मध्येबाट उपलब्ध हुन नसकेमा त्यसको सबुद र प्रमाण सहित पंजिकाधिकारी मार्फत नेपाल सरकारको स्वीकृति प्राप्त

गरी बढीमा दुई वर्षसम्मका लागि विदेशी विशेषज्ञ वा कर्मचारी नियुक्ति गर्न सकिने छ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ को उपदफा (४) बमोजिम नेपालमा काम गर्न अनुमति प्राप्त संस्थाको आवासीय वा नेपाल कार्यालयका प्रतिनिधिको रुपमा एकजना विदेशी नागरिकलाई नेपाल सरकारले संस्थामा काम गर्ने अनुमति प्रदान गर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम नियुक्त विशेषज्ञ, कर्मचारी वा आवासीय वा नेपाल कार्यालयका प्रतिनिधिलाई पंजिकाधिकारीको सिफारिसमा नेपाल सरकारले कानून बमोजिम आवश्यक प्रवेशाज्ञा (भिसा) उपलब्ध गराउने छ ।

## परिच्छेद - ६

## आर्थिक सहयोग सम्बन्धी व्यवस्था

२८. **आर्थिक सहयोग प्राप्त गर्न अनुमति प्राप्त गर्नु पर्ने** : (१) कुनै कार्यक्रम संचालन वा परियोजना कार्यान्वयन गर्न विदेशी सरकार वा निकाय, अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै सहयोग वा अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायको विवरण खुलाई स्वीकृतिको लागि पंजिकाधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ :

(क) संस्थाको दर्ता मिति र त्यसको संक्षिप्त विवरण,

(ख) संस्थाका मुख्य उद्देश्यहरु,

(ग) संचालन गर्न वा कार्यान्वयन गर्न प्रस्ताव गरिएको कार्यक्रम वा परियोजना,

(घ) कार्यक्रम संचालन वा परियोजना कार्यान्वयन गर्न आवश्यक हुने रकम ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा पंजिकाधिकारीले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी निवेदन प्राप्त भएको पैतीस दिन भित्र स्वीकृति दिनु पर्ने मनासिव देखिएमा स्वीकृति प्रदान गर्नेछ ।

२९. **नेपाल स्थित विदेशी नियोगबाट आर्थिक सहयोग प्राप्त गर्ने** : (१) दफा २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल स्थित विदेशी दूतावास वा नियोग, संयुक्त राष्ट्र संघ वा संयुक्त राष्ट्र संघीय विशिष्टीकृत निकायका आवासीय कार्यालय, अन्तर्राष्ट्रिय वित्तिय संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट कुनै किसिमको आर्थिक सहयोग वा अनुदान प्राप्त गर्दा नेपालमा दर्ता भएको संस्थासँग साझेदारीमा कार्यक्रम संचालन वा परियोजना कार्यान्वयन गर्ने गरी रकम प्राप्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी प्राप्त गरिएको रकम नेपालमा खर्च गर्न सकिने छैन ।

३०. **प्रयोजन बमोजिम रकम खर्च गर्नु पर्ने** : (१) संस्थाले जुन प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी सरकार वा नेपाल स्थित विदेशी नियोग,

अन्तर्राष्ट्रिय वित्तिय संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट रकम प्राप्त गरेको हो सोही प्रयोजनको लागि खर्च गर्नु  पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरेको विवरणको एक प्रति प्रतिवेदन पंजिकाधिकारीलाई दिनु पर्नेछ ।

## परिच्छेद - ७

## पंजिकाधिकारी तथा त्यसको काम, कर्तव्य र अधिकार

३१. **केन्द्रिय पंजिकाधिकारीको कार्यालय** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायका संस्था दर्ता, संचालन तथा नियमन गर्नका लागि केन्द्रिय स्तरमा निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको एक केन्द्रीय पंजिकाधिकारी नियुक्त गरी निजको कार्यालय स्थापना  गर्नेछ ।

(क) मुलुकभरि नै सञ्जाल हुने केन्द्रिय स्तरका पेशागत वा व्यवसायी संस्था,

(ख) मुलुकभरि नै वा दुई वा दुई भन्दा बढि प्रदेशमा कार्य क्षेत्र भएका संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिमका वा विभिन्न प्रदेश वा विभिन्न प्रदेशका स्थानीय तहमा दर्ता भएका संस्थाहरुले स्थापना गरेका संस्थाहरुको महासंघ,

(घ) नेपालमा काम गर्न इच्छुक विदेशी गैर सरकारी संस्था,

(ङ) नेपालमा काम गर्न इच्छुक अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

(च) नेपालमा दर्ता भई नेपाल बाहिर पनि उद्देश्य कार्यान्वयन गर्न सक्ने गैर सरकारी संस्था ।

(२) उपदफा (१) बमोजिमको पंजिकाधिकारीका अतिरिक्त निजलाई सहयोग गर्न सहायक पंजिकाधिकारी र अन्य आवश्यक कर्मचारीहरु तथा अन्य साधन र स्रोत नेपाल सरकारले उपलब्ध गराउनेछ ।

३२. **केन्द्रीय पंजिकाधिकारीको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त पंजिकाधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको संचालन, नियमन र व्यवस्थापनलाई सहजीकरण गर्ने,

(ख) सस्थाको संचालन र व्यवस्थापनका सम्बन्धमा सम्बन्धित सरकार र सामाजिक संस्थावीच समन्वय गर्न सहयोग गर्ने,

(ग) संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधाको सहज पहुँच सुनिश्चित गर्न सहयोग गर्ने,

(घ) सामाजिक संस्थाको दर्ता, संचालन, नियमन र व्यवस्थापनका सम्बन्धमा समय समयमा गर्नुपर्ने नीतिगत, संस्थागत र कानूनी सुधारका सम्बन्धमा सम्बन्धित सरकार वा स्थानीय तहलाई सुझाव दिने,

(ङ) कार्यक्रम संचालन, परियोजना कार्यक्रम वा कार्यक्षेत्रका सम्बन्धमा संस्थाबीच विवाद उत्पन्न भएमा त्यस्को मेलमिलाप गराउने वा मध्यस्थको रुपमा विवाद समाधान गर्ने,

(च) तोकिए बमोजिमको अन्य कार्य गर्ने वा गराउने ।

(२) केन्द्रीय पंजिकाधिकारीले आफूले सम्पादन गरेका काम, कारबाईको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायको विवरण उल्लेख गर्नु पर्नेछ :

(क) केन्द्रीय स्तर, प्रदेश स्तर र स्थानीय तहमा दर्ता भई संचालनमा रहेको कूल संस्थाको विवरण,

(ख) नेपालमा कार्यरत कुल विदेशी गैर सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको विवरण,

(ग) खण्ड (क) र (ख) बमोजिमका संस्थामा संलग्न मानव स्रोतको विवरण,

(घ) खण्ड (क) र (ख) बमोजिमका संस्थाको कुल वित्तिय कारोबारको विवरण,

(ङ) संस्थाको नियमन गर्न पंजिकाधिकारीले गरेका काम, कारबाईको विवरण,

(च) प्रतिवेदनले समेटेको आर्थिक वर्षभित्र निलम्बन वा खारेज गरिएका संस्थाको विवरण,

(छ) संस्थाको काम कारबाईलाई प्रभावकारी र पारदर्शी बनाउन र संस्थाको दीगोपना सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको विवरण,

(ज) अन्य आवश्यक विवरण ।

(४) नेपाल सरकारले उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनलाई जानकारीको लागि प्रतिनिधि सभाको सुशासन तथा राज्य व्यवस्था समितिमा पेश गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ बमोजिमको कानून प्रारम्भ नभएसम्मका लागि केन्द्रीय पंजिकाधिकारीले यस दफा बमोजिम अन्य संस्था पनि दर्ता गर्न बाधा परेको मानिने छैन ।

३३. **प्रदेश तथा स्थानीय तहका पंजिकाधिकारी** : (१) प्रदेश सरकारले देहायका संस्थाको दर्ता, नवीकरण, संचालन र नियमन गर्नका लागि प्रदेश कानून बमोजिम सामाजिक विकास मन्त्रालयको एक जना अधिकृत कर्मचारीलाई प्रदेश पंजिकाधिकारीको रुपमा तोक्न सक्नेछ :

(क) प्रदेश भरि नै वा प्रदेश भित्रका दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका संस्था,

(ख) खण्ड (क) बमोजिमका वा सम्बन्धित प्रदेश भित्रका विभिन्न तहमा दर्ता भएका संस्थाको महासंघ ।

(२) स्थानीय तहले बनाएको कानून बमोजिम स्थानीय तहले देहायका संस्थाको दर्ता, नवीकरण, संचालन र नियमन गर्नका लागि एक जना अधिकृत स्तरको कर्मचारीलाई स्थानीय पंजिकाधिकारीको रुपमा तोक्न सक्नेछ :

(क) सम्बन्धित स्थानीय तह वा त्यसको कुनै वडा वा टोलको स्तरमा कार्यक्षेत्र भएको संस्था,

(ख) स्थानीय समुदायमा आधारित संस्था ।

(३) उपदफा (१) वा (२) बमोजिमका अधिकारीले कुनै संस्था दर्ता गरेमा सम्बन्धित संस्थाको देहायको विवरण सहित दर्ता भएको सात दिन भित्र दफा ३० बमोजिम नियुक्त भएको केन्द्रीय पंजिकाधिकारीको कार्यालयमा जानकारी गराउनु पर्नेछ :

(क) संस्थाको नाम, दर्ता मिति र दर्ता नम्बर,

(ख) संस्थाको प्रमुख उद्देश्य,

(ग) संस्थाको कार्यक्षेत्र,

(घ) प्रवन्ध समितिका पदाधिकारीको विवरण ।

(४) उपदफा (३) को अधीनमा रही प्रदेश स्तरका संस्था र स्थानीय तह स्तरका संस्थाको दर्ता, दर्ताको शर्त र कार्यविधि, नवीकरण र त्यसको कार्यविधि, संस्थाको नियमन, निलम्बन वा खारेजी, संस्था दर्ता वा नवीकरण शुल्क, संस्थाले पेश गर्नु पर्ने प्रतिवेदन, संस्थाको अनुगमन, निरीक्षण वा नियमन क्रमशः प्रदेश कानून र स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

(५) उपदफा (१) वा (२) बमोजिमका अधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र दफा ३२ को उपदफा (२) को प्रयोजनका लागि केन्द्रीय पंजिकाधिकारीलाई आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ ।

३४. **निर्देशन दिन सक्ने** : (१) पंजिकाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आफूले दर्ता गरेका संस्थाको काम, कारबाईलाई अझ बढी मर्यादित, पारदर्शी, समाजसेवी वा कल्याणकारी बनाई यसको दीगोपनलाई सुनिश्चित गर्न समय समयमा लिखित निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय पंजिकाधिकारीले प्रदेश पंजिकाधिकारी वा स्थानीय पंजिकाधिकारी मार्फत त्यस्ता पंजिकाधिकारीले दर्ता गरेका संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

३५. **उजुरी दिन सक्ने** : (१) यस ऐनमा अन्यत्र लेखिएकोमा बाहेक यस ऐन वा प्रचलित कानून बमोजिम पंजिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन उपर चित्त नबुझ्ने

संस्थाले त्यस्तो निर्णय वा निर्देशन भएको मितिले एक्काइस दिनभित्र केन्द्रिय पंजिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन भए परिषद्मा, प्रदेश पंजिकाधिकारीले गरेको निर्णय भए प्रदेश कानून बमोजिम निर्धारण भएको मन्त्रालय र स्थानीय पंजिकाधिकारीले गरेको भए सम्बन्धित स्थानीय तहको कार्यकारिणी समितिमा त्यसको पुनरावलोकन हुन वा खारेज गर्न उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी प्राप्त भएमा त्यस्तो निकायले उजुरी प्राप्त भएको दुई महिनाभित्र तोकिए बमोजिम उजुरी उपर निर्णय गरी त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

३६. **आचार संहिता** : (१) कार्यकारी समितिले सम्बन्धित संस्थाको प्रकृति अनुसार कार्यकारी समितिका पदाधिकारी वा सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहिता पालना गर्नु सम्बन्धित पदाधिकारी वा सदस्य वा संस्थाको कर्तव्य हुनेछ ।

(३) पंजिकाधिकारीले समय समयमा संस्था, प्रवन्ध समितिका पदाधिकारी वा सदस्यले उपदफा (१) बमोजिमको आचार संहिता पालना गरे वा नगरेको अनुगमन गर्न वा गराउन सक्नेछ ।

३७. **अनुगमन गर्ने** : (१) पंजिकाधिकारीले यस ऐन बमोजिम संस्था संचालन भए वा नभएको आफै वा कुनै विशेषज्ञ नियुक्ति गरी अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा अनुगमन गर्ने अधिकारीले सम्बन्धित संस्थाबाट आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद - ८

## सामाजिक विकास निर्देशक परिषद

३८. **सामाजिक विकास निर्देशक परिषद्** : (१) सामाजिक संस्थाको नियमन तथा संचालनका सम्बन्धमा नीतिगत निर्देशन दिन तथा त्यस्ता संस्थाको समन्वय गर्न देहाय बमोजिमको एक सामाजिक विकास निर्देशक परिषद रहनेछ :

(क) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग - सदस्य

(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय- सदस्य

(च) सचिव, गृह मन्त्रालय - सदस्य

(छ) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य

(ज) सचिव, महिला, बालबालिका तथा जेष्ठनागरिक मन्त्रालय - सदस्य

(झ) सामाजिक संस्थाहरुको राष्ट्रियस्तरको संगठन

वा त्यस्ता संस्थाहरुको महासंघ वा त्यस्ता संगठन वा महासंघको कार्यकारी समितिमा काम गरी अनुभव प्राप्त गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट परिषद्को सिफारिसमा परिषदको अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(ञ) सामाजिक संस्थाको क्षेत्रमा कम्तिमा बीस वर्षको अनुभव प्राप्त गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट परिषद्को सिफारिसमा परिषद्का अध्यक्षले मनोनित गरेका दुई जना महिला सहित तीन जना- सदस्य

(ट) केन्द्रीय पंजिकाधिकारी - सदस्य-सचिव

(२) परिषद्को बैठकमा प्रदेश सरकारका सम्बन्धित मन्त्री, नेपाल सरकारका अधिकृत, सामाजिक संस्थाका विशेषज्ञ, सामाजिक संस्थाका महासंघका कुनै पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।

(३) उपदफा (१) को खण्ड (झ) वा (ञ) बमोजिम मनोनित सदस्यको पदावधि नियुक्त भएको मितिले दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ।

३९. **परिषद्को बैठक सम्बन्धी कार्यविधि** : (१) परिषद्को बैठक आवश्यकता अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको कार्यसूची सात दिन अगावै परिषद्का सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ।

४०. **परिषद्को काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा उल्लेख भएका अन्य काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाहरुको समन्वय, संचालन तथा परिचालनको एक नेतृत्वदायी संस्थाको रुपमा काम गर्ने,

(ख) संस्थाको नियमन, संचालन तथा अनुगमन सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयनका लागि पंजिकाधिकारीलाई निर्देशन दिने,

(ग) संस्थाको नियमन तथा संचालनका क्षेत्रमा गर्नु पर्ने समग्र नीतिगत, कानूनी र संस्थागत सुधारका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई समय समयमा सुझाव दिने,

(घ) संस्थाको नियमित अनुगमनको मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) समाज सेवालाई मानव सेवाको एक आधार स्तम्भको रुपमा विकास गरी नागरिकलाई स्वेच्छाले समाज सेवा प्रति उत्प्रेरित गर्न आवश्यक नीति र कार्यक्रम बनाई कार्यान्वयन गर्ने वा गराउने,

(च) स्वयम्‌सेवाको भावना प्रवर्द्धन गरी स्वयम् सेवालाई नागरिक सेवाको उत्कृष्ट सेवाको स्वरुपमा विकास गरी नागरिकलाई स्वयम् सेवा गर्न उत्प्रेरणा गर्ने कार्यक्रम संचालन गर्ने वा गराउने ।

४१. **कार्यदल गठन गर्न सक्ने** : (१) परिषद्‌ले सम्पादन गर्नु पर्ने कुनै विषयमा अध्ययन र अनुसन्धान गर्न परिषदको कुनै सदस्य वा नेपाल सरकारको कुनै अधिकृत वा कुनै विषयविज्ञको संयोजकत्वमा परिषद्‌ले कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) तथा सुविधा परिषद्‌ले गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

४२. **नीति विश्लेषण समिति** : (१) समाज सेवा तथा सामाजिक संस्थाको संचालनका सम्बन्धमा परिषद्‌ले अख्तियार गर्ने नीतिका सम्बन्धमा परिषद्‌लाई सुझाव दिन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिवको संयोजकत्वमा तोकिए बमोजिम एक सामाजिक संस्था नीति विश्लेषण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम तथा कर्तव्य, बैठक सम्बन्धी कुरा र अन्य विषय तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## संस्थाको कोष, लेखा, लेखापरीक्षण तथा सम्पत्तिको व्यवस्थापन

४३. **संस्थाको कोष** : (१) आफ्नो उद्देश्य पूरा गर्नका लागि आवश्यक कार्यक्रम वा आयोजना सञ्चालन गर्न वा काम कारबाई गर्न वा गराउन संस्थाको एक छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमका कोषमा देहायका रकम जम्मा हुनेछन् :

(क) सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क वापत प्राप्त रकम,

(ख) संस्थाले उत्पादन गरेका कुनै प्रकाशनको विक्रीबाट प्राप्त रकम,

(ग) संस्थालाई तत्काल आवश्यक नभएको रकम लगानीबाट प्राप्त प्रतिफल वापतको रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी संस्थाबाट कुनै किसिमले प्राप्त गरेको रकम,

(ङ) कुनै कम्पनी वा संगठित संस्थाबाट संगठित सामाजिक जिम्वेवारी (कर्पोरेट रिस्पोन्सीविलिटी) अन्तरगत खर्च गर्न प्राप्त हुन सक्ने रकम,

(च) विदेशी व्यक्ति वा संस्था वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त रकम,

(छ) कुनै ब्यक्ति वा संस्थाबाट अन्य कुनै किसिमबाट प्राप्त रकम ।

(३) संस्थाले उपदफा (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अघि केन्द्रीय पंजिकाधिकारी मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

(४) संस्थाले उपदफा (३) बमोजिमको रकम प्राप्त गर्दा बैंकिङ्ग प्रणाली मार्फत रकम हस्तान्तरण गरी प्राप्त गर्नु पर्नेछ ।

(५) संस्थाले कुनै व्यक्तिलाई एक पटकमा दश हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा वा कुनै व्यक्ति वा संस्थाबाट बीस हजार रुपैयाँभन्दा बढी रकम प्राप्त गर्दा बैंक चेक वा बैकिङ्ग हस्तान्तरण प्रणाली मार्फत गर्नु पर्नेछ ।

(६) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्दा तोकिए बमोजिम स्वीकृत कार्यक्रम वा परियोजनाको आधारमा प्राप्त गर्न सक्नेछ ।

४४. **कोषको खाता संचालन** : (१) संस्थाले दफा ४३ को उपदफा (१) बमोजिमको रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता विधानमा व्यवस्था भए बमोजिम वा कार्यकारी समितिको निर्णय बमोजिम त्यस्तो समितिका कम्तिमा दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम रकम जम्मा गरी प्राप्त गरेको प्रतिफललाई मुनाफा प्राप्त गरेको मानिने छैन ।

४५. **संस्थाको लेखा** : (१) संस्थाले आफ्नो आर्थिक कारोबारको विवरण पारदर्शी ढँगबाट कायम राख्न आवश्यक खाता, वही र स्रेस्ता राख्नु पर्नेछ र त्यस्तो खाता विद्युतीय माध्यम वा स्वरुपमा पनि राख्न सकिनेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिमका खाता, बही र स्रेस्ताको विवरण कम्तिमा पन्ध्र दिनको अवधि भित्र सदस्यहरुले हेर्न पाउने गरी प्रत्येक आर्थिक वर्षका लागि समय निर्धारण गरी सदस्यहरुलाई सूचना गर्नु पर्नेछ ।

(३) संस्थाको रकम हिनामिना भएको कुनै उजुरी परेमा पंजिकाधिकारीले कुनै पनि बखत संस्थाको लेखा, खाता, बही, श्रेस्ता निरीक्षण गर्न वा गराउन सक्नेछ ।

४६. **लेखापरीक्षण** : (१) संस्थाको साधारण सभाबाट नियुक्त लेखा परीक्षकले दफा ४५ बमोजिम राखेको लेखाको लेखापरीक्षण गर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दफा २२ बमोजिम पेश गर्ने प्रतिवेदनमा लेखापरीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण प्रतिवेदन पेश नगरेको उजुरी प्राप्त भएमा वा संस्थाको रकम वा सम्पत्ति हिनामिना भएको कुनै उजुरी परेमा वा पंजिकाधिकारीलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा पंजिकाधिकारीले त्यस्तो संस्थाको लेखाको लेखापरीक्षण गराउन सक्नेछ र त्यसरी लेखा परीक्षण गर्ने लेखापरीक्षकले पंजिकाधिकारी र सम्बन्धित कार्यकारी समितिलाई प्रतिवेदन बुझाउनेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लागेको खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक दश लाख रुपैयाँभन्दा कम रकमको कारोबार गर्ने संस्थाले चाहेमा लेखापरीक्षण गराउनु पर्ने छैन र त्यस्तो संस्थाले आय व्ययको विवरण दफा २२ बमोजिम पंजिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

४७. **सम्पत्तिको व्यवस्थापन** : (१) संस्थाले आफ्नो चल, अचल, भौतिक, अभौतिक वा मूर्त वा अमूर्त सम्पत्तिको विवरण सहितको लगत अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको लगत सदस्यको निरिक्षणको लागि प्रत्येक वर्ष कम्तिमा पन्ध्र दिनको सूचना दिई कम्तिमा पन्ध्र दिनको लागि खुला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लगत कार्यकारी समितिको प्रतिवेदन सहित वार्षिक साधारण सभामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ९

## विशेष प्रकृतिका संस्थाको सञ्चालन तथा नियमन

४८. **विशेष प्रकृतिका संस्था** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका संस्थाको सम्बन्धमा देहायका विषयमा देहाय बमोजिम हुनेछ :

(क) त्यस्तो ऐन अन्तर्गत दर्ता भएका राष्ट्रिय स्तरका वर्गीय, व्यावसायिक, पेशागत संस्था भए त्यस्तै स्तर र प्रकृतिको उद्देश्य वा कार्यक्षेत्र भएका एक भन्दा बढी त्यस्ता संस्था हुने गरी अर्को संस्था यस ऐन बमोजिम दर्ता गर्न सकिने छैन,

(ख) खण्ड (क) बमोजिमका संस्थाले दफा १२ बमोजिम प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्ने छैन ।

(२) यो ऐन प्रारम्भ भएको एक वर्षभित्र उपदफा (१) बमोजिमका संस्थाले केन्द्रीय पंजिकाधिकारीलाई यस दफा बमोजिमको सुविधा प्राप्त गर्न लिखित जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी नगराउने संस्थाले यस दफा बमोजिमको सुविधा प्राप्त गर्न सक्ने छैन ।

४९. **राजनैतिक दलसँग सम्बद्ध संस्था** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि राजनैतिक दलसँग सम्बन्धित त्यस्ता दलका विभिन्न जनवर्गिय, पेशागत वा भातृ वा भगिनी संस्था वा प्रचलित कानून बमोजिम दर्ता हुने ट्रेड युनियन यस ऐन बमोजिम दर्ता हुन सक्ने छैन र त्यस्ता संस्थाका सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुने छैन ।

५०. **सम्झौता बमोजिम हुने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय महत्व वा सरोकारका विषयमा कुनै खास प्रकृतिको परियोजना संचालन गर्न वा कुनै खास प्रकृतिको कार्य सम्पादन गर्न कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल सरकारसँग सम्झौता गरी त्यस्तो काम गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका संस्थाले नेपालमा सम्पादन गर्ने काम वा परियोजनाको प्रकृति, त्यसमा लाग्ने रकम, कार्य सम्पादन वा परियोजना कार्यान्वयन विधि, मानवस्रोत, कार्यक्षेत्र, प्रतिवेदन दिनु पर्ने विषय, त्यस्तो संस्थाले पाउने छूट, सुविधा तथा अन्य व्यवस्था उपदफा (१) मा उल्लिखित सम्झौता बमोजिम हुनेछ ।

तर त्यस्तो सम्झौतामा उल्लेख नभएका विषयमा यस ऐनका व्यवस्था लागू हुनेछन् ।

## परिच्छेद - ११
## निलम्बन तथा विघटन

५१. **संस्था वा पदाधिकारीको निलम्बन** : (१) देहायको अवस्थामा देहायको अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछ :

(क) कुनै संस्थाले दफा १२ बमोजिम संस्था नवीकरण नगराएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले छ महिनाको अवधिसम्म,

(ख) कुनै संस्थाले दफा २२ बमोजिम पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम दिनसम्मको अवधिमा नबढाई त्यस्तो प्रतिवेदन पेश नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम अवस्था उत्पन्न भई संस्था निलम्बन भएमासम्बन्धित संस्थाले सो सम्बन्धमा यथाशिघ्र पंजिकाधिकारीलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको संस्थाले निलम्बनको अवधिभित्र नवीकरण गराएमा वा वार्षिक प्रतिवेदन पेश गरेमा नवीकरण गराएको वा प्रतिवेदन पेश गरेको मितिबाट स्वतः निलम्बन अन्त्य हुनेछ ।

(४) कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यले दफा २१ को उपदफा (१) बमोमिजको कुनै काम गरेको कारणले त्यस्ता पदाधिकारी वा सदस्यका विरुद्ध कानून बमोजिम मुद्दा दायर भएमा वा प्रचलित कानून बमोजिम निज थुनामा रहेको अवधिभर निज स्वतः निलम्बन हुनेछ ।

(५) उपदफा (१) बमोजिम संस्था निलम्बन भएमा निलम्बन फुकुवा हुनका लागि गर्नु पर्ने आवश्यक काम बाहेक अन्य कुनै काम गर्न सक्ने छैन ।

५२. **संस्थाको विघटन** : (१) देहायको अवस्थामा पंजिकाधिकारीले संस्था विघटन गर्ने आदेश दिन सक्नेछ :

(क) विधान बमोजिम साधारण सभाबाट संस्था विघटन गर्ने प्रस्ताव पारित गरी कार्यकारी समितिले पंजिकाधिकारी समक्ष निवेदन दिएमा,

(ख) यस ऐन वा विधान बमोजिम संस्थाको उद्देश्य पूरा गर्नका लागि कार्य संचालन गर्न नसकेको कारण देखाई कार्यकारी समितिले संस्था विघटन गर्न पंजिकाधिकारी समक्ष निवेदन दिएमा,

(ग) दफा ५१ को उपदफा (५) बमोजिम संस्था निलम्बनको अवधिभर संस्थाले आफ्नो काम कारबाईमा सुधार नगरेमा ।

(२) कुनै संस्था वा संस्थाको तर्फबाट वा त्यस्तो संस्थाभित्र दफा २१ को उपदफा (१) बमोजिमको कसूर वा संगठीत अपराध गरेको अदालतबाट ठहर भएमा त्यस्तो संस्था स्वतः विघटन भएको मानिनेछ ।

तर त्यस्तो कसूर वा अपराध भएको विषयमा सम्बन्धित संस्थाले अधिकार प्राप्त अधिकारीलाई जानकारी दिएमा वा त्यस्तो कसूर वा अपराध गर्ने व्यक्तिलाई मुद्दा दायर हुनु अघि सदस्यबाट हटाएमा त्यस्तो संस्था विघटन हुने छैन ।

(३) उपदफा (१) वा (२) बमोजिमको कारण उत्पन्न भएमा पंजिकाधिकारीले पन्ध्र दिनको समय दिई संस्था विघटन गर्नु नपर्ने कुनै कारण भए त्यसको स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनासिव देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो उद्देश्य पूरा गर्न काम गर्न दिनेछ ।

(५) उपदफा (३) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा पंजिकाधिकारीले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ ।

(६) यस दफा बमोजिमको संस्था विघटनको आदेशमा चित्त नबुझ्ने व्यक्तिले स्थानीय पंजिकाधिकारीले दिएको आदेश भए सम्बन्धित जिल्ला अदालत र प्रदेश वा केन्द्रिय पंजिकाधिकारीले गरेको आदेश भए सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५३. **संस्था विघटनको परिणाम** : (१) दफा ५२ बमोजिम कुनै संस्था स्वतः विघटन भएमा वा पंजिकाधिकारीले त्यस्तो संस्था विघटन गर्ने आदेश दिएमा त्यसरी विघटन भएको

संस्थाको सम्पत्ति केन्द्रीय स्तरको संस्था भए नेपाल सरकार, प्रदेश स्तरको संस्था भए सम्बन्धित प्रदेश सरकार र स्थानीय स्तरको संस्था भए सम्बन्धित स्थानीय तहमा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा हस्तान्तरण भएको सम्पत्तिको स्वामीत्व एक वर्षसम्म सम्बन्धित सरकारले आफ्नो नाममा राख्नु पर्नेछ र एक वर्ष पछि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले चाहेमा त्यस्तै प्रकृतिको उद्देश्य भएको अन्य कुनै संस्थालाई हस्तान्तरण गर्न वा अन्य कुनै कल्याणकारी काममा प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद - १२

## कसूर तथा सजाय, जरिवाना

५४. **कसूर तथा सजाय** : (१) कुनै व्यक्ति वा संस्थाले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :

(क) यस ऐन बमोजिम संस्था दर्ताको प्रमाणपत्र प्राप्त नगरी कसैले संस्था स्थापना गरेमा, सदस्यता वितरण गरेमा, संस्थाको काम कारबाई संचालन गरेमा वा कुनै रकम संकलन गरेमा,

(ख) दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको तर्फबाट कुनै काम गरेमा,

(ग) यस ऐन बमोजिम विघटन वा निलम्बन भएको संस्थाको तर्फबाट कुनै काम गरेमा,

(घ) दफा १३ विपरित विदेशी नागरिकलाई संस्थाको सदस्यता वितरण गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :

(क) खण्ड (क) वा (ग) बमोजिमको कसूर भए पचास हजार रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर भए एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (घ) बमोजिमको कसूर भए तीन महिनासम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(३) यस दफा बमोजिमको कसूर मानिने कुनै काम प्रचलित कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सोही कानून बमोजिम कारबाई गर्न बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूर गर्ने विदेशी व्यक्तिको प्रवेशाज्ञा रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।

५५. **कसूरको अनुसन्धान** : (१) दफा ५४ अन्तर्गतका कसूरको अनुसन्धान केन्द्रीय पंजिकाधिकारीले तोकेको पंजिकाधिकारी कार्यालयको अधिकृत कर्मचारीले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकृतले त्यस्तो कसूरको अनुसन्धान सम्पन्न गरी आफ्नो राय तथा निष्कर्ष सहित मुद्दा चल्ने वा नचल्ने निर्णय र मुद्दा चलाउन सकिने भए अभियोजनका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

(३) यस ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको सुनुवाई, कारबाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(४) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार बादी भई चलाइने छ ।

५६. **जरिवाना गर्न सक्ने** : (१) पंजिकाधिकारीले देहायको अवस्थामा सम्बन्धित संस्थालाई पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ :

(क) दफा ११ विपरित विधान लागू गरेमा,

(ख) दफा २० विपरित अनुमति प्राप्त नगरी कुनै काम गरेमा,

(ग) दफा ४३ को उपदफा (३) विपरित नेपाल सरकारको अनुमति प्राप्त नगरी रकम प्राप्त गरेमा,

(घ) दफा ४७ बमोजिम सम्पत्तिको लगत नराखेमा,

(ङ) दफा ३४ बमोजिमको निर्देशन वा दफा ३६ बमोजिमको आचार संहिता पालना नगरेमा,

(च) दफा ३७ को उपदफा (२) बमोजिम कागजात वा विवरण उपलब्ध नगराएमा,

(छ) यस ऐन बमोजिम संस्थाले गर्नु पर्ने कुनै काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नु अघि पंजिकाधिकारीले तोकिए बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ ।

## परिच्छेद - १३

## विविध

५७. **सहकार्य गर्न सकिने :** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अख्तियार गरेको नीति, कार्यक्रम वा कानूनको सम्बन्धमा सामाजिक जनचेतना प्रवर्द्धन गर्न वा समाजसेवा तथा सामुदायिक सेवामा उत्प्रेरण गर्न त्यस्तो सरकार वा तहले संस्थासँग सहकार्य वा सार्वजनिक-निजी-साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने सहकार्य वा सार्वजनिक-निजी-साझेदारीको प्रारुप तथा संस्था छनौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५८. **पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र दिन सकिने** : (१) नेपाल सरकारले परिषद्को सिफारिसमा प्रत्येक वर्ष समाज सेवा वा सामाजिक संस्थाका क्षेत्रमा काम गर्ने व्यक्ति वा सामाजिक संस्थाहरुमध्ये उत्कृष्ट, असाधारण र उल्लेखनीय काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारमध्ये एक राष्ट्रिय समाजसेवा पुरस्कार र सात प्रदेशस्तरको समाजसेवा पुरस्कार हुनेछन् ।

(३) पुरस्कार तथा सम्मानपत्र र प्रंसशापत्र प्रदान गर्ने कार्यविधि, पुरस्कारको रकम, छनौट विधि र आधार तथा त्यस सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

५९. **सम्पत्ति हस्तान्तरण हुन सक्ने** : यो ऐन प्रारम्भ हुनु अघि नै विघटन भई तत्काल प्रचलित कानून बमोजिम नेपाल सरकारमा हस्तान्तरण भएको सम्पत्ति यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र नेपाल सरकारले उचित ठहराएको संस्थालाई प्रदान गर्न सक्नेछ ।

६०. **यस ऐन बमोजिम कार्य सम्पादन गर्न नसक्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कम्पनी वा गुठीको रुपमा दर्ता भएका संस्थाले यस ऐन बमोजिम आफ्नो उद्देश्य कार्यान्वयन गर्न सक्ने छैन ।

६१. **नियम बनाउने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६२. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐन अन्तर्गत गर्न नहुने वा गर्न नसक्ने कुनै काम प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

६३. **खास प्रकृतिको संस्थाको दर्ता तथा संचालन** : कुनै खास संस्था वा खास किसिमको संस्थाको दर्ता, संचालन वा नियमनका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्थाको दर्ता, संचालन वा नियमनका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ ।

६४. **खारेजी र बचाउ** : (१) देहायका ऐन खारेज गरिएको छ :

(क) राष्ट्रिय निर्देशन ऐन, २०१८,

(ख) संस्था दर्ता ऐन, २०३४,

(ग) समाज कल्याण ऐन, २०४९ ।

(२) उपदफा (१) बमोजिमका ऐन बमोजिम भए गरेका काम कारबाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको ऐन बमोजिम कुनै संस्था गुठीको रुपमा कार्य सम्पादन गर्ने गरी दर्ता भएको रहेछ भने त्यस्तो संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र प्रचलित कानून बमोजिम गुठीको रुपमा दर्ता गराउनु पर्नेछ ।

(४) नेपाल सरकारले यो ऐन प्रारम्भ हुँदाका बखत तत्काल कायम रहेको समाज कल्याण परिषद्मा कार्यरत कर्मचारीहरुको प्रचलित कानून बमोजिम व्यवस्थापन वा समायोजन गर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको समाज कल्याण परिषद्को नाममा रहेको वा भोगचलन गरेको चल वा अचल वा भौतिक वा अभौतिक सम्पत्ति यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र केन्द्रिय पंजिकाधिकारीले अद्यावधिक गरी त्यस्को विवरण र अभिलेख नेपाल सरकार र परिषद्लाई दिनु पर्नेछ ।

## अनुसूची
## (दफा १० को उपदफा (४) सँग सम्बन्धित)

संस्थाको विधानमा रहनु पर्ने विषयहरु :

१. प्रस्तावना
२. विधानको नाम
३. विधान प्रारम्भ हुने मिति
४. संस्थाको पुरा नाम र छोटकरी नाम भए त्यस्तो नाम
५. संस्थाको उद्देश्य तथा संस्थाले सम्पादन गर्ने काम
६. संस्थाको कार्यक्षेत्र (राष्ट्रियस्तर, प्रदेशस्तर वा स्थानीयस्तर खुलाउनु पर्ने)
७. संस्थाको किसिम (दफा १८ को उपदफा (२) को वर्गीकरण अनुसार)
८. संस्थाको कार्यालय रहने ठेगाना
९. संस्थाका सदस्यको किसिम र सदस्यता वितरण गर्ने कार्यविधिगत व्यवस्था
१०. मानार्थ सदस्य दिन सकिने भए त्यसको व्यवस्था
११. सदस्यको विवरण किताब
१२. संस्थाको साधारण सभा वा विशेष साधारण
१३. संस्थाको कार्यकारी समितिको गठन
१४. संस्थाको आर्थिक स्रोतको विवरण
१५. संस्थाको शाखा खोल्न सकिने भए सोको व्यवस्था
१६. नेपाल बाहिर शाखा खोल्न वा कार्य सम्पादन गर्न सक्ने भए त्यसको व्यवस्था,
१७. संस्थाको लेखा, लेखापरीक्षकको नियुक्ति र लेखापरीक्षण
१८. संस्थाको विधान संशोधन सम्बन्धी व्यवस्था
१९. संस्थाले कुनै कल्याणकारी परियोजना संचालन वा कार्यान्वयन गर्ने भए त्यस्तो व्यवस्था
२०. विनियमावली बनाउने अधिकार
२१. संस्था विघटन हुन सक्ने अवस्था
२२. अन्य आवश्यक विवरण (संस्थाको प्रकृति बमोजिम आवश्यक व्यवस्था थप गर्न सकिनेछ)

## (६) नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावना</u> : नेपाल सरकारले अख्तियार गरेको र गर्ने नीति वा रणनीतिलाई विज्ञहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषणमा आधारित हुने व्यवस्था गर्न, त्यस्तो अध्ययन, अनुसन्धान तथा विश्लेषण सम्वन्धी कामको संस्थागत विकास गरी शासकीय सुधार गर्दै सुशासन प्रवर्धन गर्न त्यस सम्वन्धी एक छुट्टै प्रतिष्ठानको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "नीति अनुसन्धान प्रतिष्ठान ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यालय प्रवन्धक" भन्नाले दफा १६ को उपदफा (१) बमोजिम नियुक्त कार्यालय प्रवन्धक संझनु पर्छ ।

(ग) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापित नीति अनुसन्धान प्रतिष्ठान सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिमको संचालक समिति सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेत जनाउँछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **<u>नीति अनुसन्धान प्रतिष्ठानको गठन</u>** : नेपालको आर्थिक, सामाजिक, राजनैतिक तथा साँस्कृतिक क्षेत्रका विभिन्न पक्षमा अध्ययन र अनुसन्धान गरी त्यसका उपलब्धि र निष्कर्षलाई सार्वजनिक सूचना, ज्ञान र बहसको लागि प्रकाशन गर्न र नेपाल सरकारले अपनाउने वा अपनाएको विभिन्न नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी त्यसको सुधारको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न नीति अनुसन्धान प्रतिष्ठान नामको एक प्रतिष्ठानको स्थापना हुनेछ ।

४. **<u>प्रतिष्ठान कानूनी व्यक्ति हुने</u>** : यस ऐन बमोजिम स्थापना हुने नीति अनुसन्धान प्रतिष्ठान कानूनी व्यक्ति हुनेछ र सोही हैसियतमा प्राप्त हुने अधिकार र सुविधा प्रयोग गर्न, जिम्मेवारी र दायित्व निर्वाह गर्न र कर्तव्यको पालना गर्न सक्नेछ ।

५. **<u>संचालक समिति</u>** : (१) प्रतिष्ठानबाट सम्पादन हुने काम गर्नका लागि प्रतिष्ठानमा एक समिति (गभर्निङ्ग बोर्ड) रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा विभिन्न विधामा अध्ययन वा अनुसन्धान गरेका अध्येता, अनुसन्धानकर्ता, नीति विश्लेषक वा प्राज्ञिक व्यक्तिहरु मध्येबाट देहाय बमोजिमका सदस्य रहनेछन् :

(क) नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट नियुक्त एक जना ख्यातिप्राप्त अध्येता वा अनुसन्धानकर्ता -अध्यक्ष

(ख) अध्यक्षको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियुक्त अध्येता, अनुसन्धानकर्ता, नीति विश्लेषक वा प्राज्ञिक व्यक्तिहरु मध्येबाट चार जना -सदस्य

(३) उपदफा (२) बमोजिम सदस्य नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः नियुक्ति हुन बाधा पर्नेछैन ।

(५) कार्यालय प्रवन्धकले समितिको सचिवको हैसियतले काम गर्नेछ ।

६. **नियुक्तिका लागि सिफारिस** : (१) अध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :

(क) प्रधानमन्त्रीले तोकेको एकजना मन्त्री -अध्यक्ष

(ख) विश्व विद्यालयका प्राध्यापक मध्येबाट प्रधानमन्त्रीले तोकेको एकजना प्राध्यापक -सदस्य

(ग) प्रधानमन्त्रीको कार्यालयको सचिव - सदस्य-सचिव

(२) सिफारिस समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

७. **सदस्यको योग्यता** : (१) देहायको योग्यता पुगेको कुनै पनि नेपाली नागरिक सदस्य पदमा नियुक्ति हुन योग्य मानिनेछ :

(क) कम्तिमा पैतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष वा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पन्ध्र वर्ष अध्ययन वा अनुसन्धानको काम गरेको,

(ग) अनुसन्धान (रिसर्च) वा नीति विश्लेषणका क्षेत्रमा ख्याति प्राप्त गरेको,

(घ) उच्च नैतिक चरित्र भएको ।

८. **सदस्यको अयोग्यता** : (१) देहायको व्यक्ति सदस्य पदमा नियुक्त हुन वा त्यस्तो पदमा बहाल रहन योग्य हुने छैन :

(क) उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) साहूको दामासाहीमा परेको,

(घ) कुनै विदेशी मुलुकको आवासीय अनुमति प्राप्त गरेको ।

(२) कुनै व्यक्तिले सदस्यको पदमा नियुक्ति हुनुभन्दा अघि निज यस दफा बमोजिम अयोग्य नभएको कुरा लिखित रुपमा उद्घोषण गर्नु पर्नेछ ।

९. **पदबाट हटाउन सक्ने अवस्था** : (१) कुनै सदस्यको खराब आचरण वा कार्यक्षमता अभाव भएको वा निजले इमान्दारीतापूर्वक कार्य सम्पादन नगरेको अवस्थामा अध्यक्ष

भए नेपाल सरकार, मन्त्रिपरिषद्को र अन्य सदस्य भए अध्यक्षको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम निजलाई पदबाट हटाउन सकिने छ ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

१०. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ९ बमोजिम निजलाई सदस्य पदबाट हटाइएमा,

(घ) निजको मृत्यु भएमा ।

११. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विशेषज्ञ समूह (थिङ्क टंयाक) को एक स्थायी संस्थाको रुपमा काम गर्ने,

(ख) नेपालले अवलम्बन गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने,

(ग) मुलुकले कुनै खास विषयमा अपनाउनु पर्ने तत्कालीन, अल्पकालीन वा दीर्घकालीन नीति तथा संचालन गर्नुपर्ने, कार्यक्रम तथा रणनीतिका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनु पर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने,

(ङ) मुलुकको आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनु पर्ने नीति र उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) निजामती वा सार्वजनिक सेवालाई बढी प्रभावकारी, जवाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(छ) भ्रष्टाचार निवारण, सम्पत्ति शुद्धीकरण निवारण, राजस्व तथा सार्वजनिक सम्पत्तिको हिनामिना वा नोक्सानीको नियन्त्रण, स्वार्थ बाझिने कार्य (कन्फिल्क्ट अफ ईन्टेरेष्ट) को निवारण, नागरिक बडापत्रको कार्यान्वयन वा पेशागत आचरणको पालनामा प्रभावकारीता ल्याउन नेपाल सरकारले अपनाउनु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको सिफारिस गर्ने,

(ज) सार्वजनिक प्रशासन, विकास प्रशासन, वातावरण संरक्षण, शासकीय सुधार, गरिबी निवारण तथा नेपाल सरकारले अपनाएका विभिन्न क्षेत्रगत नीति र प्रशासनको पर्यवेक्षण ( अब्जरभेशन) गर्ने र त्यसको अध्ययन र अनुसन्धान गरी त्यसमा देखिएका कमी, कमजोरीलाई पहिचान गरी सुधारको नीति तथा उपायहरुको प्रस्ताव सहित सुझाव दिने,

(झ) कुनै खास विषयमा अपनाउनु पर्ने नीतिको सम्बन्धमा कुनै मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत अनुरोध गरेमा त्यस्तो नीतिको मस्यौदा गरी कारवाहीको लागि सम्बन्धित मन्त्रालयमा पठाउने,

(ञ) अनुसन्धान र अध्ययनको उपलब्धि वा निष्कर्षलाई सार्वजनिक सूचना, ज्ञान र बहसका लागि प्रकाशन गर्ने,

(ट) प्रतिष्ठानको कार्य सम्पादन गर्न आवश्यकता अनुसार विशेषज्ञहरुको सूची तयार गर्ने,

(ठ) आवश्यकता अनुसार उपर्युक्त विषयमा गोष्ठी, कार्यशाला, प्रवचन कार्यक्रम संचालन गर्ने,

(ड) प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ढ) प्रतिष्ठानको उद्देश्यसंग सम्बन्धित विषयमा पुस्तक, पत्रिका, अनुसन्धनात्मक प्रतिवेदन आवश्यकता अनुसार प्रकाशन गर्ने,

(ण) मुलुकका विभिन्न विश्वविद्यालय, अध्ययन संस्थान तथा समान उद्देश्य भएका स्वदेशी तथा विदेशी संघ, संस्था वा विश्वविद्यालय वा अन्तर्राष्ट्रिय संस्थासंग सम्पर्क राख्ने तथा सहकार्य गर्ने ।

१२. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना र बैठकको कार्यसूचि बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि नै अध्यक्षको निर्देशन बमोजिम कार्यकारी निर्देशकले सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनु पर्नेछ ।

(६) समितिले आवश्यकता अनुसार नेपाल सरकारका बरिष्ठ अधिकृत, विश्वविद्यालयका प्राध्यापक वा कुनै स्वदेशी विज्ञहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय अध्यक्ष र समितिको सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **अध्यक्षको सेवाका शर्त** : (१) अध्यक्ष प्रतिष्ठानका पूरा समय कार्य सम्पादन गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) प्रतिष्ठानको काम, कर्तव्य तथा अधिकारका लागि नेपाल सरकार प्रति अध्यक्ष व्यक्तिगत तथा संस्थागत रुपमा जवाफदेही हुनेछ ।

१४. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको प्रमुख कार्यकारी पदाधिकारीको हैसियतले प्रतिष्ठानको समग्र व्यवस्थापन, संचालन गर्ने वा गराउने,

(ख) दफा २२ बमोजिम कायम गरिने विशेषज्ञको सूचि (रोष्टर) अद्यावधिक गर्ने,

(ग) प्रतिष्ठानले अध्ययन वा अनुसन्धान गर्ने विषयको छनौट गरी त्यसको कार्य क्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) सहित समितिमा पेश गर्न लगाउने,

(घ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारवाहीको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ङ) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा संघ, संस्थासँग सम्बन्ध राख्ने,

(च) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने,

(छ) तोकिए बमोजिम अन्य काम गर्ने वा गराउने ।

१५. **विषयगत अनुसन्धान कर्ता** : (१) प्रतिष्ठानले अध्यक्षको सिफारिसमा विभिन्न विधा वा विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न देहाय बमोजिमका अनुसन्धानकर्ता करारमा नियुक्ति गर्न सक्नेछ :-

(क) बरिष्ठ अनुसन्धानकर्ता (सिनियर रिसर्च फेलो),

(ख) अनुसन्धानकर्ता (रिसर्च फेलो),

(ग) सह अनुसन्धानकर्ता (एसोसिएटेड रिसर्च फेलो),

(घ) विश्लेषक (एनालिष्ट),

(ङ) सूचना तथा ज्ञान व्यवस्थापन विज्ञ (नलेज म्यानेजमेन्ट एक्सपर्ट) ।

(२) उपदफा (१) बमोजिम नियुक्त अनुसन्धानकर्ता वा विश्लेषकको कार्य क्षेत्रगत शर्त (टर्मस अफ रिफरेन्स), पारिश्रमिक, कार्य अवधि र सुविधा प्रतिष्ठानले नियुक्ति गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त विभिन्न अनुसन्धानकर्ता वा विश्लेषकले सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गरी त्यसको प्रतिवेदन वा अनुसन्धानपत्र प्रतिष्ठानमा बुझाउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण नेपाल सरकार वा नेपाल सरकारको स्वामीत्वमा रहेको संगठीत संस्थाको सेवामा रहेको कुनै कर्मचारीबाट गर्न उपयुक्त ठानेमा प्रतिष्ठानले त्यस्तो काम गर्नको लागि सो कर्मचारी माग गर्न सक्नेछ र त्यसरी माग भएमा नेपाल सरकारले खास अवधिको लागि त्यस्तो कर्मचारी खटाउनेछ ।

१६. **कार्यालय प्रवन्धक** : (१) प्रतिष्ठानको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र प्रतिष्ठानको कार्य सम्पादनमा अध्यक्ष तथा समितिका पदाधिकारीलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्य शास्त्र, इतिहास, सँस्कृति, भूगोल, कानून वा अर्न्तराष्ट्रिय सम्बन्ध जस्ता विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट प्रतिष्ठानले एकजना कार्यालय प्रवन्धक नियुक्ति गर्नेछ ।

(२) कार्यालय प्रवन्धकको नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

तर यो ऐन प्रारम्भ हुंदाका बखत बहाल रहेको  कार्यालय प्रवन्धक आफ्नो कार्यकाल बांकी रहेसम्म कार्यालय प्रवन्धक पदमा वहाल रहनेछन ।

(३) कार्यालय प्रवन्धकको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन  सक्नेछ ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यालय प्रवन्धकको काम सन्तोष जनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै कार्यालय प्रवन्धक पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(५) कार्यालय प्रवन्धकको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) कार्यालय प्रवन्धकमा कार्यालयको व्यवस्थापन र समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने कार्यालय प्रवन्धकको जिम्मेवारी हुनेछ ।

१७. **मानवस्रोत व्यवस्थापन**: (१) प्रतिष्ठानले आफ्नो कार्य सम्पादनको लागि आवश्यक संख्यामा कर्मचारी नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने कर्मचारी प्रशासनिक, प्राविधिक तथा विशेषज्ञ प्रकृतिका हुनेछन् ।

(३) उपदफा (२) बमोजिमका कर्मचारीहरुको संगठनात्मक संरचना (अर्गनोग्राम) प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सेवाका शर्तहरु तथा अन्य सुविधा समितिको विनियमावली बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास किसिमको कार्य सम्पादन गर्न कुनै निजामती कर्मचारी आवश्यक हुने भएमा प्रतिष्ठानले त्यस्तो कर्मचारी माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा नेपाल सरकारले त्यस्तो कर्मचारी उपलब्ध गराउन सक्नेछ।

तर त्यसरी उपलव्ध गराइएको कर्मचारीको कार्य अवधि एक बर्ष भन्दा बढी हुनेछैन।

१८. **प्रतिष्ठानमा रहने विभाग** : (१) प्रतिष्ठानको कार्य सम्पादनमा सहजता पुऱ्याउन प्रतिष्ठानमा देहाय वमोजिमका विभागहरु रहनेछन् :-

(क) अनुसन्धान (रिसर्च) विभाग,

(ख) व्यवस्थापन विभाग,

(ग) सूचना तथा ज्ञान व्यवस्थापन (नलेज म्यानेजमेन्ट) विभाग।

(२) उपदफा (१) बमोजिमका विभागको कार्य क्षेत्रगत शर्तहरु तथा त्यसमा रहने मानवस्रोत तोकिए बमोजिम हुनेछ।

१९. **प्रतिष्ठानको कोष**: (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समान उद्देश्य भएका अन्तर्राष्ट्रिय संघ, संस्था वा प्राज्ञिक संस्थाबाट प्राप्त रकम,

(ग) प्रतिष्ठानले गरेको अनुसन्धानको प्रकाशनको विक्री वितरणबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) प्रतिष्ठानको कोषमा प्राप्त हुने रकम समितिले तोकेको ‘क’ वर्गको इजाजतपत्र प्राप्त कुनै बैंकमा प्रतिष्ठानको नाममा खाता खोली जम्मा गरिनेछ।

(४) प्रतिष्ठानको नामबाट गरिने सवै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रमका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता कार्यालय प्रवन्धक वा निजले तोकेको कुनै वरिष्ठ अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(७) प्रतिष्ठानको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **लेखा र लेखापरीक्षण**: (१) प्रतिष्ठानको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानले नेपाल सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको इजाजत प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले प्रतिष्ठानको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै वखत जाँच गर्न वा जाँच गर्न लगाउन सक्नेछ ।

२१. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) प्रतिष्ठानले आफ्नो कार्य सुचारुरूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल (टास्कफोर्स) गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस अफ रेफेरेन्स) तथा कार्यावधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **विशेषज्ञहरुको सूची** : (१) प्रतिष्ठानले दफा ११ बमोजिमका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ वा दक्षहरु वा संस्थाहरुको सूची तयार गरी त्यसको रोष्टर बनाउनेछ ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिमको सूचीमा उल्लिखित विशेषज्ञ वा दक्ष वा संस्थाको नाम समय समयमा अध्यावधिक गर्नेछ ।

(३) प्रतिष्ठानले उपदफा (१) मा उल्लिखित ब्यक्ति वा संस्थाहरु मध्येबाट कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण गराउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सूचीमा नाम नपरेको कुनै विशेषज्ञ, दक्ष वा संस्थालाई उपदफा (३) बमोजिमको काममा लगाउन बाधा पर्ने छैन ।

२३. **सल्लाहकार नियुक्ति गर्न सक्ने** : (१) प्रतिष्ठानले आवश्यक ठानेमा सदस्य हुन योग्यता पुगेका ब्यक्तिहरु मध्येबाट कुनै व्यक्तिलाई प्रतिष्ठानको सल्लाहकार नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) सल्लाहकारको कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **प्रकाशन** : प्रतिष्ठानले अध्ययन र अनुसन्धान गरे वा गराएको विषय पुस्तकको रुपमा, वा प्रतिवेदनको रुपमा वा प्रतिष्ठानको नियमित प्रकाशनमा प्रकाशित गर्नेछ ।

तर नेपालको सार्वभौमिकता, प्रादेशिक अखण्डता, मुलुकको सुरक्षा वा सामरिक सम्बन्ध, विदेशी मुलुकसँगको सुसम्बन्ध, विभिन्न जातजाति वा सम्प्रदायवीचको सुसम्बन्धलाई प्रतिकूल असर पर्ने वा सार्वजनिक हित वा कानून र व्यवस्था (ल एण्ड अर्डर) लाई प्रतिकूल असर पर्न सक्ने विषयको अनुसन्धान, अध्ययन वा विश्लेषणको प्रतिवेदन सार्वजनिक गरिने छैन ।

२५. **बैठक भत्ता तथा अन्य सुविधा**: (१) सदस्यले समितिको बैठकमा भाग लिएवापत प्रतिष्ठानले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा प्राप्त गर्नेछन ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ ।

२६. **इन्टर्नसिप कार्यक्रम सञ्चालन** : (१) प्रतिष्ठानले कम्तीमा स्नात्तकोतर तहमा अध्ययन गरि रहेका वा गरिसकेका मेधावी विद्यार्थी वा विद्वानलाई दफा १५ बमोजिमका विषयगत अनुसन्धानकर्ता वा अध्ययनकर्तालाई सहयोग गर्न वा त्यस्ता विद्यार्थी वा विद्वानलाई अध्ययन, अनुसन्धान वा विश्लेषणका क्षेत्रमा रुचि प्रर्वद्धन गर्न वा उत्प्रेरणा गर्न त्यस्ता विद्यार्थी वा विद्वानलाई त्यस्ता क्षेत्रमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले समय समयमा इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(३) इन्टर्नसिप कार्यक्रम अर्न्तगत अध्ययन, अनुसन्धान वा विश्लेषण गर्ने विद्यार्थी वा विद्वानलाई प्रतिष्ठानले तोकिए बमोजिमको रकम छात्रवृत्ति वा विद्वतवृत्तिको रुपमा दिन सक्नेछ ।

२७. **प्रतिष्ठानको कार्यालय र नाम**: (१) प्रतिष्ठानको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) प्रतिष्ठानको कार्यालय "नीति अनुसन्धान प्रतिष्ठान" को नामबाट प्रचलित हुनेछ र अग्रेंजी भाषामा यसलाई "पोलिसि रिसर्च इन्स्टिच्यूट" भनिनेछ ।

२८. **अधिकार प्रत्यायोजन**: (१)समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही वा सवै अधिकार अध्यक्ष, सदस्य वा दफा १५ बमोजिम नियुक्त अनुसन्धानकर्ता वा दफा २१ बमोजिम कार्यदल वा कार्यकारी निर्देशक वा प्रतिष्ठानको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

(२) अध्यक्षले आफूमा अन्तरनिहित कुनै अधिकार प्रतिष्ठानका कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **बार्षिक प्रतिवेदन पेश गर्ने** : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक बर्ष पूरा भएको छ महिना भित्र आफूले सम्पादन गरेका कामको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायको विवरण उल्लेख गर्नुपर्नेछ :

(क) प्रतिष्ठानबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य,

(ख) प्रतिष्ठानको बार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत,

(ग) प्रतिष्ठानको मानव स्रोत तथा अन्य स्रोतको विवरण,

(घ) प्रतिष्ठानबाट भएको बार्षिक खर्चको विवरण,

(ङ) तोकिए बमोजिमका अन्य विवरण ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन नेपाल सरकार आफैँले वा नेपाल सरकारको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

३०. **नेपाल सरकारसँग सम्पर्क** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

३१. **नियम बनाउने अधिकार** : प्रतिष्ठानले यस ऐनको उद्देश्य पूरा गर्न आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू नेपाल सरकारबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछन् ।

३२. **बचाउ** : (१) यो ऐन प्रारम्भ हुंदाका बखत कायम रहेको नीति अनुसन्धान प्रतिष्ठान यसै ऐन बमोजिम गठन भएको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुंदाका बखत प्रतिष्ठानमा बहाल रहेका समितिका सदस्य निज नियुक्ति हुदाका बखत निर्धारित शर्त बमोजिम आफ्नो पदमा बहाल रहनेछन ।

## (७) जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक

**प्रस्तावना** : सार्वजनिक हितको लागि आवश्यक जग्गा प्राप्त गर्ने कार्यलाई सहज र सरल बनाउन र जग्गा प्राप्त गर्दा सम्बन्धित व्यक्तिलाई दिइने क्षतिपूर्ति, पुनर्स्थापना वा पुनर्वासको आधार, मापदण्ड र कार्यविधि निर्धारण गरी सर्वसाधारणको हित र सुविधा कायम राख्न जग्गा प्राप्ति सम्बन्धी कानूनको संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "जग्गा प्राप्ति ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एक वर्ष पूरा भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले सर्वसाधारणले प्रयोग गर्ने वा लाभ लिन सक्ने गरी कार्यान्वयन हुने कुनै सार्वजनिक हितको काम वा कार्यक्रम सम्झनु पर्छ ।

(ख) "आयोजना कार्यालय" भन्नाले आयोजना तर्जूमा, व्यवस्थापन वा कार्यान्वयन गर्ने जिम्मेवारी भएको कुनै सरकारी वा गैरसरकारी कार्यालय सम्झनु पर्छ र सो शब्दले आयोजना प्रमुखको कार्यालय समेतलाई जनाउँछ ।

(ग) "आयोजना प्रमुख" भन्नाले आयोजना तर्जुमा, व्यवस्थापन वा कार्यान्वयनको जिम्मेवारीको लागि नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले गैर सरकारी क्षेत्र भए आयोजना तर्जूमा, व्यवस्थापन वा कार्यान्वयन गर्न जिम्मेवारी भएको संगठीत संस्थाको प्रमुख, प्रवन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत समेतलाई जनाउँछ ।

(घ) "आयोजना प्रभावित परिवार" भन्नाले आयोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको कारणले आफ्नो बसोबास रहेको घर जग्गा, खेतीयोग्य जग्गा वा अन्य सम्पत्ति वा जीविकोपार्जनको साधन स्रोत पूर्ण वा आंशिक रुपमा गुमाउने परिवार सम्झनु पर्छ ।

(ङ) "आयोजना प्रभावित क्षेत्र" भन्नाले आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयनको सिलसिलामा आयोजनाको काम कारबाहीबाट प्रभावित भएको वा प्रभावित हुन सक्ने क्षेत्र सम्झनु पर्छ र सो शब्दले जग्गा प्राप्ति गरिएको क्षेत्र समेतलाई जनाउँछ ।

(च) "खेतीयोग्य जग्गा" भन्नाले कुनै व्यक्तिको हक, भोग र स्वामीत्वमा रहेको देहायको प्रयोजनको लागि उपयोग भएको वा हुन सक्ने सरकारी

जग्गा, सार्वजनिक जग्गा वा वन क्षेत्र बाहेकको अन्य जग्गा सम्झनु पर्छ,-

(१) कृषि वा वागवानी,

(२) दुग्ध विकास, पशुपालन, पंक्षीपालन, माछापालन वा जडिबुटी उत्पादन,

(३) अन्नबाली, नगदेबाली, घाँस, चिया बगान, खर बाली, निजी वन वा बगैंचाको लागि प्रयोग भएको जग्गा,

(४) पशु चरणको लागि प्रयोग गरेको जग्गा ।

(छ) "गंभीर रुपमा आयोजना प्रभावित परिवार" भन्नाले आयोजनाको निर्माण वा कार्यान्वयनको कारणले विस्थापित भई आफ्नो कुल अचल सम्पत्ति मध्ये आयोजना प्रभावित क्षेत्रमा पचास प्रतिशत भन्दा बढी खेतीयोग्य जग्गा, अन्य सम्पत्ति र जीविकोपार्जनको स्रोत गुमाउने परिवार संझनु पर्छ ।

(ज) "जग्गा" भन्नाले कसैको हकभोगमा रहेको जुनसुकै अचल सम्पति र त्यसमा स्थायी रूपले रहेको घर, पर्खाल, रुख समेत सम्झनुपर्छ र सो शब्दले त्यस्तो जग्गामा स्थायी रूपले जडान भएको अन्य जुनसुकै वस्तुलाई समेत जनाउँछ ।

(झ) "जग्गा प्राप्ति" भन्नाले नेपाल सरकारले यस ऐन बमोजिम कुनै व्यक्तिको जग्गा स्थायी, अस्थायी वा अन्य कुनै तरिकाले प्राप्त गर्ने वा अधिग्रहण वा त्यस्तो जग्गामा अन्य कुनै तरीकाले नियन्त्रण गर्ने वा कुनै अधिकार सिर्जना गर्ने काम सम्झनु पर्छ ।

(ञ) "जग्गा प्राप्ति योजना" भन्नाले आयोजनाबाट कुनै व्यक्ति, परिवार वा समुदायमा पर्ने सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभाव न्यूनीकरण वा सम्बोधन गर्नको लागि आयोजनाद्वारा तयार पारिएको जग्गा प्राप्ति, क्षतिपूर्ति वितरण, पुर्नस्थापना वा पुनर्बास योजना सम्झनु पर्छ ।

(ट) "पूर्वाधार संरचना" भन्नाले विद्युत उत्पादन, विद्युत प्रसारण तथा वितरण, सडक, राजमार्ग, पुल, सुरुङमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्ग, दूरसञ्चार टावर तथा लाइन, बन्दरगाह, विमानस्थल, बस पार्क, केबुलकार मार्ग, ट्रलिवस संरचना, परिवहन विसौनी स्थल, सार्वजनिक खानेपानी संरचना, वितरण तथा प्रशोधन, अस्पताल, विद्यालय वा विश्व विद्यालय, सार्वजनिक नहर, पार्क, खुला क्षेत्र, बाँध, ढल निकास, सरसफाई, सार्वजनिक सिंचाई, ल्याण्ड फिल्ड साइट, उर्जा उत्पादन तथा प्रसारण, सार्वजनिक शैक्षिक संस्था, रंगशाला, सार्वजनिक सभाहल, सरकारी संरचना, सार्वजनिक पुस्तकालय, सार्वजनिक गोदाम घर र यस्तै प्रकृतिका अन्य भौतिक संरचना

सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाको सञ्चालन वा व्यवस्थापनका लागि संलग्न मानव स्रोतको कार्यालय, भवन, आवासगृह, छात्रवासका लागि आवश्यक अन्य संरचना समेतलाई जनाउँछ ।

(ठ) ‘‘मन्त्रालय’’ भन्नाले आयोजनासँग सम्बन्धित नेपाल सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(ड) ‘‘तोकिएको’’ वा ‘‘तोकिए बमोजिम“ भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) ‘‘समिति’’ भन्नाले दफा ५० बमोजिम गठन हुने क्षतिपूर्ति निर्धारण समिति सम्झनु पर्छ ।

(ण) ‘‘सरोकारवाला व्यक्ति’’ भन्नाले देहायको व्यक्ति सम्झनु पर्छ :-

(१) सम्बन्धित जग्गाधनी,

(२) यस ऐन अन्तर्गत दिइने क्षतिपूर्तिमा कानून बमोजिम हक दावी गर्न सक्ने अधिकार भएको व्यक्ति,

(३) मोही भएको जग्गा भए कानून बमोजिम मोहीयानी हक प्राप्त गरेको व्यक्ति,

(४) कानून बमोजिम जग्गाको जग्गा धनी प्रमाण पुर्जा प्राप्त नगरेको वा स्वामीत्व कायम नभएको भए तापनि अन्य कुनै प्रमाणका आधारमा परम्परा देखि कुनै सरकारी जग्गामा सार्वजनिक रुपमा नै बसोबास गर्दै वा भोगचलन गरिरहेको वा अन्य कुनै व्यहोराले जग्गा भोग चलन गर्ने व्यक्ति,

(५) देहायका व्यक्ति बाहेक यस ऐन बमोजिम गरिएको प्रारम्भिक कारबाही वा जग्गा प्राप्त गरिएको कारणबाट प्रभावित व्यक्ति :

(क) जग्गामा आर्थिक, वित्तीय, व्यापारिक वा यस्तै प्रकृतिको अन्य कुनै लगानी नगरी सामान्यतः बसोबास प्रयोजनको लागि वा अन्य सामान्य व्यापार वा व्यवसायका लागि बहाल तिरी बसोबास गरिरहेको व्यक्ति,

(ख) यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम सूचना प्रकाशन वा टाँस भएपछि सो जग्गामा हक प्राप्त गर्ने वा भोग चलन गर्ने व्यक्ति,

(ग) जुनसुकै तबरबाट सरकारी, सार्वजनिक, सामुदायिक वा सार्वजनिक गुठी जग्गा कब्जा अनाधिकृत रुपमा गरी भोग चलन गर्ने व्यक्ति ।

(त) ‘‘सार्वजनिक संस्था’’ भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा स्वामीत्व रहेको सार्वजनिक

संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकांश स्वामीत्व वा नियन्त्रण रहेको कुनै पनि संगठीतसंस्थाको पूर्ण वा अधिकांश स्वामीत्व रहेको सार्वजनिक संस्था समेतलाई जनाउँछ ।

(थ) "सार्वजनिक हित" भन्नाले सर्वसाधारणको हित, कल्याण, सुविधा, भलाई, लाभ, आवश्यकता, उपयोगको लागि हुने कुनै काम सम्झनु पर्छ र सो शब्दले देहायका कामलाई समेत जनाउँछ,-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थाले आफ्नो वा अन्य कसैको पूर्ण वा आंशिक लागत वा व्यवस्थापनमा आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने काम,

(ख) खण्ड (क) मा लेखिए बाहेक सार्वजनिक प्रकृतिको अन्य कुनै आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने काम,

(ग) कुनै पूर्वाधार संरचना वा आयोजनाको लागि जग्गा प्राप्ति गरिएकोमा त्यसको कारणले विस्थापित भई आफ्नो सबै सम्पत्ति, आय-आर्जनको स्रोत वा जीविकोपार्जनको साधन पूर्ण वा आंशिक रुपमा गुमाएका परिवार वा गम्भीररुपमा आयोजना प्रभावित परिवारलाई बसोबास गराउनका निमित्त जग्गा प्राप्ति गर्ने काम,

(घ) पूर्वाधार संरचनाको निर्माण, विकास, मर्मत, विस्तार वा पुर्ननिर्माणको निमित्त जग्गा प्राप्त गर्ने काम,

(ङ) विपदको कारणबाट प्रभावित भई आफ्नो सम्पूर्ण घर, जग्गा गुमाएका तोकिए बमोजिम आर्थिक रुपले विपन्न परिवारलाई बसोबास गराउन वा विपद् व्यवस्थापन गर्न जग्गा प्राप्ति गर्ने काम,

(च) तोकिए बमोजिमका गरीब र भूमिहीनलाई बसोबास गराउनका निमित्त जग्गा प्राप्ति गर्ने काम,

(छ) राज्यले आफ्नो कार्य सम्पादन गर्न आवश्यकता अनुसार कानूनद्वारा स्थापित कुनै सुरक्षा निकाय वा अन्य कुनै सरकारी वा सार्वजनिक संस्थाको निमित्त आवश्यक जग्गा प्राप्त गर्ने काम ।

(द) "स्थानीय तह" भन्नाले आयोजना प्रभावित क्षेत्रका सम्बन्धित गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ध) "क्षतिपूर्ति" भन्नाले सरोकारवाला व्यक्तिलाई यस ऐन बमोजिम दिइने देहाय बमोजिम रकम वा सट्टा जग्गालाई सम्झनु पर्छ र सो शब्दले पुनर्स्थापना वा पुनर्वास कार्यक्रम समेतलाई जनाउँछ :-

(१) जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही गर्दा भएको वास्तविक हानी नोक्सानी वापतको क्षतिपूर्ति,

(२) जग्गा प्राप्त गरिएको कारणले सरोकारवाला व्यक्तिले गुमाउनु परेको सम्पत्ति, स्रोत वा आय वापतको क्षतिपूर्ति,

(३) जग्गा प्राप्त गरिएको कारणले दिइने क्षतिपूर्ति वा सट्टा जग्गा ।

## परिच्छेद-२

## जग्गा प्राप्तिको पूर्व संभाव्यता तथा सामाजिक प्रभाव मूल्यांकन अध्ययन

३. **पूर्व संभाव्यता अध्ययन गर्नुपर्ने** : (१) सार्वजनिक हितको लागि यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धी कारबाही चलाउनु अघि जुन प्रयोजन वा आयोजनाका लागि जग्गा प्राप्त गर्न लागिएको हो त्यस्तो प्रयोजन वा आयोजना निर्माण वा कार्यान्वयन, भौगर्भिक, वातावरणीय र सामाजिक दृष्टिकोणबाट उपयुक्त छ वा छैन सो सम्बन्धमा दफा १० बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित आयोजना, कार्यालय वा संगठीतसंस्थाले  त्यसको पूर्व सम्भाव्यता अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययनमा आयोजनाको निर्माण वा कार्यान्वयनबाट आयोजना प्रभावित क्षेत्रका परिवार, समुदाय तथा संवेदनशील समूहमा पर्न जाने प्रभाव मूल्यांकन गर्न सम्बन्धित सामाजिक प्रभाव मुल्यांकन अध्ययन समेत गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पूर्व संभाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्यांकन अध्ययन गर्दा स्थानीय तहका पदाधिकारी, आयोजना प्रभावित परिवार, सरोकारवाला पक्ष तथा अन्य सम्बद्ध निकायहरुसंग परामर्श गर्नु पर्नेछ ।

(४) सम्बन्धित आयोजना, निकाय वा संगठीत संस्थाले उपदफा (१) र (२) बमोजिमको सामाजिक प्रभाव मूल्यांकन अध्ययन पूरा गरी देहायको विवरण खुलाई त्यसको प्रतिवेदन तयार गर्नुपर्नेछ :-

(क) आयोजनाले प्राप्त गर्नुपर्ने जग्गा रहेको प्रदेश, जिल्ला, गाउँपालिका वा नगरपालिका र वडा नम्बर, त्यस्तो जग्गाको नक्सा र सिट नंम्वर, कित्ता नंम्वर र क्षेत्रफल, जग्गाको प्रकार (गुठी, रैकर, सार्वजनिक वा सरकारी), वा स्वामीत्व, उपयोगको अवस्था, जग्गामा निर्मित संरचनाहरु (स्थायी वा अस्थायी) को संख्या र सोको विवरण,

(ख) आयोजनाको लागि जग्गा प्राप्त गर्न प्रस्तावित क्षेत्रको नापी नक्सा, लगत तथा अन्य प्रमाणित कागजात,

(ग) संभावित आयोजना प्रभावित परिवार वा गम्भीर रुपमा आयोजना प्रभावित परिवारको समष्टिगत विवरण र आयोजनाबाट भौतिक तथा आर्थिक दुवै रुपमा विस्थापित हुने परिवारको लगत,

(घ) आयोजनाका लागि जग्गा प्राप्ति गर्न प्रस्ताव गरिएको घर जग्गाको परिमाण,

(ङ) जग्गा प्राप्तिको कुनै विकल्प भए त्यस्तो विकल्पको पहिचान, आंकलन र सान्दर्भिकता तथा त्यसको विश्लेषण,

(च) संभावित आयोजना प्रभावित क्षेत्र भित्रको समुदायको संरचना तथा सामाजिक, आर्थिक, साँस्कृतिक तथा जनसांख्यिक ढाँचाको विवरण,

(ज) सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवदनमा औंल्याइएका विषयहरु सम्बोधन गर्न आवश्यक लागतको विस्तृत विवरण, त्यसले समग्र आयोजनाको लागतमा पार्न सक्ने असरको विश्लेषण र प्राप्त हुने लाभको लेखाजोखा,

(झ) प्रस्तावित जग्गा प्राप्त गर्दा सार्वजनिक हितको प्रयोजन पूरा हुने वा नहुने त्यसको आंकलन,

(ञ) त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ वा छैन यकिन गर्नको लागि जग्गामा रहेको माटो, ढुंगा, बालुवा, चट्टान आदिको नमूना संकलन, खाडल खन्ने वा वोरिङ् गर्ने काम र त्यसको परीक्षणबाट प्राप्त परिणामको विवरण ।

(५) सम्बन्धित आयोजना, कार्यालय वा संगठीतसंस्थाले उपदफा (३) बमोजिम तयार भएको पूर्व संभाव्यता तथा सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन जानकारीका लागि सम्बन्धित मन्त्रालय वा संगठीत संस्था भए कार्यकारी निकाय समक्ष पेश गर्नुपर्नेछ र त्यसको एक प्रति सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा समेत उपलब्ध गराउनु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा उपदफा (४) बमोजिमको विवरण सम्वोधन भएको रहेछ र त्यस्तो प्रतिवेदन सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएको रहेछ भने सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गरिरहन आवश्यक हुने छैन ।

४. **जग्गा प्राप्तिको योजना बनाउनु पर्ने** : (१) जग्गा प्राप्ति गर्नुपर्दा आयोजना कार्यालयले आयोजना प्रभावित घरपरिवारलाई लक्षित गरी जग्गा प्राप्ति वापत दिनुपर्ने क्षतिपूर्तिको विवरण, सट्टा जग्गा दिन सकिने भए त्यसको विवरण वा पुनर्वास वा पुनर्स्थापना गर्नु पर्ने भएमा त्यसको योजना (स्कीम) तर्जुमा गर्नु पर्नेछ र त्यस्तो योजना कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरी आयोजनाको अभिन्न अंगको रुपमा रहने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तर्जुमा भएको योजना दफा ५ बमोजिम सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको सुनवाई गर्दा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सुनुवाईमा प्राप्त गरिने घर, जग्गा र अन्य सम्पत्तिको क्षतिपूर्ति रकम निर्धारणका लागि अनुमानित प्रति इकाई (कित्ता, घर वा अन्य अचल सम्पति) को मूल्य समेत प्रस्ताव गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सुनुवाई गर्दा नेपाली भाषा र आवश्यक भएमा अन्य राष्ट्रिय भाषामा लेखिएको योजनाको सार संक्षेप र क्षतिपूर्तिको विवरण र पुनर्स्थापना वा पुनर्वास कार्यक्रम डिजायन गरिएको भए त्यसको विवरण संक्षिप्त रुपमा आयोजना प्रभावित परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजनाको तर्जूमा तथा स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको सुनुवाईबाट जग्गा प्राप्ति, पुर्नवास वा पुर्नस्थापना योजनाको सम्बन्धमा प्राप्त सुझाव र प्रतिक्रिया समेत सम्वोधन हुने गरी आवश्यक भए आयोजना कार्यालयले परिमार्जित योजना तयार गर्नु पर्नेछ र त्यस्तो योजना स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

५. **<u>सार्वजनिक सुनुवाई गर्नुपर्ने</u>** : (१) दफा ३ को उपदफा (१) र उपदफा (२) बमोजिम तयार भएको पूर्व सम्भाव्यता अध्ययन र सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराएको पैतालीस दिन भित्र सार्वजनिक गरी आयोजना कार्यालयले त्यसको सार्वजनिक सुनुवाई गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधि, आयोजना प्रभावित परिवारका सदस्य वा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, सरोकारवाला र सम्भव भए सम्म सम्बन्धित क्षेत्रका विशेषज्ञलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुनुवाईको लागि कम्तिमा तीन दिनको सूचना सार्वजनिक रुपमा दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सुनुवाई जुन ठाउँको जग्गा प्राप्त गर्न प्रस्ताव गरिएको हो सम्भव भएसम्म सोही ठाउँमा र सो सम्भव नभए सोही वडाको अन्य उपयुक्त ठाउँमा गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम सुनुवाई गर्दा प्राप्त भएका मनासिब तथा उपयुक्त टिप्पणी, सुझाव वा सिफारिस तथा विशेषज्ञका सुझावलाई सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनमा समावेश गर्न सकिने छ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम तयार हुने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उपदफा (१) बमोजिम विषय पनि समावेश भएको रहेछ भने सोही प्रतिवेदनमा प्रस्ताव गरिएको योजनालाई यस दफा बमोजिमको योजना मानिनेछ ।

(७) सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन स्वीकृत गर्ने** : (१) दफा ३ को उपदफा (४) वमोजिम तयार भएको प्रतिवेदनका सम्बन्धमा दफा ५ बमोजिम सार्वजनिक सुनुवाई पूरा भएपछि त्यस्तो सुनुवाईबाट टिप्पणी, सुझाव वा सिफारिस समेत विचार गरी सम्बन्धित मन्त्रालय वा कार्यकारी निकायले त्यस्तो योजना प्राप्त भएको पैतालीस दिन भित्र स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालय वा कार्यकारी निकायले आवश्यक ठानेमा आयोजनाको प्राविधिक विज्ञ, स्वतन्त्र समाजशास्त्री र पुनर्वास तथा पुर्नस्थापना विज्ञहरु समावेश भएको एक विज्ञ समूहको सहयोगमा प्रतिवेदनको समीक्षा गरी समीक्षाबाट प्राप्त सुझावहरु विचार गरी स्वीकृत गर्न सक्नेछ ।

७. **पूर्व सम्भावव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्यांकन प्रतिवेदन आवश्यक नहुने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको क्षेत्रफल भन्दा कम क्षेत्रफल भएको जग्गा प्राप्त गर्दा यस ऐन बमोजिम पूर्व सभाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुरक्षा निकाय वा विपद् व्यवस्थापनको प्रयोजनका लागि जग्गा प्राप्त गर्दा जतिसुकै क्षेत्रफल भएपनि त्यस्तो प्रतिवेदन आवश्यक पर्ने छैन ।

८. **जग्गा प्राप्ति सम्बन्धी कारबाही प्रारम्भ गर्नु पर्ने :** (१) दफा ६ बमोजिम सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन स्वीकृति भएको मितिले छ महिनाभित्र दफा १८ बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारबाही प्रारम्भ गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो प्रारम्भिक कारबाही प्रारम्भ हुन नसकेमा दफा ३ को उपदफा (४) बमोजिम तयार गरिएको सामाजिक प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन स्वतः निष्कृय भएको मानिनेछ ।

## परिच्छेद- ३
## जग्गा प्राप्त गर्ने नेपाल सरकारको अधिकार

९. **नेपाल सरकारलाई जग्गा प्राप्त गर्ने अधिकार हुने** : (१) नेपाल सरकारलाई सार्वजनिक हितको लागि आवश्यक पर्ने जहाँसुकैको र जतिसुकै क्षेत्रफल भएको जग्गा यस ऐन वमोजिम प्राप्त गर्ने र त्यस सम्बन्धी यस ऐन बमोजिम कारबाही गर्ने, क्षतिपूर्ति निर्धारण गर्ने पुनर्स्थापना वा पुनर्वास योजना स्वीकृत गर्ने तथा अन्य आवश्यक निर्णय गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्षतिपूर्ति नदिई कुनै व्यक्तिको जग्गा नेपाल सरकारले प्राप्त गर्न वा त्यसमा कुनै किसिमको हक वा नियन्त्रण सिर्जना गर्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति दिने गरी जग्गा प्राप्त गर्ने नेपाल सरकारको अधिकारलाई सम्मान गर्नु सम्बन्धित जग्गाधनीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम नेपाल सरकारले जग्गा प्राप्ति गर्दा यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति सम्बन्धित जग्गाधनी र त्यस्तो जग्गामा मोही भए मोहीलाई दिनु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा सार्वजनिक हितका लागि आवश्यक जग्गा वार्ताद्वारा पनि प्राप्त गरी खरिद गर्न सक्नेछ ।

१०. **स्वीकृति नलिई जग्गाप्राप्ति सम्बन्धी कारबाही गर्न नहुने** : (१) नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले पनि जग्गा प्राप्ति गर्न, जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही गर्न वा पूर्व सम्भाव्यता वा सामाजिक प्रभाव मूल्यांकन अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गर्न वा गराउन हुँदैन ।

तर सम्बन्धित प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई दफा ३ बमोजिम पूर्व सम्भाव्यता अध्ययन वा सामाजिक प्रभाव मूल्यांकन अध्ययन गर्न सकिनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि जग्गा प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्नेछ ।

११. **जग्गा प्राप्तिको लागि अनुरोध गर्नु पर्ने** : सार्वजनिक हितको लागि यस परिच्छेद बमोजिम जग्गा प्राप्त गर्नु परेमा जग्गा प्राप्त गर्नुपर्ने आयोजना कार्यालय, संगठीत संस्था वा निकायले देहाय बमोजिमको विवरणहरु खुलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्नुपर्नेछ :-

(क) जग्गा रहेको प्रदेश, जिल्ला, स्थानीय तहको नाम र वडा नम्बर,

(ख) जग्गा प्राप्त गर्नु पर्नाको कारण,

(ग) प्राप्त गर्नुपर्ने जग्गा नापी भईसकेको भए कित्ता नम्बर,

(घ) प्राप्त गर्नुपर्ने जग्गा नापी भैनसकेको भए जग्गाको चार किल्ला र जग्गा चिनाउन सहायक हुने आवश्यक विवरणहरु,

(ङ) प्राप्त गरिने जग्गाको क्षेत्रफल र चार किल्ला,

(च) जग्गाको किसिम,

(छ) सम्बन्धित जग्गाधनीको नाम,

(ज) जग्गाको नक्सा नम्वर, सिट नम्वर,

(झ) मोही भए सम्बन्धित मोहीको नाम,

(ञ) रजिष्ट्रेशन प्रयोजनका लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको न्यूनतम मूल्यांकन दर,

(ट) दफा ३ बमोजिम पूर्व सम्भाव्यता वा सामाजिक प्रभाव मूल्यांकन अध्ययन तयार भइसकेको भए त्यसको प्रतिवेदन,

(ठ) तोकिए वमोजिमका अन्य आवश्यक विवरण ।

१२. **प्रदेश सरकार वा स्थानीय तहलाई जग्गा प्राप्त गरिदिने** : (१) कुनै प्रदेश सरकार वा स्थानीय तह वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामीत्व वा

नियन्त्रण भएको संगठीत संस्थाले निर्माण, कार्यान्वयन वा सञ्चालन गर्ने कुनै आयोजनाको लागि आवश्यक हुने जग्गा प्राप्ति गर्न त्यस्तो प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएमा नेपाल सरकारले यस ऐनको कार्यविधि पूरा गरी जग्गा प्राप्ति गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गर्ने जग्गाको क्षतिपूर्ति, पुनर्स्थापना वा पुनर्वासको व्यवस्था त्यस्तो अनुरोध गर्ने आयोजना, कार्यालय वा संगठीत संस्था र त्यस्तो आयोजना कार्यालय वा संस्था नभए सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

**१३. जग्गा प्राप्त गर्न नसकिने :** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वर्षमा दुई बाली भन्दा बढी फशल उत्पादन हुने र वर्षभरि नै सिंचाई सुविधा उपलब्ध भइसकेको खेतीयोग्य जग्गा सामान्यतया प्राप्त गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय महत्वका राजमार्ग, रेलमार्ग, विद्युत उत्पादन वा प्रसारण, सुरुङ मार्ग वा नहर निर्माण जस्ता अत्यावश्यक पूर्वाधार संरचना निर्माण वा विकास त्यस्तो जग्गामा नै गर्नुपर्ने र त्यसको वैकल्पिक व्यवस्था गर्दा आर्थिक, वातावरणीय वा सामाजिक रुपमा दीगो नहुने भएमा त्यस्तो जग्गा प्राप्त गर्न सकिने छ ।

(३) उपदफा (२) बमोजिम जग्गा प्राप्त गर्नु नै परेमा आयोजना कार्यालयले जति क्षेत्रफलको जग्गा प्राप्त गरिएको हो सोही क्षेत्रफल भन्दा कम नहुने गरी सिंचाई सुविधा नभएको जग्गामा सिंचाई सुविधाको निर्माण र व्यवस्था हुने सुनिश्चित गर्नु पर्नेछ ।

**१४. स्थानीय तहसँग परामर्श गर्नु पर्ने** : (१) नेपाल सरकारले यस ऐन बमोजिम जग्गा प्राप्त गर्नु अघि प्राप्त गर्नु पर्ने जग्गा रहेको स्थानीय तहसँग जग्गा प्राप्तीका सम्बन्धमा परामर्श गर्नु पर्नेछ ।

तर परिच्छेद - ५ बमोजिम जग्गा प्राप्ती गर्दा स्थानीय तहसँग परामर्श गर्न आवश्यक हुने छैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले जग्गा प्राप्त गर्दा कुनै सुझाव भए तीस दिन भित्र उपलब्ध गराउन सम्बन्धित स्थानीय तहबाट त्यसको माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएमा सम्बन्धित स्थानीय तहको कुनै सुझाव भए त्यस्तो सुझाव निर्धारित अवधिभित्र नेपाल सरकार समक्ष उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले सुझाव उपलब्ध नगराएको वा गराएको भए तापनि आयोजना प्रभावित जग्गा प्राप्त गर्न असहमति जनाएको कारणले मात्र जग्गा प्राप्त गर्ने कारबाही रोकिने छैन ।

**१५. जग्गा प्राप्ति सम्बन्धी निर्णय** : (१) दफा ११ वा १२ बमोजिमको अनुरोध प्राप्त भएमा आयोजनासँग सम्बन्धित आवश्यक विवरण अध्ययन गर्दा अनुरोध बमोजिम जग्गा

प्राप्त गर्न उपयुक्त देखिएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालयले सार्वजनिक हितको लागि जग्गा प्राप्त गर्न यस ऐन बमोजिम कारबाही चलाउन सैद्धान्तिक स्वीकृति दिन सक्नेछ र त्यस्तो स्वीकृतिको जानकारी आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी, सम्बन्धित आयोजना प्रमुख, वा संगठीत संस्थालाई गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सैद्धान्तिक स्वीकृति भएको सूचना प्राप्त भएपछि सम्बन्धित जग्गा प्राप्त गर्ने सूचना सार्वजनिक गर्नु पर्नेछ ।

१६. **सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्दा पुर्व स्वीकृति लिनुपर्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सार्वजनिक जग्गा प्राप्त गर्न सकिने छैन र त्यस्तो जग्गाको स्वामीत्व परिवर्तन हुन सक्ने छैन ।

(२) कुनै आयोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको लागि सरकारी वा सार्वजनिक जग्गा प्रयोग गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि आवश्यक भई कुनै आयोजना निर्माण वा सञ्चालन गर्दा सरकारी वा सार्वजनिक जग्गामा पर्ने रहेछ र आयोजना सञ्चालनका लागि त्यस्तो जग्गा नभई नहुने रहेछ र त्यसको वैकल्पिक व्यवस्था व्यावहारिक हुने रहेनछ भने आयोजना प्रमुखले नेपाल सरकार, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय समक्ष सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन परेमा त्यस्तो निश्चित अवधिसम्मका लागि आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयन गर्न जग्गा उपलब्ध गराउन उपयुक्त देखिएमा लिजमा दिन सकिनेछ र त्यस्तो जग्गा प्रयोग गरेवापत आयोजनाले नेपाल सरकारलाई लिज वहाल उपलव्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको जग्गाको लागि लिज रकम र लिज अवधि नेपाल सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजमको जग्गा लिजमा दिंदा लिज रकम, लिज अवधि र लिजका अन्य शर्तहरु नेपाल सरकारसँग हुने लिज करारमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद -४

## जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही

१७. **प्रारम्भिक कारबाही गर्ने अधिकारी** : (१) दफा १५ बमोजिम मन्त्रालयबाट जग्गा प्राप्तिको सैद्धान्तिक स्वीकृति प्राप्त भए पछि सम्बन्धित निकायले तोकेको अधिकृतस्तरको कुनै कर्मचारी वा त्यस्तो कर्मचारी नभएमा कार्यालय प्रमुखले, कुनै आयोजनाको लागि जग्गा प्राप्त गर्न लागिएको भए सम्बन्धित आयोजना प्रमुखले, संगठीतसंस्थाको लागि भए त्यस्तो संस्थाको कार्यकारी प्रमुख वा निजले तोकेको कुनै कर्मचारीले र प्रदेश सरकार वा स्थानीय तहको लागि जग्गा प्राप्त गर्न लागिएको भए प्रदेश सरकार वा स्थानीय तहले तोकेको अधिकृतले प्रारम्भिक कारबाही चलाउन सक्नेछ ।

**स्पष्टिकरण** : निजी क्षेत्रको हकमा "आयोजना प्रमुख" भन्नाले सम्बन्धित संगठीत संस्थाको अनुरोधमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको व्यक्ति संझनु पर्छ ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाउनु अघि सम्बन्धित आयोजना, संस्था, प्रदेश सरकार वा स्थानीय तहले प्रारम्भिक कारबाही चलाउने अधिकारीको विवरण सहित प्रारम्भिक कारबाही गर्न प्रारम्भ गर्ने दिन खुलाई त्यसको सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयमा दिनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भएको अवस्थामा बाहेक अन्य अवस्थामा त्यस्तो कारबाही गर्नु पर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतले गर्नु पर्नेछ ।

१८. **प्रारम्भिक कारबाही** : (१) दफा १७ बमोजिमको प्रारम्भिक कारबाही गर्ने अधिकारीले जग्गा प्राप्ति गर्ने सम्बन्धमा प्रारम्भिक कारबाही हुन लागेको कुरा सरोकारवालाको जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रिकामा सूचना प्रकाशन गरी देहायको कार्यालय तथा स्थानमा एक एक प्रति सूचना टाँस गर्नु पर्नेछ,-

(क) सर्वसाधारणले देख्नेसक्ने गरी आयोजना प्रभावित क्षेत्र वा त्यसको आसपासमा रहेको सार्वजनिक ठाउँमा,

(ख) सम्बन्धित स्थानीय तहले सम्बन्धित वडा कार्यालयमा,

(ग) उपलब्ध भएसम्म नजिकको कुनै सरकारी कार्यालय वा त्यस्तो कार्यालय नभएमा सहकारी कार्यालयमा ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रारम्भिक कारबाही गर्ने अधिकारीले निजको कार्यालयको वेभसाइटमा पनि राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सार्वजनिक गरिएको सूचनाको जानकारी सम्बन्धित स्थानीय तहलाई पनि दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सूचना टाँस भएको मितिले सात दिनपछि प्रारम्भिक कारबाही गर्ने अधिकारीले देहायको कुनै काम कारबाहीको लागि आवश्यक संख्यामा कर्मचारी वा कामदार लिई सम्बन्धित जग्गा वा घर कम्पाउण्डभित्र प्रवेश गर्न सक्नेछ,-

(क) त्यस्तो जग्गाको नाप नक्सा लिने, सर्भे गर्ने वा जग्गाको क्षेत्रफल यकिन गर्ने,

(ख) प्राप्त गर्न आवश्यक जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा अरु कुनै प्रकारले निशाना लगाउने,

(ग) जग्गामा रहेका घर, मतान, गोठ, टहरा, बगैंचा, रुख, बाँस, फुलबारी आदिको विवरण तयार गर्ने,

(घ) खण्ड (क) वा (ख) सम्बन्धी कुनै कारबाहीको लागि आवश्यक पर्ने कुनै उपकरण जडान गर्ने वा खडा गर्ने ।

(५) उपदफा (२) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको कुनै कारबाही गर्दा त्यस्तो जग्गामा लगाएको कुनै वाली वा नहुर्केको रुख काट्न वा उखेल्न परेमा वा कुनै छेकवार वा पर्खाल हटाउनु वा भत्काउनु परेमा सम्भव भएसम्म सम्बन्धित

जग्गाधनी र निज उपलब्ध नभएमा सरोकारवाला व्यक्तिको अनुमति लिई र अनुमति लिन सम्भव नभएमा वा निजले अनुमति नदिएमा स्थानीय जन प्रतिनिधि र सो पनि सम्भव हुन नसके कम्तिमा दुई जना स्थानीय स्तरका व्यक्ति प्रतिनिधिको रुपमा उपस्थिति भएको व्यहोरा अभिलेख गरी प्रारम्भिक कारबाही चलाउने अधिकारीले त्यस्तो खण्ड बमोजिमको कुनै काम, कारबाही गर्न सक्नेछ ।

१९. **प्रारम्भिक कारबाहीवाट भएको नोक्सानी वापत क्षतिपूर्ति दिने** : (१) दफा १८ बमोजिम भए वा गरेको कुनै काम, कारबाहीवाट सरोकारवालालाई कुनै किसिमको हानी नोक्सानी भएमा त्यस वापत आयोजना कार्यालयले सम्बन्धित जग्गाधनीलाई यथाशिघ्र क्षतिपूर्ति वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वितरण भएको क्षतिपूर्ति रकममा चित्त नबुझेमा सरोकारवालाले जानकारी पाएको मितिले सात दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी परेकोमा उजूर परेको मितिले सात दिनभित्र प्रमुख जिल्ला अधिकारीले त्यस वापतको क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ र त्यसरी क्षतिपूर्ति निर्धारण भएकोमा प्रारम्भिक कारबाहीबाट भएको हानि नोक्सानीको हकमा अन्तिम रुपमा क्षतिपूर्ति निर्धारण भएको मानिनेछ ।

(५) यस दफा बमोजिम प्राप्त गरेको क्षतिपूर्ति रकम दफा ४८ बमोजिम प्राप्त हुने क्षतिपूर्ति रकममा गणना गरिने छैन ।

२०. **रोक्का राख्नु पर्ने** : (१) दफा १८ बमोजिमको सूचना प्रकाशन वा टाँस भएपछि प्रारम्भिक कारबाही चलाउने अधिकारीले तीन दिनभित्र त्यस्तो जग्गाको कुनै किसिमले हक हस्तान्तरण हुन नसक्ने वा धितो बन्धक दिन नसक्ने गरी यथास्थितिमा जग्गा रोक्का राख्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएमा जिल्ला प्रशासन कार्यालयले अनुरोध भए बमोजिम  सम्बन्धित मालपोत कार्यालयमा लेखि पठाउनु पर्नेछ र त्यसरी लेखि आएमा त्यस्तो कार्यालयले लेखी आए बमोजिम त्यस्तो जग्गाको हक हस्तान्तरण वा धितो बन्धक सम्बन्धी रजिष्ट्रेशन पारित रोक्का राख्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम अंशियारहरु बीच अंशवण्डा गर्न वा त्यस्तो जग्गाको कित्ताकाट नहुने गरी समुच्चा कुनै कित्ता दान वकस गर्न वा जग्गाधनी र मोहीबीच बाँडफाँड गर्न बाधा पर्ने छैन ।

२१. **प्रतिवेदन दिनुपर्ने** : (१) प्रारम्भिक कारबाही चलाउने अधिकारीले प्रारम्भिक कारबाही चलाएको एक महिनाभित्र त्यस्तो कारबाही पूरा गरी त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ वा छैन यकीन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनबाट त्यस्तो जग्गा प्राप्त गर्न आर्थिक, प्राविधिक वा वातावरणीय दृष्टिकोणबाट उपयुक्त नदेखिएमा त्यस्तो जग्गाको रोक्का फुकुवा गरी त्यस सम्बन्धी अन्य आवश्यक विवरण सहित यथाशिघ्र जिल्ला प्रशासन कार्यालय मार्फत मन्त्रालय समक्ष प्रतिवेदन पठाउनु पर्नेछ ।

## परिच्छेद - ५
## वार्ताद्वारा जग्गा प्राप्ति

२२. **वार्ताद्वारा जग्गा लिन सकिने** : (१) देहायको अवस्थामा आयोजनाको लागि सम्बन्धित जग्गाधनीसँग प्रत्यक्ष वार्ता गरी त्यस्तो वार्ताद्वारा जग्गा लिन सकिने छ :-

(क) नेपाल सरकारले वार्ताद्वारा जग्गा प्राप्त गर्न प्रमुख जिल्ला अधिकारी मार्फत सम्बन्धित आयोजना कार्यालयलाई निर्देशन दिएमा,

(ख) सम्बन्धित स्थानीय तहले वार्ताद्वारा जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई अनुरोध गरी निवेदन दिएमा,

(ग) सम्बन्धित आयोजना कार्यालयले वार्ताद्वारा जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकार समक्ष निवेदन दिएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिने जग्गाको मूल्याकंन, क्षतिपूर्ति निर्धारण, पुनर्वास वा पुनर्स्थापना र अन्य विषयको निर्धारण आयोजना कार्यालय र जग्गाधनीवीच भएको वार्ता वमोजिम हुनेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि क्षतिपूर्ति निर्धारण गर्दा आयोजना कार्यालयले आवश्यकता अनुसार दफा ५१ र ५२ को विधि तथा आधारलाई आधार लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा देहायका शर्तहरु पुरा भएको हुनु पर्नेछ :-

(क) आयोजना प्रभावित परिवार वा निजका प्रतिनिधिलाई दफा २३ बमोजिम सो सम्बन्धमा अग्रिम सूचना दिई प्रत्यक्ष वार्ताका लागि आमन्त्रण गरेको,

(ख) वार्ता, क्षतिपूर्ति निर्धारण वा सम्झौता प्रक्रिया कसैको डर, त्रास, दवाव वा प्रभाव विना स्वतन्त्र रुपमा र पारदर्शी भएको,

(ग) उपदफा (२) बमोजिमका विषयमा आयोजना कार्यालय र सम्बन्धित जग्गाधनी बीच सहमति भएको ।

२३. **वार्ताको सूचना** : (१) दफा २२ बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्नु पर्ने भएमा सम्बन्धित आयोजना कार्यालय वा निकायले सम्बन्धित सरोकारवालालाई लिखित वा लिखित अभिलेख रहन सक्ने अन्य माध्यमद्वारा कम्तिमा सात दिनको सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विषयहरु उल्लेख गरेको हुनु पर्नेछ :-

(क) कुन आयोजना वा प्रयोजन वा कार्यको लागि जग्गा प्राप्त गरिने हो सो विषय,

(ख) जग्गा मात्र प्राप्त गरिने हो वा त्यसमा रहेको घर, पर्खाल आदि संरचना समेत प्राप्त गर्ने हो सो विषय,

(ग) जग्गा रहेको स्थानीय तहको नाम र वडा नम्बर,

(घ) नापी भईसकेको जग्गा भए प्राप्त गर्ने जग्गाको कित्ता नम्बर,

(ङ) नापी भइ नसकेको जग्गा भए जग्गाको चार किल्ला र जग्गाको पहिचान गराउन मद्दत हुने अन्य आवश्यक विवरणहरु,

(च) प्राप्त गरिने जग्गाको क्षेत्रफल,

(छ) सम्बन्धित जग्गा धनीको नाम,

(ज) सो जग्गामा प्रचलित कानून बमोजिमको दर्तावाला मोही भए त्यसको विवरण,

(झ) अन्य आवश्यक विवरण ।

(३) आयोजना कार्यालय वा सम्बन्धित निकायले उपदफा (२) वमोजिम सूचनाको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा समेत दिनु पर्नेछ ।

(४) यस दफा बमोजिम दिएको सूचना बमोजिम आयोजना कार्यालय वा सम्बन्धित निकायले तोकेको ठाउँ वा सम्बन्धित वडा कार्यालयमा सम्बन्धित सरोकारवालासँग वार्ता गर्नु पर्नेछ ।

(५) वार्ता सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२४. **<u>वार्ताद्वारा जग्गा प्राप्त गर्ने अवधि</u> :** (१) यस परिच्छेद बमोजिम जग्गा प्राप्त गर्दा दफा २३ को उपदफा (१) बमोजिम सूचना प्रकाशन भएको मितिले सामान्यतया छ महिनाभित्र वार्ता प्रक्रिया पूरा गरि सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र जग्गा प्राप्त गर्ने काम पूरा नभएमा वा जग्गा प्राप्त गर्न नसकिएमा परिच्छेद-६ बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ ।

२५. **<u>लिखित सम्झौता गर्नुपर्ने</u>** : (१) दफा २२ बमोजिम भएको वार्ताबाट जग्गा बिक्री गर्न जग्गाधनी वा सरोकारवाला सहमत भएमा वार्तामा सम्बन्धित व्यक्तिले विक्री, हक हस्तान्तरण वा अन्य कुनै माध्यमबाट जग्गा सम्बन्धित आयोजना वा निकायलाई दिन र सो वापत लिनु पर्ने प्रतिफलका विषयमा सहमति भएमा सहमतिका वुँदाहरु स्पष्ट उल्लेख गरी लिखित सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भएमा सम्झौता भएको जानकारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

२६. **<u>जग्गा दिए वापत शेयर प्राप्त गर्न सक्ने</u>** : (१) स्थानीय स्रोत परिचालन गरी कुनै आयोजना कार्यान्वयन हुने भएमा आयोजना प्रभावित व्यक्ति वा परिवारले चाहेमा त्यस्तो आयोजनाको शेयर लिन सकिने भए जग्गाको मूल्य वापत आंशिक रुपमा शेयर पाउने गरी आयोजना कार्यालय वा आयोजना कार्यान्वयन गर्ने संगठीत संस्थालाई जग्गा दिन लिखित रुपमा सहमत हुन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम सहमति भएमा आयोजना कार्यालय वा त्यस्तो कम्पनीले सहमतिका शर्त बमोजिम आयोजना प्रभावित परिवारका सदस्यलाई अंकित मूल्यमा शेयर वितरण गर्नु पर्नेछ ।

२७. **निर्देशन दिन सक्ने :** (१) यस परिच्छेद बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्दा नेपाल सरकारले प्रमुख जिल्ला अधिकारी मार्फत आयोजनालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित आयोजना कार्यालय वा संगठीत संस्थाको कर्तव्य हुनेछ ।

२८. **सम्बन्धित निकायको अधिकार स्थापित भएको मानिने** : दफा २५ बमोजिम सम्झौता भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्झौताको व्यवस्था बमोजिम त्यस्तो जग्गा माथि सम्बन्धित आयोजना कार्यालय, संगठीत संस्था वा निकायको अधिकार स्थापित भएको मानिनेछ ।

२९. **आयोजना वा संगठीतसंस्थाको लागि जग्गा प्राप्त गराईदिन सकिने** : (१) दफा २२ को उपदफा (१) बमोजिमको अवस्था नभएमा वा कुनै आयोजना वा संगठीतसंस्थाले आयोजना निर्माण, सञ्चालन वा कार्यान्वयनका यस परिच्छेद बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गर्न नसकेको वा दफा २४ बमोजिमको अवधिभित्र वार्ताद्वारा जग्गा प्राप्त गर्न कुनै कारणले उपयुक्त नभएको वा सम्भव नभएको मनासिव कारण देखाई परिच्छेद - ६ बमोजिम जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले सार्वजनिक हितको कामको लागि त्यस्तो आयोजना कार्यालय वा संस्थालाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिको लागि अनुरोध गर्ने कार्यालय वा संस्थाले क्षतिपूर्ति, पुनर्स्थापना वा पुनर्वासका विषयहरुमा मञ्जुरीको लिखत गरी नेपाल सरकारलाई नबुझाएसम्म यस ऐन बमोजिम जग्गा प्राप्तिको कारबाही चलाइने छैन ।

३०. **जग्गा प्राप्ति सम्बन्धी निर्णय गर्न सकिने :** दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले परिच्छेद - ५ बमोजिमको कार्यविधि अवलम्बन गर्दा कुनै आयोजना कार्यान्वयन गर्न अनावश्यक ढिला हुन सक्ने देखिएमा त्यस्तो कार्यविधि अवलम्बन नगरी सोझै परिच्छेद - ६ बमोजिम जग्गा प्राप्त गर्ने गरी निणर्य गर्न सक्नेछ ।

## परिच्छेद - ६
## जग्गा प्राप्तिको कार्यविधि

३१. **जग्गा प्राप्त गर्न सूचना जारी गर्ने** : (१) दफा २१ बमोजिम प्रारम्भिक कारबाहीको प्रतिवेदन प्राप्त भएपछि दफा २४ को उपदफा (१) बमोजिमको अवधिभित्र वार्ताद्वारा जग्गा प्राप्त गर्न नसकिएमा वा दफा २९ बमोजिम संगठीतसंस्था वा आयोजना कार्यालयले जग्गा प्राप्त गरिदिन सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकार समक्ष अनुरोध गरेकोमा नेपाल सरकारले दफा ३० बमोजिम जग्गा प्राप्त गर्ने

निर्णय गरेमा पन्ध्र दिनभित्र प्रमुख जिल्ला अधिकारीले प्राप्त गर्नुपर्ने जग्गाको सम्बन्धमा देहायका विवरणहरु उल्लेख गरी सूचना जारी गर्नेछ :-

(क) कुन आयोजना वा प्रयोजनका लागि जग्गा प्राप्त गरिने हो सोको संक्षिप्त विवरण,

(ख) स्थायी वा अस्थायी कुन तरीकाबाट जग्गा प्राप्ति गर्न खोजिएको हो,

(ग) जग्गा रहेको जिल्ला, स्थानीय तहको नाम र त्यसको वडा नम्बर,

(घ) नापी भईसकेको जग्गा भए कित्ता नम्बर,

(ङ) नापी भै नसकेको भए जग्गा पहिचान गराउन सहायक हुने अन्य आवश्यक विवरण,

(च) संभावित आयोजना प्रभावित क्षेत्रको जग्गाको क्षेत्रफल र चारकिल्ला,

(छ) सम्बन्धित जग्गा धनीको नाम,

(ज) मोही भए सम्बन्धित मोहीको नाम,

(झ) जग्गा मात्र प्राप्त गरिने हो वा त्यसमा रहेको संरचना वा जडान वस्तु समेत प्राप्त गर्ने हो सो कुरा,

(ञ) जग्गा प्राप्त गरेको कारणले सरोकारवाला व्यक्तिलाई दिइने क्षतिपूर्ति रकममा वा पुनर्स्थापना वा पुनर्वास मार्फत के उपलब्ध गराउने हो सो कुरा,

(ट) पुनर्स्थापना वा पुनर्वासको व्यवस्था भएमा क्षतिपूर्ति रकम मात्र प्राप्त गर्ने वा क्षतिपूर्ति रकम नलिई पुनर्वास वा पुनर्स्थापनाको सुविधा प्राप्त गर्ने दोस्रो सम्बन्धमा सरोकारवालाले तोकिए बमोजिम रोज्न सक्ने कुरा,

(ठ) अन्य आवश्यक विवरण ।

(२) उपदफा (१) वमोजिम जारी हुने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी देहायको कार्यालय वा स्थानमा टाँस्नु पर्नेछ :

(क) सर्वसाधारणले देख्न सक्ने गरी संभावित आयोजना प्रभावित क्षेत्र वा त्यसको आसपासमा रहेको कुनै सार्वजनिक स्थान,

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालय,

(ग) जुन आयोजना वा संगठीतसंस्थाको लागि जग्गा प्राप्त गरिने हो सोही आयोजना वा संगठीतसंस्थाको स्थलगत कार्यालय,

(घ) सम्बन्धित स्थानीय तहको वडा कार्यालय ।

(३) उपदफा (१) बमोजिमको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालयको वेवसाईटमा पनि प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) वमोजिम जारी हुने सूचनामा सरोकारवाला व्यक्तिको जानकारीको लागि सरोकारवाला व्यक्तिले क्षतिपूर्तिमा दाबी गर्न नागरिकताको

प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जा, आफ्नो हकदैया वा भोगचलन सम्बन्धी अन्य कुनै निस्सा प्रमाण सहित निवेदन गर्नको लागि कम्तिमा एक्काइस दिनको अवधि दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको सूचनामा सरोकारवाला व्यक्तिले त्यस्तो जग्गामा लगाएको वाली वा रुख काट्न तथा त्यसमा रहेका घर, पर्खाल आदि संरचना भत्काई लैजान पाउने भए त्यस्तो वाली संकलन गर्न, रुख काटन वा घर, पर्खाल, आदि संरचना भत्काई लैजान पाउने अवधि समेत उल्लेख गर्नु पर्नेछ ।

३२. **जग्गामा प्रवेश गर्ने र नियन्त्रणमा लिने अधिकार** : (१) दफा ३१ को उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि जुनसुकै वखत सम्बन्धित आयोजना, कार्यालय वा निकायले त्यस्तो जग्गामा प्रवेश गर्न र जग्गा प्राप्तिसँग सम्बन्धित अन्य आवश्यक कार्य गरी त्यस्तो जग्गा उपयोगमा ल्याउन सक्नेछ र त्यसरी उपयोगमा ल्याएपछि त्यस्तो जग्गा नियन्त्रणमा लिएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै जग्गामा घर भएमा सम्बन्धित घर धनीको सोही घरमा वासस्थान रहेछ वा त्यस्तो जग्गामा कुनै व्यवसाय वा कारोवार सञ्चालन गरिरहेको रहेछ भने त्यस्तो वासस्थान वा व्यवसाय वा कारोवार अन्यत्र सार्नको निमित्त निर्धारित क्षतिपूर्तिको रकमको पचास प्रतिशत रकम नदिई त्यस्तो घर जग्गामा प्रवेश गरी आयोजनाको प्रयोजनका लाीग त्यस्तो जग्गामा कुनै काम गर्न वा त्यसलाई प्रयोगमा ल्याउन सकिने छैन ।

(३) उपदफा (१) बमोजिम जग्गामा प्रवेश गरेको र नियन्त्रणमा लिएको सूचना यथाशिघ्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई दिनु पर्नेछ ।

३३. **जग्गाको भोगाधिकार सर्ने** : (१) दफा ३२ बमोजिम कुनै जग्गा नियन्त्रणमा लिएकोमा त्यसरी नियन्त्रणमा लिएपछि त्यस्तो जग्गाको भोगाधिकार नेपाल सरकारको लागि प्राप्त गरिएको भए नेपाल सरकारमा, प्रदेश सरकार वा स्थानीय तहको लागि प्राप्त गरिएको भए सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको नाममा र कुनै आयोजना वा संगठीत संस्थाको लागि जग्गा प्राप्त गरिएको भए त्यस्तो आयोजना कार्यालय वा संगठीत संस्थामा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जग्गाको भोगाधिकार नेपाल सरकार , प्रदेश सरकार, स्थानीय तह वा सम्बन्धित आयोजना कार्यालय वा संस्थामा हस्तान्तरण भएपछि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सम्बन्धित संस्थाको स्वीकृति विना कसैले कुनै प्रकारको घर, टहरा, पर्खाल वा कुनै संरचना वनाउन वा त्यस्तो जग्गा आवाद गर्न वा वाली लगाउने सक्ने छैन ।

(३) उपदफा (२) प्रतिकूल हुने गरी कसैले घर, टहरा, पर्खाल वा कुनै संरचना वनाएमा वा जग्गा आवाद गरेमा वा वाली लगाएमा त्यसरी वनाएको घर, टहरा, पर्खाल, संरचना वा त्यस्तो जग्गामा लगाएका वालीको कुनै क्षतिपूर्ति दिनु पर्ने छैन ।

तर स्वीकृति प्राप्त गरी लगाइएको बाली, फलफूल, तरकारी संकलन गर्न वा घर, टहरा, पर्खाल वा संरचना सम्बन्धित जग्गाधनीले प्रयोग गर्न बाधा पर्ने छैन ।

(४) उदफा (१) बमोजिम भोगाधिकार हस्तान्तरण भएको जग्गाको यस ऐन बमोजिम पूरा क्षतिपूर्ति प्रदान गरेपछि त्यस्तो जग्गामा सम्बन्धित जग्गाधनीको स्वामीत्वतथा हक स्वत: हस्तान्तरण भएको मानिनेछ ।

(५) उपदफा (४) बमोजिम स्वामीत्व तथा हक हस्तान्तरण भएको जग्गाको संरक्षण गर्नु सम्बन्धित आयोजना कार्यालयको कर्तव्य हुनेछ ।

(६) उपदफा (४) बमोजिमको जग्गा कब्जा गर्ने, खिचोला गर्ने वा अनधिकृत रुपमा भोग चलन गर्ने काम दण्डनीय हुनेछ ।

३४. **नामसारी तथा लगत कट्टा गर्ने** : (१) दफा ३३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह आयोजना, सरकारी निकाय वा सम्बन्धित संगठीत संस्थाको स्वामीत्वमा आएका जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लागि प्राप्त गरिएको भए मालपोतको लगत कट्टा गरी सम्बन्धित सरकारको नाममा नामसारी गर्न र आयोजना वा संगठीतसंस्थाका लागि प्राप्त गरिएकोमा त्यस्तो आयोजना कार्यान्वयन वा संगठीतसंस्थाका नाममा नामसारी र दाखिल खारेज गर्न जग्गा नियन्त्रणमा लिएको पन्ध्र दिनभित्र सम्बन्धित निकाय वा आयोजना कार्यालयले त्यस्ता जग्गाको दर्ताको विवरण सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि आएकोमा त्यस्तो कार्यालयले सो बमोजिमका नामसारी दाखिल खारेज र लगत कट्टा यथाशिघ्र गरी त्यसको जानकारी सम्बन्धित निकाय, आयोजना कार्यालय वा संगठीत संस्था र साविक जग्गावालालाई दिनु पर्नेछ ।

(३) सम्बन्धित मालपोत कार्यालयले तोकिएको मितिभित्र लगत कट्टा नगरेमा लगत कट्टा गर्ने जिम्मेवारी भएको सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न आयोजना कार्यालयले अख्तियारवालालाई लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको लगत कट्टा गर्न वा नामसारी गर्ने कार्य जुनसुकै मितिमा सम्पन्न भए तापनि त्यस्तो जग्गाको स्वामीत्वहस्तान्तरण भएको मितिदेखि नै त्यस्तो जग्गाको लगत कट्टा भएको वा नामसारी भएको मानिनेछ ।

३५. **हस्तान्तरण हुनुभन्दा अघिको अवस्थालाई असर नपार्ने** : (१) यस ऐन बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, आयोजना कार्यालय वा संगठीतसंस्थाका नाममा कुनै जग्गाको हस्तान्तरण हुनुभन्दा अघिल्लो दिनसम्म साविक जग्गा धनीले त्यस्तो जग्गामा प्रचलित कानून बमोजिम मालपोत तथा कर वापत कुनै रकम भुक्तानी गर्न बाँकी रहेको भए त्यसरी जग्गाको स्वामीत्वहस्तान्तरण भएको कारणले मात्र साविक जग्गा धनीको दायित्व छूट भएको मानिने छैन र निजबाट बाँकी रहेको रकम असूल उपर गर्न वा त्यस सम्बन्धी कारबाही चलाउन बाधा पुर्‍याएको मानिने छैन ।

(२) यस ऐन बमोजिम प्राप्त गरिएका जग्गाको क्षतिपूर्ति वितरण गर्दा सरोकारवाला व्यक्तिबाट कानून बमोजिम मालपोत, कर वा अन्य कुनै सरकारी रकम असुल गर्न बाँकी रहेछ भने सम्बन्धित अधिकारीले त्यसरी असूल गर्न बाँकी रहेको

रकम क्षतिपूर्तिबाट कट्टा गर्न निवेदन गर्न सक्नेछ र त्यसरी निवेदन गरेमा त्यस्तो रकमबाट कट्टा गर्न सकिनेछ ।

(३) मोहीयानी लागेको कुनै जग्गा प्राप्त गरिएकोमा साविक जग्गावालाले तत्कालिन मोहीवाट त्यसरी जग्गा प्राप्त गर्नुभन्दा अघिका वक्यौता कूत असूल गर्ने कारबाही चलाउन यस ऐनले बाधा पुर्‍याएको मानिने छैन ।

३६. **जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार** : (१) कुनै नदी वा खोलाले एक्कासी आफ्नो प्रवाहको धार परिवर्तन गरेको वा बाढी, पहिरो, भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको अन्य त्यस्तै कुनै असाधारण अवस्था उत्पन्न भएको कारणले यातायात, संचारका साधन वा विद्युत प्रसारणलाई तत्काल सञ्चालन गर्न, धनजनको व्यापक क्षति हुनबाट रोक्न कुनै सार्वजनिक सम्पतिको संरक्षण गर्न नेपाल सरकारले तत्काल कुनै जग्गा प्राप्त गर्नु परेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति दिई त्यस्तो जग्गा प्राप्त गर्नको लागि आवश्यक कारबाही चलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले उपदफा (१) बमोजिमका कार्यको लागि प्राप्त गर्नुपर्ने जग्गाका सम्बन्धमा दफा ३१ मा उल्लिखित विषयमध्ये उपलव्ध भएसम्मका विवरणहरु खुलाई सरोकारवाला व्यक्तिहरुको जानकारीका लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिले शिघ्र जानकारी पाउन सक्ने गरी निजले उपयुक्त ठहर्‍याएको तरिकावाट जारी गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना जारी भएकोमा जुनसुकै वखत प्रमुख जिल्ला अधिकारीले त्यस्तो जग्गा नियन्त्रणमा लिई प्रयोग गर्न वा गराउन सक्नेछ र त्यसरी प्रयोगमा लिएकोमा यस ऐन बमोजिम नेपाल सरकारले त्यस्तो जग्गा प्राप्त गरेको मानिनेछ ।

(४) उपदफा (३) बमोजिम जग्गा प्राप्त भएमा त्यस्तो जग्गामा नेपाल सरकारको स्वामीत्वस्वतः कायम हुनेछ ।

(५) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा त्यस्तो जग्गाको अतिरिक्त जग्गामा लागेको बाली, फलफूल तथा रुख र त्यसमा बनेका घर, पर्खाल, आदि संरचना समेत प्राप्त गर्नुपर्ने भएमा त्यस वापत समेत सम्बन्धित सरोकारवाला व्यक्तिले यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति रकम पाउँनेछ ।

(६) उपदफा (१) वा (५) बमोजिमको क्षतिपूर्ति रकममा चित्त नवुझ्ने व्यक्तिले क्षतिपूर्ति निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार, गृह मन्त्रालयमा निवेदन गर्न सक्नेछ ।

(७) उपदफा (७) बमोजिमको निवेदन बमोजिम नेपाल सरकार, गृह मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको विपद् वा असाधारण परिस्थिति अन्त्य वा त्यसको समाधान भई त्यस्तो

जग्गाको उपयोग सार्वजनिक हितको लागि आवश्यक नभएमा नेपाल सरकारले त्यस्तो जग्गा सम्वन्धित जग्गाधनीलाई फिर्ता गर्न सक्नेछ ।

तर त्यसरी जग्गा प्राप्त गरी उपयोग गरेको कारणबाट पर्न गएको हानी नोक्सानी वापत नेपाल सरकारले क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

३७. **जग्गाधनीको मञ्जुरी भएमा रीत पुगेको मानिने** : नेपाल सरकारले सम्बन्धित जग्गाधनीको मन्जुरीले कुनै जग्गा सार्वजनिक हितको कुनै कार्यमा लगाई सकेकोमा त्यस्तो जग्गा यस ऐन बमोजिमको कार्यविधि अवलम्बन नगरी प्राप्त गरिएको भए तापनि सम्बन्धित जग्गाधनी, मोही वा सरोकारवाला अन्य कुनै व्यक्तिले आपत्ति गरेको अवस्थामा बाहेक त्यस्तो जग्गाको क्षतिपूर्ति रकम यस ऐन बमोजिम वितरण गर्नु पर्नेछ र त्यसरी क्षतिपूर्ति वितरण गरिएपछि त्यस्तो जग्गा यस ऐन बमोजिम नै प्राप्त गरिएको मानिनेछ ।

३८. **उपयोग नहुने जग्गा पनि प्राप्त गर्ने** : यस ऐन बमोजिम जग्गा प्राप्त गर्दा जग्गाको केही भाग मात्र प्राप्त गर्न लागेकोमा बाँकी रहेको जग्गामा कानून बमोजिम घर निर्माण गर्न वा कित्ताकाट गर्न नसकिने भएमा बाँकी रहेको सम्पूर्ण जग्गा प्राप्त गर्ने गरी कारबाही हुन सम्बन्धित जग्गाधनीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्ति वितरण हुनु अघि निवेदन दिन सक्नेछ र निवेदन व्यहोरा मनासिव देखिएमा बाँकी रहेको त्यस्तो जग्गा समेत प्राप्त गर्ने गरी कारबाही चलाउनु पर्नेछ र त्यस्तो जग्गाको समेत क्षतिपूर्ति वितरण गर्नु पर्नेछ ।

३९. **नेपाल सरकारले जग्गा प्राप्त नगर्न निर्णय गर्न सक्ने** : यस ऐन वमोजिम जग्गा प्राप्त गर्ने गरी कारबाही चलाएकोमा कुनै कारणवस जग्गा प्राप्त गर्न वान्छनीय वा अवाश्यक नभएमा नेपाल सरकारले कुनै पनि बखत जग्गा प्राप्त नगर्ने गरी निर्णय गर्न सक्नेछ र त्यसरी निर्णय भएकोमा सरोकारवाला व्यक्तिको जानकारीका लागि प्रमुख जिल्ला अधिकारीले दफा ३१ को उपदफा (२) बमोजिम सूचना टाँस्नु पर्नेछ ।

४०. **क्षतिपूर्ति दिनुपर्ने** : दफा ३९ बमोजिम नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गरेको भए तापनि दफा १८ बमोजिम प्रारम्भिक कारबाही गर्दा भईसकेको हानि-नोक्सानी वापत प्रारम्भिक कारबाही चलाउने अधिकारीले क्षतिपूर्ति दिई नसकेको भए यस ऐन वमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ ।

४१. **मालसामान नियन्त्रणमा लिने** : (१) यस ऐन बमोजिम कुनै जग्गामा लगाएका वाली, रूख, फलफूल तथा त्यसमा वनेका घर, पर्खाल आदि संरचना उठाई लैजान पाउनेमा सम्बन्धित जग्गा धनी वा सरोकारवाला व्यक्तिले तोकिएको अवधिभित्र त्यस्तो संरचना, वाली, मालवस्तु आदि संकलन गरी वा उठाई लैजान इन्कार गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो वाली, रुख, फलफूल, मालवस्तु आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिएका मालवस्तु मध्ये यथाशिघ्र व्यवस्थापन नगरेमा सढ्ने, गल्ने, कुहने वा मूल्य घट्ने वस्तु भए विक्री हुन सक्ने भए यथाशिघ्र विक्री गरी त्यसबाट प्राप्त रकम सम्बन्धित जग्गाधनीको नाममा जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मालवस्तु बाहेक अन्य वस्तु सम्बन्धित आयोजना कार्यालय वा वडा कार्यालयको जिम्मा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम रकम वा उपदफा (३) बमोजिमका मालवस्तु सम्बन्धित जग्गाधनी वा सरोकारवालाले दफा ६५ बमोजिम क्षतिपूर्ति प्राप्त गर्दाका बखत वा पाँचवर्षभित्र जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

(५) उपदफा (४) वमोजिमको अवधि व्यतित भएपछि सम्बन्धित जग्गाधनी वा सरोकारवालाको कुनै दावी लाग्ने छैन ।

४२. **स्वीकृति नलिई वनाईएका संरचना वा लगाएका वाली जफत हुने** : (१) यस ऐन वमोजिम प्राप्त गरेका जग्गाको दफा ३३ बमोजिम भोगाधिकार आयोजना कार्यालय वा सम्बन्धित निकायमा हस्तान्तरण भएपछि सम्बन्धित आयोजना कार्यालय वा निकायको लिखित स्वीकृति प्राप्त नगरी कसैले कुनै प्रकारको घर, टहरा, पर्खाल वा कुनै संरचना वनाउन वा त्यस्तो जग्गा कुनै किसिमको आवाद गर्न वा वाली लगाउन सकिने छैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कसैले घर, टहरा, पर्खाल वा कुनै संरचना वनाएमा वा जग्गा आवाद गरेमा वा वाली लगाएमा त्यसरी वनाएका घर, टहरा, पर्खाल, संरचना वा लगाएका वाली कुनै क्षतिपूर्ति नदिई सम्बन्धित आयोजना कार्यालय वा निकायले हटाउन वा खालि गर्न सक्नेछ ।

४३. **जग्गा प्रयोग गरिसक्नुपर्ने अवधि** : (१) यस ऐन वमोजिम नेपाल सरकार वा प्रदेश सरकारको प्रयोजनका लागि प्राप्त गरिएको जग्गा जुन आयोजना वा प्रयोजनको लागि प्राप्त गरिएको हो त्यस्तो आयोजना वा प्रयोजन पूरा गरिसक्नु पर्ने मितिले दुई वर्ष भित्र कार्यान्वयनमा ल्याई  प्रयोग गरी सक्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजना वा संगठीतसंस्थाको लागि यस ऐन वमोजिम जग्गा प्राप्त गरिएकोमा आयोजना कार्यान्वयन गरि सक्नुपर्ने अवधि वा त्यस्तो जग्गा प्राप्त गरिएको मितिले सात वर्षमध्ये जुन बढी हुन्छ त्यस्तो अवधि भित्र कार्यान्वयनमा ल्याई प्रयोग गरी सक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र प्रयोग गर्न नसकिएको वा आवश्यक नभएको जग्गा फिर्ता गर्न नेपाल सरकारले सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत तोकिए बमोजिम सम्बन्धित स्थानीय तहमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशन भएमा सम्बन्धित जग्गाधनीले त्यस्तो जग्गा फिर्ता लिन चाहेमा फिर्ता लिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम जग्गा फिर्ता लिन चाहने व्यक्तिले तोकिए बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन गरेकोमा नेपाल सरकारले सम्बन्धित जग्गा धनीलाई फिर्ता गर्ने निर्णय गरेमा नेपाल सरकारले निर्धारण गरेको मूल्यमा फिर्ता गर्नु पर्नेछ ।

(७) उपदफा (५) वा (६) मा जुनसुकै करा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले जग्गा फिर्ता गर्ने गरी निर्णय गर्ने छैन :-

(क) उपदफा (५) वमोजिम निवेदन नपरेमा,

(ख) जग्गा प्राप्त गर्दा दिएको क्षतिपूर्ति बापत लिएको रकम साविक जग्गावालाले फिर्ता नवुझाएमा,

(ग) सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) वा राष्ट्रिय सुरक्षाको कारणले त्यस्तो जग्गा फिर्ता गर्न उपयुक्त नदेखिएमा ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको अवधि भित्र प्रयोग नभएको जग्गा फिर्ता लिन सम्बन्धित जग्गाधनीले तोकिए बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदनको व्यहोरा मनासिव देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले उपदफा (६) बमोजिमको रकम भुक्तानी गरेको अवस्थामा त्यस्तो जग्गा सम्बन्धित जग्गाधनीलाई फिर्ता गर्न आदेश दिन सक्नेछ ।

४४. **अर्को आयोजना वा प्रयोजनको लागि जग्गा प्रयोग हुन नसक्ने** : (१) यस ऐन बमोजिम कुनै आयोजना वा प्रयोजनको लागि प्राप्त गरिएको जग्गा जुन आयोजना वा प्रयोजनका लागि प्राप्त गरिएको हो सोही आयोजना वा प्रयोजनको लागि प्रयोग नगरेमा वा प्रयोग हुन नसकेमा वा त्यस्तो आयोजना कार्यालय वा संगठीत संस्थाले नियत बस प्रयोग नगरेमा वा नेपाल सरकारको पूर्व स्वीकृति विना अर्को आयोजना वा प्रयोजनका लागि प्रयोग गरेमा वा अन्य कसैलाई हक हस्तान्तरण गरेमा त्यस्तो जग्गा नेपाल सरकारले जफत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत भएका जग्गाको क्षतिपूर्ति दावी गर्न सकिने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित आयोजना कार्यालयले अर्को आयोजना कार्यान्वयन गर्न वा आयोजनाको विस्तार गर्न बाधा पर्ने छैन ।

४५. **फिर्ता नभएका जग्गा विक्री गर्न सकिने** : (१) दफा ४३ को उपदफा (३) बमोजिम फिर्ता गरिने जग्गा साविक जग्गावालाले फिर्ता लिन नचाहेमा वा निज फेला नपरेमा अरु कसैलाई विक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम जग्गा विक्री गर्दा प्रचलित कानून वमोजिम लिलाम विक्री गर्नु पर्नेछ ।

४६. **विद्युत मार्गको अधिकार**: (१) कुनै आयोजना कार्यान्वयन गर्दा विद्युत प्रसारण गर्नुपर्ने भएमा त्यस्तो आयोजनालाई सरकारी, सार्वजनिक, गुठी, सामुदायिक वा कुनै पनि व्यक्तिको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने विद्युत मार्गको अधिकार (राइट अफ इलोक्ट्रिसिटी वे) हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा आयोजना कार्यालयले संभव भएसम्म सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्ने गरी आयोजनाको डिजायन तथा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा उपदफा (२) बमोजिमको जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्न आर्थिक, वातावरणीय वा भौगर्भिक कारणबाट संभव नभई कुनै गुठी वा कुनै व्यक्तिको जग्गाबाट नै विस्तार गर्नु पर्ने बाध्यता भएमा संभव भएसम्म कानून बमोजिम घर, घडेरी वा शहरी विकासमा प्रयोग हुन नसक्ने वा बाली, वन, फलफूल, उत्पादन गर्न वा पशुचरणमा प्रयोग हुने जग्गाबाट विद्युत प्रसारण लाइन विस्तार गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम विद्युत प्रसारण लाइन प्रसारण विस्तार गर्दा प्रयोग भएको, तानिएको, जडान गरिएको विद्युतीय खम्बा वा तारबाट सम्बन्धित जग्गा धनीलाई त्यस्तो जग्गामा कुनै किसिमको बाली लगाउन, मानव वा पशुको अवागमन गर्न वा कुनै यान्त्रिक वा सवारी साधन चलाउन, बाली लगाउन, त्यसको हेरचाह गर्न र त्यसबाट प्राप्त प्रतिफल संकलन गर्न बाधा नपुग्ने गरी आयोजना कार्यालयले आवश्यक पर्याप्त सुरक्षाका उपायहरुको व्यवस्था गर्नु पर्नेछ ।

(५) आयोजना कार्यालयले उपदफा (३) बमोजिम विद्युत प्रसारण लाइन विस्तार गरेकोमा त्यस प्रयोजनका लागि राखेको वा उठाइएको खम्बा वा टावरको लागि प्रयोग भएको जग्गा बाहेक अन्य जग्गा प्राप्त गर्नु पर्ने छैन ।

(६) आयोजना कार्यालयले त्यस्तो जग्गामा विद्युत मार्गको अधिकार प्रयोग गरे वापत तोकिए बमोजिम एकमुष्ट क्षतिपूर्ति वा विद्युत प्रसारण प्रारम्भ भएपछि तोकिए बमोजिमको अवधिका लागि प्रत्येक वर्ष तोकिए बमोजिमको रोयल्टी प्राप्त गर्ने अधिकार सम्बन्धित जग्गा धनीलाई हुनेछ ।

(७) आयोजना कार्यालयले यस दफा बमोजिम विद्युत मार्गको अधिकार प्रयोग गरेको कारणले मात्र त्यस्तो जग्गामा रहेको सम्बन्धित जग्गा धनीको हक, भोग र स्वामीत्वमा कुनै असर पर्ने छैन र त्यस्तो जग्गा धितो, बन्धक दिन वा कुनै किसिमले विक्री गर्न, अंशवण्डा गर्न, सट्टापट्टा गर्न वा त्यसको कुनै किसिमको हक हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

तर त्यसरी धितो बन्धक दिएको वा हक हस्तान्तरण गरेको कारणले आयोजना कार्यालयको यस दफा बमोजिमको अधिकारमा असर पर्ने छैन ।

## परिच्छेद- ७

## क्षतिपूर्ति तथा क्षतिपूर्ति निर्धारण र वितरण

४७. **क्षतिपूर्ति विना जग्गा प्राप्त गर्न नहुने** : (१) यस ऐन बमोजिम निर्धारण हुने क्षतिपूर्ति सम्बन्धित जग्गाधनी वा सरोकारवालालाई वितरण नहुने गरी कसैको जग्गा प्राप्त गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले स्वेच्छाले कुनै आयोजना, कार्यक्रम वा निकायलाई कुनै प्रयोजनका जग्गा वकस, उपहार वा सामाजिक कार्य वा त्याग स्वरुप जग्गा दिएको वा सरकारी वा सार्वजनिक जग्गा प्रयोग गरेकोमा क्षतिपूर्ति दिन आवश्यक हुने छैन ।

**४८.** **क्षतिपूर्ति व्यहोर्नु पर्ने :** (१) यस ऐन बमोजिम प्राप्त गरिने जग्गाको देहाय बमोजिमको रकम सम्बन्धित आयोजना कार्यालय, संगठीत संस्था वा निकायले व्यहोर्नु पर्नेछ :-

(क) परिच्छेद - ४ बमोजिम प्रारम्भिक कारबाही गर्दा वा प्रारम्भिक कारबाहीबाट भएको हानि नोक्सानी वापतको क्षतिपूर्ति,

(ख) परिच्छेद - ६ बमोजिम जग्गा प्राप्त गरेको कारणले सम्बन्धित जग्गाधनी वा सरोकारवालालाई दिनु पर्ने क्षतिपूर्ति,

(ग) जग्गा प्राप्ति गरेको कारणबाट विस्थापित परिवारलाई पुनर्वास वा पुनर्स्थापना गर्ने योजना भए त्यस्तो योजना कार्यान्वयन गर्दा लाग्ने रकम ।

(२) आयोजना वा संगठीत संस्था बाहेक नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको प्रयोजनका लागि जग्गा प्राप्त गरिएको भए उपदफा (१) बमोजिमको रकम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

४९. **क्षतिपूर्ति मनासिब र न्यायोचित हुनुपर्ने** : (१) जग्गा प्राप्ति गर्दा जग्गाधनी वा सरोकारवालालाई दिइने क्षतिपूर्ति मनासिव, स्वच्छ र न्यायोचित हुनु पर्नेछ ।

(२) दफा ५० बमोजिम क्षतिपूर्ति निर्धारण गरी दफा ३२ बमोजिम जग्गा नियन्त्रणमा लिनु भन्दा अघि नै सम्बन्धित जग्गाधनी वा सरोकारवालालाई क्षतिपूर्तिको व्यवस्था भएमा वा परिच्छेद - ८ बमाजिम पुनर्स्थापना वा पुनर्वास योजना कार्यान्वयन गरिएमा स्वच्छ, मनासिव र न्यायोचित क्षतिपूर्ति दिइएको मानिनेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि एकपटक त्यस्तो जग्गा सार्वजनिक प्रयोजनका लागि प्रयोग भएकोमा सम्बन्धित जग्गाधनीले समर्पण गरेको मानिनेछ र त्यसरी समर्पण गरेकोमा जग्गा दिन मन्जुरी नभएको वा क्षतिपूर्ति नपाएको भनी निज वा निजको हकवालाको कुनै किसिमको दावी लाग्न सक्ने छैन ।

५०. **क्षतिपूर्ति निर्धारण समिति** : (१) जग्गा प्राप्ति गर्दा त्यस वापत दिइने क्षतिपूर्ति रकम निर्धारण गर्न देहाय बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति गठन हुनेछ :

(क) सम्बन्धित प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको समितिको सदस्य - सदस्य

(ग) सम्बन्धित नगरपालिकाको प्रमुख वा निजले तोकेको सदस्य वा गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

(घ) सम्बन्धित प्रमुख मालपोत अधिकृत वा मालपोत अधिकृत - सदस्य

(ङ) आयोजना प्रमुख - सदस्य

(२) सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत स्तरको कर्मचारीले उपदफा (१) बमोजिमको समितिको सचिवको हैसियतमा कार्य सम्पादन गर्नेछ ।

(३) कुनै आयोजनाको लागि जग्गा प्राप्त गरिएको भए सम्बन्धित आयोजना कार्यालयको परिसरमा र अन्य अवस्थामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा

उपदफा (१) बमोजिमको समितिको सचिवालय रहनेछ र त्यस प्रयोजनका लागि आयोजना कार्यालयले आवश्यक प्रवन्ध गर्नु पर्नेछ ।

(४) अध्यक्ष सहित कम्तिमा तीन जना सदस्य उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको  मानिनेछ ।

(५) समितिले सम्भव भएसम्म सर्वसम्मतको आधारमा निर्णय गर्नेछ र सर्वसम्मत कायम हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।

(६) समितिले क्षतिपूर्ति रकम निर्धारण गर्नु अघि क्षतिपूर्तिको आधार, जग्गाको वर्गीकरण, मूल्यांकन पद्धति तय गरी पारदर्शिता सुनिश्चित गर्नु पर्नेछ ।

(७) क्षतिपूर्ति समितिले आवश्यक ठानेमा घर, जग्गा मूल्यांकन गर्न छोटो अवधिका लागि तोकिए बमोजिमको योग्यता पुगेको स्वतन्त्र मूल्यांकनकर्ता नियुक्त गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम मूल्यांकनकर्ता नियुक्ति गरेकोमा समितिले निजले गरेको मूल्यांकनको सिफारिस र रायको आधारमा जग्गाको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(९) क्षतिपूर्ति निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **क्षतिपूर्ति निर्धारण गर्ने विधि** : (१) जग्गा प्राप्ति गर्दा देहायको वस्तुको अलग-अलग मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ :

(क) जग्गा भए जग्गाको क्षेत्रफलको आधारमा कायम हुने मूल्य,

(ख) पक्की घर भए प्रति वर्ग मिटरको आधारमा कायम हुने मूल्य,

(ग) कच्ची घर वा गोठ, टहरा, छाप्रो भए तोकिए बमोजिमको आधारमा कायम हुने मूल्य,

(घ) हुर्कि सकेका रुख भए प्रत्येक रुखको उपयोगिता, आकार र संख्याको आधारमा कायम हुने मूल्य,

(ङ) हुर्कि सकेका बाँस भए प्रति गोटाको आधारमा कायम हुने मूल्य,

(च) बागवानी वा फलफूल बगैचा भए फलफूल उत्पादन गर्ने हुर्कि सकेको फलफूलको बोटको संख्या तथा त्यस्तो फलफूलको लाभ, मूल्य वा उपयोगिताको आधारमा कायम हुने मूल्य,

(छ) माछा पोखरी भए प्रत्येक पोखरी निर्माणको आधारमा कायम हुने मूल्य,

(ज) लगाइएको बाली भएमा त्यस्तो बाली जग्गाधनीले संकलन गर्न सकिने अवस्था नभएमा वालीको मूल्य,

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्ति रकम सरोकारवालालाई यस ऐन बमोजिम वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमका वस्तु सम्बन्धित सरोकारवाला व्यक्ति आफैले लैजान चाहेमा त्यस्ता वस्तु संकलन गर्न वा हटाउन लाग्ने खर्च रकम मात्र दिनु पर्नेछ ।

५२ **क्षतिपूर्ति निर्धारण गर्ने आधार** : (१) दफा ५० बमोजिम घर वा जग्गाको क्षतिपूर्ति रकम निर्धारण गर्दा देहायको मूल्य मध्ये जुन मूल्य सबभन्दा बढी हुन्छ त्यस्तो मूल्यको आधारमा क्षतिपूर्ति रकम निर्धारण गर्नु पर्नेछ :

(क) नेपाल सरकारले समय समयमा निर्धारण गरेको आधार मूल्य,

(ख) रजिष्ट्रेशनको प्रयोजनको लागि निर्धारण भएको मूल्य,

(ग) पक्की घर भए घर निर्माणको लागि प्रति बर्ग फिट मूल्यको आधारमा कायम हुने मूल्य,

(घ) बैंक वा वित्तीय संस्थाले ऋण प्रवाह गर्ने प्रयोजनका लागि धितो मूल्यांकन गर्दा निर्धारण गरेको मूल्य,

(ङ) जुन ठाउँको जग्गा प्राप्त गर्न लागिएको हो दफा ३ बमोजिम सम्भाव्यता अध्ययन प्रारम्भ हुनुभन्दा तीन वर्ष अघिदेखि त्यस ठाउँको जग्गा खरिद विक्री हुँदा रजिष्ट्रेशन पारित भएको लिखतमा उल्लिखित औसत मूल्य ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्षतिपूर्ति रकम निर्धारण गर्दा जग्गा प्राप्त गरेको कारणले सम्बन्धित सरोकारवालाले व्यहोर्नु पर्ने हानि नोक्सानी र आयोजना कार्यान्वयन गरेको कारणले प्राप्त गरेको वा गर्न सक्ने लाभलाई तुलना गरी मनासिब क्षतिपूर्ति रकम निर्धारण गर्नु पर्नेछ ।

तर जतिसुकै लाभ प्राप्त गरेको वा गर्न सक्ने भए तापनि क्षतिपूर्ति रकम दिनु पर्नेछ ।

५३. **क्षतिपूर्ति रकममा थप गर्न सकिने** : (१) यस परिच्छेद बमोजिम निर्धारित क्षतिपूर्ति रकममा देहायको अवस्थामा वढीमा पन्ध्र प्रतिशतसम्म थप रकम दिन सकिनेछ,-

(क) जग्गाधनी वा सरोकारवालाको सम्पूर्ण अचल सम्पत्ति जग्गा प्राप्त गरिएको कारणले निज भूमिहीन भएमा,

(ख) प्राप्त गरिएको जग्गामा सरोकारवाला वा निजको एकाघरको परिवार वसोवास गरिरहेको र सो वाहेक निजको वसोवास गर्ने अन्यत्र घर, व्यवसाय वा आर्थिक उर्पाजनको माध्यम नरहेको,

(ग) प्राप्त गरिएको घर जग्गाबाटै सरोकारवालाले आफ्नो वा एकाघरको परिवारको जीविका चलाईरहेको,

(घ) जग्गा प्राप्त गरेको कारणले तोकिए बमोजिम लोपोन्मुख जातिको परम्परागत पेशा व्यवसाय गुम्ने भई विस्थापित भएको ।

(२) उपदफा (१) बमोजिम रकम थप गर्दा आयोजना प्रभावित परिवारको मूलीले सोही उपदफाको खण्ड (क), (ख) वा (ग) बमोजिमको अवस्था रहेको लिखित उद्घोषण गर्नु पर्नेछ ।

५४. **पूँजीलाभ कर छूट हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम जग्गा प्राप्त गर्दा जग्गाधनी वा सरोकारवालाले भुक्तानी गर्नुपर्ने पूँजीलाभ कर (क्यापिटल गेन ट्याक्स) छूट हुनेछ ।

**५५.** **मोहीले क्षतिपूर्ति पाउने** : कुनै जग्गा प्राप्त गर्दा त्यस्तो जग्गामा मोहीयानी हक रहेको भए त्यस्तो जग्गाको लागि दिईने क्षतिपूर्तिको रकमको पचास प्रतिशत मोहीले पाउँनेछ ।

तर, जग्गावालाको स्वीकृति लिई मोहीले वनाएको घर समेत प्राप्त गरिएकोमा त्यस्तो घर वापतको पुरै क्षतिपूर्ति निजले पाउँनेछ ।

५६. **गुठी जग्गाको क्षतिपूर्ति** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि गुठी जग्गा प्राप्त गर्दा यस ऐनमा व्यवस्था गरिए बमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ ।

**५७.** **हदबन्दी भन्दा वढी भएको जग्गाको क्षतिपूर्ति** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले हदवन्दी भन्दा वढी रहेको वा हदवन्दी भन्दा बढी जग्गा राख्न छुट पाएको रहेछ भने हदवन्दीभन्दा बढी जग्गा भएको जग्गाको क्षतिपूर्ति दिइने छैन ।

(२) उपदफा (१) बमोजिमको जग्गाको लागि छुट्याएको क्षतिपूर्ति रकम संघीय संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै खास प्रयोजनका लागि हदबन्दीमा छूट दिई हदबन्दी भन्दा बढी जग्गा रहेको र त्यस्तो प्रयोजन कायम रहेकै बखत त्यस्तो जग्गा प्राप्त गर्नु परेमा यस ऐन बमोजिम आयोजना कार्यालयले क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

५८. **क्षतिपूर्ति रकम वैंक मार्फत भुक्तानी गर्नु पर्ने** : (१) जग्गा प्राप्ति गर्दा वितरण हुने क्षतिपूर्ति रकम सम्वन्धित जग्गाधनी वा मोहीको नाममा खोलिएको वैंक खातामा चेकद्वारा वा वैंकमार्फत हस्तान्तरण हुने गरी नगदीमा भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सरकारी प्रयोजनका लागि प्राप्त गरेको जग्गाको क्षतिपूर्ति रकमको आधा रकमसम्म नेपाल सरकारले निर्णय गरेमा धितोपत्र वितरण गरी क्षतिपूर्ति दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको धितोपत्रको भुक्तानी अवधि र व्याजको दर तोकिएबमोजिम हुनेछ ।

५९. **क्षतिपूर्तिवाट सरकारी वाँकी कट्टा गर्न सकिने** : (१) सरोकारवाला व्यक्तिले क्षतिपूर्ति लिनु अघि निजसंग मालपोत, कर वा अन्य कुनै सरकारी रकम असूल गर्न वाँकी रहेछ भने असूल हुन वाँकी रहेको रकम उल्लेख गरी उद्घोषण गर्नु पर्नेछ ।

(२) जग्गा प्राप्ति गर्दा वितरण हुने क्षतिपूर्ति रकमबाट उपदफा (१) बमोजिम असूल गर्न बाँकी रहेको रकम कट्टा गर्न सकिनेछ ।

६०. **क्षतिपूर्ति निर्धारण गर्नुपर्ने अवधि** : (१) दफा ३२ बमोजिम जग्गामा प्रवेश गर्ने अधिकार प्राप्त भएको मितिले दुई महिनाभित्र समितिले क्षतिपूर्ति निर्धारण गरिसक्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा क्षतिपूर्ति पाउने व्यक्तिहरुको नामावली तयार गरी प्रत्येक व्यक्तिको क्षतिपूर्ति पाउने स्पष्ट आधार खुलाउनु पर्नेछ ।

६१ **क्षतिपूर्ति रकम वितरण** : (१) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकमको विवरण र प्राप्त गर्ने सरोकारवालाको नाम त्यस्तो रकम निर्धारण भएको चौबीस घण्टाभित्र सार्वजनिक गर्नुपर्नेछ र दफा १८ को उपदफा (१) बमोजिमको ठाउँमा टाँस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण समितिले आयोजना कार्यालयको वेभसाइटमा राख्ने व्यवस्था मिलाउने छ ।

(३) उपदफा (१) बमोजिम विवरण सार्वजनिक भएको चौबीस घण्टा पछि दफा ६२ बमोजिम उजुरी परेकोमा बाहेक क्षतिपूर्ति रकम आयोजना कार्यालयले सम्बन्धित सरोकारवालालाई वितरण गर्नु पर्नेछ ।

६२. **उजुर गर्न सकिने** : (१) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकममा चित्त नबुझ्ने सरोकारवालाले क्षतिपूर्ति रकम निर्धारण भएको पन्ध्र दिनभित्र कारण खुलाई क्षतिपूर्ति पुनरावलोकन समितिमा तोकिएको ढाँचामा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेकोमा क्षतिपूर्ति पुनरावलोकन समितिले उजुरी परेको एक्काइस दिनभित्र क्षतिपूर्ति रकम पुनरावलोकन गर्नु पर्ने वा नपर्ने निर्णय गरी त्यसको जानकारी उजुरकर्तालाई दिनु पर्नेछ ।

(३) क्षतिपूर्ति पुनरावलोकन समितिले उपदफा (२) बमोजिम क्षतिपूर्ति रकम पुनरावलोकन गर्नु पर्ने निर्णय गरेमा त्यसको कारण खुलाई पुन निर्धारण गर्न समितिमा लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखि आएकोमा समितिले पन्ध्र दिनभित्र पुन क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ र निर्धारण भए बमोजिम आयोजना कार्यालयले वितरण गर्नुपर्नेछ ।

६३. **क्षतिपूर्ति पुनरावलोकन समिति :** (१) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकम पुनरालोकन गर्न देहाय बमोजिमको एक पुनरावलोकन समिति रहनेछ :

(क) सहन्यायाधिवक्ता, सम्बन्धित उच्च सरकारी वकिल कार्यालय - संयोजक

(ख) सम्बन्धित प्रदेश कोष नियन्त्रक - सदस्य

(ग) आयोजनासँग सम्बन्धित मन्त्रालयको रा.प. प्रथम श्रेणीको अधिकृत - सदस्य

(२) पुनरावलोकन समितिले आफ्नो कार्यालय रहने ठाउँ आफै निर्धारण गर्नेछ ।

६४. **पुनरावलोकन समितिको कार्यविधि** : (१) पुनरावलोकन समितिले क्षतिपूर्ति रकमको पुनरावलोकन गर्दा सम्भव भएसम्म सर्वसम्मतबाट निर्णय गर्नु पर्नेछ र त्यसरी सम्भव नभएमा बहुमतबाट निर्णय गर्नु पर्नेछ ।

(२) समितिले निर्धारण गरेको क्षतिपूर्ति रकम क्षतिपूर्ति पुनरावलोकन समितिले पुनरावलोकन गर्नु पर्ने निर्णय गरेमा त्यसको कारण खुलाउनु पर्नेछ ।

(३) पुनरावलोकन समितिले यस दफा बमोजिम गरेको क्षतिपूर्ति रकमको पुनरावलोकन अन्तिम हुनेछ ।

(४) क्षतिपूर्ति रकमको पुनरावलोकन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६५. **क्षतिपूर्ति बुझिलिनु पर्ने** : (१) दफा ६१ को उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारण भएको सूचना प्रकाशन भएको साठी दिनभित्र सरोकारवालाले क्षतिपूर्ति रकम बुझिलिनु पर्नेछ ।

तर,-

(१) सो अवधिभित्र क्षतिपूर्ति रकम नबुझेको कारण जग्गा प्राप्ति गर्ने काम कारबाही रोकिने छैन ।

(२) पुनरावलोकन समितिबाट क्षतिपूर्ति पुनरावलोकन भएकोमा पुनरावलोकनको निर्णय गरेको मितिबाट त्यस्तो अवधि कायम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सरोकारवाला व्यक्तिले क्षतिपूर्ति बुझि नलिएमा वा बुझिलिन इन्कार गरेमा आयोजना कार्यालयले सोही व्यहोरा उल्लेख गरी क्षतिपूर्ति रकम नबुझेका वा बुझ्न इन्कार गरेका सरोकारवालाको नामावली र निजले पाउने क्षतिपूर्ति रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको क्षतिपूर्ति रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा गरिनेछ र सरोकारवालाले पाँच वर्षभित्र बुझिलिन चाहेमा जुनसुकै बखत बुझिलिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र निजले नबुझेमा वा बुझिलिन इन्कार गरेमा त्यस्तो रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम संचितकोषमा दाखिला भएको रकम बुझिलिन चाहेमा सरोकारले आवश्यक प्रमाण सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत निवेदन दिनु पर्नेछ र त्यस्तो रकम तोकिए बमोजिम निजले पाउन सक्नेछ ।

६६. **क्षतिपूर्ति रकम पुनरावलोकन हुन नसक्ने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६४ बमोजिम पुनरावलोकन समितिले गरेको निर्णय बमोजिम निर्धारण भएको क्षतिपूर्ति रकम सम्बन्धित सरोकारवाला र आयोजना कार्यालयलाई मान्य हुनेछ र त्यस्तो रकम दफा ६५ बमोजिमको अवधि अघि वा पछि पुनरावलोकन हुन सक्नेछैन ।

(२) उपदफा (१) प्रतिकूल हुने गरी क्षतिपूर्ति रकम पुनरावलोकन गर्ने, बृद्धि गर्ने वा घटाउने काम स्वतः अमान्य हुनेछ ।

६७. **क्षतिपूर्ति रकम वितरण नहुने** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा क्षतिपूर्ति वितरण गर्नु पर्ने छैन :

(क) परिच्छेद - ५ बमोजिम वार्ताद्वारा जग्गा प्राप्त गरेकोमा,

तर क्षतिपूर्ति वितरण गर्ने गरी दफा २५ बमोजिम सम्झौता भएकोमा सम्झौता बमोजिम वितरण गर्नु पर्नेछ ।

(ख) दफा ७१ बमोजिमको पुनर्स्थापना कार्यक्रमबाट लाभ पाउने सरोकारवाला,

(ग) दफा ७३ बमोजिमको पुनर्वास कार्यक्रमबाट लाभ प्राप्त गर्ने सरकारवाला ।

(२) उपदफा (१) को खण्ड (ख) वा (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सरोकारवालाले दफा ७१ वा ७३ बमोजिम पुनर्स्थापना वा पुनर्वास कार्यक्रमबाट प्राप्त गर्ने लाभ जग्गा प्राप्त गरेको कारणबाट निजले व्यहोर्ने नोक्सानीभन्दा कम हुने वा लाभ र नोक्सानीका अनुपात स्पष्ट रुपमा फरक हुने रहेछ भने फरक हुने हदसम्म पुनर्स्थापना वा पुनर्वास कार्यक्रमको लाभको अतिरिक्त यस परिच्छेद बमोजिमको क्षतिपूर्ति पाउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि समितिले तोकिएको आधारमा पुनर्स्थापना वा पुनर्वास कार्यक्रमबाट प्राप्त गर्ने लाभको मूल्यांकन गरी रकम निर्धारण गर्नु पर्नेछ ।

६८. **सुरुङ्गमार्गको लागि गरिएको जग्गाको क्षतिपूर्ति** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सुरुङ्ग मार्ग निर्माणका लागि जग्गा प्राप्त गर्दा त्यस्तो मार्गको भूमिगत प्रवेश विन्दु (इन्ट्रि पोइन्ट) र भूमिगत तहबाट प्रस्थान विन्दु (इक्जिट पोइन्ट) को निर्माणका लागि आवश्यक जग्गा र तोकिए बमोजिम गहिराई वा भूमिगत लम्बाईसम्मको जग्गामात्र प्राप्त गर्नु पर्नेछ र सोही बमोजिम क्षतिपूर्ति निर्धारण गरी वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश विन्दु वा प्रस्थान विन्दुको निर्माणका लागि प्राप्त गरिएको जग्गाबाट भूमिगत रुपमा जग्गाभित्र कुनै मार्ग खोल्दा वा संरचना निर्माण गर्दा जग्गा वा त्यसको सतहमा रहेका वा निर्माण भएका घर, जग्गा, टहरा, पर्खाल वा त्यस्तै अन्य संरचना वा वाली रुखमा कुनै किसिमको हानी नोक्सानी वा क्षति नपुग्ने गरी गर्नु पर्नेछ ।

तर त्यसरी निर्माण गर्दा जग्गामा रहेका घर, जग्गा वा त्यसमा रहेका कुनै पनि अचल सम्पत्तिको हानी वा नोक्सानी भएमा त्यसको समेत क्षतिपूर्ति आयोजना कार्यालयले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद - ८

## पुनर्स्थापना वा पुनर्वास कार्यक्रम

६९. **पुनर्स्थापना कार्यक्रम** : (१) देहायका अवस्थामा आयोजना कार्यालयले पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ :

(क) नेपाल सरकारले पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्ने गरी आयोजना कार्यालयलाई जग्गा प्राप्ति गरिदिएमा,

(ख) आयोजना कार्यालयले पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्ने गरी जग्गा प्राप्तिको लागि नेपाल सरकार समक्ष अनुरोध गरेमा ।

(२) उपदफा (१) बमोजिमको पुनर्स्थापना कार्यक्रम आयोजनाको अभिन्न अंगको रुपमा डिजायन गरी कार्यान्वयन गर्नु पर्नेछ र त्यस प्रयोजनको लागि समेत आवश्यक रकम व्यवस्था गर्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परिच्छेद - ७ बमोजिमको क्षतिपूर्ति प्राप्त गर्ने वा पुनर्स्थापना कार्यक्रमको सट्टामा क्षतिपूर्ति नै लिन क्षतिपूर्ति निर्धारण समितिमा निवेदन गर्ने सरोकारवालाको लागि पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने छैन ।

७०. **पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्ने** : (१) दफा ६९ बमोजिम पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने गरी जग्गा प्राप्त गरेकोमा देहायका सरोकारवालाको लागि यस परिच्छेद बमोजिम पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ :-

(क) आयोजना प्रभावित क्षेत्रमा रहेको सम्पूर्ण अचल सम्पत्ति प्राप्त गरेको कारणबाट विस्थापित भएका र नेपालभित्र अन्यत्र अचल सम्पत्ति नभएका सरोकारवाला,

(ख) आयोजना प्रभावित क्षेत्रमा रहेको आफ्नो सर्म्पूण अचल सम्पत्ति मध्ये तीन चौथाई अचल सम्पत्ति प्राप्त गरेको कारणले घर, बास, खेती र व्यवसाय गुमाई विस्थापित भएका सरोकारवाला,

(ग) आयोजना प्रभावित क्षेत्रमा जग्गा प्राप्त गरेको कारणबाट आफ्नो घर बास, खेती र परम्परागत व्यवसाय गुमाई विस्थापित लोपोन्मुख जातिको परिवार,

(घ) जुन प्राकृतिक स्रोतमा निर्भर रही आफ्नो परम्परागत पेशा वा व्यवसाय सञ्चालन गर्दै जीवन निर्वाह गरेका थिए त्यस्तो स्रोत प्रभावित भएको कारणले त्यस्तो पेशा वा व्यवसाय सञ्चालन गर्न नसक्ने सरोकारवाला ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनर्स्थापनाको सट्टामा दफा ६५ बमोजिमको क्षतिपूर्ति बुझिलिन समितिमा निवेदन दिने वा दफा ७३ बमोजिम पुनर्वास कार्यक्रममा सहभागी हुने सरोकारवालाको लागि पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने छैन ।

७१. **पुनर्स्थापना कार्यक्रममा समावेश हुने विषयहरु** : (१) दफा ७० बमोजिमका सरोकारवालाको लागि कार्यान्वयन गर्नुपर्ने पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्न आयोजना कार्यालयले सम्भव भएसम्म आयोजना प्रभावित क्षेत्रको आसपासमा सोही

जिल्लामा वा त्यस्तो क्षेत्रसँग सीमा जोडिएको अर्को जिल्लामा वा नेपाल सरकारले निर्धारण गरेको ठाउँमा आवश्यक र उपयुक्त जग्गा खरिद गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा खरिद गर्न सम्भव नभएमा पुनर्स्थापना कार्यक्रम सञ्चालनको लागि जग्गा प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम खरिद भएको वा प्राप्त गरिएको जग्गामा सरोकारवालालाई पुनर्स्थापना गराउनको लागि देहायका सुविधा र संरचना उपलब्ध गराउनु पर्नेछ :-

(क) प्रत्येक सरोकारवालालाई शौचालय, खानेपानी सुविधा सहित तोकिए बमोजिमको क्षेत्रफल भएको परिवारको लागि मानवोचित घर तथा त्यसको लागि तोकिए बमोजिम आवश्यक संरचना र सुविधा,

(ख) कम्तिमा छ महिनाको लागि जीविकोपार्जन गर्नको लागि सरोकारवाला परिवारको सदस्य संख्याको अनुपातमा आवश्यक खर्च,

(ग) आयोजनाको प्रकृतिबाट सम्भव भएमा आयोजना निर्माण अवधिका लागि सरोकारवालाको परिवारका कम्तिमा एक जना सदस्यलाई निजको योग्यता अनुसारको रोजगारी,

(घ) विस्थापित सरोकारवालालाई विस्थापित भएको ठाउँदेखि खण्ड (क) बमोजिम उपलब्ध हुने घरसम्म आफ्नो निजी मालसामान, पशुधन ढुवानी गर्नको लागि तोकिए बमोजिमको ढुवानी खर्च,

(ङ) कुनै व्यापार, व्यवसाय वा पेशा सञ्चालन गरिरहेका सरोकारवाला भए आफ्नो व्यापार, पेशा वा व्यवसाय पुनर्स्थापना गर्न वा औजार, उपकरण खरिद गरी जडान गर्न एक पटकको लागि तोकिए बमोजिमको रकम,

(च) परम्परागत खेती गर्ने सरोकारवाला परिवार भए निजले गुमाएको खेतीयोग्य जमीनको अनुपातमा खेती गर्न सकिने तोकिए बमोजिमको क्षेत्रफल भएको खेतीयोग्य जमीन वा सो वापतको क्षतिपूर्ति रकम,

(छ) पशु पालन गर्ने सरोकारवाला परिवार भए पशुधन खरिद गर्न चाहेमा तोकिए बमोजिमको संख्यामा पशुधन खरिद गर्न आवश्यक ऋण सुविधा,

(ज) तोकिए बमोजिमको पुनर्स्थापना रकम।

(४) उपदफा (३) बमोजिम सुविधा र संरचनाको अतिरिक्त पुनर्स्थापना क्षेत्रमा देहायको सुविधा उपलब्ध गराउनु पर्नेछ :-

(क) विद्युत सुविधा,

(ख) निजी वा सामुहिक प्रयोजनका खानेपानी सुविधा,

(ग) पुनर्स्थापना क्षेत्रमा आवागमनका लागि उपयुक्त सडक वा बाटो,

(घ) पुनर्स्थापित क्षेत्रमा रहेका परिवारको संख्या विचार गरी विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक स्थल वा सामुदायिक भवन ।

(५) उपदफा (३) को खण्ड (क) र (च) बमोजिमको अचल सम्पत्ति विस्थापित परिवारको मुलीको नाममा रहने गरी जग्गाधनी प्रमाणपूर्जा दिनु पर्नेछ र त्यस्तो घर वा जग्गा खरिद गर्दा कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तूर आयोजना कार्यालयले व्यहोर्नु पर्नेछ ।

७२. **पुनर्वास कार्यक्रम** : (१) नेपाल सरकारले देहायको अवस्थामा जग्गा प्राप्तिको कारणबाट प्रभावित भएका परिवारको लागि संभव भएसम्म एकिकृत पुनर्बास कार्यक्रम कार्यान्वयन गर्न आदेश दिन सक्नेछ :-

(क) जग्गा प्राप्तिको कारणबाट आयोजना प्रभावित क्षेत्रमा दुई सय भन्दा बढी संख्याको परिवारले स्ववासी, घर गुमाई विस्थापित भएमा,

(ख) आयोजना प्रभावित क्षेत्रमा रहेका कम्तिमा एक सय परिवारले आफ्नो स्ववासी घर लगायत सम्पूर्ण अचल सम्पत्ति गुमाई विस्थापित भएमा,

(ग) कुनै सिंचाई वा जलविद्युत आयोजना कार्यान्वयन गरेको कारणले कुनै गाउँ, वस्तीको समुच्चा क्षेत्र डुवानमा परेको वा पर्ने सम्भावना रहेकोमा,

(घ) आयोजना प्रभावित क्षेत्रमा रहेका कम्तिमा पचास लोपोन्मुख जातिका परिवारले आफ्नो स्ववासी घर, अचल सम्पत्ति तथा आफ्नो परम्परागत पेशा, व्यवसाय गुमाई विस्थापित भएमा,

(ङ) नेपाल सरकारले अन्य उपयुक्त कारणबाट पुनर्वास कार्यक्रम कार्यान्वयन गर्न आयोजना कार्यालयलाई आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम आदेश भएमा आयोजना कार्यालयले पुनर्वास कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

७३. **पुनर्वास कार्यक्रम कार्यान्वयन गर्ने** : (१) दफा ७२ बमोजिम पुनर्वास कार्यक्रम कार्यान्वयन गर्न आयोजना कार्यालयले नेपाल सरकारको स्वीकृति लिई उपयुक्त ठाउँमा आवश्यक जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था भएको जग्गामा आयोजना कार्यालयले यस परिच्छेद बमोजिम पुनर्वासको गुरुयोजना तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

७४. **पुनर्वास कार्यक्रममा रहनुपर्ने संरचना र सुविधा** : (१) यस परिच्छेद बमोजिम पुनर्वास योजनाको गुरुयोजना तर्जुमा गर्दा पुनर्वास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने क्षेत्रमा

देहायको न्यूनतम आधारभूत पूर्वाधार संरचना र सुविधा हुने गरी तर्जुमा गर्नु पर्नेछ :-

(क) बाह्रै महिना यातायात सञ्चालन हुने नजिकको सडक संजालसँग जोडिएको उपयुक्त सडकमार्गमा प्रवेश,

(ख) उपयुक्त ढल निकास र फोहोर मैला विसर्जन स्थल,

(ग) प्रत्येक परिवारलाई स्वच्छ खानेपानीमा पहुँच हुने गरी खानेपानीको प्रवन्ध,

(घ) पशुधनका लागि उपयुक्त खानेपानी सुविधा,

(ङ) हुलाक सुविधा तथा वाचनालय,

(च) ग्रामीण वा बजारस्तरका सहकारी संस्था वा सार्वजनिक पसल सञ्चालन हुने भौतिक संरचना,

(छ) बाली उत्पादन गर्ने जग्गा उपलब्ध गराएको भएमा त्यस्तो जग्गाको लागि आवश्यक सिंचाईको प्रवन्ध,

(ज) पुनर्वास कार्यक्रम अन्तरगत व्यवस्थापन गरिएका परिवारको संख्याका आधारमा उपयुक्त हुनेगरी पूर्वप्राथमिक आधारभूत तह वा माध्यमिक तह सम्मको विद्यालय भवन र विद्यालयका अन्य संरचना,

(झ) विद्युत प्रसारण हुन सक्ने अवस्था भए आवश्यकता अनुसार उपयुक्त ठाउंमा रहने सार्वजनिक वा सडक वत्ती सहित प्रत्येक घरमा विद्युत सुविधा,

(ञ) परिवार संख्या को आधारमा आवश्यक हेल्थपोष्ट वा सामुदायिक अस्पतालको भौतिक तथा अन्य सुविधा,

(ट) परिवार संख्यको अनुपातमा वालवालिकाको लागि आवश्यक क्रियास्थल,

(ठ) प्रत्येक सय परिवारका लागि एक उपयुक्त सामुदायिक भवन,

(ड) परिवारको संख्याको अनुपातमा उपयुक्त ठाउंमा प्रहरी चौकी वा प्रहरी बिटको व्यवस्था,

(ढ) परिवारको सामुदायिक संरचना अनुसार शव दाहन वा शव विसर्जन स्थल ।

## परिच्छेद-९

## कसूर, सजाय तथा मुद्दाको कारबाही र किनारा

७५. **कसूर तथा सजाय** : (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) दफा १० विपरित नेपाल सरकारको स्वीकृति नलिई जग्गा प्राप्ति सम्बन्धी कारबाही गर्ने, प्रारम्भिक कारबाही गर्ने, पूर्व सम्भाव्यता वा सामाजिक प्रभाव मूल्यांकन गर्ने,

(ख) दफा १६ विपरित सार्वजनिक वा सरकारी जग्गा प्रयोग गर्ने,

(ग) दफा १८ को उपदफा (१) बमोजिम सूचना टाँस नगरी वा सूचनाको अवधि पूरा नभई सम्बन्धित व्यक्तिको घर वा जग्गामा प्रवेश गर्ने,

(घ) दफा ३१ को उपदफा (५) बमोजिमको अवधि पूरा नभई बाली, रुख काट्ने, पर्खाल वा संरचना हटाउने,

(ङ) दफा ३२ प्रतिकूल हुने गरी जग्गामा प्रवेश गर्ने र नियन्त्रणमा लिने,

(च) जग्गा प्राप्त गर्ने काममा हुल हुज्जत गरी बाधा व्यवधान गर्ने, पूर्व सम्भाव्यता, सामाजिक प्रभाव मूल्यांकन अध्ययन वा प्रारम्भिक कारबाही वा सार्वजनिक सुनुवाईमा हातपात गर्ने वा हुल हुज्जत गरी बाधा व्यवधान गर्ने,

(छ) पूर्व सम्भाव्यता, सामाजिक प्रभाव मूल्यांकन अध्ययन वा प्रारम्भिक कारबाहीको सिलसिलामा जडान वा खडा गरिएका चिन्ह, संकेत वा जडान गरिएको कुनै उपकरण वा यन्त्र तोडफोड गर्ने,

(ज) दफा १८ को उपदफा (१) बमोजिम वा दफा ३१ को उपदफा (२) बमोजिम सूचना टाँस्न बाधा, अवरोध गर्ने वा टाँसिएको सूचना उप्काउने, च्यात्ने वा तोडमोड गर्ने,

(झ) दफा ३२ बमोजिम जग्गा नियन्त्रणमा लिन बाधा व्यवधान वा हुल हुज्जत गर्ने,

(ञ) दफा ३३ को उपदफा (६) बमोजिम अनधिकृत कब्जा वा भोगचलन गर्ने,

(ट) यस ऐन बमोजिम गर्न नहुने अन्य कुनै काम गर्ने ।

(२) उपदफा (१) बमोजिमको काम गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :

(क) खण्ड (क), (ख), (ग), (ज), (झ) वा (ञ) बमोजिमको कसूर भएमा पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (घ), (ङ), (च) वा (छ) बमोजिमको कसूर भएमा तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय ।

७६. **नेपाल सरकार वादी हुने** : दफा ७५ बमोजिमको कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार बादी हुनेछ ।

७७. **मुद्दा दायर गर्ने हदम्याद** : (१) यस ऐन अन्तर्गतको कुनै कसूरको वारदात भएको मितिले पन्ध्रदिन भित्र सम्बन्धित प्रहरी कार्यालयमा उजुर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा वा प्रहरीले दफा ७९ बमोजिम कुनै व्यक्तिलाई पक्राउ गरेमा उजुरी परेको वा पक्राउ परेको पन्ध्र दिन भित्र मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित सरकारी वकिलले मुद्दा दायर गर्नु पर्नेछ ।

७८. **मुद्दा हेर्ने अधिकारी** : (१) यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

७९. **पक्राउ गर्ने अधिकार** : कुनै व्यक्तिले दफा ७५ को खण्ड (च) वा (छ) बमोजिको कसूर गर्न लागेमा घटनास्थलमा प्रहरी उपस्थित भएको रहेछ भने सम्झाई बुझाई कसूर हुन नदिन रोकथाम गर्नु पर्नेछ र त्यसरी सम्झाई बुझाई गर्दा कसूर हुनबाट रोक्न नसकिएमा निजले कसूर गर्ने व्यक्तिलाई मुद्दा हेर्न अधिकारीको पूर्व स्वीकृति लिई वा त्यस्तो स्वीकृति लिन सम्भव र व्यावहारिक नभएमा तत्काउ पक्राउ गर्न सक्नेछ ।

तर स्वीकृति नलिई पक्राउ गरिएको भए पक्राउ गरेको व्यक्तिलाई यथाशिघ्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र निजको अनुमति विना प्रहरीले हिरासतमा नियन्त्रणमा राख्न सक्ने छैन ।

## परिच्छेद-१०

## विविध

८०. **गुनासो व्यवस्थापन** : (१) यस ऐन बमोजिम जग्गा प्राप्ति सम्बन्धी काम, कारबाहीको सिलसिलामा कुनै सरकारी निकाय वा आयोजना कार्यालयले सम्पादन गरेको काम कारबाहीको प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितता वा सर्वसाधारण वा सरोकारवालालाई समयमा नै आवश्यक सेवा नपुऱ्याएको वा हैरानी दिएको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा त्यस्तो निकाय वा कार्यालयमा एक गुनासो पेटिका राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको गुनासो पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमाजिम प्राप्त भएका गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित सरकारी निकाय वा कार्यालयका प्रमुखले प्रत्येक तीन दिनमा एकपटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न तोकिए बमोजिम कारबाही गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित सूचना पाटीमा टाँस्नु पर्नेछ ।

(५) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८१. **नेपाल सरकारमा हस्तान्तरण हुने** : (१) कुनै अनुमतिपत्र बमोजिम कुनै आयोजना कार्यान्वयन भएको निश्चित अवधि पछि प्रचलित कानून बमोजिम त्यस्तो आयोजना

नेपाल सरकारलाई हस्तान्तरण हुने व्यवस्था भएकोमा त्यस्तो आयोजनाको लागि प्राप्त गरिएको जग्गा आयोजनाको अभिन्न अंग हुनेछ र सोही बमोजिम त्यस्तो जग्गा समेत नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

८२. **लगत कट्टा भएको मानिने** : प्रचलित कानूनमा जुनसुकै करा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अगावै तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरिएका जग्गाको लगत कट्टा भएको रहेनछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्ता जग्गाका लगत स्वतः कट्टा भएको मानिनेछ ।

८३. **सहयोग गर्नु पर्ने** : (१) जग्गा प्राप्ति सम्बन्धी काम कारबाही गर्दा आयोजना कार्यालयले सुरक्षा कायम गर्न कुनै किसिमको सहयोग आवश्यक भएको महसुस गरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोगको अनुरोध गरेमा प्रमुख जिल्ला अधिकारीले सार्वजनिक शान्ति वा कानून र व्यवस्था कायम गर्न आवश्यक सहयोग हुन उचित देखेमा आवश्यक व्यवस्था गर्नेछ ।

८४. **नियम बनाउने अधिकार** : नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम वनाउन सक्नेछ ।

८५. **निर्देशिका बनाउने अधिकार** : आयोजनासंग सम्बन्धित मन्त्रालयले आयोजनाको प्रकृति र आवश्यकता अनुसार यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

८६. **खारेजी र बचाउ** : (१) जग्गा प्राप्ति ऐन, २०३४ खारेज गरिएको छ ।

(२) जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१०

## आ.व. २०७५/७६ मा सम्पन्न भएको कार्यक्रम सम्बन्धी विवरण

| क.स. | कार्यक्रम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | प्रमाण ऐन, २०३१ लाई संशोधन गर्ने विधेयक सम्बन्धमा गोष्ठी कार्यक्रम | पोखरा र काठमाडौं | २ वटा |
| २. | सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक सम्बन्धमा गोष्ठी कार्यक्रम | काठमाडौं | १ वटा |
| ३. | कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा गोष्ठी कार्यक्रम | काठमाडौं | १ वटा |
| ४. | जग्गा प्राप्ती सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धमा गोष्ठी कार्यक्रम | काठमाडौं | १ वटा |
| ५. | देवानी संहिता र अपराध संहिताका मुख्य विषयहरुको प्रचार प्रसार | कास्की (२) र रुपन्देही (२) | ४ वटा |

# अनुसूची-११

## इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली

| पहिलो सत्र (मिति २०७५।५।१ देखि २०७५।९।३० गतेसम्म) | | |
|---|---|---|
| **क्र.सं.** | **नाम** | **विद्यालय** |
| १. | दिक्षा राउत | नेशनल ल कलेज |
| २. | सुजिता चौधरी | नेपाल ल क्याम्पस |
| ३. | सनिला शर्मा | चक्रवर्ति हवि एजुकेशन एकेडेमी |
| ४. | रिया श्रेष्ठ | काठमाडौं स्कूल अफ ल |
| ५. | ओजस्वी भट्टराई | नेपाल ल क्याम्पस |
| **दोस्रो सत्र (मिति २०७५।११।१ देखि २०७६।३।३१ गतेसम्म)** | | |
| **क्र.सं.** | **नाम** | **विद्यालय** |
| १. | सुस्मिता चौलागाई | नेशनल ल कलेज |
| २. | समिक्षा चौलागाई | नेशनल ल कलेज |
| ३. | सविना शर्मा | काठमाडौं स्कूल अफ ल |
| ४. | सलोनी मैनाली | काठमाडौं स्कूल अफ ल |
| ५. | निरा गिरी | चक्रवर्ति हवि एजुकेशन एकेडेमी |

# अनुसूची-१२

## आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण

| सामग्रीको विवरण | नेपाली | | | अङग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संबिधान | १ | ६ | ७ | १ | ४ | ५ | १२ |
| ऐन | ३४३ | ४९ | ३९२ | ३०१ | ३ | ३०४ | ६९६ |
| नियम | ३२० | ७३ | ३९३ | १४८ | १० | १५८ | ५५१ |
| सन्धी र महासन्धी | २७ | ० | २७ | १ | ० | १ | २८ |
| गठन आदेश | ३४ | ७३ | १०७ | ८९ | १ | ९० | १९७ |
| नीति | ३१ | ० | ३१ | ० | ० | ० | ३१ |
| अध्यादेश | ७ | १८ | २५ | ० | ० | ० | २५ |
| अन्य | ० | ० | ० | २६ | ७ | ३३ | ३३ |
| ऐतिहासिक दस्तावेज | ० | १८ | १८ | ० | १५ | १५ | ३३ |
| **जम्मा** | **७६३** | **२३७** | **१०००** | **५६६** | **४०** | **६०६** | **१६०६** |